# śikṣā
# शिक्षा

वर्ष ३९, सङ्ख्या ५३, २०८०



शिक्षा, वर्ष ३८, सङ्ख्या ५३, २०८०



Website: www.moecdc.gov.np
Telephone: 6630588
Fax: 6630797
Notice Board: 1618016630797

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# शिक्षा २०८०

# Siksha 2023

## वार्षिक शैक्षिक पत्रिका

## Annual Educational Journal

वर्ष ३९, सङ्ख्या ५३



**प्रधान सम्पादक**

वैकुण्ठप्रसाद अर्याल

**Chief Editor**

Baikuntha Prasad Aryal

**सम्पादकहरू**

दिवाकर ढुङ्गेल

बाबुराम ढुङ्गाना, पिएचडी

श्रीहरि श्रेष्ठ

चिनाकुमारी निरौला

**Editors**

Diwakar Dhungel

Babu Ram Dhungana, Ph.D.

Shree Hari Shrestha

China Kumari Niraula



नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

Government of Nepal

Ministry of Education, Science and Technology

**Curriculum Development Center**

Sanothimi, Bhaktapur

**प्रकाशक**

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

ISSN : 2505-0842 (Print)

प्रकाशन वर्ष : २०८०, असार

सङ्ख्या : १०००

©सर्वाधिकार : प्रकाशकमा

Notice Board : 1618016630797

यस पत्रिकामा समाविष्ट लेख रचना पूर्णत: लेखकहरूका निजी विचार हुन् । यिनले पाठ्यक्रम विकास केन्द्रको आधिकारिक प्रतिनिधित्व गर्दैनन् ।

**आवरण पृष्ठ तथा लेआउट डिजाइन**

निर्मला भण्डारी पोखरेल

मुद्रण :

# सम्पादकीय

पाठ्यक्रम सिकाइ प्रक्रियाको केन्द्र हो भने पाठ्यपुस्तक, स्रोत सामग्री, सन्दर्भ सामग्री जस्ता अन्य पाठ्यसामग्री पाठ्यक्रम कार्यान्वयनकालागि परिधीय सामग्री हुन् । पाठ्यक्रमको कार्यान्वयनलाई प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउने र सिकाइको रूपान्तरणलाई सहजीकरण गर्ने उद्देश्यले यस केन्द्रले लगभग चार दशकदेखि शिक्षा पत्रिकाको प्रकाशनलाई निरन्तरता दिँदै आएको छ । पाठ्यक्रमलाई केन्द्रमा राखेर सैद्धान्तिक अवधारणा, व्यावहारिक अभ्यास र विद्वान्का विचारलाई प्राथमिकता दिइने यस पत्रिकामा पाठ्यक्रम विकास, कार्यान्वयन, मूल्याङ्कन, शिक्षण योजना निर्माण तथा सुधारलगायत विकसित सामग्रीको प्रबोधीकरणसम्बद्ध विषयक्षेत्र समेटिन्छन् । शिक्षामा परिवर्तन पाठ्यक्रमबाट र व्यक्तिमा परिवर्तन शिक्षाबाट हुन्छ भन्ने गूढार्थलाई स्वीकार्दै समाजले सिकाइमा अपेक्षा गर्ने र व्यावहारिक जीवनमा अपेक्षित शिक्षासम्बद्ध विषयवस्तुलाई सरोकारवालासमक्ष पुऱ्याउनु यसको लक्ष्य रहेको छ । मूलतः इच्छित पाठ्यक्रम, कार्यान्वयनमा रहेको पाठ्यक्रम र प्राप्त पाठ्यक्रमसम्बद्ध विषय क्षेत्रलाई समेटी शिक्षापत्रिकाको यस अङ्कको संरचना तय गरिएको छ ।

शिक्षा पत्रिकाको यस अङ्कमा एक्काइसौँ शताब्दीको शैक्षिक तयारी, प्रविधिले शिक्षा र शैक्षिक प्रक्रियामा ल्याएको परिवर्तन,  नेपालमा विद्यालय शिक्षाका पाठ्यपुस्तक विकास र सम्बन्धित मुद्दा, परम्परागत गोन्पा शिक्षा, गुरुकुल शिक्षा, कोरोनापछिको विद्यार्थी सिकाइ आपूरणका उपाय, प्राविधिक शिक्षा, नवप्रवर्तन, शिक्षक दरबन्दी मिलान, शिक्षामा वित्तीय व्यवस्थापन, योग शिक्षा, गुणस्तरीय शिक्षा, विद्यालयमा नेतृत्व विकास, जडीबुटीसम्बद्ध स्थानीय पाठ्यक्रम, ज्ञानमा आधारित समाज, मानव विकास सूचकाङ्कको महत्त्व, एक्काइसौँ शताब्दीका सिकाइ पद्धति, सांस्कृतिक सम्पदा जस्ता विविध पक्ष समावेश गरिएको छ । सिकाइ स्थूल र सामान्य प्रकियाबाट सुरु भई विशिष्टता र सूक्ष्मतातर्फ जाने सैद्धान्तिक प्रारूपभित्र शिक्षा, सिकाइ, सहजीकरण र दायित्व पक्षको बोध र प्रतिबिम्बनलाई प्रवाह गर्ने प्रयासलाई लेखकको वैचारिकताका रूपमा प्रस्तुत गरिएको छ । लेखकको स्वतन्त्र विचारलाई सामान्य सम्पादन गरी प्रस्तुत यस अङ्कका लेख रचनाले पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा वैचारिक मन्थन गर्न सहयोग पुऱ्याउने अपेक्षा छ । यस पत्रिकामा समावेश गरिएका लेख रचनाको रखाइ क्रम रचनाकारको नामको वर्णानुक्रमअनुसार राखिएको छ ।

लेखकका विचार अमूल्य र अग्रगामी हुन्छन् र तिनले पाठकका मस्तिष्कमा ऊर्जा पैदा गर्छन् । यसमा आाफ्ना अमूल्य लेख रचना दिनुहुने सम्पूर्ण महानुभावप्रति कृतज्ञता प्रकट गर्दै प्रकाशनका कममा आवश्यक सहयोग पुऱ्याउनु हुने सबै प्रति आभार प्रकट गर्छौं । यसमा समावेश लेखहरू पढी रचनात्मक सुभाव दिनुहुन पाठकहरूलाई अनुरोध गर्दै दूरगामी र तथ्यपरक सुझावका आधारमा आगामी अङ्कहरूलाई अझ परिष्कृत बनाउन पाठ्यक्रम विकास केन्द्र पाठकवर्गमा सान्दर्भिक प्रतिक्रियाको अपेक्षा गर्छ ।

वि.सं. २०८०, असार

पाठ्यक्रम विकास केन्द्र,
सानोठिमी, भक्तपुर

# विषयसुची


| क्र.स. | लेख शीर्षक | ✍लेखक | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १. | परम्परागत गोन्पा शिक्षा पद्धतिमा शिक्षा, सिकाइ र विद्यार्थीको मूल्याङ्कन | ✍अणप्रसाद न्यौपाने | १ |
| २. | विद्यालय शिक्षाको मूलप्रवाहीकरणमा गुरुकुल शिक्षा | ✍खगराज बराल, पिएचडी | १३ |
| ३. | मानव विकास सूचकाङ्कको महत्त्व, समस्या तथा सुझाव | ✍गम्भीरबहादुर हाडा | २५ |
| ४. | कोरोनाका कारण विद्यार्थीको सिकाइमापुगेको क्षति र सिकाइ आपूरणका उपायहरू | ✍चिनाकुमारी निरौला | ३६ |
| ५. | माध्यमिक तहमा प्राविधिक शिक्षाः पाठ्यक्रम परिमार्जनको आवश्यकता | ✍दीपक शर्मा | ४९ |
| ६. | विद्यालयमा नवप्रवर्तनको प्रयोगः अवधारणा र अभ्यास | ✍बाबुराम ढुङ्गाना, पिएचडी | ५७ |
| ७. | नेपालमा शिक्षक नियुक्तिको अभ्यास र आवश्यकता | ✍बाबुकाजी कार्की | ६६ |
| ८. | नेपाली भाषाको पाठ्यपुस्तक विकास | ✍महेन्द्र पौडेल | ७५ |
| ९. | सिकाइमा आधिकारिक मूल्याङ्कन र रुब्रिक्सको प्रयोग | ✍युवराज अधिकारी | ८६ |
| १०. | आर्थिक स्वावलम्बनका लागि जडीबुटीसम्बद्ध स्थानीय पाठ्यकम विकास र कार्यान्वयन | ✍रेशमबहादुर सुवेदी | १०० |
| ११. | शिक्षक दरबन्दी मिलान : सन्दर्भ, औचित्य र भावी दिशा | ✍वसन्तप्रसाद कोइराला | १०७ |
| १२. | नयाँ शैक्षिक क्रान्तिको पर्खाइमा ज्ञानमा आधारित समाज | ✍वाइपी आचार्य | १२० |
| १३. | एक्काइसौँ शताब्दीको शैक्षिक तयारी | ✍प्रा. विद्यानाथ कोइराला, पिएचडी | १२७ |

| | | | |
|---|---|---|---|
| १४. | नेपालमा विद्यालय शिक्षाका पाठ्यपुस्तक विकास र सम्बन्धित मुद्दाहरू | ✍वैकुण्ठप्रसाद अर्याल | १३४ |
| १५. | शिक्षामा वित्तीय व्यवस्थापन | ✍श्रीप्रसाद भट्टराई | १४७ |
| १६. | प्रविधिले शिक्षा र शैक्षिक प्रक्रियामा ल्याएको परिवर्तन | ✍हरि लम्साल, पिएचडी | १५५ |
| १७. | विद्यालयमा अनिवार्य योग शिक्षा : आजको आवश्यकता | ✍क्षितिज बराकोटी, पिएचडी | १६७ |
| १८. | Social Festivals as the Major Parts of Cultural Heritage of the Sherpa | ✍Anglami Sherpa | १७३ |
| १९. | Need of Reclaiming Vedic Education | ✍Bharat Sigdel | १८१ |
| २०. | Ongoing Teacher Professional Support: A Key to Quality Education | ✍Dhan Singh Dhami | १९१ |
| २१. | Integration of 21st-Century Skills in Pedagogical Activities in the Public Schools in Nepal | ✍Milan Acharya<br>✍Navaraj Aryal | २०३ |
| २२. | Leadership Role in School Governance System: Reflection from the Practice | ✍Surya Prasad Gautam | २१३ |

# परम्परागत गोन्पा शिक्षा पद्धतिमा शिक्षा, सिकाइ र विद्यार्थीको मूल्याङ्कन

✍अणप्रसाद न्यौपाने*

**लेखसार**

*गोन्पा शिक्षाको मुख्य विषय त्रिपिटक हो । संसार दुखपूर्ण छ । दुखबाट मोक्ष पाउन मन शुद्धीकरणको कठोर परीक्षा उत्तीर्ण हुनुपर्दछ अनि मात्र परम लक्ष्य निर्वाण प्राप्त हुन्छ । यही लक्ष्यलाई पछ्याउन अष्टमार्गका माध्यमबाट असल नैतिकता र सदाचारिता विकास गरी प्रतीयसमुत्पाद अर्थात् कारण र प्रभावबाट ज्ञान र निर्णय एवम् मूल्याङ्कनकर्ता तथा मूल्याङ्कितलाई अन्तरसम्बन्धित बनाइएको हुन्छ । नेपालमा परम्परागत रूपमा यसको प्रारम्भ गौतम बुद्धकै पालामा भए पनि गोन्पा शिक्षाको विकासका लागि किराँतकाल, लिच्छविकाल र मल्लकाल जस्तो सहजता शाहकालमा हुन सकेन । गोन्पामा निर्माणात्मकका साथै निर्णयात्मक मूल्याङ्कनको प्रवेश भए पनि गोन्पा सिकाइ मूल्याङ्कनमा विभिन्न सैद्धान्तिक तथा व्यावहारिक चुनौतीहरू रहेका छन् । यी चुनौती सामना गर्न अनुसन्धान, सामग्री विकास तथा वितरण, समन्वय र तालिम सहजीकरण गरी एकरूपताको मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्नुपर्छ ।*

## १. गोन्पा शिक्षाको परिचय

शाब्दिक रूपमा गोन्पाले मानसिक आनन्द दिने र ध्यानयोग्य एकान्त ठाउँलाई जनाउँछ । गोन्पा, विहार, गन्धकुटी, आनन्दकुटी आदि पर्यायवाची शब्द हुन् (शेर्पा, ई.स. २०२३) । यसले बौद्ध धर्मावलम्बीहरूको ध्यान तथा उपासना केन्द्रलाई (शब्दकोश, २०४०) समेत समेट्छ । त्यसैले यो परम्परा बुद्ध धर्म परम्परासँग सम्बन्धित छ । परम्परागत शिक्षा प्रदान गर्ने संस्थाहरूमध्ये पूर्वीय शिक्षा प्रणालीअन्तर्गत बुद्ध धर्मसँग सम्बन्धित शिक्षा पद्धति नेपालको महत्त्वपूर्ण शिक्षा पद्धति हो । विशेष गरी मठ, विहार, गोन्पा (गोन्पा) आदिमा यस खालको शिक्षाको प्रचलन छ (शर्मा, २०६८) । आजभन्दा करिब २५५७ वर्षपूर्व नेपालको लुम्बिनीमा शाक्य कुलका राजा शुद्धोधन तथा रानी मायादेवीको सन्तानका **रूप**मा जन्मी २९ वर्षको उमेरमा संसारिक दुखबाट प्राणीको उद्धारका लागि वर्षौसम्म साधना गर्दै नैरञ्जना नदीको किनारमा बोधिवृक्षमुनि प्राप्त बुद्धत्व नै यसको आधार हो । यस परम्परामा हजार बुद्धहरूको उल्लेख गरिए पनि सिद्धार्थ गौतम प्रतिपादित बौद्ध धर्म र सोसँग सम्बन्धित शिक्षा नै बौद्ध शिक्षाका **रूप**मा लिने गरिन्छ । बुद्धले पहिलो धर्मोपदेशमा नै अष्टमार्गको (प्रसाईं, अज्ञात मिति) को शिक्षा प्रदान गरेका थिए । यो आचारप्रधान दार्शनिक धार (हटुवाल, ई.स. २०२०) हो । यस शिक्षामा त्रिशिक्ष अर्थात् शील, समाधि र प्रज्ञाको अभ्यास गराइन्छ (शेर्पा, ई.स. २०२३) । विभिन्न सङ्गीतमा स्थापित धर्म स्कन्धहरू नै यसका साहित्यिक आधार हुन् (आचार्य, ई.स. २०२०) । सामान्यतया वस्तीबाट एक कोस टाढा यस्ता विहार/गोन्पाहरू स्थापना गर्ने प्रचलन (शेर्पा, ई.स. २०२३) रहे पनि अहिलेको अवस्थामा सो सम्भव छैन । नेपालमा थेरवाद (हीनयान), महायान, बज्रयान तथा लामा बुद्धधर्म गरी मुख्य चार प्रकारका सम्प्रदाय (तामाङ र तामाङ, २०७६) यस धर्ममा रहेका छन् । परम्पराअनुसार हेर्ने हो भने ञिङमा, काग्युसाक्य,

*सहसचिव, नेपाल सरकार

गेलुग, थेरवाद विहार र परम्परा नखुलेका गोन्पा नेपालमा रहेको देखिन्छ (शेर्पा, २०७८) । यिनीहरूमा त्रिपिटक (विनय पिटक, सूत्र पिटक, अभिधम्म पिटक), पाँच वचन (प्रमाण, प्रज्ञा पारमिता, मध्यमक, अभिधम्म, विनय) र दश विद्या (शिल्प विद्या, चिकित्सा विद्या, शब्द विद्या, हेतु विद्या, अध्यात्म विद्या, ज्योतिष विद्या, काव्य विद्या, अभिधान विद्या, छन्द विद्या, र नाटक विद्या) (शेर्पा, ई.स.२०२३) महत्त्वका छन् । यहाँ उक्त गोन्पा शिक्षा र यस पद्धतिमा विद्यार्थीको सिकाइ मूल्याङ्कन, सिकाइ मूल्याङ्कनका पक्षहरू, यसका चुनौती तथा समाधानका उपायहरूको सामान्य विश्लेषण गरिएको छ ।

## २. नेपालमा गोन्पा शिक्षा र यस पद्धतिमा सिकाइ मूल्याङ्कनको इतिहास

शिक्षा संस्कार हो । नेपालमा शिक्षा विकासको इतिहासलाई नियाल्ने हो भने प्राचीनकालदेखि समाजको प्रचलित रीतिरिवाज, चालचलन, परम्परागत रूपमा चल्दै आएका धार्मिक तथा सामाजिक मूल्य मान्यताहरू एक पिढीँबाट अर्को पिढीँमा हस्तान्तरण हुँदै आएको पाइन्छ (शेर्पा, २०७४) । यसको प्रारम्भ मानव सभ्यता जत्तिकै पुरानो छ । गौतम बुद्धले ऋषिपतन (वर्तमान सारनाथ) मा प्रज्ञा देशना (तामाङ र तामाङ, २०७६) गरेदेखि नै बौद्ध शिक्षाका प्रारम्भ भएको मानिन्छ । त्यसैले गोन्पा शिक्षामा सिकारुको सिकाइको मूल्याङ्कनको इतिहास बौद्ध शिक्षा परम्परासँगै जोडिन आउँछ किनभने बुद्धले यसको सुरुआत विभिन्न विहारहरूबाट (शेर्पा, ई.स.२०२२) गरेका थिए । बुद्ध स्वयम् उपत्यका आएर शिष्यहरू बनाउने, धर्म देशना गर्ने क्रममा वर्षा पार्ने महामेघ सूत्र, नाग साधनासमेत गरेका थिए भन्ने विश्वास (घिमिरे, २०७९) देखिकाले बुद्धकै पालामा नेपालका विभिन्न स्थानहरूमा यस शिक्षाको प्रचार भइसकेको पाइन्छ । प्राचीनकालमा नेपालमा बौद्ध र संस्कृत शिक्षा परम्पराबाट अनुप्राणित शिक्षा व्यवस्था कायम रहेको पाइन्छ । त्यसैले यहाँ पठनपाठनको सुरुआत, विस्तार र मूलप्रवाहीकरण प्रयासलाई सङ्क्षेपमा विद्यार्थीको सिकाइ मूल्याङकनसँगै हेर्ने प्रयास गरिएको छ ।

### २.१ बुद्ध दर्शनको पठनपाठन

बौद्ध धर्मदर्शनको प्रतिपादनपछि विहार, गोन्पा र भिक्षुहरूका सङ्घहरू शिक्षा, शिक्षादीक्षाका केन्द्रका **रूप**मा स्थापित भए । विहार र गोन्पामा प्रदान गरिने बौद्ध शिक्षा गुरुकुलभन्दा सङ्गठित रहेको देखिन्छ (शेर्पा,२०७४) । प्राचीन नेपालका भृङ्गी, खर्जुरिका र गुम विहार बौद्ध धर्मका केन्द्रका **रूप**मा रहेका र त्यहाँबाटै शिक्षादीक्षा दिने गरेको पाइन्छ (शर्मा, २०६८) । बौद्ध शिक्षा बुद्धका उपदेश तथा बौद्ध दर्शनमा आधारित थियो । त्यहाँ प्राकृत तथा पाली भाषा, बौद्ध दर्शन तथा साहित्य, त्रिपिटक, जातक आदि विषयहरू पढाइ हुन्थे । भिक्षुहरूद्वारा नै यस्तो शिक्षा प्रदान गरिन्थ्यो । त्यसैले विद्यार्थीको सिकाइ मूल्याङ्कनमा भिक्षु परम्परा थियो । बौद्ध शिक्षा पारिवारिक बन्धनबाट मुक्त हुने पुरुष वा महिला दुवैले पाउन सक्थे । यो शिक्षामा वर्णभेद पनि थिएन ।

नेपालमा बौद्ध शिक्षाको अध्ययन अध्यापन परम्परा यसै कालदेखि सुरु भएको भनी तिथिमिति किटानी गर्न नसके पनि भोट देशमा बौद्ध धर्मको उदाय हुनुभन्दा पहिला नै नेपालमा बौद्ध शिक्षाको विकास भइसकेको अनुमान गर्न सकिन्छ । प्राचीनकालमा विभिन्न देशबाट बौद्ध शिक्षा अध्ययनका लागि बुद्ध अनुयायीहरू नेपालमा आउने गर्दथे । राजा

शुद्धोधनले कपिलवस्तुमा विहार बनाएका थिए । (शेर्पा, ई.स.२०२२) । उक्त विहारमा बौद्ध दर्शनको अध्ययन हुन्थ्यो । चिनियाँ-तिब्बती भिक्षुहरूसमेत बौद्ध दर्शनको अध्ययन गर्न नेपाल आएको तथ्यले पनि नेपालमा बौद्ध शिक्षाको विकास राम्रोसँग भएको पुष्टि हुन्छ (शेर्पा,२०७४) । भृङ्गी विहार, खर्जुरिका विहार, गुम विहार, मणि चैत्य जस्ता बौद्ध शिक्षाका चर्चित विद्यापीठहरू इस्वीको चौथो शताब्दीमा यहीँ थिए (नेपालमा शिक्षा-२०११) । पछि यो शिक्षा विशेष गरेर नेपालको उत्तरी सीमा क्षेत्रतिर सङ्कुचित हुन गयो ।

नेपालको इतिहासमा किराँत तथा लिच्छवि कालमा समेत गोन्पाहरूको अस्तित्व रहेको प्रमाण फेला पर्दछ । लिच्छवि कालमा यसको प्रवर्धन गर्नका लागि मन्त्री नै तोकिएका थिए (जोसी, २०३०) । लिच्छवि कालमा विहारहरू बनाउन जग्गा दान दिने, भिक्षुभिक्षुणी सङ्घलाई सामाजिक जिम्मेवारी दिने गरिएका कारणले यस कालमा बौद्ध शिक्षा प्रभावकारी तथा व्यापक प्रचार भएको अभिलेखहरूले प्रमाणित गर्दछन् (घिमिरे, २०७९) ।

## २.२ पठनपाठन विस्तार

छैटौं शताब्दीको अन्त तथा सातौं शताब्दीको पहिलो चरणतिर राजा अशुवर्माकी सुपुत्री भृकुटीको विवाह तत्कालीन भोटका राजा स्रोङ्चोन गम्पोसँग गरिएको थियो । राजा अशुवर्माले दाइजोका रूपमा आफ्नी सुपुत्रीलाई दिएको अक्षोभ्य बुद्ध, बोधिसत्व र आर्यताराका मूर्तिहरू लिएर (घिमिरे,२०७९) उनी तिब्बततिर लागेकी थिइन । नेपालको भृङ्गी विहारका विद्वान शील वर्मालाई भोट पठाइएको थियो (नेपालमा शिक्षा-२०११) । राजा अंशुवर्माले सातौं शताब्दीको सुरुतिर बौद्ध सम्प्रदायका लागि भिन्नै किसिमबाट शिक्षा प्रदान गर्न धार्मिक संस्था, बौद्ध विहार, गोन्पालाई शैक्षिक केन्द्रको आधार मानी शिक्षा दिने व्यवस्था मिलाएका थिए । बौद्ध धर्म प्रचार प्रसारका लागि भारतका बौद्ध विद्वान्हरू नेपालको मार्ग हुँदै भोटमा गएका (शेर्पा, २०७४) थिए । राजा ठिसोङ देउचेनले भारतका बौद्ध विद्वान् आचार्य शान्त रक्षित, गुरु पद्मसम्भाव जस्ता विद्वानहरूलाई भोटमा निमन्त्रणा गरी संस्कृत भाषाबाट भोट भाषामा बौद्ध सूत्र र तन्त्रका ग्रन्थहरू अनुवाद गराएका थिए । यसपछि भोटमा बौद्ध धर्मले व्यापकता पाएको देखिन्छ । यसको प्रभाव नेपालमा पनि परेको थियो । संस्कृत भाषाबाट भोट भाषामा अनुदित बौद्ध धर्म, दर्शनका ग्रन्थहरू बौद्ध गोन्पाहरूमा अध्ययन अध्यापन गर्न थालियो । त्यसै कारणले आजसम्म पनि सम्भोटा लिपिमा लेखिएका बौद्ध ग्रन्थलाई आधार मानेर गोन्पा शिक्षा प्रणाली अवलम्बन गर्दै आएको पाइन्छ (शेर्पा, २०७४) । यसबाट बुद्धका उपदेश तथा बौद्ध दर्शनमा आधारित गोन्पा शिक्षा प्रणाली परापूर्वकालदेखि नेपालको एक प्रमुख शिक्षा प्रणालीका रूपमा रहिआएको तथ्य प्रमाणित हुन्छ । यसको प्रभाव नेपालको प्रायः सबै ठाउँमा परेको छ ।

मल्ल कालमा बौद्ध विहारका बुद्धाचार्य, भिक्षु, श्रमणहरूलाई सामान्य मानिसभन्दा विशेष सम्मान र आदर प्राप्त थियो (घिमिरे, २०७९) । यस कालमा काठमाडौं उपत्यकामा बौद्ध शिक्षासम्बन्धी गतिविधिका लागि स्थापित विहारलाई बही (महर्जन, ई.स.२०१९ ) भनिन्छ । शाहकालमा नेपालमा बौद्ध शिक्षा विकसित हुने मौका पाएन ।

### २.३ मूलप्रवाहीकरण प्रयास

सन् १९८९ मा प्रधानमन्त्री भीमशमशेरले बौद्ध पाठशालाको समेत रेखदेख गर्ने जिम्म डाइरेक्टर प. हेमराज पाण्डेलाई दिएका थिए । बौद्ध धर्म जहाँ जहाँ पुग्यो त्यहाँ त्यहाँ विहार निर्माण हुन अनिवार्य जस्तै भयो (महर्जन, २०१९) । नेपालका विभिन्न ठाउँमा गोन्पा निरन्तर **रूप**मा सञ्चालनमा आइरहे । गोन्पा शिक्षालाई मूलप्रवाहीकरण गर्नका लागि शिक्षा मन्त्रालयको पहलमा २०६१ सालदेखि केही प्रयासहरू भएका र २०६३ सालदेखि देशका विभिन्न स्थानमा रहेका गोन्पा विहारहरूको पहिचान गरी तिनीहरूलाई वर्तमान औपचरिक शिक्षा पद्धतिमा समायोजन गर्ने प्रक्रिया प्रारम्भ भयो । नेपालमा बिगुटासी गोन्पा (दोलखा), तेङबोचे गोन्पा (सोलुखुम्बु), जुनबेसी गोन्पा (सोलुखुम्बु), चराङ गोन्पा (मुस्ताङ), शेगोन्पा (डोल्पा), कागचोदे गोन्पा ( मुस्ताङ), थुब्छेन गोन्पा (मुस्ताङ), क्यान्जिन गोन्पा (रसुवा), रलिङ गोन्पा (हुम्ला), रिन्चेनलिङ गोन्पा (हुम्ला), नामग्यल गोन्पा (मुस्ताङ), घमि गोन्पा (मुस्ताङ), छ्योरा गेफेलिङ काग्युगोन्पा (दोलखा) लगायतका हिमाली गोन्पाहरू (महर्जन,२०१९) प्रसिद्ध गोन्पाका **रूप**मा रहेका छन् । ५६ ओटा गोन्पाका तहहरू मात्र मूलप्रवाहीकरण भएका छन् (फ्ल्यास रिपोर्टः २०७७) । पाठ्यक्रम विकास केन्द्रद्वारा गोन्पा शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक कक्षा १ देखि १२ सम्म विकास गरिसकेको र औपचारिक मूल्याङ्कन समेत प्रयोगमा आइसकेको छ । यसरी हेर्दा गोन्पा शिक्षा अनौपचारिक रूपमा सञ्चालन भएको अवस्थामा बढी धार्मिक विषयसँग मात्र सम्बन्धित रहेकाले मूल्याङ्कन समेत अनौपचारिक रूपमा अभ्यस्त भएको देखिन्छ भने २०६३ पछि यसको उपयोग दोहोरो अर्थात् निर्माणाात्मक र निर्णयात्मक रूपमा भइरहेको छ । तसर्थ यहाँ गोन्पा शिक्षामा सिकारुको सिकाइ मूल्याङ्कन पद्धतिको विश्लेषण गर्दा यसको विकासक्रमसमेतलाई आधार मान्न सकिन्छ ।

## ३. विद्यार्थीको सिकाइ र सोको मूल्याङ्कन

गोन्पा शिक्षाको विकासक्रम धेरै अगाडिबाट भए पनि स्काइभेनले वर्गीकरण (जबरा, २०५८) गरेअनुसारको निर्णयात्मक मूल्याङ्कन यसको मूलप्रवाहीकरण प्रारम्भपछि मात्र हुन गयो । त्यसैले परम्परागत रूपमा सिकारुको अनौपचारिक मूल्याङ्कनका माध्यमबाट विद्यार्थीको व्यवहारमा ज्ञान, शील र समाधि परिमार्जन गर्ने पद्धति नै यसको सिकाइ मूल्याङ्कनको पद्धति हो । यसमा व्यक्तिलाई जोड दिई बन्धुसमाजका रूपमा अभ्यस्त गराइन्थ्यो (चौवे, इ स १९५७) । यसरी हेर्दा गोन्पा शिक्षामा अनौपचारिक तथा सुधारात्मक मूल्याङ्कनबाट सिकारुको ज्ञान, सिप र प्रवृत्तिको मूल्याङ्कन गरी निर्वाणको लक्ष्य प्राप्त गर्न सुधारात्मक मूल्याङ्कन भने भइनै रहन्थ्यो । यसै आधारबाट गोन्पामा सिकाइको मूल्याङ्कनको समीक्षा गर्न सकिन्छ ।

परम्परागत गोन्पा शिक्षाको मुख्य विषय त्रिपिटक हो । यस शिक्षाको मुख्य लक्ष्य निर्वाण प्राप्ति हो । यसको अर्थ सांसारिक पीडा वा दुखबाट मुक्ति प्राप्त हुनु हो । यसका लागि शारीरिक विकास, ज्ञानको विकास, मानव संस्कृतिको संरक्षण र विकास तथा चरित्र निर्माण गर्ने यसका मुख्य उद्देश्य थिए । विशेष गरी राज्य समर्थित यस शिक्षाका आधारभूत शिक्षा र उच्च शिक्षा प्रमुख तह थिए । गोन्पामा प्रवेशका लागि प्रव्रज्यालाई अनिवार्य मानिन्छ । प्रव्रज्या संस्कार विधिवत् **रूप**मा भिक्षु बन्ने प्रक्रिया हो । यसमा भिक्षु बनी विहार वा गोन्पा प्रवेश गर्न चाहने व्यक्तिको कपाल मुन्डन गरेपछि

पहेँलो वस्त्र धारण गरी भिक्षुलाई प्रणाम गर्दछ र पलेटी मारी दुई हात उठाएर 'बुद्धम् शरणम् गच्छामी, धम्मम् शरणम् गच्छामी, सङ्घम शरणम् गच्छामी' उच्चारण गरिन्छ । यसकारण प्रव्रज्या गोन्पा शिक्षाका लागि प्रवेश पाउने बिन्दु (चौवे, ई.स.१९५७) अर्थात् प्रवेश योग्यता हो । त्यसैले ८ वर्षको उमेरमा प्रव्रज्या गराई प्राथमिक शिक्षामा भर्ना गरिन्थ्यो । यस तहमा ४९ वर्ण (पाली भाषा) का साथै मुख्य पाँच विषय पढ्न र लेख्न सिकाइन्थ्यो । प्रश्नोत्तरका रूपमा सिकाइ निर्धारण गरिन्थ्यो, प्रमाणपत्र दिने चलन थिएन । उपसम्पदा संस्कारपछि उच्च शिक्षाको मार्ग खुल्दथ्यो । उपसम्पदा संस्कारमा आचार्य वा उपाध्यायले उज्ज्वल जीवनका लागि परमर्श दिने चलन थियो । त्यसैले यहाँ निर्णयात्मक मूल्याङ्कन निकै अनौपचारिक प्रकृतिको थियो । १२ वर्षको आधारभूत (सङ्घ) शिक्षापछि उपसम्पदा संस्कार गरी भिक्षु शिक्षामा प्रवेश गरिन्छ । यसै परम्पराका रूपमा नेपालमा गोन्पा र विहारहरूबाट शिक्षा प्रदान हुने शिक्षामा सिकाइको मूल्याङ्कन हुँदै आएको छ । सिद्धार्थ जन्मने वित्तिकै अग्गे हमस्मी, जेट्ठो लोकस्य, सेट्ठो लोकस्य, नत्थी जातो पुनब्भव उद्घोष (घिमिरे,२०७९) गरी आफू अग्र, जेष्ठ, श्रेष्ठ र अन्तिम जन्म भएको बताएकाले यसबाट बौद्ध शिक्षाले अग्र, जेष्ठ, श्रेष्ठ हुन र निर्वाण प्राप्त गराउन निरन्तर प्रयत्न हुने सङ्केत गरेको भन्न सकिन्छ ।

गोन्पा शिक्षामा सिकाइको निर्माणात्मक मूल्याङ्कन स्वरूप शिक्षण विधिको प्रयोगमा आएको देख्न सकिन्छ : मौखिक विधि, प्रश्नोत्तर विधि, वादविवाद र छलफल विधि, प्रत्यक्ष विधि, योगाभ्यास विधि यस परम्परामा प्रयोग हुने विधिहरू हुन । मानसिक विकासका लागि व्याख्यान र प्रश्नोत्तर विधिबाट सम्यक ज्ञान प्राप्त गर्नमा शिष्यहरूलाई सहयोग गरिन्थ्यो (चौवे, ई.स.१९५७) । यी विधिहरूबाट भवचक्रमा रहेका केन्द्रीय चक्र (मूल कारण), दोस्रो चक्र (अन्तराभव), तेस्रो चक्र (५ लोक) र चौथो चक्र (प्रतीय.समुत्पाद) गरी चारओटा दुखका कारणका चक्र ( तामाङ र तामाङ, २०७६) हरूको निवारण गर्न सकिन्छ । यसमा आर्यसत्य ज्ञानको परीक्षण, सिप प्रयोग र अभ्यासको मूल्याङ्कन हुन्छ । सूक्ष्मबाट सूक्ष्मतर स्तरमा विभाजन विश्लेषण गर्दै अणु परमाणुको निरीक्षण एवम् परीक्षण गरी स्वयम्को प्रत्यक्ष अनुभवबाट संसारमा केही पनि स्थिर छैन सबै कुरा परिवर्तनशील छ (प्रसाई, अज्ञात मिति) भन्ने आत्मीकरण गर्न सकिन्छ ।

सिकाइ सुधारका लागि पृष्ठपोषण आवश्यक ठानिन्छ । यसमा गल्ती देखाउनु सुधार गर्नु हो भन्ने मान्यताले पृष्ठपोषणको काम गर्दछ । आफ्नो दोष देखाइदिनेलाई गाडेको धन देखाइदिने मित्र ठान्नुपर्छ, ज्ञानीहरू आफूलाई गाली गरेर सिकाउनेको सत्सङ्गत छोड्दैनन् (तामाङ र तामाङ, २०७६) बुद्धले भनेबाट सुधारका लागि गुरुको प्रयास आवश्यक रहेको र सो प्रयासलाई दुख निरोध, पारमिता, आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग र महासुखको प्राप्ति हुन्छ भन्ने देखाउँछ । गोन्पा शिक्षामा गल्ती प्रकटीकरण सुधारात्मक मूल्याङ्कनको एउटा विधि हो भन्ने बोध गराउँछ । यसबाट सिकाइमा प्रतीयसमुत्पाद अर्थात् कार्यकारण सम्बन्ध (तामाङ र तामाङ, २०७६) स्थापित गर्न सकिन्छ । तिब्बती बौद्ध धर्म परम्परामा लामाहरूको प्रतिष्ठा र सिकाइअनुसार रिम्पोचे, टुल्कु, खेन्पो, घेलङघेलुङमा, गेसुल (संस्कृतमा श्रामणेर र श्रामणिका) र गेसुलमा, तिब्बतीमा भिक्षु भिक्षुणीलाई लामा र आनी मनिन्छ । यिनीहरूको योग्यता र गोन्पाको नीति नियमको पालना, शिक्षाले उक्त दर्जा दिने (महर्जन, २०१९) चलन छ । यसले निर्णयात्मक मूल्याङ्कनको सङ्केत गर्दछ ।

गोन्पा शिक्षा परम्परामा आचरण सुधार गर्ने प्रक्रिया महत्त्व पूर्ण हुन्छ । जीवनोपयोगी ज्ञान वा सिप हासिल गर्दा होस वा आत्मशुद्धीका लागि अभ्यास गर्दा होस् सुधारात्मक मूल्याङ्कनको उपयोग गरिन्छ । जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कारका लागि आवश्यक पूजा विधिहरू सिकाउन

प्रयोगात्मक **रूप**मा मूल्याङ्कन गरिन्छ । गुरुले आफूसँगै चेलाहरूलाई पनि सहभागी गराउनु र तत्काल सुधार गराउनु उपचारात्मक सिकाइको उत्कृष्ट नमुना हो । गोन्पा शिक्षा सैद्धान्तिक मात्र होइन यो व्यावहारिक, प्रयोगात्मक र वैज्ञानिक पनि छ । श्रवण, मनन र निदिध्यासन यसमो सिकाइ प्रणाली हो । तसर्थ कुरा सुनेर मात्र विश्वास नगरी आफ्नो चेतनाले त्यसको सत्यपनको जाँच गर्छ र त्यसलाई स्वीकार गर्दछ (प्रसाई, अज्ञात मिति) भन्ने मान्यतामा गुरुसँगै गोन्पा तथा विहारहरूमा अभ्यास गराउने र समाजमा समेत प्रयोग गर्ने परम्परा सिकाइ प्रामाणिकताको आग्रह (प्रसाई, अज्ञात मिति) हो ।

सिकाइमा स्वउपचारात्क विधि समेत महत्त्वपूर्ण विधिका रूपमा उपयोग हुन्छ । यसको आफ्नो क्रम छः शिष्यले सत्यको मर्म सुनेर मनमा बसाउँछ, अर्थ अन्वेषण गर्छ, मनन गर्छ, निश्चयता उत्पन्न गर्छ, कर्ममा जाँच गर्छ, सत्यसम्म पुग्ने प्रयास गर्छ अनि गहिराइमा पुगेर देख्छ (प्रसाई, अज्ञात मिति) । कमजोर विद्यार्थी र शारीरिक अवस्थाप्रति गोन्पा शिक्षा सचेत छ । सकेसम्म यस्ता खालका शिष्यको अवस्था पहिचान गर्ने र कारण निर्क्यौल गर्ने गरिन्छ । अन्तिम अवस्था (निष्काशन पूर्व) सम्म शिक्षा कमजेर भएकाहरूका लागि उपचारात्मक शिक्षण विधिबाट सिकाउन प्रयत्न गरिन्छ । भावनात्मक रूपमा कमजोरलाई शारीरिक र मानसिक उपचार दिई आफूलाई चिन्न (रविपति, ई.स. २०२०) सक्ने बनाउन निदानात्मक मूल्याङ्कनको प्रयोग गरिन्छ ।

दुखबाट मोक्ष पाउन शुद्धीकरणको कठोर परीक्षा उत्तीर्ण हुनुपर्ने (प्रसाई, अज्ञात मिति) पक्ष एकातिर छँदै छ भने गोन्पा शिक्षा प्राप्त व्यक्ति भिक्षु मात्र नबनी गृहस्थीसमेत (चौवे, ई.स. १९५७) बन्ने परम्परा रहेकाले असल नागरिक, असल अभ्यासकर्ताका **रूप**मा विकास गराउनु यसको महत्त्वपूर्ण पक्ष हो । त्रिपिटकबाहेक अन्य आधुनिक र जीवनोपयोगी शिक्षाको सिकाइमा विद्यार्थी केन्द्रित विधि, व्याख्यान विधि, छलफल विधि, प्रयोगात्मक विधि, समस्या समाधान विधि, उपचारात्मक शिक्षण विधिहरू प्रयोग गरिन्छ (रविपति, ई.स. २०२०) । यसको अर्थ मौखिक वा प्रायोगिक रूपमा सिकाइको अवस्था हेर्नु हो तथापि परम्परागत सिकाइमा यसको छुट्टै अभिलेख नरहने भएकाले गुरुले तत्तकाल कमजोरी केलाई सुधार गर्न नैतिकता र मूल्यमा आधारित, जीवन उपयोगी सिप विकास गरी स्वस्थताको शिक्षा तथा सामाजिक रूपान्तरण गर्न यसको प्रयोग गरिन्छ । योबाहेक गोन्पा शिक्षामा जातक कथाहरूका माध्यमबाट भाषिक व्यवहारमा परिष्कृत गराउनु, लेखनकला, चित्रकला, खेलकुद आदिमा अभ्यस्त गराउने प्रचलनले सिकाइ निरन्तर सुधारात्मक, व्यावहारिक र मनोविज्ञानमा आधारित (रविपति, ई.स. २०२०) रहेको देखाउँछ । निरन्तर सिकाइका लागि प्रारम्भमा विद्यार्थीले सुन्ने, कण्ठ गर्ने र अर्कोलाई सुनाउने खालका क्रियाकलाप गरिन्छ । यस क्रियाकलापमा अन्ततः वादविवादका रूपमा समेत प्रयुक्त हुने हुनाले स्पष्ट ध्वनिमा व्यक्त गर्नुपर्छ । वादविवादमा विषयको पुष्टिका लागि सिद्धान्त, हेतु, उदाहरण, साधर्म्य, वैधर्म्य, प्रत्यक्ष, अनुमान र आगम विधि (चौवे, ई.स. १९५७ ) को प्रयोग हुन्छ ।

गोन्पा शिक्षाले अन्तिम लक्ष्य निर्धारण गर्न र सो लक्ष्य प्राप्त गर्न शिष्यलाई निर्देशित गर्दछ । यो उद्देश्यमूलक मूल्याङ्कनसँग मेल खान्छ किनकि कारण र प्रभावलाई लगानी र प्रतिफलमा (चेन, ई.स. २०२०) हेर्न एवम् जीवनमा आउने समस्या तथा चुनौतीहरूका सामना गरी आफ्नो प्रगति गर्ने र आफ्ना सबल पक्ष र मूल्यहरू बुझ्ने अनि कारण र प्रभावको अन्तरसम्बन्ध पहिल्याउने कार्य (चेन, ई.स. २०२०) मा मदत गर्दछ । व्यक्तिको आन्तिरिक परिवर्तनका साथै बाह्य भौतिक जगत्को विश्लेषण गर्ने क्षमताको स्वलेखाजोखा गरी सबलीकरण गर्छ । यसले सामाजिक कार्य र व्यक्तिगत

लक्ष्यलाई बढी प्रतिफलयुक्त बनाउन इमानदार, सोचविचार गर्न सक्ने र समावेशी सोचयुक्त बनाउन सहयोग गर्छ (चेन, ई.स. २०२०) । यसकारण गोन्पा विद्यालयले असल नैतिकता र सदाचारिता विकास गरी असल नागरिक तयार गर्ने, सांस्कृतिक सम्पदा तथा उपदेशको संरक्षण र विकास गर्ने ( आङ, ई.स. २०१४) थलोका **रूप**मा चिनिन थालेको हो । यसमा उद्देश्यसँग कारण र प्रभाव, ज्ञान र निर्णय एवम् मूल्याङ्कनकर्ता तथा मूल्याङ्कितको अन्तरसम्बन्ध हुन्छ । विद्यार्थीमा उत्तरदायित्व र स्वउत्तरदायित्वको विकास गराउँछ । विगत वर्तमानको तुलना गरी मूल्याङ्कन गर्न सिकाउनु (चेन, ई.स. २०२०) र यस बारेमा सहयोग उपलब्ध गराउनु यसको मर्म हो । सिकारु र गुरु दुवै समान अवस्थामा रहेर स्वशिक्षण तथा सहपाठी मूल्याङ्कनका माध्यमबाट सहभागितामूलक मूल्याङ्कन गर्ने परम्परा छ ।

गोन्पा शिक्षा पद्धतिमा सिकारुको मूल्याङ्कनको अर्को विशेषता विशेष अवस्थाका शिष्यहरूको सिकाइ क्षमता र सिकाइको स्तर मूल्याङ्कन गर्नु पनि हो । हरेक अशान्त व्यक्तिमा कुनै न कुनै मानसिक बिरामीपन हुन्छ । यसको उपयुक्त विधिबाट समाधान गर्नुपर्छ (रविपति २०२०) । मानसिक शान्तिका लागि कारणहरूको निदान आवश्यक छ । यस खालको दुखबाट मोक्ष पाउन मानसिक शुद्धीकरणको परीक्षा उत्तीर्ण हुनुपर्ने (प्रसाई, अज्ञात मिति) कुराले शिष्यको विशेष अवस्थाका सिकारुको मनोविज्ञान बुझ्ने, जाँच्ने एवम् लेखाजोखा गर्ने र उपयुक्त तरिकाले सम्बोधन गर्ने पद्धतिको बोध गराउँछ ।

गोन्पा शिक्षामा सुधारात्मक मूल्याङ्कनको अर्को अभ्यास मतिशोधन अभ्यास हो । यसले चित्तलाई तालिम दिन्छ । यसमा चित्तको गलत प्रवृत्ति हटाउन र कुशलताहरू बढाउन चार सम्यक प्रहाणको अभ्यास गरिन्छ (काफ्ले, २०२०) । आफूलाई चिन्नु नै यस लेखाजोखाको मुख्य सिद्धान्त हो (रविपति, ई.स. २०२०) । यसका लागि मतिशोधन विधि अभ्यास गरिन्छ । यो अभ्यास एक गम्भीर मनोविज्ञानमा आधारित स्वअभ्यासको नमुना हो । सिकारुहरूलाई मनमायुक्त भावनाहरूको गम्भीरतापूर्वक पर्यवेक्षण गर्ने, ती कार्यहरूको कुशलताको पहिचान गर्ने र अकुशल कर्महरू उन्मूलनका लागि प्रयत्न गर्ने, उत्पन्न भएका कुशल कर्महरूको निरन्तर उत्पन्न गराउने, उत्पन्न कुशलहरू भित्री मनदेखि अनुमोदन गर्दै बढाउँदै लैजानका लागि उत्साही बन्ने (काफ्ले, २०२०) प्रयत्न गरिन्छ । यसले नकारात्मक भावनाको त्याग, पूर्ण सदाचार कायम एवम् मनलाई नियन्त्रणको अभ्यास गराउने (राब्लिङ, मे २०२२) पक्षलाई समेट्छ ।

यसरी हेर्दा मूल्याङ्कन सुधार तथा निर्णय (थर्नडाइक र थर्नडाइक, ई.स. २००९) को प्रयोजनका लागि उपयोग गरिने पद्धतिअनुसार परम्परागत **रूप**मा स्वमूल्याङ्कन, स्वप्रशिक्षण तथा स्वानुभूतिका लागि गोन्पा शिक्षामा सिकारुको सिकाइको मूल्याङ्कन गरी निर्वाणतर्फको लक्ष्य प्राप्ति गर्न व्यक्तिगत आवश्यकतामा आधारित सहयोग प्रदान गरिन्छ । औपचारिक **रूप**मा मूलप्रवाहीकरण सँगै निर्णयात्मक मूल्याङ्कनका तरिकाहरू समेत यसमा प्रयोगमा आएका छन् । विशेष गरी विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रा**रूप,** २०६३ पछि परम्परागत तथा धार्मिक प्रकृतिका गोन्पाहरूका लागि पाठ्यक्रमको ढाँचा निर्धारण गरी सिकाइको प्रमाणीकरण अभिलेखको पद्धतिको समेत मूलप्रवाहीकरण भएका गोन्पाहरूमा उपयोगमा आएको छ । तसर्थ मूल प्रवाहीकरण भएका गोन्पा शिक्षामा परम्परागत पद्धति र आधुनिक पद्धति दुवैको उपयोग हुँदै आएको छ ।

## ४. विद्यार्थीको सिकाइ र सोको मूल्याङ्कनका चुनौतीहरू

गोन्पा शिक्षा स्वमूल्याङ्कनमा आधारित शिक्षा हो तापनि उपयुक्त तथ्यहरू नियाल्दा गोन्पा शिक्षामा विद्यार्थीको सिकाइ मूल्याकनका सैद्धान्तिक एवम् व्यावहारिक चुनौतीहरू रहेको देखिन्छ । यी चुनौतीहरूको सार देहायअनुसार उल्लेख गर्न सकिन्छ :

परम्परागत रूपमा सञ्चालनमा रहेका गोन्पाहरूमा एकरूपताको अभ्यासको अभाव छ । सिकाइ र यसको मूल्याङ्कनमा भिन्न भिन्न परम्परामा हुर्किएका गोन्पाहरूबिच समन्वय, साझेदारी तथा सहकार्यमा न्यूनता छ । सबै गोन्पामा निरन्तर सिकाइ र मूल्याङ्कनलाई व्यवस्थित बनाउन सकिएको अवस्था छैन । साक्षरता केन्द्रित शिक्षाको समस्तर, आकर्षण र सहभागितामूलक पद्धतिमा न्यूनता आएको छ । यस शिक्षामा विज्ञता हासिल गर्ने शिक्षाका लागि उपयुक्त पात्र चयन, सिकारुको सिकाइप्रतिको समर्पणको निरन्तरतामा अभाव छ (प्रारूप, २०७६) । पेसागत जनशक्तिलाई शास्त्रीय विषयगत ज्ञान तथा सिपमा निपुणताका साथसाथै जनशक्तिलाई आधुनिक पेसागत तालिम, सिप र प्रविधिमा रूपान्तरण गर्ने छुट्टै विज्ञता प्राप्त निकायको अभाव छ । अनौपचारिक रूपमा सञ्चालनमा रहेका गोन्पाहरूमा विश्वव्यापी परिवर्तन वा नयाँ आयामहरूसँगको तादात्म्यता ज्यादै कम छ । यस खालको न्यूनता मूलप्रवाहीकरण भएका गोन्पामा भन्दा परम्परागत रूपमा सञ्चालनमा रहेका गोन्पाहरूमा ज्यादा देखिएको छ ।

सिकाइ मूल्याङ्कन विद्यार्थी केन्द्रित भए पनि बालमैत्री हुन नसक्नु र उनीहरूको प्रतिभा प्रस्फुटनलाई कम प्राथमिकता दिइनु यसको सबैभन्दा चुनौतीको पक्ष हो । मूल्याङ्कन आत्मकेन्द्रित र स्वज्ञानमा आधारित भएकाले बाह्य सहजीकरणबाट कण्ठस्थ बनाएको कुरा सुन्ने र व्यवहार अवलोकन गर्ने काममा सुधारात्मक मूल्याङ्कनका कियाकलाप सम्बन्धित रहनु, सिकाइका लागि सामान्य शाब्दिक उत्प्रेरकबाहेकका अन्य उत्प्रेरक प्रयोग नहुनु तथा प्रविधिका साधनहरूलाई नकारात्मक रूपमा लिने प्रवृत्ति अझै व्याप्त रहनु यसको अर्को चुनौती रहेको बताइन्छ । सिकाइको मूल्याङ्कन गर्ने सम्बन्धमा व्यवहारमा आएको परिवर्तनलाई वस्तुगत, व्यावहारिक, वैध, विश्वासनीय र पुनः प्रयोगका लागि घटना अध्ययन, कियात्मक अनुसन्धान आदि नहुनु र यससँग मिल्दाजुल्दा कियाकलापहरूमा गुरुको स्वप्रयासको अभिलेखीकरण नहुनु, मूलप्रवाहीकरणको तथा सहजीकरणको अभावमा एकरूपताको मूल्याङ्कन तथा परीक्षण प्रणालीको कार्यान्वयन गर्न नसकिनु, सिकाइको निरन्तर सिकाइ मूल्याङ्कन भए पनि मौखिक परम्परा कायम रहनु, सिकारुको सिकाइप्रतिको समर्पणको निरन्तरता आवश्यक भइरहनु एवम् राज्यबाट सबैका लागि शिक्षा अनिवार्य भए पनि सबै अवस्थाका बालबालिकाहरूको समान सिकाइका लागि अनुसन्धानात्मक प्रयास नहुनु तथा परम्परा र लैङ्गिक रूपमा फरक फरक गोन्पाहरूको व्यवस्थाले समावेशीय मूल्याङ्कनले स्थान नपाउनु यसका चुनौतीका विषयहरू हुन् ।

निमार्णात्मक तथा निर्णयात्मक मूल्याङ्कनमा आधुनिक सूचना प्रविधिको उपयोग तथा विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन ज्यादै ढिलो हुनु, अनौपचारिक रूपमा सञ्चालनमा रहेका गोन्पाहरूमा मूल्याङ्कनमा लागि गुरु नै सर्वेसर्वा रहेको तथा गुरु विवेक नै परम्परा रहेकाले वस्तुगत मापदण्ड अभाव, मूल्याङ्कनका लागि शिक्षक तयारी तथा

बालमनोविज्ञानसँग सम्बन्धित तालिम आदिको न्यूनता बोध गराउँछ । यस्तैगरी मूल्याङ्कनलाई सरलीकृत गर्ने निर्देशिका, स्रोतसामग्री, आधुनिक शैक्षणिक सामग्री र शिक्षक तालिमको न्यूनता, आवश्यक सामग्री विकास हुन नसकी सहयोगी अध्ययन सामग्रीको अभाव रहनु एवम् सरोकारवालाहरूमा समेत यस विषयमा हेर्ने हो कम चाखप्रद (शेर्पा, मे २०२२) रहनुले सिकाइको बहुसम्प्रेषण र सामाजिकीकरणका अभ्यासमा समेत चुनौतीहरू देखा परेका छन् ।

## ५. चुनौती समाधानका उपायहरू

उपयुक्त विश्लेषणका आधारमा गोन्पा शिक्षामा विद्यार्थीको सिकाइ मूल्याङ्कनमा विभिन्न सैद्धान्तिक तथा व्यावहारिक चुनौतीहरू रहेको प्रस्ट छ । उक्त चुनौतीहरूको सामना गर्नका लागि देहायका सैद्धान्तिक तथा नीतिगत र व्यावहारिक तथा कार्यक्रमिक पक्षका कार्यहरू सम्पादन गर्न मनासिब देखिन्छ :

### (क) सैद्धान्तिक तथा नीतिगत पक्ष

- वर्तमान अवस्थामा गोन्पा शिक्षालाई सङ्गठनात्मक वा संस्थागत **रूप**मा सञ्चालन गर्ने भिक्षु, लामा गुरुहरू नै मुख्य प्रशासक हुने भएकाले उनीहरूको क्षमता विकास गर्ने प्रयोजनसमेतका लागि प्रदेश स्तरमा बौद्ध शिक्षा हेर्ने संरचना स्थापना गरी निरन्तर सिकाइ र मूल्याङ्कनलाई व्यवस्थित बनाउन एक**रूप**ताका लागि गोन्पा र स्थानीय तहसमेतसँग समन्वय र साझेदारी गर्नुपर्दछ ।

- लैङ्गिक **रूप**मा फरक फरक गोन्पाहरूको व्यवस्था भए पनि महिला शिक्षा प्रदान गर्ने गोन्पाहरूको सङ्ख्या निकै कम भएकाले सबैका लागि समान गुणस्तरको शिक्षा प्राप्त गर्न सक्ने व्यवस्थाका मिलाउने र यसका लागि समन्वय सञ्जाल स्थापना र समावेशीय मूल्याङ्कन पद्धति उपयोगमा ल्याउनु पर्दछ ।

- गोन्पा शिक्षाका व्यवस्थापक तथा भिक्षुलगायतका जनशक्तिलाई शास्त्रीय विषयगत ज्ञान तथा सिपमा निपुणताका साथसाथै आधुनिक पेसागत तालिम, सिप र प्रविधिमा रूपान्तरण गर्ने छुट्टै विज्ञता प्राप्त निकाय स्थापना गर्ने सो नभएसम्म भइरहेको निकायको सबलीकरण गरी जनशक्ति विकास गर्नुपर्दछ ।

- मूल्याङ्कन गर्ने सम्बन्धमा व्यवहारमा आएको परिवर्तनलाई वस्तुगत, व्यावहारिक, वैध र पुनःप्रयोगका लागि घटना अध्ययन, क्रियात्मक अनुसन्धान र गुरुको स्वप्रयासहरूको अभिलेखीकरण राख्न सहजीकरण गर्नका लागि स्थानीय स्तरमा सम्बन्धित विज्ञ समूह गठन र परिचालन गर्नु पर्दछ ।

- सबै विद्यार्थीको सिकाइको निरन्तर मूल्याङ्कन पद्धतिको उपयोग गरी एकरूपता कायम गर्न गोन्पा परम्पार स्तरमा मूल्याङ्कन तथा परीक्षण प्रणालीको विकास र सोको कार्यान्वयन व्यवस्था मिलाउनु पर्दछ ।

### (ख) व्यावहारिक एवम् कार्यक्रमिक पक्ष

- दुवै खालका गोन्पाहरूका विद्यार्थीको सिकाइ मूल्याङ्कनमा आधुनिक सूचना प्रविधिको उपयोग तथा विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्न प्रोत्साहन गर्न शैक्षिक तालिम केन्द्रहरूलाई सकिय बनाउनु पर्दछ ।

- मूल्याङ्कनका लागि वस्तुगत मापदण्ड विकास, शिक्षक तयारी तथा बालमनोविज्ञानसँग सम्बन्धित तालिम आदिको व्यवस्था मिलाउनु पर्दछ ।

- मूल्याङ्कनका परम्परागत पद्धति र आधुनिक पद्धतिलाई सम्मिश्रण गरी सिकाइ मूल्याङ्कन निर्देशिका, स्रोतसामग्री, आधुनिक शैक्षणिक सामग्री, डिजिटल तथा छपाइका सामग्री विकास तथा अध्ययन सामग्रीको वितरण र प्रयोगमा सहजीकरण गर्नु पर्दछ ।

- गोन्पामा अध्ययन गर्ने सबै विद्यार्थीका सिकाइ क्षमता सुधारका लागि क्रियात्मक अनुसन्धान गराई अभिलेखीकरण समेत राख्ने व्यवस्था गर्नुपर्दछ ।

- अनौपचारिक **रूप**मा सञ्चालनमा रहेका गोन्पाहरूमा विश्वव्यापी परिवर्तन वा नयाँ आयामहरूसँगको तादात्म्य ज्यादै न्यून भएकाले यस खालको न्यूनता मूल प्रवाहीकरण भएका गोन्पाहरूका माध्यमबाट अन्य गोन्पाहरूलाई सहजीकरण पद्धति सञ्चालन गरी रिक्तताको अन्त्य गर्नु पर्दछ ।

- विद्यार्थीको बौद्ध दर्शन अनु**रूप**को सिकाइका लागि नयाँ परियोजना कार्यको व्यवस्था गर्न सिकाइ सामग्रीमा सुधार तथा सामाजिकीकरणका अभ्यासका लागि गोन्पा तहसम्म समन्वय सूत्र स्थापना गर्नु पर्दछ ।

- निर्माणात्मक तथा निर्णयाात्मक मूल्याङ्कनलाई व्यवस्थित बनाउन स्थानीय स्तरमा स्रोत पहिचान र परिचालन गर्न विशेष कोषको व्यवस्थापन गरी आवश्यक उपकरणको व्यवस्थापन गर्नु पर्दछ ।

## ६. निष्कर्ष

संसार दुखपूर्ण छ । दुखबाट मोक्ष पाउन मन शुद्धीकरणको कठोर परीक्षा उत्तीर्ण हुनुपर्दछ अनि मात्र परम लक्ष्य निर्वाण प्राप्त हुन्छ भन्ने लक्ष्यलाई पछ्याउन अष्टमार्गका माध्यमबाट असल नैतिकता र सदाचारिता विकास गर्न प्रतीयसमुत्पाद अर्थात् कारण र प्रभाव निकै महत्त्वपूर्ण छ । यसले विद्यार्थीमा उत्तरदायित्व र स्वउत्तरदायित्वको विकास गराउँछ । यसका लागि परम्परागत गोन्पा शिक्षाका अभ्यासहरू निकै अर्थपूर्ण छन् । हामीकहाँ गोन्पा शिक्षा अनौपचारिक शिक्षा मात्र होइन मूलप्रवाहीकरण प्रारम्भ भइसकेको शिक्षा पनि हो । त्यसैले निर्माणात्मक मूल्याकनका साथै निर्णयात्मक मूल्याकन पनि त्यतिकै जरुरी भइसकेको छ । शिक्षण सिकाइका क्रममा विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई वस्तुगत, व्यावहारिक, वैध तरिकाले लेखाजोखा गर्न र सिकाइ

सुधारका लागि घटना अध्ययन, क्रियात्मक अनुसन्धान र गुरुको स्वप्रयासहरूको अभिलेखीकरण गर्न आवश्यक छ । यसले विद्यार्थीकेन्द्रित सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गरी प्रोत्साहन गर्न मदत गर्दछ । सामग्री विकास तथा वितरण, समन्वय र तालिम सहजीकरण गरी सबै खालका गोन्पाहरूमा अध्ययन गर्ने विद्यार्थीको सिकाइको निरन्तर मूल्याङ्कन, प्रविधिमा आधारित सहजीकरण र सिकाइ उपलब्धिको निर्णयाात्मक उपयोग गरी एकरूपताको मूल्याङ्कन तथा परीक्षण प्रणाली स्थापना गर्ने हो भने बौद्ध दर्शनअनुसारको ज्ञान, आचरण र जीवनोपयोगी सिपमा विद्यार्थीको दक्षता वृद्धि हुन सक्छ ।

## सन्दर्भ सामग्री


आचार्य, तिलक (ई.स. २०२०), *बौद्ध सङ्गीति परम्परा र निकाय भेद* :प्रज्ञा (भोलुम १ सङ्ख्या १), लुम्बिनीः लुम्बिनी बौद्ध विश्वविद्यालय, पृ.१३-१८ ।

काफ्ले, इन्द्र (ई.सं. २०२०), *मतिशोधन अभ्यास एक गम्भीर मनोविज्ञान*: प्रज्ञा (भोलुम १, सङ्ख्या १), लुम्बिनीः लुम्बिनी बौद्ध विश्वविद्यालय, पृ.२८-३४ ।

घिमिरे, चन्द्रकला (२०७९), *नेपालमा बुद्धधर्मको इतिहास*, काठमाडौँः भुँडीपुराण प्रकाशन ।

चौवे, डा. सरयू प्रसाद (ई.सं. १९५९): *भारतीय शिक्षा का इतिहास* (प्रथम संस्करण), इलाहावादः रामनारायणलाल, पृ.७९-९९ ।

तामाङ, स्टेला र तामाङ, परशुराम, (२०७६), *बुद्ध पथ*, काठमाडौँः बज्र बुक्स ।

प्रसाई, पुण्यप्रसाद (सम्पा) (अज्ञात मिति), *गौतम बुद्ध*, काठमाडौँः डिकेरा पब्लिकेसन, बागबजार ।

महर्जन, वसन्त (ई.सं. २०१९), उत्तरी नेपालमा बौद्ध धर्म, काठमाडौँ : इन्साइट पब्लिकेसन प्रा.लि. ।

शर्मा, गोपीनाथ (२०५९), *नेपालका शिक्षा आयोगहरूका प्रतिवेदनहरू*, काठमाडौँ : मकालु प्रकाशन

शर्मा, गोपीनाथ (२०६८), *नेपालमा शिक्षाको इतिहास भाग १*, काठमाडौँ : मकालु प्रकाशन ।

शेर्पा, आचार्य नुर्बु (२०२२ अप्रिल १७), *गोन्पा शिक्षाको ऐतिहासिक पृष्ठभूमि र विकासक्रम*: Retrieved from https://bodhitv.tv/article/180417b/ .

शेर्पा, आचार्य सार्कीः धार्मिक प्रकृतिका परम्परागत गोन्पा विद्यालय र भोट भाषाको सम्बन्ध, गोन्पा/विहार सन्देश (२०७८), शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानेठिमी भक्तपुर ।

शेर्पा, आचार्य सार्की, (२०७४), *वर्तमान गोन्पा शिक्षाको अवस्था तथा चुनौती*: हिमाली सन्देश अनलाइन (१ भाद्र २०७४)

हटुवाल, ज्ञानदेव (ई.सं.२०२०), *बौद्ध र जैन धर्मको तुलनात्मक अध्ययन*:प्रज्ञा (भोलुम १ सङ्ख्या १), लुम्बिनी, लुम्बिनी बौद्ध विश्वविद्यालय, पृ. १२३- १३७ ।

Aung,cho cho (2014): *Evaluation on Buddhist Education and Curriculum of International Theravada Buddhist Missionary University in Myanmar*. PP 205-217

Retrieved from : http://www.icdv.net/2014paper/ws5_14_en__Evaluation_on_Buddhist_Education__405425654.pdf

Chen,Sonia (2020): *What can Buddhism offer evaluation ? Applyong Buddhism concept in evalaution* ( Evaluation Matters- He Take To Te Aromatawali 6: 2020) P.104 -125.

Retrieved from https://www.nzcer.org.nz/nzcerpress/evaluation-matters/articles/what-can-buddhism-offer-evaluation-applying-buddhist-concepts

Ghimire, Surendra(2013*), PEDAGOGY IN BUDDHIST PHILOSOPHY With Special Reference to Gumba Education*, Lumbimi*:* Dean's Office The Faculty of Buddhist Studies, Lumbini Buddhist University (Unpublished Dissertation).

Joshi, Hariram (2030), Nepalko prachin Abhilekh, kathmandu: Nepal Academy, 2030 BS. p.524

Rabling, Dr Lobsang Dorgee (2022), *The Buddhi s Teaching in a Nutsell and Eight fold Noble path:* Lumbini Prabha (may 2022), Nepal: LUMBINI BUDDHIST UNIVERSITY, p. 77 - 85

Ravipati, Kumara (2020). *The concept of self-realization and teaching methods of the Buddha.*

Retrieved from https://www.researchgate.net/publication/347830324_

Samuel, Geoffrey (2012), *Introducing Tibetan Buddhism*, Routledge2 parksquare, Milton park, Abingdon, Oxon OX144RN

Sherpa, Anglami (2022), *The Relationship Between Gonpa, Lama, and Local Communitie*, limbuni Prabha (may 2022), Nepal: LUMBINI BUDDHIST UNIVERSITY, p.159-166

Thorndike, Robert M. and Chirst, Thornadike Tracy (2009), *Measurement and Evaluation in Psychology and Evaluation (*8th Edition):

# विद्यालय शिक्षाको मूलप्रवाहीकरणमा गुरुकुल शिक्षा

✍खगराज बराल, पिएचडी*


**लेखसार**

*मूलप्रवाहीकरण राज्यका मूलधारमा समावेश हुनु हो, समाहित हुनु हो । शिक्षाक्षेत्र मात्र होइन, राज्यका समग्र क्षेत्रमा राज्यको ध्यान, रेखदेख, सहयोग र समदृष्टि पुग्नुपर्छ । यसमा सम्बन्धित समूह वा सरोकारवाला व्यक्ति वा संस्था पनि सचेत रहनुपर्छ, सहयोगी हुनुपर्छ । नेपालको शिक्षाको इतिहासलाई केलाउँदा यसको प्रारम्भ गुरुकुल शिक्षा पद्धतिका भएको पाइन्छ । शिक्षाको मूल स्रोत नै राज्यको मूलप्रवाहबाहिर रहँदा राज्यको ध्यान केन्द्रित हुन सकेको थिएन । गुरुकुल शिक्षा पद्धतिमा अध्ययन गर्ने विद्यार्थीको सिकाइका प्रमाणीकरण र मान्यता पाउन सकेको थिएन । नेपाल सरकारले परम्परागत शिक्षालाई राज्यको मूलप्रवाहमा ल्याउने नीति अङ्गीकार गरेपश्चात् गुरुकुल शिक्षाका लागि नीति निर्माण, पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, शिक्षकको पेसागत विकासका कार्यक्रम, शिक्षण सिकाइ, भौतिक पूर्वाधार र शिक्षकका लागि अनुदान, परीक्षा र प्रमाणीकरण जस्ता काम हुँदै आएका छन् । गुरुकुल शिक्षा पद्धति मूलप्रवाहीकरण प्रक्रियामा आउँदा बेफाइदा छैनन्, बरु फाइदा धेरै छन् । यो प्रक्रियामा देशभरमा सञ्चालनमा रहेका गुरुकुल समावेश भई स्वपहिचानसहित सञ्चालन हुनु आवश्यक छ ।*


## १. विषय प्रवेश

राज्यको मूलप्रवाहमा समाहित हुनु मूलप्रवाहीकरण हो । मूलप्रवाहीकरणले मूलधारबाट बाहिर रहेका समूहलाई मूल प्रणालीमा आबद्ध गराउँछ । यसबाट सशक्तीकरण भई समायोजन सहज हुन्छ । गुरुकुल शिक्षा वैदिक सनातन संस्कृतिको उच्चतम् उपलब्धि हो । नेपाल तथा भारतको शिक्षा पद्धति गुरुकुल शिक्षा पद्धतिबाट सुरु हुन्छ । इस्टइन्डिया कम्पनीको सरकारले वैदिक शिक्षा तथा गुरुकुलमा प्रतिबन्ध लगाएपछि भारतमा आधुनिक शिक्षाको प्रभाव बढ्यो । त्यसको असर वि.सं. १९१० मा जङ्गबहादुर राणाले दरबार स्कुलको स्थापना गरेर नेपालमा पनि थालनी गरे । नेपालमा आधुनिक शिक्षाको प्रारम्भ भए पनि गुरुकुल शिक्षा पद्धति भने प्रतिबन्धित भएन । मूलप्रवाहमा आधुनिक शिक्षा पर्न थाल्यो, गुरुकुल शिक्षा राज्यको मूलप्रवाहबाट बाहिर पऱ्यो । नेपालमा परम्परागत शिक्षा प्रदान गर्ने गुरुकुल/आश्रम, गोन्पा/विहार र मदरसा आफ्नै पाराले सञ्चालन भए पनि यिनीहरूलाई राज्यको मूलप्रवाहमा ल्याउने काम निकै पछि प्रारम्भ भएको हो । यो लेख नेपालको विद्यालय शिक्षाको मूलप्रवाहीकरणसँग सम्बन्धित छ । यस लेखमा मूलप्रवाहीकरण, मूलप्रवाहीकरणमा गुरुकुल शिक्षा, मूलप्रवाहीकरणका लागि भएका नीतिगत व्यवस्था, मूलप्रवाहीकरण भएका गुरुकुल, मूलप्रवाहीकरणका फाइदा र बेफाइदा र अन्त्यमा निष्कर्ष निकालिएको छ ।

* सेवा निवृत्त सचिव, नेपाल सरकार

## २. मूलप्रवाहीकरण

राज्यका मूलधारभन्दा बाहिर रहेका व्यक्ति, समुदाय, संस्था, जातजाति, भाषाभाषीलाई राज्यको मूलधारमा ल्याउनु नै मूलप्रवाहीकरण हो । मूलप्रवाहीकरणले मूलधारबाट बाहिरका समुदायलाई राष्ट्रिय प्रणालीमा आबद्ध गर्छ ।

राज्यको मूलधारभन्दा बाहिर रहेका समूह राज्यबाट उपलब्ध गराएका सेवा सुविधाबाट बञ्चित हुन पुग्छन् । राज्यको संरचना, नीति, कार्यक्रम तथा बजेटले मूलप्रवाहभन्दा बाहिर रहेका समुदायलाई सम्बोधन गर्न सक्दैन । मूलप्रवाहबाहिरका समुदायलाई राज्यको संरचनाले चिन्दैन, कानुनले मान्यता दिँदैन, नीति तथा कार्यक्रमले सम्बोधन पनि गर्दैन । विशेष गरी मूलप्रवाहबाहिर रहेका समुदाय अल्पसङ्ख्यक हुन्छन्, पहुँचमा कठिनाइ हुन्छ, क्षमता कम हुन्छ, समानता प्राप्त गर्न सक्दैनन् । यस्ता समुदायका लागि सशक्तीकरणको आवश्यकता हुन्छ । सशक्तीकरणका लागि समावेशीकरणका लागि कानुन, नीति तथा कार्यक्रम आवश्यक हुन्छ । समावेशीकरणका लागि सकारात्मक विभेद वा सकारात्मक कार्य जरुरी हुन्छन् । राज्यको मूलधारबाट बाहिर रहेका समुदायलाई मूलप्रवाहमा ल्याएपछि जुनसुकै नीति तथा कार्यक्रम सर्वस्वीकार्य, दिगो, सारभूत रूपमा प्रभावग्राही, न्यायोचित तथा सन्तुलित हुने गर्छन् ।

मूलधारबाहिरका समुदायको मूलप्रवाहीकरणपश्चात् राष्ट्रिय प्रणालीमा आबद्ध हुन्छन्, राज्यबाट उपलब्ध हुने सेवा सुविधा प्राप्त गर्छन् र हरेका काम सामान्य हुन पुग्छन् ।

## ३. मूलप्रवाहीकरणमा गुरुकुल शिक्षा

नेपालभरमा सञ्चालन भएका धार्मिक प्रकृतिका शिक्षण संस्थालाई परम्परागत शिक्षण संस्था भनिने गरिएको छ । परम्परागत शिक्षण संस्था भन्नाले गुरुकुल आश्रम, गोन्पाविहार तथा मदरसा जस्ता परम्परागत शिक्षा प्रदान गर्न सामुदायिक वा शैक्षिक गुठीका रूपमा अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थालाई जनाउँछ भनी परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ मा उल्लेख गरिएको छ (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९: पृ.१) । यस्ता धार्मिक प्रकृतिका शिक्षण संस्थालाई देशको राष्ट्रिय प्रणालीमा आबद्ध गर्नका लागि नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रम ल्याएको छ ।

गुरुकुल शिक्षा पद्धतिमा खुलेका नेपालभरका गुरुकुलहरू सबै मूलप्रवाहीकरण भई राष्ट्रिय प्रणालीमा आबद्ध भइसकेका छैनन् । विगतमा एकओटा पनि गुरुकुल राष्ट्रिय प्रणालीमा आबद्ध नभएको अवस्थामा हाल धेरै नै गुरुकुल मूलप्रवाहीकरण भएका छैनन् । गुरुकुल राष्ट्रिय प्रणालीमा आबद्ध भएपछि सञ्चालन तथा व्यवस्थापनमा सरकारी निकायबाट अनुमति तथा स्वीकृति प्राप्त गर्छन् । यस्ता गुरुकुलले राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन गर्छन्, गुरुकुलहरूले राष्ट्रिय पाठ्यपुस्तक लागु गर्छन्, कार्यान्वयन गर्छन् । यस्ता शिक्षण संस्थाका विद्यार्थी परीक्षा तथा मूल्याङ्कन राष्ट्रिय परीक्षा प्रणालीमा समावेश हुन्छन् र प्रमाणपत्र प्राप्त गर्छन् । गुरुकुल राष्ट्रिय शैक्षिक सूचना प्रणालीमा आबद्ध हुन्छन् । गुरुकुलमा सरकारी अनुदानमा नियुक्त हुने शिक्षकका लागि राष्ट्रिय नीति तथा मापदण्ड लागु हुन्छ । राज्यका नीति तथा नियम गुरुकुलमा पनि कार्यान्वयन हुन्छन् । सरकारले

गुरुकुललाई नीति तथा कार्यक्रम र बजेटबाट सम्बोधन गर्छ । यसरी सरकारी निकाय र गुरुकुलबिच समन्वय हुने गर्छ ।

## ४. मूलप्रवाहीकरणका लागि भएका नीतिगत व्यवस्था

सबैका लागि शिक्षा सन् (२०००-२०१५) को पक्ष राष्ट्र भएकाले नेपालले औपचारिक तथा अनौपचारिक, सङ्गठित तथा असङ्गठित क्षेत्रमा सञ्चालन भएका विद्यालय शिक्षा, साक्षरता, जीवनपर्यन्त शिक्षाका गतिविधिलाई राष्ट्रिय मूलप्रवाहमा ल्याउन पर्यन्त गरिरहेको थियो । यसै क्रममा गुरुकुल, गुम्बा र मदरसा प्रकृतिका नयाँ विद्यालय खोल्न चाहेमा शिक्षा ऐन, २०२८ (सातौँ संशोधनसहित) र शिक्षा नियमावलीको परिधिभित्र नै रही संस्थागत रूपमा सञ्चालन गर्न पाउने गरी निवेदन दिन पाउने व्यवस्था गर्ने गराउने भनी शिक्षा मन्त्रालयको सचिवस्तरीय निर्णय २०५९ वैशाख १७ गते भएको पाइन्छ । यस्तै वि.सं. २०६३ साल कात्तिक २४ गतेको शिक्षा मन्त्रालयको मन्त्रीस्तरको निर्णयले धार्मिक प्रकृतिका संस्थाले प्राथमिक तहको सामुदायिक विद्यालयका रूपमा सञ्चालन गर्न धरौटी राख्न नपर्ने व्यवस्था भएको छ । यस्ता नीतिगत निर्णयले गुरुकुल शिक्षा पद्धतिलाई संस्थागत रूपमा सञ्चालन गर्न सरकारीस्तरबाट प्रोत्साहन दिएको पाइन्छ ।

वि.सं. २०६२ चैत्र १६ गतेका दिन चितवनको भरतपुरमा आयोजित गुरुकुलका प्रतिनिधिहरूको भेलाले राष्ट्रिय गुरुकुल शिक्षा परिषद्को गठनसम्बन्धी निर्णय गरी विधान तयार गरी वि.सं. २०६३ साल श्रावणमा जिल्ला प्रशासन कार्यालय चितवनमा विधिवत् रूपमा राष्ट्रिय गुरुकुल शिक्षा परिषद् नेपाल नामक संस्था दर्ता भएको पाइन्छ । अनादि कालदेखि चलिआएको सनातन आर्ष परम्पराको अनुसरण गर्दै नेपालको मौलिक संस्कार एवम् संस्थाको नितान्त आवश्यकता भएको महसुस गरी सो आवश्यकता पूर्ति गर्न राष्ट्रिय गुरुकुल शिक्षा परिषद्को स्थापना गरिएको उल्लेख भएको पाइन्छ (सुवेदी, २०६७: पृ. ९७) । यो परिषद् परम्परागत गुरुकुल शिक्षाको प्रवर्धन गर्न स्थापना भएको गैरसरकारी क्षेत्रको राष्ट्रिय स्तरको संस्था हो ।

वि.सं. २०६१ देखि सरकारले गुरुकुललाई केही अनुदान रकम दिन सुरु गऱ्यो । आर्थिक वर्ष २०६५/०६६ मा शिक्षा विभागमार्फत ७२ ओटा गुरुकुललाई सरकारले एकमुष्ट अनुदानका रूपमा सहयोग उपलब्ध गराएको थियो । राष्ट्रिय गुरुकुल शिक्षा परिषद्को गुरुकुल शिक्षाको बहस र पैरवी पश्चात् यही संस्थाको पहलमा नेपाल सरकारको तर्फबाट वि.सं. २०६६ मङ्सिर ३ गते शिक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयानुसार ११ सदस्यीय गुरुकुल/आश्रम व्यवस्थापन परिषद् गठन भयो । गुरुकुल/आश्रम व्यवस्थापन परिषद् सरकारी स्तरबाट गुरुकुल शिक्षा प्रवर्धनका लागि स्थापना भएको पहिलो संस्था हो ।

गुरुकुल/आश्रम (विद्यालय) व्यवस्थापन, अनुमति/स्वीकृति विषय र प्रक्रियामा मन्त्रालयलाई नीतिगत राय सुझाव दिने, गुरुकुल/आश्रममा अध्यापन गरिने पाठ्यक्रम निर्माणका लागि सुझाव दिने, गुरुकुल/आश्रममा अध्ययन गर्ने विद्यार्थीलाई उपलब्ध गराइने शैक्षिक प्रमाणपत्र स्तरीकरणमा राय सुझाव दिने, गुरुकुल/आश्रमहरूको शिक्षक व्यवस्थापनका विषयमा राय सुझाव उपलब्ध गराउने, गुरुकुलहरूको उपयुक्त व्यवस्थापन गरी बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न राय सुझाव दिने कार्यक्षेत्र यस परिषद्लाई प्राप्त भएको थियो ।

वि.सं. २०६६ भाद्र मसान्तसम्म प्राप्त सूचनाबमोजिम विद्यालयको रूपमा अनुमति प्राप्त मदरसा ८१०, गुम्बा ६६, आश्रम/गुरुकुल ५५ र वैकल्पिक कार्यक्रमका रूपमा अनुमति प्राप्त मदरसा २४८, गुम्बा ५४ र आश्रम गुरुकुल ३ सञ्चालनमा रहेका छन् (पौडेल, २०६७: पृ. ३) । २०५०-५२ सालसम्म वेदविद्याश्रमका नाममा काठमाडौँ वनकालीमा अवस्थित नेपाल वेद विद्याश्रम मात्र थियो । अन्य गुरुकुल अनौपचारिक रूपमा नेपालका विभिन्न ठाउँमा मठमन्दिर तथा आश्रममा अनौपचारिक तवरले गुरुहरूद्वारा सञ्चालन गरिएका थिए भने परीक्षाका लागि भारत जानुपर्ने व्यवस्था थियो (तिमिल्सिना, २०७४: पृ. ६९) ।

सामाजिक अभियन्ता अङ्गुरबाबा जोशीको अग्रसरतामा वि.सं. २०६८ मा काठमाडौँमा गार्गी कन्या गुरुकुलम् खोलिएको थियो । यो कन्या गुरुकुल नेपालको छात्राका लागि पहिलो गुरुकुल थियो । साथै सबै जातजातिका छात्राहरू अध्ययन गर्न आउथे । यो गुरुकुल समावेशी चरित्रको थियो । यही गुरुकुललाई चितवन देवघाटमा स्थानान्तरण गरी रामजानकी गार्गी गुरुकुलको नामबाट स्थापित भएको छ ।

नेपाल सरकारले गुरुकुल आश्रममा सञ्चालित शिक्षालाई राज्यको शिक्षाको मूलप्रवाहमा समाहित गर्ने प्रयासस्वरूप गुरुकुलहरूलाई निश्चित अनुदान दिने, धार्मिक प्रकृतिका शिक्षण संस्थाले गुरुकुल/आश्रमले सामुदायिक विद्यालयका रूपमा दर्ता गर्न चाहेमा धरौटी नलाग्ने तत्कालीन शिक्षा मन्त्रालयको निर्णयानुसार धार्मिक प्रकृतिका परम्परागत शिक्षण संस्थाका रूपमा गुरुकुल/आश्रम खोलिने र परम्परागत रूपमा सञ्चालनमा रहेका गुरुकुल/आश्रमको दर्ता हुन प्रक्रिया सुरु भयो । यसै सन्दर्भमा गुरुकुल/आश्रमको पठनपाठनलाई व्यवस्थित र समकक्षी बनाउने गुरुकुल शिक्षा पाठ्यक्रम स्वीकृत भई कार्यान्वयन भइरहेको छ । गुरुकुल शिक्षाको पाठ्यक्रम आधारभूत तह (कक्षा १-८) वि.सं २०६८ मा नै स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

नेपाल सरकारले गुरुकुल शिक्षालाई मूलप्रवाहमा ल्याउने प्रयासपश्चात् गुरुकुल शिक्षाका पाठ्यक्रम स्वीकृत भई कार्यान्वयनमा रहेका छन् । गुरुकुल शिक्षाको पाठ्यक्रमको पृष्ठभूमिमा लेखिएको छ :

हाम्रो राष्ट्र प्राचीन सभ्यता, धार्मिक एवम् सांस्कृतिक परम्पराहरूको उर्वरभूमिका रूपमा परिचित रहिआएको छ । यी परम्परागत संस्कृति, मूल्य र मान्यताको सम्बन्ध प्राचीनतम् सनातनी संस्कृतिसँग पनि जोडिएर आउँछ । यही संस्कृतिको परिवेशमा विभिन्न कालखण्डदेखि सुरु भई हालसम्म पनि शैक्षिक गतिविधि सञ्चालन गरिरहेका गुरुकुल, आश्रम, मठमन्दिर अनवरत रूपमा चलिआएका छन् । यसर्थ ती सबै किसिमका शिक्षालाई राष्ट्रिय शिक्षाको मूलधारमा समाहित गर्नुपर्ने भएकाले हिजोसम्म हाम्रो राष्ट्रभित्र सञ्चालन भएका तर विद्यालयको संरचनाबाहिर सङ्गठित रूपमा सञ्चालित शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि) पनि क्रमशः राष्ट्रिय शिक्षाको मूलप्रवाहमा प्रवाहीकरण गर्न लागिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०६८: पृ. १-२) ।

परिवर्तित सन्दर्भमा गुरुकुललाई समय सापेक्ष बनाउन र आधुनिक धारमा सञ्चालित अन्य विद्यालयका पठनपाठनमा पढाइने विषयलाई पनि समावेश गर्न गुरुकुल शिक्षाको पाठ्यक्रम निर्माण गरिएको उल्लेख गर्दै गुरुकुल पाठ्यक्रमको पृष्ठभूमिमा भनिएको छ :

सम्बद्ध कार्यक्षेत्रका प्रमुख विद्वान् तथा सरोकारवालाको संलग्नतामा भएको व्यापक छलफलपछि गुरुकुलहरूको प्रत्यक्ष अवलोकन गरी सनातन धर्मअन्तर्गतका विभिन्न सम्प्रदायका शिक्षासेवीको

सल्लाहमा हाल गुरुकुल शिक्षाको कक्षा १-८ को पाठ्यक्रम विकास गरिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०६८: पृ. १-२) ।

नेपाल सरकारले गुरुकुल शिक्षालाई मूलप्रवाहमा ल्याउन प्रयास गरेको छ । मूलप्रवाहीकरणमा ल्याउन गरिएका प्रयासस्वरूप तयार गरिएको गुरुकुल शिक्षा पाठ्यक्रममा गुरुकुल शिक्षालाई यसरी उल्लेख गरिएको छ :

आफ्नै मौलिक विशिष्ट पहिचानका साथ सञ्चालन हुँदै आएको गुरुकुल शिक्षालाई औपचारिक शिक्षाका रूपमा आवश्यक मान्यता प्रदान गर्दै यसको विकासमा सहयोग पुऱ्याउनका लागि यसलाई शिक्षाको मूलधारका रूपमा ल्याउन आवश्यक हुन्छ । अतः गुरुकुल शिक्षालाई राज्यले शिक्षा प्रणालीको मूलधारमा ल्याई अन्तर्राष्ट्रियस्तरमा राज्यको मान्यतालाई प्रस्तुत गर्न गुरुकुल शिक्षाको पाठ्यक्रम ढाँचा प्रस्ताव गरिएको हो (पाठ्यक्रम विकास केन्द्र, २०६८: पृ. १-२) ।

गुरुकुल शिक्षा पाठ्यक्रममा गुरुकुल विद्याश्रमतर्फको (कक्षा ६-८) पाठ्यक्रम स्वीकृत भएपछि वेदविद्याश्रमतर्फ पनि गुरुकुलकै पाठ्यक्रम लागु हुने व्यवस्था गरिएको छ। साथै शिक्षण विधि र प्रक्रियामा निम्न कुरा उल्लेख गरिएको छ :

गुरुकुल शिक्षा परम्पराको आफ्नै विशिष्ट र मौलिक शिक्षापद्धति भएकाले औपचारिक शिक्षामा पनि वैदिक वा पौरस्त्य शिक्षा परम्परालाई अनुसरण गर्दै शिक्षकहरूले सहजकर्ता (Facilitator) को भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाले व्यावहारिक तथा हिन्दुधर्म दर्शनअनुसार जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटनको सम्भावना रहने भएकाले शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा सकेसम्म विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ। औपचारिक रूपमा गरिने अति आवश्यक पूजा विधिबाहेक अन्य विषयवस्तु विद्यार्थीले बुझ्ने गरी सरल तरिकाले शिक्षण गर्नुपर्ने छ (पाठ्यक्रम विकास केन्द्र, २०६८: पृ. ५) ।

नेपाल वेद विद्याश्रम संस्कृत माध्यमिक विद्यालय स्थापना भएपछि माध्यमिक शिक्षा पाठ्यक्रममा साधारण माध्यमिक विद्यालय, संस्कृत माध्यमिक विद्यालय र वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय गरी तीन किसिमको पाठ्यक्रम ढाँचाको व्यवस्था गरिएको थियो ।

संस्कृत माध्यमिक विद्यालयतर्फ अनिवार्य विषयहरूबाहेक ऐच्छिक पहिलोमा वेद, व्याकरण, न्याय, ज्योतिष, साहित्य र नीतिशास्त्रमध्ये कुनै एक र दोस्रोमा कर्मकाण्ड, आयुर्वेद, फलित ज्योतिष, योग शिक्षा, प्राकृतिक चिकित्सा, गृहविज्ञान, अतिरिक्त गणित, शिक्षा, कम्प्युटर विज्ञान र तिब्बतीमध्ये कुनै एक विषय अध्ययन गर्नुपर्ने प्रावधान थियो । वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालयमा अनिवार्य विषयमा नेपाली, गणित र सामाजिक अध्ययन विषयपछि अनिवार्य संस्कृत व्याकरण, अनिवार्य संस्कृत भाषा र साहित्य गरी पाँचओटा अनिवार्य विषय र वेद वा नीतिशास्त्र, कर्मकाण्ड वा फलित ज्योतिष पनि अनिवार्य विषय जस्तै राखिएको थियो । आठौँ विषयका रूपमा आयुर्वेद, प्राकृतिक चिकित्सा, योग शिक्षा, तर्कसङ्ग्रह (न्यायबोधिनी टीकासमेत), न्याय, ज्योतिष, व्याकरण र तिब्बतीमध्ये कुनै एक विषय अध्ययन गर्नुपर्ने प्रावधान छ (पाठ्यक्रम विकास केन्द्र, २०६८) । विद्यालय शिक्षामा वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालयमा गरिएको व्यवस्थापन गुरुकुल शिक्षाका लागि गरिएको व्यवस्थाका रूपमा रहेको थियो ।

नेपाल सरकार, शिक्षा मन्त्रालयले परीक्षणका लागि कक्षा ९-१२ को पाठ्यक्रम संरचनामा गुरुकुल शिक्षाका कक्षा ९-१० र ११-१२ को पाठ्यक्रम ढाँचा स्वीकृत गरेको थियो । सो ढाँचामा कक्षा ९-१० मा नेपाली, गणित, संस्कृत रचना वा अङ्ग्रेजी, सामाजिक अध्ययन, संस्कृत व्याकरण, ऐच्छिक पहिलो (ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद र नीतिशास्त्रमध्ये एक), ऐच्छिक दोस्रो (सिद्धान्त ज्योतिष, नव्य व्याकरण, संस्कृत साहित्य र न्यायमध्ये एक) र ऐच्छिक तेस्रो (कर्मकाण्ड, फलित ज्योतिष, आयुर्वेद, योग शिक्षा, प्राकृतिक चिकित्सा र वास्तुशास्त्रमध्ये एक) गरी आठ विषय, ४० पाठ्यभार र ८०० पूर्णाङ्क राखिएको थियो ।

कक्षा ११-१२ को पाठ्यक्रम ढाँचा नेपाली, संस्कृत रचना वा अङ्ग्रेजी, समसामयिक अध्ययन, संस्कृत भाषा, ऋग्वेद वा यजुर्वेद वा सामवेद वा अथर्ववेद वा नीतिशास्त्र, सिद्धान्त ज्योतिष वा नव्य व्याकरण वा संस्कृत साहित्य वा न्याय, संस्कृत व्याकरण र कर्मकाण्ड वा फलित ज्योतिष वा आयुर्वेद वा योग शिक्षा वा परम्परागत चिकित्सा पद्धति गरी आठ विषय, ३४ पाठ्यभार, ६ कार्यानुभव र ६५० पूर्णाङ्क राखिएका थियो (पाठ्यक्रम विकास केन्द्र, २०६९: पृ. ६) । सरकारले कक्षा एकदेखि बाह्रसम्म गुरुकुलीय शिक्षा पद्धतिको औपचारिक पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले प्रचलित विद्यालय शिक्षा पाठ्यक्रममा परिवर्तन गरेपछि मूलप्रवाहीकरण भएका गुरुकुल शिक्षा पद्धतिका लागि पनि पाठ्यक्रममा व्यवस्थापन गरेको छ । आधारभूत शिक्षा (कक्षा १-३) र (कक्षा ४-५) सम्बन्धमा द्रष्टव्यमा निम्नानुसार हुनेगरी प्रावधान राखेको छ :

संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दु भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ (पाठ्यक्रम विकास केन्द्र, २०७६ : पृ. ५३) ।

गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषयको अध्ययन अध्यापन गर्न सकिने छ (पाठ्यक्रम विकास केन्द्र, २०७६ : पृ. ५४) ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत शिक्षा (कक्षा ६-८) का सम्बन्धमा संस्कृत/गुरुकुल/वेद विद्याश्रम शिक्षा (कक्षा (६-८) का लागि छुट्टै ढाँचाको व्यवस्था गरेको छ । नेपाली, अङ्ग्रेजी/संस्कृत रचना, गणित, विज्ञान र प्रविधि/संस्कृत व्याकरण, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा/कर्मकाण्ड, वेद वा नीति शास्त्र र संस्कृत भाषा हुनेगरी ३२ पाठ्यघण्टा र १०२४ वार्षिक कार्यघण्टा हुनेगरी उल्लेख गरेको छ ।

माध्यमिक शिक्षा (९-१०) मा परम्परागत शिक्षाअन्तर्गत नै गुरुकुल/आश्रमतर्फको शिक्षाको पाठ्यक्रमको व्यवस्था गरिएको छ । माध्यमिक शिक्षा (९-१०) मा अनिवार्य विषय पाँचओटामा नेपाली, गणित, संस्कृत भाषा र व्याकरणबिना छनोट अध्ययन अध्यापन गर्नुपर्ने र अङ्गेजी/संस्कृत

रचना, विज्ञान तथा प्रविधि/वेद/नीतिशास्त्र विषय छनोट गर्ने र ऐच्छिक प्रथम र द्वितीय गरी सात विषय, ३२ पाठ्यघण्टा र १०२४ वार्षिक कार्यघण्टा हुने गरी उल्लेख गरेको छ । द्रष्टव्यमा निम्नानुसार उल्लेख गरिएको छ :

१. वेद भन्नाले शुक्ल यजुर्वेद वा सामवेद वा ऋग्वेद वा अथर्ववेदमध्ये कुनै एक विषय छनोट गर्नुपर्ने छ ।

२. ऐच्छिक प्रथम विषयमा कर्मकाण्ड, फलित ज्योतिष, योग शिक्षा, वास्तुशास्त्र, आयुर्वेद, प्राकृतिक चिकित्सा र ऐच्छिक गणित विषयमध्ये एक विषय छनोट गर्नुपर्ने छ ।

३. ऐच्छिक द्वितीय पत्रमा संस्कृतका शास्त्रीय विषयमध्ये कुनै एक विषय छनोट गर्नुपर्ने छ । तर विज्ञान तथा प्रविधि विषयको सट्टामा वेद विषयको छनोट गरेमा ऐच्छिक द्वितीयमा वेद विषय छनोट गर्न पाइने छैन (पाठ्यक्रम विकास केन्द्र, २०७६ : पृ. ६०) ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विगतका पाठ्यक्रमको ढाँचामा परिवर्तन गरेको छ । यस प्रारूपअनुसार माध्यमिक शिक्षा (कक्षा ९-१०) परम्परागत शिक्षा (संस्कृत शिक्षा) तर्फको ऐच्छिक पत्रमा संस्कृत विद्यालयमा शुक्ल यजुर्वेद, सामवेद, ऋग्वेद, अथर्ववेद, नव्यव्याकरण, सिद्धान्त ज्योतिष, नव्यन्याय, दर्शनशास्त्र, संस्कृत साहित्य, इतिहास पुराण राखिएको छ भने गुरुकुल/वेद विद्याश्रमतर्फ नव्य व्याकरण, सिद्धान्त ज्योतिष, नव्यव्याय, दर्शनशास्त्र, संस्कृत साहित्य, इतिहास पुराण राखिएको छ । ऐच्छिक द्वितीयमा संस्कृत/गुरुकुल/वेद विद्याश्रमतर्फ कर्मकाण्ड, फलित ज्योतिष, योग शिक्षा, वास्तुशास्त्र, आयुर्वेद र प्राकृतिक चिकित्सा राखिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७६ : पृ. ७६) ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले माध्यमिक शिक्षा (कक्षा ११- १२) को पाठ्यक्रम ढाँचामा परिवर्तन गरेको छ । कक्षा ११ मा नेपाली, अङ्ग्रेजी/संस्कृत रचना, सामाजिक अध्ययन, संस्कृत भाषा र व्याकरण, ऐच्छिक प्रथम, ऐच्छिक द्वितीय र थप ऐच्छिक गरी सातओटा विषय राखिएको छ । कक्षा १२ मा सामाजिक अध्ययन नराखी नयाँ विषय जीवनोपयोगी शिक्षा राखिएको छ । कक्षा ११ र १२ मा प्रत्येकमा ३२ पाठ्यघण्टा र १०२४ वार्षिक कार्यघण्टा तोकिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७६) ।

माध्यमिक शिक्षा (कक्षा ११-१२) मा ऐच्छिक प्रथममा शुक्ल यजुर्वेद (पहिलो र दोस्रो), सामवेद (पहिलो र दोस्रो), ऋग्वेद (पहिलो र दोस्रो), नव्यव्याकरण (पहिलो र दोस्रो), सिद्धान्त ज्योतिष (पहिलो र दोस्रो), नव्यन्याय (पहिलो र दोस्रो), दर्शनशास्त्र (पहिलो र दोस्रो), संस्कृत साहित्य (पहिलो र दोस्रो), इतिहास पुराण (पहिलो र दोस्रो), नीतिशास्त्र (पहिलो र दोस्रो), ऐच्छिक द्वितीयमा कर्मकाण्ड (पहिलो र दोस्रो), फलित ज्योतिष (पहिलो र दोस्रो), योग तथा ध्यान (पहिलो र दोस्रो), वास्तुशास्त्र (पहिलो र दोस्रो), आयुर्वेद (पहिलो र दोस्रो) र प्राकृतिक चिकित्सा (पहिलो र दोस्रो) रहेका छन् । अतिरिक्त ऐच्छिक विषयमा साधारण धारतर्फका ऐच्छिक विषयमध्येबाट कुनै एक विषय लिन सकिने उल्लेख छ । यसरी छनोट गरिएका प्रत्येक विषयका लागि पहिलो पत्र कक्षा ११ र दोस्रो पत्र कक्षा १२ मा अध्ययन गर्नुपर्ने प्रावधान राखिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७६: पृ. ८२) ।

## ५. मूलप्रवाहीकरण भएका गुरुकुल

नेपालमा सञ्चालनमा रहेका गुरुकुल/आश्रमका सङ्ख्या यकिन हुन सकेका छैनन् । मूलप्रवाहीकरण भएका गुरुकुल/आश्रमको सङ्ख्या त तत्कालीन शिक्षा विभाग र हालको शिक्षा तथा मानवस्रोत विकास केन्द्रको तथ्याङ्कले देखाउँछ तर मूलप्रवाहीकरण नभएका गुरुकुलको आधिकारिक तथ्याङ्क भेटिँदैन । शिक्षा विभागको तथ्याङ्कमा पनि घटबढ भइरहेको पाइन्छ । राष्ट्रिय गुरुकुल शिक्षा परिषद्, नेपालका सम्पर्कमा आएका गुरुकुलहरूको तथ्याङ्कमा पनि एकरूपता देखिँदैन ।

कतिपय गुरुकुल खुल्ने र बन्द हुने भइरहेका छन् । साना साना गुरुकुल व्यक्तिको रहर र लहडमा खुल्ने र केही समयपछि सञ्चालन हुन नसकेर आफैँ बन्द हुने अवस्थामा रहेको, कतिपय समाजसेवीका रहरले गुरुकुल खोल्ने, दु:ख पाएका केही विद्यार्थी जम्मा गर्ने र केही समयपछि सञ्चालन गर्न नसकी बन्द गर्ने प्रवृत्ति रहेको छ ।

गुरुकुलमा अध्ययन गर्नका लागि पैसा तिर्नु नपर्ने, खाने बस्ने व्यवस्था आश्रमले गरिदिने भएकाले आर्थिक रूपमा विपन्नका लागि छुट्टै अवसर सिर्जना भयो । आर्थिक रूपमा सक्ने र नसक्ने भनी शिक्षा आर्जनबाट बञ्चित हुनु पर्ने अवस्था रहेन । पूर्वीय वैदिक दर्शनका आधारमा सत्चरित्र, सत्कर्म र त्यागलाई गुरुकुलीय शिक्षा पद्धतिले निरन्तरता दिइरहेको छ ।

नेपालभित्र गुरुकुल कति छन् भनेर अनुमान गर्न कठिन छ । मूलप्रवाहीकरण भएका गुरुकुलहरू तत्कालीन जिल्ला शिक्षा कार्यालयमा दर्ता हुने र देशभरका गुरुकुलको तथ्याङ्क शिक्षा विभागको फ्ल्यास रिपोर्टमा आउने गर्थ्यो । मूलप्रवाहीकरण नभएका गुरुकुलको कुनै आधिकारिक अभिलेख र तथ्याङ्क भेटिदैनथ्यो । शिक्षा मन्त्रालयअन्तर्गत रहने गरी मिति २०६६ मङ्सिर ३ गतेको मन्त्रीस्तरको निर्णयानुसार गुरुकुल/आश्रम परिषद् गठन गरेपछि देशभरका गुरुकुलको खोजी हुन थाल्यो ।

नेपाल सरकारको नीतिअनुसार गुरुकुल/आश्रम व्यवस्थापन परिषद्को सक्रियतामा मूलप्रवाहीकरण गर्ने प्रयास भए । शिक्षा विभागले आफ्नो फ्ल्यास रिपोर्टमा गुरुकुलको तथ्याङ्क उल्लेख गर्थ्यो, गुरुकुल/आश्रम व्यवस्थापन परिषद्ले प्रकाशित गर्ने गरेको गुरुकुल सन्देशमार्फत गुरुकुलका नाम, ठेगाना सहितको विवरण तयार गर्‍यो ।

वि.सं. २०६७ को गुरुकुल सन्देशले शिक्षा विभागमा सूचीकृत भएका ७२ ओटा गुरुकुल विद्यालयको सूची प्रकाशित गर्‍यो । सोही गुरुकुल सन्देशले राष्ट्रिय गुरुकुल शिक्षा परिषद्, नेपालका सम्पर्कमा आएका ८६ ओटा गुरुकुलको सूची प्रकाशित गर्‍यो (गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, २०६७: पृ. ११६-११८) ।

गुरुकुल/आश्रम व्यवस्थापन परिषद्ले वि.सं. २०६८ मा प्रकाशित गुरुकुल सन्देशको दोस्रो अङ्कमा ९८ ओटा गुरुकुलको नाम, ठेगानासहित प्रकाशित गर्‍यो (गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, २०६८: पृ. १८४-१८७) ।

गुरुकुल सन्देश, २०६९ को तेस्रो अङ्कमा ८० ओटा गुरुकुलको नाम ठेगानासहित प्रकाशित गर्‍यो । सोही अङ्कको गुरुकुल सन्देशमा राष्ट्रिय गुरुकुल शिक्षा परिषद्का सम्पर्कमा आएका १७ ओटा

गुरुकुलको सूची प्रकाशित गऱ्यो (गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, २०६९: १०२-१०३)। गुरुकुल सन्देश २०७० मा राष्ट्रिय गुरुकुल शिक्षा परिषद्का सम्पर्कमा आएका ९४ ओटा गुरुकुलको सूची प्रकाशित गऱ्यो (गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, २०७०: पृ. १२०-१२३)।

गुरुकुल सन्देश २०७१ मा राष्ट्रिय गुरुकुल शिक्षा परिषद्का सम्पर्कमा आएका ९८ ओटा गुरुकुलको सूची प्रकाशित गऱ्यो (गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, २०७१: १५४-१५७)। गुरुकुल सन्देश २०७६ पनि गुरुकुलका नाम ठेगानासहितको सूची प्रकाशित गरेको छ। सोही सन्देशमा राष्ट्रिय गुरुकुल शिक्षा परिषद्का सम्पर्कमा आएका १३९ ओटा गुरुकुलको सूची प्रकाशित गऱ्यो ( गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, २०७६: पृ. १२३-१२८)।

शिक्षा विभागले विद्यालय शिक्षासम्बन्धी समग्र तथ्याङ्क बर्सेनि दुई पटक निकाल्ने गर्छ। यस्तो तथ्याङ्कलाई फ्ल्यास रिपोर्ट पहिलो र फ्ल्यास रिपोर्ट दोस्रो भन्ने गरिन्छ। शिक्षा विभागले प्रकाशित गरेको २०६६ ले देशभरमा गुरुकुलको सङ्ख्या ४२ देखाएको छ। यस्तै, फ्ल्यास रिपोर्ट २०६८, २०७१, २०७२ र २०७४ मा क्रमश: ४०, ५३, ८३ र १४८ देखाएको छ (शिक्षा विभाग, २०६६, २०६८, २०७१, २०७२ र २०७४ का फ्ल्यास रिपोर्ट)।

## ६. मूलप्रवाहीकरणका फाइदा र बेफाइदा

वर्तमान समय प्रणालीबद्ध समय हो। शिक्षा मात्र होइन, अन्य क्षेत्र पनि प्रणालीमा आबद्ध हुनुपर्छ। विश्व एउटा गाउँ जस्तो भइसकेको छ। आफ्नो विषयका बारेमा संसारलाई जानकारी दिन र आफू संसारसँग परिचित हुन प्रणालीमा आबद्ध हुन आवश्यक छ। गुरुकुल शिक्षा पद्धति पनि साँघुरो घेराबाट बाहिर निस्केर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पद्धतिसँग आबद्ध हुनुपर्छ।

गुरुकुल शिक्षा पद्धतिमा अध्ययन गरेका र गर्ने विद्यार्थी तत्कालीन समाजमा समायोजन हुनुपर्छ। स्वदेशमा मात्र होइन, विदेशमा पनि आफूलाई समायोजन र स्थापित गराउनका लागि पनि समयसापेक्ष समायोजन हुनु आवश्यक छ। यसका लागि गुरुकुल शिक्षा पद्धति राज्यको नीति नियमअनुसार मूलप्रवाहीकरणमा सहभागी हुनुपर्छ। विश्वको सामाजिक जीवन संरचनामा आएको परिवर्तनले गर्दा आरम्भदेखि नै विद्यार्थीलाई ब्रह्मचर्य आश्रममा रहन असम्भव हुन गएको छ। ज्ञानका विभिन्न शाखाका लागि विश्वभरी नै अनेक संस्था बनेका छन् तैपनि अहिले ब्रह्मचर्य सिद्धान्तका आधारमा शिक्षा प्रदान गर्ने मान्यता प्राप्त संस्था एउटा पनि छैन। (प्रभुपाद, १९९७ ई: पृ. ३५४)।

गुरुकुलहरूले पौरस्त्य ज्ञानलाई मात्र प्रचारप्रसार गर्ने होइन, आधुनिक शिक्षाका विषयको पनि पठनपाठन गराउनुपर्छ। आधुनिक शिक्षाका विषयको पठनपाठन आधुनिक शिक्षाले गर्दै आएका छन्। पौरस्त्य ज्ञान र अध्यात्म विज्ञानको जानकारी दिने शिक्षालय त गुरुकुल मात्र हुन्। संसारभरि यस्तै बाहिरी ज्ञान विज्ञानका ठुलठुला विश्वविद्यालय र विभाग छन् तर दुर्भाग्य आत्मज्ञानको शिक्षा दिने वा अध्यात्मविज्ञानको जानकारी गराउने कुनै विश्वविद्यालय वा विभाग वा शैक्षणिक संस्था अहिलेसम्म खुलेका छैनन्। (प्रभुपाद, १९९७ ई: पृ. ३७३-३७४)।

आधुनिक पाश्चात्य एवम् पौरस्त्य विद्वानहरू प्रत्येक कुरालाई वैज्ञानिक दृष्टिकोणले समीक्षा गर्दै अन्तर्बाह्य साक्ष्यहरूका आधारमा निर्णय दिन्छन्। उक्त शब्दादि प्रमाणमा प्रचलित परम्परागत

मान्यतालाई सोभ्फै सकार्न तयार हुँदैनन् (भट्ट, २०७२: पृ. २५) । गुरुकुल शिक्षा पद्धतिका गुरुकुलहरूले परम्परागत शिक्षाका अतिरिक्त आधुनिक विद्यालय शिक्षाका पाठ्यक्रम र विषयको पठनपाठन गराएर आधुनिक शिक्षा र परम्परागत तथा वैदिक शिक्षाबिच समन्वय गर्न सकिन्छ । यसका लागि गुरुकुल शिक्षा पद्धतिको मूलप्रवाहीकरण आवश्यक हुन्छ ।

मूलप्रवाहीकरणपश्चात् मूलधारका पाठ्यक्रम तथा पाठ्यपुस्तकको पठनपाठन बाध्यकारी हुन्छ । यसबाट समान तहका विद्यार्थीबिच समान किसिमको सिकाइ हुने अवसर प्राप्त हुन्छ । गुरुकुलको पढाइ पश्चात् विद्यार्थी समाजमा समायोजन हुन, रोजगारी प्राप्त गर्न र समाजमा सम्मानित नागरिक भई जीवनयापन गर्न सहज हुन्छ । गुरुकुलका विद्यार्थीलाई पनि सरकारी रोजगारीका क्षेत्रमा प्रतिस्पर्धा गर्न सजिलो हुन्छ ।

मूलप्रवाहीकरण भएपछि विद्यार्थीको सिकाइको परीक्षण र प्रमाणीकरण सरकारी तबरबाट पनि हुन्छ । मूलप्रवाहीकरण नहुँदा विद्यार्थीले प्राप्त गरेका प्रमाणपत्रको मान्यतामा प्रश्न उठ्ने गर्छ, मूलप्रवाहीकरणपश्चात् विद्यार्थी स्थानीयस्तर, जिल्लास्तर र राष्ट्रियस्तरको परीक्षामा सहभागी हुने अवसर पाउँछन् । विद्यार्थीका सिकाइको औपचारिक परीक्षण हुने र सोको प्रमाणीकरण हुने अवसर प्राप्त हुन्छ । सार्वजनिक परीक्षामा सहभागी भई सरकारी प्रमाणपत्र प्राप्त भएपछि विद्यार्थीले प्राप्त गरेका प्रमाणपत्रको आम स्वीकृति हुन्छ र समकक्षताका लागि समस्या आउँदैन । स्वदेशमा मात्र होइन, विदेशमा समेत प्रमाणपत्रले मान्यता पाउँछ ।

गुरुकुल मूलप्रवाहीकरण भएपछि सरकारी अनुदान प्राप्त हुने र शिक्षकका लागि पेसागत विकासका अवसर प्राप्त हुने गर्दछ । यस्ता अवसरले गुरुकुल सञ्चालनमा सहयोगी भूमिका खेल्ने गर्छन् । शिक्षकका पेसागत विकासका कार्यक्रमबाट गुरुकुलका शिक्षकलाई शिक्षण सिकाइका लागि नयाँ नयाँ अवसर प्राप्त हुने र यस्ता अवसरबाट नयाँ सिकाइ हुने गर्छ । साथै शिक्षकका पेसागत विकासका समयमा गुरुकुलका उत्तम अभ्यास उजागर हुने हुँदा यस्ता उत्तम अभ्यासलाई आधुनिक शिक्षा पद्धतिका शैक्षिक संस्थामा समायोजन गर्ने अवसर मिल्छ । आधुनिक शिक्षा पद्धतिका शैक्षिक संस्थाका उत्तम अभ्यासलाई गुरुकुलमा पनि उपयोग गर्ने अवसर पनि मिल्छ ।

गुरुकुल शिक्षा पद्धतिका गुरुकुलहरू देशको मूलप्रवाहमा आउँदा खासै बेफाइदा छैनन् । यसमा फाइदा नै छन् । तर विचार पुऱ्याउनुपर्ने विषय त मूलप्रवाहीकरण हुँदा यसको गुरुशिष्य परम्परा नै विचलित हुन्छ कि भन्ने हो ।

## ७. निष्कर्ष

वैदिक दर्शन र सनातनी हिन्दु परम्परामा आधारित गुरुकुलले आचरण, नैतिकता, निष्ठा, सत्कर्म, सत्चरित्र जस्ता मानवीय मूल्यमा आधारित शिक्षा दिँदा पनि आम मानिसलाई आकर्षण गर्न सकेको छैन । गुरुकुल शिक्षा पद्धतिका विशेषताले आम मानिसमा प्रभाव पार्न र महत्त्व बुझाउन सकेको छैन । वर्तमान समयमा अझै पनि निश्चित जाति र समूहका व्यक्ति मात्र पढ्ने संस्थाका रूपमा हेरिने गरिएको पाइन्छ । अझ गरिबीको चपेटामा परेका र विद्यालयमा जान कठिन भएका ब्राह्मण तथा छेत्री समुदायका बालबालिकालाई सङ्कलन गरेर गुरुकुल शिक्षा पद्धति सञ्चालन गर्ने परिपाटी छ । यसमा परिवर्तन गर्न जरुरी छ । गुरुकुल शिक्षा पद्धतिको वैशिष्ट्य भनेकै गुरुशिष्य परम्परा हो ।

यसका निश्चित मौलिक विषयको पठनपाठन हो, संस्कृत भाषा, व्याकरण र साहित्यको अध्ययन हो । मूलप्रवाहीकरण पश्चात् पढाउनै पर्ने आधुनिक विद्यालय शिक्षाका विषयको पठनपाठनले गुरुकुलमा पढ्नै पर्ने विषयको समय, सिक्नुपर्ने विषयवस्तुमा कुनै बाहिरी हस्तक्षेप र दखल हुनु हुँदैन । गुरुकुल शिक्षा पद्धतिको समय ज्यादै लचिलो हुने हुँदा विद्यार्थीले गुरुको सान्निध्यतामा जुनसुकै समयमा पनि अध्ययन गर्ने अवसर पाउनुपर्छ । यस्तो अवसर मूलप्रवाहीकरणका कारण गुम्नु हुँदैन । मूलप्रवाहीकरण पश्चात् सरकारी क्षेत्रबाट सहजीकरण गर्नुपर्छ, हस्तक्षेप गर्नु हुँदैन । गुरुकुल शिक्षा पद्धतिका मान्यता र अनुशासनलाई यथोचित सम्मान र अनुसरण गरी आधुनिक विश्वका परिवर्तन तथा विज्ञानका आविष्कारलाई पनि समायोजन गर्नुपर्ने देखिन्छ । वर्तमानमा ज्ञान वा शिक्षा प्राप्त गर्ने तरिका बदलिएको छ । ज्ञान वा शिक्षा विभिन्न माध्यमबाट हासिल हुन्छः प्रयोगबाट, अनुसन्धानबाट, अन्तरक्रियाबाट, अनुभवबाट । वर्तमान विश्वले ज्ञानको आधार र प्रमाण खोज्ने गर्छ । अहिलेको प्रवृत्ति पनि यहीँ हो । आम मानिसको विश्वास प्रमाणमाथि नै छ । वर्तमान विश्वको आधुनिक संसार यन्त्रमा आधारित छ । आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायिकीकरणले थिचेको संसारलाई आत्मिक तथा आध्यात्मिक शिक्षा पद्धतिप्रति विश्वास जगाउनु आवश्यक छ तर सहज भने छैन । त्यसैले गुरुकुल शिक्षा पद्धतिले विगतबाट शिक्षा लिँदै, वर्तमानलाई विश्लेषण गर्दै र भविष्यलाई नियाल्दै मूलप्रवाहीकरणसँग आबद्ध भएर आधुनिक शिक्षा पद्धतिका सकारात्मक पक्षको ग्रहण गरी अझ परिमार्जित र परिष्कृत रूपमा अगाडि बढ्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


गुरुकुल/आश्रम व्यवस्थापन परिषद् (२०६७), *गुरुकुल सन्देश,* भक्तपुरः लेखक, पृ. ११६-११८ ।

गुरुकुल/आश्रम व्यवस्थापन परिषद् (२०६८), *गुरुकुल सन्देश,* भक्तपुरः लेखक, पृ. १८४-१८७ ।

गुरुकुल/आश्रम व्यवस्थापन परिषद् (२०६९), *गुरुकुल सन्देश,* भक्तपुरः लेखक, पृ. १०२-१०३ ।

गुरुकुल/आश्रम व्यवस्थापन परिषद् (२०७०), *गुरुकुल सन्देश,* भक्तपुरः लेखक, पृ. १२०-१२३ ।

गुरुकुल/आश्रम व्यवस्थापन परिषद् (२०७१), *गुरुकुल सन्देश,* भक्तपुरः लेखक, पृ. १५४-१५७ ।

गुरुकुल/आश्रम व्यवस्थापन परिषद् (२०७६), *गुरुकुल सन्देश,* भक्तपुरः लेखक, पृ. १२२-१२८ ।

तिमिल्सिना, राजेन्द्रराज (२०७४), *शिक्षाको स्वस्फुर्तः पुनर्जागरण,* गुरुकुल सन्देश, भक्तपुरः गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, पृ.६९ ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), *माध्यमिक शिक्षा पाठ्यक्रम २०६८, कक्षा ९ र १०,* भक्तपुरः लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *कक्षा ९-१२ को पाठ्यक्रम संरचना,* भक्तपुरः लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), *गुरुकुल शिक्षा पाठ्यक्रम,* भक्तपुरः लेखक, पृ .१-२ ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *राष्ट्रिय पाठ्यक्रम प्रारूप* , भक्तपुरः लेखक, पृ. ५३ ।

पौडेल, जीवन शर्मा (२०६७), *धार्मिक विद्यालयहरू, यसको औचित्य, मुद्दाहरू र भविष्यको बाटो,* गुरुकुल सन्देश, भक्तपुरः गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, भक्तपुर, पृ. ३ ।

प्रभुपाद (१९९७ ई.), *श्रीमद्भागवत यथारूप,* मुम्बईः भक्तिवेदान्त बुक्स ट्रस्ट, पृ. ३७३-३७४ ।

भट्ट, रामचन्द्र (२०७२), *उपनिषद्मा के छ ?,* काठमाडौंः डिकुरा पब्लिकेसन, पृ. २५ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७९), *परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९,* भक्तपुरः लेखक, पृ.१ ।

शिक्षा विभाग (२०६६), *फ्ल्यास रिपोर्ट २०६६,* भक्तपुरः लेखक ।

शिक्षा विभाग (२०६८), *फ्ल्यास रिपोर्ट २०६८,* भक्तपुरः लेखक ।

शिक्षा विभाग (२०७१), *फ्ल्यास रिपोर्ट २०७१,* भक्तपुरः लेखक ।

शिक्षा विभाग (२०७२), *फ्ल्यास रिपोर्ट २०७२,* भक्तपुरः लेखक ।

शिक्षा विभाग (२०७४), *फ्ल्यास रपोर्ट २०७४,* भक्तपुरः लेखक ।

सुवेदी, गोदा, (२०६७), *गुरुकुलहरूको संगठित प्रयास र अपेक्षा,* गुरुकुल सन्देश, भक्तपुरः गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, पृ. ९७ ।

# मानव विकास सूचकाङ्कको महत्त्व, समस्या तथा सुझाव

✍गम्भीरबहादुर हाडा*

**लेखसार**

*आर्थिक विकासका लागि महत्त्वपूर्ण साधन मानव साधन हो किनभने देशको उन्नति गर्ने प्रक्रिया तथा प्रवृत्ति मानिसकै हातमा रहेको छ । निस्क्रिय उपलब्ध प्राकृतिक साधनको परिचालन गर्ने सक्रिय साधन मानव जाति नै हो । यदि कुनै देशमा अनुत्पादक जनसङ्ख्या र उत्पादनका साधनहरू न्यूनतम छन् भने जनताको जीवनस्तर उकास्न सकिँदैन । यसकारण जनसङ्ख्या अथवा मानव साधन, आर्थिक विकास र उपलब्ध प्राकृतिक साधनबिच प्रत्यक्ष सम्बन्ध हुन्छ । कुनै पनि देशको मानव साधन भनेको त्यस देशका जनता नै हुन् । मानव साधनको अध्ययनका लागि जनसङ्ख्याको अध्ययन गर्नुपर्ने हुन्छ । आर्थिक विकासमा मानवीय साधनको भूमिकालाई यस लेखमा उल्लेख गर्न खोजिएको छ ।*

## १. पृष्ठभूमि

आधुनिक युगको निर्माण, आधुनिक सभ्यता, संस्कृति, विज्ञान र प्रविधिको श्रेय मानव जातिलाई प्राप्त छ । जनसङ्ख्याको उचित परिचालन नै वास्तविक विकास हो । प्रत्येक देशको आर्थिक विकासमा त्यस देशको जनसङ्ख्याको गुण, आकार, वृद्धि दर, बनावट तथा पेसासम्बन्धी वितरणद्वारा प्रभाव परेको हुन्छ । विकासका लागि व्यक्तिलाई उचित शिक्षा, तालिम, खान, लाउन र अन्य आवश्यक सुविधा उपलब्ध गराई दक्ष र योग्य जनशक्तिको व्यवस्था गर्नुपर्ने हुन्छ ।

मानवीय साधनले राष्ट्रिय उत्पादनमा गरेको वृद्धि भूमिको वृद्धि एवम् कार्यघण्टा तथा भौतिक पुनःउत्पादनयोग्य पुँजीको तुलनामा बढी पाइएको छ । मानव जीवनमा ठुलो लगानी नगरीकन आधुनिक कृषिको फल तथा आधुनिक उद्योगका पर्याप्तता प्राप्त गर्न साधारणतया असम्भव हुन्छ । स्वस्थ, दक्ष, जाँगरिला र देशलाई माया गर्ने किसिमको मानवीय स्रोत श्रमशक्तिद्वारा देश विकासको गतिमा निकै अगाडि बढ्न सक्छ । जुन देशमा पर्याप्त प्राकृतिक सम्पदाहरू हुँदैनन् तर त्यो देशका जनता दक्ष, कर्तव्यनिष्ठ, जाँगरिला र देशभक्त हुन्छन् भने त्यो देशले चाहेअनुरूपको आर्थिक विकास गर्न सक्छ । यसको ज्वलन्त उदाहरणका रूपमा हामी जापानलाई लिन सक्छौं । सन् १९३५ मा स्विडेनले सर्वप्रथम जनसङ्ख्यासम्बन्धी अध्ययन गर्न एक आयोग (जनसङ्ख्या आयोग) गठन गरेको थियो । त्यसपछि विभिन्न देशले यस सम्बन्धमा चासो र चिन्ताको दृष्टिकोणले अध्ययन गर्न सुरु गरे । मुख्य रूपले मानवीय जनसङ्ख्याको आकार, गठन र विकासको वैज्ञानिक अध्ययन नै जनसाङ्ख्यिक अध्ययन हो । जनसाङ्ख्यिक अध्ययन मानव जनसङ्ख्याको आकार, गठन र क्षेत्रीय वितरण तथा त्यसमा प्रजनन्, मृत्यु, विवाह, बसाइँसराइ र सामाजिक गतिशिलताको प्रक्रियाद्वारा समय समयमा हुने परिवर्तनको तथ्याङ्कीय र गणितीय अध्ययन हो ।

* सेवा निवृत्त सहप्राध्यापक, भक्तपुर बहुमुखी क्याम्पस

सन् १९९० को दशकको अन्त्यतिर आर्थिक विकासको अवधारणालाई सकारेको एउटा उपधारणा जन्मियो । यसले पुँजी र प्रविधिका साथसाथै स्वास्थ्य, शिक्षा, सिप जस्ता श्रमिक पुँजीसमेत आर्थिक विकासका अपरिहार्य तत्त्व हुन् भन्ने कुरा अगाडि सा-यो । उत्पादन र वितरणको प्रविधि थपिएको जटिलता, विविधता र विशिष्टताले गर्दा श्रमिकहरूको स्वास्थ्य, शिक्षा र विशेषज्ञता माथि जोड दिन स्वभाविक पनि थियो । शिक्षित, विशिष्ट सिपयुक्त र स्वास्थ्य श्रमिकहरू उत्पादकत्व बढाउन सहयोगी हुन्छन् भन्ने कुरा प्रतिपादन ग-यो । सन् १९७० को पूर्वतिर अगाडि सारिएको आधारभूत आवश्यकता र मानवीय विकास अवधारणाले खास समूहको मात्र नभएर समस्त मानव जातिका आधारभूत आवश्यकताको सबाललाई प्राथमिकता दियो । यसले आर्थिक वृद्धि विकासको माध्यम हुन सक्ने तर उद्देश्य भने हुन नसक्ने तर्क पनि अगाडि सा-यो । अन्त्यमा यसले मानिस विकासको ग्राहक मात्र नभएर विकासको मुख्य कर्ता हुन् भन्ने धारणा पनि अगाडि सारेको देखिन्छ । आधारभूत आवश्यकताको परिपूर्तिका लागि यस अवधारणाले रोजगारी र आय बढाउने, सामाजिक सेवाका क्षेत्रमा राजकीय संलग्नता वृद्धि गर्ने र जनसहभागिता व्यापक तुल्याउने तीनओटा कुरामा जोड दिन थाल्यो । धेरै जसो अल्पविकसित मलुकहरूले उक्त तीन कुरामध्ये दोस्रोलाई मात्र जोड दिएकाले यस अवधारणाको दिगो प्रयोग हुन सकेन । मानवीय विकासका लागि अन्य खाले विकासले औजारको काम गर्न सक्छन् तर त्यो आफैँमा विकासको अन्तिम उद्देश्य हुन सक्दैन । विकासको उद्देश्य भनेको जनतालाई स्वास्थ्य, दीर्घायु र रचनात्मक तुल्याउन हो । आर्थिक वृद्धिले मानवीय विकासका लागि सहयोग पु-याउन सक्छ तर मानवीय विकासका लागि आर्थिक वृद्धि मात्र पर्याप्त हुन सक्दैन । मानवीय विकासको सूचकाङ्कअन्तर्गत आम्दानी, मानवीय आय र साक्षरता जस्ता कुराहरूलाई समेटी आधुनिक अर्थशास्त्रीहरूले आर्थिक विकास नाप्ने आधार मानेका छन् । यसले बहुसङ्ख्यक अल्पविकसित देशमा रहेको शैक्षिक अवस्था, सामाजिक पक्ष र आय स्तरलाई राम्ररी मूल्याङ्कन गरेर देशको अर्थतन्त्रको अवस्थालाई हेर्ने गर्दछ ।

मानवीय पुँजी निर्माण भनेको देशको सम्पूर्ण मानिसको ज्ञान, कुशलता तथा क्षमता बढाउने प्रक्रिया हो । मानिसले आर्जन गरेको योग्यतालाई स्मिथले पुँजीमा समावेश गरेको पाइन्छ । अमेरिका, चीन, फ्रान्स, जर्मनी, क्यानाडा, जापान आदि देशको तीव्र आर्थिक विकासले मानवीय पुँजीको सञ्चयलाई विकासको एउटा शक्तिशाली यन्त्रका रूपमा पुष्टि गर्दछ । बाँध, सडक, फ्याक्ट्री आदिमा प्रयोग गरिएका पुँजीमा खर्च गरिएको १ डलरले भन्दा शिक्षामा लगाइएको एक डलरले बढी वृद्धि गर्छ । अतः अर्थशास्त्रीहरूको के मत छ भने मानवीय पुँजीमा कम लगानी गरिनु नै अल्पविकसित देशमा ढिलो वृद्धि हुनुको कारण हो । वास्तवमा पर्याप्त मानवीय पुँजीले भौतिक पुँजीलाई अधिक उत्पादन बनाइदिन्छ ।

## २. मानव विकास सूचकाङ्क र वर्तमान मानव विकास प्रतिवेदन

मानव विकास सूचकाङ्कको अवधारणा पाकिस्तानी अर्थशास्त्री हबुब अल हक र भारतीय अर्थशास्त्री अमर्त्य सेनले सन् १९९० मा विकास गरेका हुन् । यसको प्रकाशन संयुक्त राष्ट्रसङ्घीय कार्यक्रमले गरेको थियो । सन् २०१०मा थप (Inequality-adjusted Development Index-IHDI) प्रकाशन गर्न थालियो । यसले असमानतारहित मानव विकासलाई जनाउँछ । मानव विकास सूचकाङ्क जीवन प्रत्याशा, शिक्षा तथा आयको औसत सूचक हो । जसले विश्व संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रलाई समग्र विकासका आधारमा स्तरीकृत गर्दछ । मानव विकासको प्रमुख उद्देश्य, भौतिक, शारीरिक, मानसिक, आर्थिक र सामाजिक रूपमा सबल जनशक्ति विकास गर्नु हो ।

यसले जीवन प्रत्याशा (Life expectancy), शैक्षिक उपलब्धि (Educational attainment), प्रतिव्यक्ति आय (Per-capita income), आधारभूत आवश्यकताको परिपूर्ति, (Fulfilment of basicneeds), शिशु मृत्युदर (Infant mortality rate), मातृ मृत्युदर (Maternal mortality rate) आदिलाई मानव विकासको सूचक मान्छ । यीमध्ये केही सूचकलाई तल उल्लेख गरिएको छ ।

कुनै पनि व्यक्तिको सरदर आयुलाई जीवन प्रत्याशा भनिन्छ । यो सूचक शिशु मृत्युदर र मृत्यु हुने उमेरमा भर पर्दछ । यदि शिशु मृत्युदर उच्च र बाँच्ने अवधि कम भएमा जीवन प्रत्याशा पनि कम हुन्छ । यसको विपरीत न्यून शिशु मृत्युदर र आयु लम्बिएमा जीवन प्रत्याशा लामो हुन्छ । मानिसको आयु पोषणको स्तर, स्वास्थ्य सेवा र जीवन स्तरमा निर्भर गर्दछ । अतः लामो जीवन प्रत्याशाले उच्च मानव विकासलाई जनाउँछ । यो मानव विकासको प्रमुख सूचकमध्ये एक हो । शिक्षाअन्तर्गत साक्षरता प्रतिशत, विद्यालय भर्नादर (School enrollment rate) र विद्यालय प्रवेशको औसत उमेर (Average year of schooling) पर्दछन् । शिक्षाभित्र दुवै प्राविधिक र सैद्धान्तिक शिक्षा पर्दछन् । शिक्षाले मानिसको बौद्धिक, मानसिक साथै शारीरिक कार्यक्षमतामा वृद्धि गर्दछ । अतः उच्च शिक्षाले उच्च मानवीय विकासलाई जनाउँछ । उच्च प्रतिव्यक्ति आयले उच्च मानव विकासलाई जनाउँछ । कुनै पनि देशको जनसङ्ख्याभन्दा आर्थिक वृद्धिदर तीव्र भएमा प्रतिव्यक्ति आय बढ्छ । कुनै समयमा देशको कुल राष्ट्रिय आयलाई त्यस देशको जनसङ्ख्याले भाग गरी प्रतिव्यक्ति आय गणना गरिन्छ । आधारभूत आवश्यकताका वस्तु भन्नाले खाद्यान्न, बास, लुगाफाटा, शिक्षा तथा स्वास्थ्य सुविधा आदिलाई बुझाउँछ । मानव विकासका लागि यी सुविधा पर्याप्त मात्रामा हुनुपर्दछ । अतः उच्च आधारभूत आवश्यकताले उच्च मानव विकासलाई जनाउँछ । मातृ मृत्युदरले शिशु जन्माउने क्रममा मृत्यु हुने महिला/आमाको सङ्ख्यालाई जनाउँछ । यदि मातृ मृत्युदर कम भए उच्च मानव विकास र मृत्युदर बढी भए न्यून मानव विकासलाई जनाउँछ । संयुक्त राष्ट्र सङ्घीय कार्यक्रमले प्रत्येक वर्ष HDI अङ्कका आधारमा सदस्य राष्ट्रलाई सूचीबद्ध गर्ने गर्दछ ।

वर्तमान मानव विकास प्रतिवेदनमा उल्लेख गरिएअनुसार नेपाल मानव विकास सूचकाङ्कमा एक स्थान माथि उक्लँदै १४३ औँ स्थानमा पुगेको छ । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) ले सार्वजनिक गरेको नयाँ मानव विकास प्रतिवेदन २०२१–२०२२ ले नेपालको अवस्थामा झिनो सुधार भएको देखाएको हो । कोभिड १९ र युक्रेनमा भइरहेको युद्धलगायत सङ्कटबाट प्रगति रोकिँदा हरेक १० मध्ये ९ देश मानव विकासमा पछि पर्न गएको देखाएको छ । लैङ्गिक असमानताको सूचकाङ्कमा भने नेपाल केही तल झरेको छ । लैङ्गिक असमानताको सूचकाङ्कमा नेपाल सन् २०२० मा १४४ औं स्थानमा थियो । सन् २०१९ मा ११० औं स्थानमा रहेकामा अहिले ११३ औं स्थानमा पुगेको देखिन्छ । दुई वर्षपछि सार्वजनिक गरिएको प्रतिवेदनले नेपाललाई मध्यम मानव विकास समूहमा वर्गीकरण गरेको छ । मानव विकास सूचकाङ्क मानव विकासका तीनओटा आधारभूत आयात (दीर्घ र स्वस्थ जीवन, ज्ञानमा पहुँच र राम्रो जीवनस्तर) मा भएको दीर्घकालीन प्रगतिको समीक्षा गर्ने मापन विधिको सार हो ।

सन् १९९० र २०२१ बिच नेपालको मानव विकास सूचकाङ्कको मान ०.३९९ बाट ०.६०२ मा परिवर्तन भएको छ । यस बिचमा नेपालको सरदर औसत १३.६ प्रतिशत, विद्यालय जाने औसत वर्ष २.८ वर्षले र विद्यालय जाने अपेक्षित वर्ष २.८ वर्षले र नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १४ प्रतिशतले परिवर्तन भयो । ब्याप्त असमानताका कारण नेपालले मानव विकासमा उल्लेखनीय क्षति बेहोरिरहेको देखाउँछ । लैङ्गिक जातिगत, भौगोलिक र अन्य क्षेत्रमा विद्यमान असमानताका कारण

नेपाललाई मानव विकासमा क्षति पुग्न गएको छ । सन् २०२१ मा मा पुरुषको ०.६२१ र महिलाको मानव विकास सूचकाङ्क ०.५८४ रहेको छ । सन् १९९० र २०२० बिचको अभिलेखले मातृ मृत्युदर, महिला सांसदको प्रतिशत र श्रमशक्तिमा महिलाको सहभागितालगायतका क्षेत्रमा नेपालको प्रगति तुलनात्मक रूपमा न्यून रहेको देखाउँछ । लैङ्गिक असमानता सूचकाङ्कले प्रजनन स्वास्थ्य, सशक्तीकरण र श्रम बजार गरी तीनओटा प्रमुख आयामममा विद्यमान लैङ्गिक असमानता (महिला र पुरुषको प्रगतिमा असमानताका कारण मानव विकासमा क्षति) को मापन गर्दछ । सशक्तीकरणको मापन संसदीय पदको बाँडफाँड र प्रत्येक लिङ्गका आधकारमा कम्तीमा पनि माध्यमिक तहको शिक्षा हासिल गर्ने व्यक्तिको सङ्ख्याद्वारा गरिन्छ । श्रम बजारमा सहभागिताको मापन महिला र पुरुषको श्रमशक्तिमा सहभागिताको दरले गरिन्छ ।

## ३. मानव विकास सूचकाङ्कका महत्त्वपूर्ण पक्ष

**(क)** **जीवन प्रत्याशा :** जीवन प्रत्याशा वा लामो उमेरले नाबालक तथा बाल मृत्यु पौष्टिक आहारमा भएको प्रगति जस्ता स्वास्थ्यका विभिन्न क्षेत्रहरूलाई प्रतिबिम्बित गर्दछ । जीवन प्रत्याशा मानिसको सबैभन्दा बढी इच्छित उद्देश्य हो । मानव साधनको अवस्थामा जति जति सुधार आउँछ, त्यति नै मानिसको सम्भावित आयु र जीवनप्रतिको लगाव पनि बढ्दै जान्छ । वास्तवमा अपेक्षित आयु बढ्नु दीर्घायुको सूचक हो ।

**(ख)** **जीवनको भौतिक गुण सूचक :** आर्थिक विकासको मापन गर्ने महत्त्वपूर्ण सूचकको विकास अर्थशास्त्री मोरिस डी. मोरिसले गरेका हुन् । अर्थशास्त्री हेगन र डी. मोरिसले २३ ओटा विकासोन्मुख तथा विकसित मुलुकहरूको तुलनात्मक अध्ययनबाट फिजिकल क्वालिटी अफ लाइफ इन्डेक्स बनाउनका लागि सिर्फ मानवीय सरदर आयु, शिशु मृत्यु दर, साक्षरता दर आवश्यक पर्ने निष्कर्ष निकालेका छन् । यस परिसूचकले राष्ट्रिय आम्दानीको वितरण कसरी भइराखेको छ । शिक्षा, स्वास्थ्य, पोषण आदिमा राष्ट्रिय आम्दानीको प्रयोग भएको छ वा छैन त्यो हेरेर सोही आधारमा आर्थिक विकासको मापन गर्दछ । मानिसको स्वास्थ्य स्थिति, औसत आयु र साक्षरताको प्रतिशत हेरेर आर्थिक विकासको मापन गरिन्छ । यस मापदण्डअनुसार जुन देशका जनताले राम्रो शिक्षा पाएका छन्, जसको जीवन प्रत्याशा राम्रो छ, साथै जहाँ न्यूनतम बाल मृत्युदर छ, त्यहाँ जीवनको भौतिक गुण सूचक राम्रो भएको मानिन्छ

**(ग)** **शिक्षा प्राप्ति :** शिक्षा एउटा यस्तो प्रक्रिया हो, जसद्वारा व्यक्ति जटिल सामाजिक स्वरूप वा संरचनासित समायोजन हुन सक्दछ । शिक्षाको माध्यमबाट नै व्यक्तिले एकभन्दा बढी संस्थागत समूहमा रहेर आफ्नो दायित्व निर्वाह गर्न सक्दछ । हरेक समाजलाई नेतृत्व प्रदान गर्ने, समाजका बालबालिकालाई शिक्षित बनाउन अर्थात् समाजका नवगत सन्तानलाई विविध सामाजिक संस्थाहरूमा सक्रियतापूर्वक सहभागिता लिन सक्ने तुल्याउन शिक्षा वा शैक्षिक संस्थाको आवश्यकता पर्दछ । शिक्षाले एकातिर सामाजिक स्वरूपलाई संरक्षण प्रदान गरिरहेको हुन्छ भने अर्कोतिर सामाजिक स्वरूपमा नवीकरण गर्दछ । आजको शिक्षा प्रणालीले विभिन्न चुनौती सामना गर्नु परिरहेको छ । देशमा विद्यमान शिक्षाको अवस्थालाई दर्शाउने विभिन्न सूचकहरू छन् । तीमध्ये प्रौढ साक्षरता र विद्यालय पठनपाठनको औसत वर्ष प्रमुख छन् । मानव विकास सूचकाङ्कमा यी दुई

सूचकहरूलाई संयुक्त रूपमा प्रयोगमा ल्याइन्छ । प्रौढ साक्षरताले देशमा साक्षरताको दरलाई देखाउँछ भने पठन पाठनको औसत वर्षले उनीहरूको शैक्षिक गुणस्तरलाई देखाउँछ ।

(घ) **स्वास्थ्य :** स्वास्थ्य भन्ने शब्द मानिस जन्मेदेखि नमरेसम्म जीवनको हरेक पक्षसँग सम्बन्धित छ । स्वास्थ्यका खराब र असल दुवै पक्ष हुन्छन् । असल पक्ष भन्नाले शारीरिक रूपले तन्दुरुस्त, मानसिक रूपले सचेत, कुनै प्रकारको रोग नलागेको, स्वस्थ रहनका लागि वैज्ञानिक स्वस्थ आचरण अपनाउनुलाई जनाउँछ ।

(ङ) **तालिम :** कर्मचारीले हाल सम्पादन गरिहेका र भविष्यमा सम्पादन गर्ने कामको प्रभावकारिता अभिवृद्धि गर्नका लागि विभिन्न तरिकाबाट उनीहरूको सिप, दक्षता, बानी व्यवहार साथै प्रकृतिमा परिवर्तन र विकास गर्ने प्रक्रियालाई तालिम भनिन्छ । तालिमको माध्यमबाट कर्मचारीहरूले नयाँ क्षेत्रको ज्ञान, सिप र दक्षता प्राप्त गर्न सक्दछन् । कुनै पनि क्षेत्र र पेसाको सम्बन्धमा व्यावहारिक शिक्षा र ज्ञान प्रदान गर्ने कार्यलाई तालिम भनिन्छ । जनशक्तिको विकास तथा प्रशासनयन्त्रको सुधारका लागि अवलम्बन गरिने विभिन्न उपायहरूमध्ये तालिमलाई एउटा महत्त्वपूर्ण पक्षको रूपमा स्वीकार गरिएको छ ।

(च) **पोषण :** मानिस स्वस्थ रहनका लागि शरीरलाई पोषण चाहिन्छ । आवश्यक क्यालोरी शक्ति भएमा मानिसको तन र मन दुवै स्वस्थ हुन्छ । स्वस्थ मन र तन्दुरुस्त दिमाग भएको जनशक्ति देशका लागि बरदान साबित हुन सक्छ । हाम्रो देशको सन्दर्भमा २१४५ क्यालोरी प्राप्त गर्न नसक्ने जनता गरिबीको रेखामुनि रहेको मानिन्छ । नेपालमा खान नपाउने जनताको प्रतिशत १७.१ प्रतिशत भएको कुरा विश्व बैङ्कको नेपाल जीवनस्तर सर्भेक्षण १९९६ ले देखाएको छ ।

(छ) **रोजगारी :** रोजगारीका माध्यमबाट मानव संसाधन आत्मनिर्भर तथा सशक्त हुन्छ । बेरोजगार जनशक्तिको बाहुल्य रहेको देशले लक्षित उद्देश्य हासिल गर्न कठिन पर्ने हुन्छ । त्यसै कारण विभिन्न तह र माध्यमबाट राज्यले रोजगारी सिर्जना गर्नुपर्ने र यस्तो कार्यमा निजी क्षेत्रको सहयोगमा सञ्चालन हुन आवश्यक हुन्छ । हाम्रो देशको सन्दर्भमा सिपमूलक तालिम र रोजगार प्रवर्द्धन, हक हितको संरक्षणका लागि संस्थागत प्रयास भएको पनि छ ।

(ज) **प्रतिव्यक्ति आय :** प्रतिव्यक्ति आम्दानी सामान्य वृद्धि भएको छ । प्रतिव्यक्ति आय मानव विकासको आर्थिक सूचक हो । यसले आर्थिक रूपले मानिसहरूको जीवनस्तर कस्तो छ भन्ने कुरा दर्शाउँछ । अर्थात् देशमा मानिसहरूलाई मर्यादित जीवनस्तर बाँच्नका लाीग आवश्यक पर्ने कुराहरू प्राप्त गर्न पुग्ने आम्दानी छ कि छैन भन्ने कुरा थाहा पाउने उद्देश्यले यसलाई प्रयोगमा ल्याइन्छ । प्रतिव्यक्ति आय जति बढी हुन्छ त्यति नै राम्रो जीवनयापन गर्न सक्छन् ।

(झ) **पिछडिएका वर्गको उत्थान :** पिछडिएका, असहाय, बालबालिका, जनजाति, र महिलाको उत्थान र उनीहरूको सशक्तीकरण देश विकासका लागि ज्यादै आवश्यक छ । यी वर्गहरूको शासन शक्तिमा पहुँच पुऱ्याउन समावेशी प्रजातन्त्रको स्थापना पनि आवश्यक

देखिन्छ । समाजमा रहेका हरेक जातजातिको समान सहयोग रहेन भने देशले गतिभन्दा अधोगति लिन्छ । नेपालको संविधानले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मेधसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने राज्यको दायित्व रहने छ भन्ने कुरा राज्यको दायित्व, निर्देशक, सिद्धान्त तथा नीतिहरूमा उल्लेख गरिएको छ ।

**(ञ)** **आधारभूत आवश्यकताहरूको परिपूर्ति :** आधारभूत आवश्यकताहरूले गास, बास, कपास, शिक्षा र स्वास्थय सेवालाई समावेश गर्दछ । मानव विकासका लागि यस्ता आवश्यकताहरू पर्याप्त मात्रामा उपलब्ध हुनुपर्दछ । यस्ता सेवाहरूको उपलब्धतामा भएको वृद्धिले मानव विकासको स्तरमा भएको वृद्धिलाई जनाउँछ ।

**(ट)** **मातृ मृत्युदर :** मातृ मृत्युदरले शिशुलाई जन्म दिने क्रममा मृत्यु हुने आमाहरूको सङ्ख्यालाई जनाउँछ । मातृ मृत्युदर कमी भएमा मानव विकासमा वृद्धि हुन्छ ।

**(ठ)** **खुसीपन वा आनन्दीपन :** मानव विकासको अवस्था पहिचान गर्न मानवीय सन्तुष्टि वा खुसीको पनि मापन गरिन्छ । मानवीय खुसी वा सन्तुष्टि वा आनन्दीपनलाई महत्त्व दिएर आनन्दीपन सूचक बनाइएको छ जसले आर्थिक, वातावरणीय, मानसिक, कार्यस्थल, सामाजिक र राजनीतिक समृद्धिलाई समावेश गरी विभिन्न मुलुकहरूको मानव विकासको अवस्थालाई मापन गर्दछ । यस सूचकाङ्कअनुसार मानवको खुसी वा सन्तुष्टि वृद्धि हुनु नै मानव विकास हो ।

**(ड)** **उच्च जीवनस्तर :** वास्तविक प्रतिव्यक्ति आम्दानीको आधारमा मापन गरिन्छ । प्रतिव्यक्ति आय उच्च जीवनस्तर) आय सूचकाङ्क निम्नानुसार गणना गर्न सकिन्छ :

## युएनडिपीको मानव विकास सूचकाङ्क र परिमार्जन पद्धति

प्रत्येक मानवमा अनेक प्रकारका क्षमता उपयोगको सम्भावना अपरम्पार छ । त्यसमध्ये पनि स्वस्थ, लामो र ज्ञानयुक्त तथा सम्मानजनक र सुविधा सम्पन्न स्तरको जीवन जिउन चाहने स्रोत साधन प्राप्त गर्न सक्ने मानव क्षमतालाई आधारभूत क्षमता मान्नुपर्ने हुन्छ । मानवको क्षमता विकासमा लगानी गर्दा सन्तुष्ट, स्वस्थ र शिक्षित/प्रशिक्षित जनशक्तिको वृद्धि भई उत्पादन र उत्पादकत्व बढ्ने भएकाले यस विषयलाई, समाज कल्याण कार्य मात्र नमानी, आर्थिक वृद्धिका लागि लगानी मान्नुपर्नेमा जोड दिइएको हुन्छ । यसप्रकार, विकसित मानवले आर्थिक वृद्धि ल्याउँछ र आर्थिक वृद्धिले मानवको सुख शान्तिको अभिवृद्धि गर्न मदत पुऱ्याउँछ भन्ने आशा गरिन्छ र यसै आधारमा उपर्युक्त क्षेत्रहरूमा कति उपलब्धि भयो भन्ने मूल्याङ्कन गरिन्छ ।

एचडिआइको गणना गर्दा (१) प्रतिव्यक्ति आय (जिडिपी/जिएनआई पर्चेजिङ पाओर पेरिटी/युएस डलर) लाई आम्दानीले किन्न सकिने आधारभूत उपभोग्य सामान र सेवाबाट प्राप्ति हुने तृप्तिको प्रतीक (सेरोगेट) मानिन्छ । (२) स्वस्थ र लामो आयुको प्रतिनिधित्व, जन्मको बेलाको स्थितिमा नवजातले आशा गर्न सक्ने औसत आयका वर्ष (लाइफ एक्स्पेक्टेन्सी याट बर्थको) सूचकाङ्कले गर्दछ

भने (३) ज्ञानपूर्ण (सुसूचित) र रचनात्मक जीवनको प्रतिनिधित्व पन्ध्र वर्षभन्दा माथिकाको प्रौढ साक्षरता र पच्चिस वर्षमाथिकाको सरदर स्कुल/कलेज पढाइको वर्षले गर्दछ । आजकल यसमा संशोधन गरी प्रौढ साक्षरताको सट्टा पढाइ सुरु गर्ने वेलाको स्थितिमा बच्चाबच्चीहरूले आशा गर्न सक्ने पढाइका सरदर वर्ष (एक्स्पेक्टेड इयर्स अफ स्कुलिङ) लाई लिने गरिन्छ । यसका साथै स्कुल शिक्षा प्राप्तिका सरदर वर्ष (इयर्स अफ स्कुलिङ) लाई पनि आधार बनाइन्छ । उपर्युक्त तीनओटै सूचकाङ्कको सरदर निकाली एचडिआइको रूपमा कुनै देश, प्रदेश र जिल्लाको मानव विकासको स्तरको सूचकाङ्क निकालिन्छ ।

**पन्ध्रौं योजना २०७६- २०८१** मा मानव स्रोत व्यवस्थापनअन्तर्गत दक्ष कुशल, सिपयुक्त र उत्पादनशील मानव संसाधनको विकास गर्ने सोच र बजारमा माग र आपूर्ति बिच सन्तुलन कायम गर्दै सामाजिक तथा आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास गर्ने लक्ष्य राखिएको छ । आर्थिक सामाजिक रूपान्तरणका लागि तत्कालीन र दीर्घकालीन रूपमा आवश्यक पर्ने मानव संसाधनको वर्तमान अवस्थाको मूल्याङ्कन गरी सोही आधारमा प्रक्षेपण गर्ने, मानव संसाधन विकास प्रणालीलाई संस्थागत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम तथा गुणस्तरीय मानव संसाधनको उत्पादन गरी आपूर्ति गर्ने उद्देश्य राखिएको र उक्त लक्ष्य र उद्देश्य पूरा गर्न मुलुकभित्र आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष मावन संसाधनको विकास र उपयोगका निम्ति आवधिक प्रक्षेपणका आधारमा योजना तयार गरी लागु गर्ने, राष्ट्रको आर्थिक विकासको क्रमसँगै विविध क्षेत्रमा आवश्यक पर्ने मानव संसाधनको विकास र उपयोगमा सरकारी सामुदायिक र निजी क्षेत्रबिच साझेदारी र सहकार्य गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको अवसर सबैको पहुँचयोग्य र गुणस्तरीय बनाउने वैदेशिक रोजगारबाट फर्केर आएका सिपयुक्त जनशक्तिलाई ज्ञान र सिप प्राप्त गर्ने एक स्रोतका रूपमा उपयोग गर्ने, विदेशी उद्योगर कम्पनीमार्फत नयाँ प्रविधि प्राप्ति र उपयोग गर्ने रणनीति अवलम्बन गरिएको छ ।

**मानवीय विकास सूचकाङ्कमा देखापरेका समस्या, चुनौती तथा समाधानका उपायहरू**

(क) नेपालमा ७ र ८ प्रतिशतमा आर्थिक अवसरहरूमा वृद्धि हुन्छ । आर्थिक वृद्धि भएमा रोजगारीका अवसरहरू वृद्धि हुनुका साथसाथै प्रतिव्यक्ति आयमा पनि वृद्धि हुन्छ । फलस्वरूप गरिबी घटाउनमा सहायक सिद्ध हुन्छ ।

(ख) अदक्ष श्रमिक आर्थिक विकासका लागि बाधक हो । मानवीय पुँजीको लगानीमा वृद्धि भएमा प्रतिव्यक्ति उत्पादनमा वृद्धि हुन्छ । रोजगारीका अवसरहरू प्राप्त गर्न सहज हुन्छ । आय आर्जन बढी गर्न सकेमा गरिबी घट्छ ।

(ग) नेपालको गरिबी ग्रामीण प्रकृतिको छ । जबसम्म ग्रामीण क्षेत्रको विकास हुँदैन, तबसम्म नेपालमा गरिबी घटाउनका लागि ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारहरू विकास हुनुपर्दछ । ग्रामीण पूर्वाधारहरू विकास भएमा ग्रामीण क्षेत्रमा भएका उत्पादनहरू बजारमा सहज रूपमा पुऱ्याउन सकिन्छ । जसबाट ग्रामीण जनताको आयस्तर वृद्धि हुन गई गरिबी घट्न जान्छ ।

(घ) आर्थिक विकास पुँजीप्रधान प्रविधि प्रयोग गरेर श्रम प्रदान प्रविधि प्रयोग गरेर दुई किसिमबाट गर्न सकिन्छ । नेपालमा पुँजीप्रधान प्रविधि प्रयोग गरेर आम रोजगारी दिन

सम्भव हुँदैन । तसर्थ नेपाल जस्तो पिछडिएको अर्थतन्त्रमा श्रम प्रदान प्रविधि प्रयोग गरेर आम रोजगारीको अवसर प्रदान गरी गरिबी घटाउन सकिन्छ ।

(ङ) विकास क्रियाकलापमा आम सहभागिता जुटाउन सकेमा विकास दिगो हुन सक्दछ । सहभागितामूलक विकास क्रियाकलापले विकासको प्रतिफल सम्पूर्ण जनताहरूमा पुऱ्याउन सकिन्छ ।

(च) गरिबी निवारणका लागि हस्तान्तरणीय र सुरक्षाजाली एउटा महत्त्वपूर्ण विधि हुन सक्छ । हस्तान्तरणीयता भन्नाले सञ्चय कोष, पेन्सन आदिलाई बुझाउँछ भने सुरक्षा जालीअन्तर्गत वृद्ध भत्ता, अपाङ्ग भत्ता, विधवा भत्ता आदिलाई बुझाउँछ । हस्तान्तरणीय सुरक्षा जालीबाट गरिबी हटाउन सकिन्छ ।

(छ) देशमा रहेका गरिब वर्गलाई ध्यान पुऱ्याएर तिनीहरूलाई नै लक्षित गरेर कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ, जसले उनीहरूको जीवनस्तरमा प्रत्यक्ष रूपमा प्रभाव पारोस् र गरिबीको दलदलबाट बाहिर ल्याउन सकियोस् ।

(ज) विश्वभरी खाद्य मूल्यको वृद्धिले करिब २५ लाख नेपाली जनता गरिबीको मारमा पर्ने विश्व खाद्य कार्यक्रम तथ्याङ्कले प्रक्षेपण गरिसकेको छ । सरकारले खाद्यान्नमा अनुदान दिएर भए तापनि खाद्य मूल्यमा भइरहेको वृद्धिलाई नियन्त्रण गर्नुपर्छ । अन्यथा गरिब जनता झन् गरिब हुने छन् किनभने उनीहरूले आफ्नो आयको ९० प्रतिशत भाग खाद्यान्नमा खर्च गर्नुपर्ने हुन्छ । नेपालमा खाद्य वितरण पनि उचित प्रकारले हुन सकेको छैन । जस्तै, कुनै ठाउँमा खान नपाएर मानिसहरू मरिरहेका छन् । कुनै ठाउँमा अन्न कुहिरहेको छ । तसर्थ बढी उत्पादन भएको खाद्यान्न कम उत्पादन भएका ठाउँमा वितरण गर्ने नीति हुनुपर्दछ ।

(झ) रोजगारीका अवसरहरूको अभाव भएर मात्र बेरोजगारीको समस्या उत्पन्न भएको होइन, श्रमिकमा सिप तथा तालिमको अभावले पनि बेरोजगारीको समस्या सिर्जना भएको देखिन्छ । नेपालमा श्रम बजार द्वैध प्रकारको छ । एकातिर बजारमा सिप नभएका श्रमिकहरूको सङ्ख्या पर्याप्त छ भने अर्कोतिर सिपयुक्त श्रमिकलाई अल्पकालीन पूर्ति गर्न अन्य देशहरूबाट नेपालको श्रमबजारमा आयात गर्नुपर्ने अवस्था छ । यस अवस्थामा तालमेल मिलाउन सिप विकास तालिमको अवस्था र शिक्षा प्रणालीमा पुनः मूल्याङ्कन गरी देशमा दक्ष जनशक्तिको आवश्यकता पूरा गर्नुपर्दछ । विशेष गरी अर्धसिप भएका कामदारहरू, जो निर्माण र सेवाको क्षेत्रमा संलग्न रहन्छन्, तिनीहरूलाई दक्ष बनाई विदेशी श्रमिकलाई विस्थापित गर्नुपर्दछ ।

(ञ) नेपालका अधिकांश मानिसहरू कृषिमा निर्भर रहेको सन्दर्भमा कृषिक्षेत्रको विकासका लागि जोड दिनु आवश्यक छ। कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणका माध्यमबाट उनीहरूको रोजगारी तथा आम्दानीमा वृद्धि गराई गरिबीको अवस्थामा कमी ल्याउन सकिन्छ ।

(ट) नेपालको सन्दर्भमा बढ्दो जनसङ्ख्या पनि गरिबीको कारणका रूपमा रहेको पाइन्छ। जनसङ्ख्या नियन्त्रणका कार्यक्रमलाई प्रभावकारी बनाउनु आवश्यक छ। परिवार स्वास्थ्य सेवा, जनसङ्ख्या नियन्त्रणका उपाय, साधनको वितरण जस्ता कार्यलाई प्रभावकारी तुल्याई जनसङ्ख्या वृद्धि दरमा कमी ल्याउन सकिन्छ। जसबाट रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ।

(ठ) सडक, विद्युत्, सञ्चार जस्ता विकासका पूर्वाधारको विस्तारले आर्थिक क्रियाकलापलाई सहज तुल्याउँछन्। ग्रामीण क्षेत्रसम्म यस्ता पूर्वाधारको विस्तार गर्न सकेका खण्डमा स्थानीय क्षेत्रमा विद्यमान साधनको उपयोग गरी आर्थिक क्रियाकलाप बढाउन, आम्दानी वृद्धि गराउन तथा रोजगारीका अवसर बढाउने प्रयासलाई प्रभावकारी तुल्याउन सकिन्छ।

(ड) ग्रामीण क्षेत्रमा सानोतिनो लगानीमा प्रशस्त मात्रामा सानातिना व्यवसायहरू सञ्चालन गर्न सकिन्छ। स्थानीय स्रोतको सहायताबाट त्यस्ता व्यवसाय सञ्चालन हुन सक्ने सम्भाव्यताका आधारमा व्यवसायको प्रवर्धनका प्रयासहरू गर्नुपर्दछ। यसबाट ग्रामीण बासिन्दाको आम्दानी बढ्नुका साथसाथै रोजगारीका अवसर बढाउन सहयोग पुग्दछ।

(ढ) श्रमप्रधान उत्पादन प्रविधिले बढीभन्दा बढी जनशक्तिको खपत गराउँछ। ग्रामीण क्षेत्रमा श्रममा आधारित व्यवसायको प्रवर्धनमा जोड दिई प्रशस्त मात्रामा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ। ग्रामीण क्षेत्रमा बसेका आर्थिक रूपमा सक्रिय व्यक्तिहरू यस्ता व्यवसायबाट लाभान्वित हुन्छन्। उनीहरूले आम्दानी बढाउने अवसर प्राप्त गर्दछन्। यसबाट गरिबी निवारणमा सहयोग पुग्दछ।

(ण) कृषि व्यवसायले मात्र पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्न सक्दैन। यसका लागि उद्योग व्यवसायको स्थापना गरी सञ्चालन गर्न सकेका खण्डमा रोजगारीका अवसरहरू बढ्न गई गरिबी निवारणमा सहयोग पुग्दछ।

(त) मानव विकास सूचकले लैङ्गिक असमानता समावेश नगर्नु, आम्दानी वितरणमा रहेको असमानतालाई समावेश नगर्नु, मानव अधिकार र राजनीतिक स्वतन्त्रताको पक्षलाई समावेश नगर्नु, विकास कार्यका साथै उपभोगका कारण वातावरणमा हुने क्षतिलाई समावेश नगर्नु आदि जस्ता समस्या, कमजोरी तथा चुनौतीहरू रहेका छन्। यस्ता महत्त्वपूर्ण विषयहरूलाई पनि मानव विकास सूचकाङ्कमा समावेश गरिनु आवश्यक छ।

(थ) सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसक्नु, विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसक्नु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ हासिल हुन नसक्नु, तहगत, क्षेत्रगत र विषयगत रूपमा, सवै विद्यालयका शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई शिक्षाको मूलधारमा विकास गर्न नसक्नु, प्राविधिक तथा व्यावसायिक सिप एवम् शिक्षासम्बन्धी अधिकार कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्न नसक्नु, विश्वविद्यालय शिक्षालाई अनुसन्धानमा आधारित बनाई ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादनमा केन्द्रित गर्न नसक्नु, तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सङ्ख्या कम हुनु, बजारमा मागअनुसार जनशक्ति उपलब्ध नहुनु, उत्पादित

जनशक्तिले पनि योग्यताअनुसारको रोजगारी प्राप्त गर्न नसक्नु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति गर्न नसक्नु, सार्वजनिक र निजी लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन, प्रतिभाहरूको पलायन र नियन्त्रण जस्ता विषयहरू शिक्षा क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

## ४. निष्कर्ष

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आर्कषण अभिवृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरित गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आर्कषक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छोड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासका लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत साधनको उपलब्धता र व्यवस्थापन गर्नु, सबै विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउनु, उच्च प्राविधिक शिक्षाको अवसर विस्तार गर्दै ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र प्रवर्धन गर्ने नवीन सोचलाई वास्तविकतामा उतार्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान् युवालाई स्वदेशमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, शैक्षिक प्रशासनको समयसापेक्ष पुनर्संरचना, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँसराइको प्रवृत्तिसमेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुप्रयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारीसहित स्थानीय तहलाई उत्तरदायी गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, शिक्षामा समावेशी सहभागिता अभिवृद्धि हुनु, सार्वजनिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने तथा प्राविधिक उच्च शिक्षालाई प्रर्वधन गर्दै रोजगारीका अवसरमा वृद्धि गर्ने सरकारको नीति रहनु, शिक्षा तीनओटै तहका सरकारको साझा अधिकार क्षेत्रका रूपमा रहेकाले आपसी समझदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु, तीन तहका सरकारको क्षमता विकास गर्दै शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहनु, प्राविधिक शिक्षा विस्तारमार्फत स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी देशको आर्थिक विकासमा टेवा पुयाउन सक्ने एवम् रोजगारीको खोजीमा विदेश पलायन भएका युवा जनशक्तिलाई स्वदेशमै नै फिर्ता गर्ने सकिने वातावरण तयार हुनु र गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी नेपाललाई विविध विषयमा उच्च शिक्षाको अध्ययन केन्द्र बनाउन सकिने वातावरण तयार हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्त्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धिमार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै सन्दर्भमा लोक कल्याणकारी राज्यको अवधारणाअनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानुपर्ने आवश्यकता छ । संविधानको एकल तथा साझा अधिकार सूचीअनुसार सङ्घ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिँदै स्वास्थ्य नीति, मापदण्ड, गुणस्तर, अनुगमन, परम्परागत उपचार, सेवा र सरुवा रोग नियन्त्रण लगायतका कार्य सङ्घको अधिकारभित्र राखिएको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि अन्तरमन्त्रालय समन्वय तथा सहकार्य अपरिहार्य रहेको छ ।

## सन्दर्भ सामग्री


आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, २०८० ।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९/८०, नेपाल सरकार, अर्थ मन्त्रालय, २०८० ।

खरेल श्री कृष्ण (२०५९), ‘मानव संसाधन व्यवस्थापन, एसिया पब्लिकेसन, बागबजार, काठमाडौँ, दोस्रो संस्करण ।

पन्ध्रौं पञ्च वर्षीय योजना (२०७६/७७-२०८०/८१), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, आषाढ, २०७६ ।

पाठक, कृष्णप्रसाद (२०५६), ‘मानव स्रोत विकासको परिचय’, आठ राई प्रकाशन, काठमाडौँ । दोस्रो संस्करण ।

दसौँ योजना (२०५९-२०६४) नेपाल सरकार, राष्ट्रिय योजना आयोग, नेपाल, २०५९ फागुण ।

नेपाल जनसङ्ख्या प्रतिवेदन २०६३ नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौँ, नेपाल, २०६३ असार ।

राष्ट्रिय जनगणना २०७८ सङ्क्षिप्त नतिजा, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क विभाग, थापाथली, काठमाडौँ, नेपाल ।

लम्साल डा.हरिप्रसाद (२०७९), नेपालको मानव संसाधन विकास र व्यवस्थापनमा शिक्षाको भूमिका, प्रशासन (सार्वजनिक प्रशासनसम्बन्धी जर्नल), वर्ष ५४, अङ्क १, पूर्णाङ्क १३६, २०७९ माघ, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

सामाजिक सामवेशीकरण, शासकीय स्वरूप, श्यामप्रसाद मैनाली, प्रथम संस्करण २०७०, प्रकाशक विमला मैनाली, काठमाडौँ, नेपाल ।

हाडा गम्भीर बहादुर (२०७५), मानवीय पुँजी निर्माणमा शिक्षाको भूमिका, आर्थिक राष्ट्रिय दैनिक, कार्तिक २७, वर्ष ९, अङ्क २६२४, ने.सं. ११३९

Ghimire Binod (2014), 'Foundations of Human Resource management' Ratna Sagar Prakashan Pvt. Ltd., Kathmandu First Edition

# कोरोनाका कारण विद्यार्थीको सिकाइमा पुगेको क्षति र सिकाइ आपूरणका उपायहरू

✍चिनाकुमारी निरौला*

**लेखसार**

*कोभिड-१९ का कारण हाम्रा बालबालिकाहरूको सिकाइमा ठुलो क्षति पुग्यो । सहरिया र सम्पन्न वर्गका बालबालिकाहरूको सिकाइमा भन्दा विपन्न, दुर्गम र पछाडि पारिएका वर्गका बालबालिकाहरूको सिकाइमा धेरै क्षति भएको तथ्य यथार्थ नै छ । सरकारले विद्यालय शिक्षा क्षेत्रको योजना/विशिक्षेयो (२०७८-२०८७) तर्जुमा गर्दा यसको प्रभावलाई न्यूनीकरण गर्ने उपाय खोजेको छ । सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइका लागि सन् २०२८ सम्मको योजनासमेत तयार भएको छ तर ढिलो योजना तर्जुमाले कार्यान्वयन पनि ढिलै हुने सङ्केत गरेको छ । यसका आफ्नै समस्या तथा चुनौती पनि छन् । चुनौतीको सामाना गरी भविष्यमा अर्को झड्का आउन नदिन सबै तहका सरकार, विद्यालय, गैरसरकारी संस्था/गैससलगायत सबै सरोकारवाला एकजुट भएर लाग्नु पर्दछ ।*

## १.पृष्ठभूमि

बिसौं शताब्दीको प्रारम्भबाटै विश्व कोरोना भाइरसका कारण थिलथिलो बन्न पुग्यो । बाह्य आवरण मुकुट वा किरिट जस्तो हुने भएकाले यसको नाम कोरोना भाइरस राखिएको थियो (बिबिसी न्युज, १३ अप्रिल २०२०) । चीनको वुहानबाट सन् २०१९ को नोभेम्बर १७ मा यसको पहिलो केस प्रमाणित भएको थियो (विश्व स्वास्थ्य सङ्गठन, सन् २०२१) । लगत्तै यसले उग्र सङ्क्रमणको रूप लिन थालेपछि जनवरी २३, २०२० मा चिन्ताको सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा (विश्व स्वास्थ्य सङ्गठन, सन् २०२१) भएको थियो । कोरोना भाइरसको सङ्क्रमणका कारण हुने रोग कोभिड-१९ खडेरीमा लागेको डढेलो सरह युरोप, मध्य एसिया, अमेरिका हुँदै विश्वलाई नै आक्रान्त बनायो । विश्व स्वास्थ्य सङ्गठनले ११ मार्च २०२० मा घोषणा गरेको महामारी ५ मे २०२३ मा सकिएको घोषणा गरेपछि पनि विश्वमा यसका बिरामीहरू देखा परिरहेका छन् । ७ जुन २०२३ सम्ममा कुल ६८९,९९९,४३४ सङ्क्रमित भएकामा ६६२,४५६,८२० जनाले स्वास्थ्य लाभ गरेको र ६,८८८,८२० जनाले मृत्युवरण गरेको देखिन्छ (बल्डोमिटर, ई.सं..२०२३) । नेपालमा उक्त मितिसम्म कुल १,००३,३५२ सङ्क्रमित भएकामा ९९१,३०२ जनाले स्वास्थ्य लाभ गरेको र १२,०३१ जनाले मृत्युवरण गरेको देखिन्छ (बल्डोमिटर, ई.सं.२०२३) । यसले विश्वमा ठुलो धनजनको क्षतिका साथै त्राससमेत सिर्जना गरेको प्रमाणित हुन्छ ।

विशेषगरी स्वासप्रश्वासजन्य कारण एकअर्कामा सर्ने ठानिएको यो रोगबाट बच्नका लागि तयारी गर्न, सुरक्षित हुन, सङ्क्रमण कम गर्न र यस बारेमा अध्ययन, प्रवर्तन गर्न आह्वान (विश्व स्वास्थ्य सङ्गठन, ई.सं. २०२०) गरिएबमोजिम सतर्क रहन तथा यसलाई फैलन नदिन विभिन्न उपाय

*पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र

अपनाइए । यसका लागि सार्वजनिक यातायात बन्ददेखि लकडाउनसमेत गरियो । आवतजावतलाई कम गर्दै जाँदा प्रायः सबै देशका आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक गतिविधिहरू खुम्चिन पुगे । यसले मानव सभ्यताका सबै पक्षहरूमा व्यापक क्षति गर्‍यो (विश्व बैङ्क, ई.सं.२०२१) । जसको असर अहिलेसम्म पनि निर्मूल हुन सकिरहेको छैन । यहाँ नेपालको सन्दर्भमा कोभिड-१९ का कारण विद्यार्थीको पठनपाठनमा अवरोध आई विद्यार्थीको सिकाइमा पुगेको क्षति र सोको आपूरण विषयमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## २. विद्यालय शिक्षा क्षेत्रमा परेको प्रभाव

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक तथा ३९ मा बालबालिकाको हकको व्यवस्था गरी शिक्षाका अधिकार सुनिश्चित गरिएको छ । तसर्थ शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक हक हो । महामारीका रूपमा विश्वभर कोभिड-१९ फैलन थालेपछि विश्व स्वास्थ्य सङ्गठनले आह्वान गरेअनुरूप संसारभर सतर्कताका उपायहरू अपनाउन थालियो । यस क्रममा भिडभाड हुने स्थान तथा कार्यक्रमहरूमा बन्देज लगाउने कार्य भयो । फलस्वरूप शैक्षिक संस्थाहरू बन्दाबन्दीको चपेटामा पर्न गए । अप्रिल २०२० को कोरोना सङ्क्रमणको उच्च अवस्थामा १८८ देशका अन्दाजी १.६ विलियन विद्यार्थीको पढाइ प्रभावित भयो (विश्व बैङ्क र अन्य, ई.सं. २०२२ जुन) । पटक पटकको बन्दाबन्दीका कारण दक्षिण एसियामा पूर्ण तथा आंशिक गरी करिब ५२९ दिन विद्यालयका पठनपाठनहरू प्रभावित भए (विश्व बैङ्क र अन्य, ई.सं. २०२२) । विश्वमा कोरोना प्रभावित मुलुकहरूमध्ये सबैभन्दा बढी प्रभाव नेपालका विद्यालयमा पनि पर्‍यो । विश्वमा विभिन्न परीक्षण तथा सर्भेहरूसमेत भए । यससम्बन्धी ३६ ओटा अध्ययनको विश्लेषण गर्दा औसत सिकाइ ह्रासबाट ०.१७ स्तरीय भिन्नतासम्म रहेको देखियो । यो सामान्यतया डेढ वर्षको सिकाइ बराबर हो (विश्व बैङ्क, ई.सं. २०२२ जुन) ।

नेपालमा २४ मार्च २०२० मा पूर्ण बन्दाबन्दीको घोषणा हुनुपूर्व नै शिक्षा मन्त्रालयले १९ मार्च २०२० मा अनिश्चितकालीन शैक्षिक संस्थाहरू बन्द गर्‍यो । मार्च महिनामा बन्द भएका विद्यालयहरू अक्टोबर अन्त्यसम्म करिब आठ महिना बन्द भए (REAl plan, 2023 AD) । डेल्टा भेरियन्टका कारण अप्रिल २०२१ मा बन्द भएका विद्यालय सेप्टेम्बरमा सञ्चालनमा त आए तर यो पटक पनि करिब एक महिनामै ओमिक्रोनका कारण विद्यालय बन्द हुन गए । दिगो विकासका लक्ष्यहरूमध्ये चौथो र दसौँ लक्ष्य पूरै अबरुद्ध भए (दवाडी र साथीहरू, ई.सं. २०२० पृ.७) । पटक पटक विद्यालय र शिक्षा क्षेत्र बन्दको चपेटामा परेकै कारण विद्यालय सञ्चालन कार्यढाँचा जारी (मन्त्रालय, २०७७) भए पनि विद्यालयहरू पूर्ववत् सञ्चालन हुन सकेनन् । अल्पविकसित तथा विकासोन्मुख मुलुकका विद्यार्थीको गणित र पढाइमा धेरै नोक्सानी भयो (विश्व बैङ्क र अन्य २०२२ जुन) । केही सुगमका साथै दुर्गम पहाडी र हिमाली जिल्लाहरूमा त कोरोना पोजेटिभ भएकाहरूका लागि आइसोलेसन सेन्टरसमेत विद्यालयमा व्यवस्थापन गरियो (पन्त, २०७७ ।

इटाली, अमेरिका, जर्मनी, अस्ट्रेलिया, बेलायत जस्ता देशहरूले इलर्निङका माध्यम प्रयोग गरी दूर सिकाइबाट तत्कालीन अवस्थामै प्रभाव न्यून बनाउन सफल भएका थिए । चीनले सबै प्रादेशिक तथा केन्द्रीय अनलाइन प्लेटफर्म प्रयोग गर्‍यो (दवाडी र साथीहरू, ई.सं. २०२० पृ.२) । अर्जेन्टिना, चिली, ब्राजिल जस्ता देशहरूले परम्परागत तरिकाका साथै रेडियो, टेलिभिजन आदिबाट सिकाइको

क्षति घटाउने प्रयत्न गरे । पछि उनीहरूले आधुनिक प्रविधि र परम्परागत प्रविधिको उपयोग गरी क्षतिलाई न्यून गर्दै गए (दवाडी र साथीहरू, ई.सं. २०२० पृ. २) ।

मन्त्रालयले बन्दाबन्दी सुरु भएको तीन महिनापछि वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका जारी गरी १ असार २०७७ बाट विभिन्न विकल्पबाट विद्यालयमा पठनपाठन सुरु गर्ने बाटो खुला गऱ्यो (मोक्तान, २०७७) । तर विद्यालय बन्द हुँदा ३४ प्रतिशत बालबालिका वैकल्पिक विधिबाट सिकाइमा संलग्न भएका थिएनन् । धेरैजसो सम्पन्न परिवारका बालबालिकाको घरमै ट्युसनमा पहुँच थियो जबकि अनलाइन कक्षा, मोबाइल फोनबाट हुने शिक्षण, रेडियो, टिभी, दूर शिक्षण जस्ता सरकारको आपतकालीन कार्ययोजनाद्वारा निर्दिष्ट वैकल्पिक सिकाइ माध्यमहरू कम प्रयोग भएका थिए (पन्त, २०७७) । पुनः शिक्षा मन्त्रालयले १९ भदौ २०७७ मा वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिकाको सट्टा वैकल्पिक सिकाइ नभई मूलधारकै सिकाइ हुने गरी विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका जारी गऱ्यो । यस निर्देशिकाले महामारीका कारण प्रभावित पठनपाठनलाई निरन्तरता दिन रेडियो, टेलिभिजन, अनलाइन, दूर तथा खुला शिक्षालगायतका माध्यमबाट अध्यापन चालु राख्न निर्देशन दिएको थियो । कुनै पनि प्रविधिको पहुँच नपुगेका बालबालिकाहरूका लागि पाठ्यसामग्री उपलब्ध गराई सिकाइ निरन्तरता दिने व्यवस्था गरिएको थियो (मन्त्रालय, २०७७) । सिकाइ प्रक्रियामा विद्यार्थीको सिकाइ मूल्याङ्कन सिकाइ निरन्तरता र स्तरीय सिकाइको अचुक प्रक्रिया हो । आन्तरिक मूल्याङ्कनले सिकाइलाई दिगो र प्रभावकारी बनाउँछ भने बाह्य मूल्याङ्कनले सिकाइको प्रमाणीकरण गरी थप र अग्र सिकाइको मार्ग प्रशस्त गर्दछ (जबरा र साथीहरू, २०५८) । त्यसैले मूल्याङ्कन समयमै हुनु जरुरी हुन्छ । मूल्याङ्कनको अनिश्चितताले विद्यार्थीमा झन चिन्ता बनायो, देश छाट्न चाहनेहरूको सङ्ख्या बढ्न थाल्यो (दवाडी र साथीहरू, ई.सं. २०२० पृ.५) । सिकाइ निरन्तरताको रणनीतिक योजनाबिना सरकारले २०७६ चैत ४ देखि सबै शिक्षण संस्थाहरूको नियमित पठनपाठन बन्द गराउनुले नेपालका करिब चालिस हजार शिक्षणसंस्थाहरूमा अध्ययनरत करिब सतासी लाख विद्यार्थीको सिकाइ प्रभावित भयो (विशिक्षेयो, २०७८-२०८७) । निर्देशिकाले विद्यार्थीलाई प्रविधिका कुनै पनि साधनमा पहुँच नभएका, अनलाइन, रेडियो, टेलिभिजन र इन्टरनेटको पहुँचमा भएका गरी पाँच समूहमा वर्गीकरण गरेको थियो (मन्त्रालय, २०७७) । विभिन्न सर्भेक्षणले सुविधा सम्पन्न विद्यालयका विद्यार्थी मात्र अनलाइन पद्धतिमा सहभागी हुन सकेका र अधिकांश विद्यार्थी कुनै पनि साधनको पहुँच नभएका विद्यार्थीअन्तर्गत पर्ने देखाएकाले उनीहरूका लागि अफलाइन सिकाइ सामग्री (विशेषगरी छापाका सामग्रीहरू) उपयोगी हुने देखिए । वैकल्पिक शिक्षणका लागि अधिकांश सामुदायिक विद्यालयले आवश्यक भौतिक पूर्वाधार र प्राविधिक सिपसहितको जनशक्ति समयमा तयार पार्न सकेनन् । अर्कातिर अनलाइन तथा दूर शिक्षामार्फत सञ्चालन भइरहेका कक्षामा विद्यार्थीलाई सहभागी गराउन र त्यसको प्रभावकारिता बढाउने क्रियाशीलता पनि शिक्षक तथा व्यवस्थापकहरूमा देखिएन (मोक्तान, २०७७) । वैकल्पिक शिक्षाले सिकाइमा झन् असमानता बढाउन गयो ।

## ३. प्रभाव न्यूनीकरणका लागि गरिएका प्रयास

नेपाल सरकारले विद्यालयका कक्षाकोठाहरू बन्द हुन सक्छन् तर सिकाइ कहिल्यै बन्द गरिनु हुँदैन भन्ने मूल मर्मलाई आत्मसात् गर्ने प्रयास त गऱ्यो (विशिक्षेयो, २०७८-२०८७) तैपनि यसमा अपेक्षित सफलता प्राप्त हुन सक्ने अवस्था नै थिएन । कोरोना महामारीका वेला विद्यालय बन्द रहँदा सिकाइका यथेष्ट वैकल्पिक पूर्वाधारहरू हामीसँग थिएनन् । केही महिना अन्योलतामा बित्यो ।

विद्यालय स्तरका कक्षा ९ सम्मका परीक्षाहरू छिटो सक्नका लागि निर्देशन दिइयो । परीक्षा हुने दिनको अगिल्लो दिन माध्यमिक शिक्षा (कक्षा १०) लगायतका परीक्षाहरू स्थगित गरियो । यसबाट आन्तरिक तथा बाह्य मूल्याङकनमा समेत ठुलो प्रभाव पऱ्यो । सिकाइका लागि आन्तरिक मूल्याङकन बाह्य मूल्याङकनभन्दा महत्त्वपूर्ण हुन्छ (Black and William, ई.सं. २०१८) । सो कुराको वास्तै भएन । सिकाइ निरन्तरताका लागि केही प्रयास त गरिए । विद्यार्थीको वैकल्पिक सिकाइ निरन्तरता प्रणालीका स्वरुपहरू र प्रयोग गर्ने विधिहरू सुझाई निर्देशिकासमेत तयार गरी जारी भयो (मन्त्रालय, ई.सं. २०२०) । अलनाइनबाट सिकाइका लागि इन्टरनेट अनिवार्य हो तर तत्कालीन अवस्थामा करिब ५६ प्रतिशत जनतामा मात्र यसको पहुँच पुगेको अनुमान (पण्डित, ई.स. २०२०) थियो । गरिब तथा विपन्न वर्गका विद्यार्थी पढ्ने सामुदायिक विद्यालयका बालबालिकको अवस्था झन जटिल थियो । एकातिर अभिभावकले रोजगारी गुमाउनु अर्कातिर लामो समयसम्म विद्यालय बन्द हुने कुराले पीडादायी मात्र नभई कहाली लाग्दो अवस्था सिर्जना गऱ्यो । दूरदराजमा न त पाठ्यसामग्री पुगे न त रेडियो, टेलिभिजनको पहुँच नै भयो । यसले प्रारम्भिक कक्षा तथा विपन्न वर्गका बालबालिकामा ठुलो क्षति हुन गयो । प्रविधि भएका ठाउँका विद्यार्थीका लागि प्रविधिका लागि साधन उपलब्ध हुन सकेनन् भने साधन भएका ठाउँमा शिक्षकको क्षमता बाधक बन्यो । यो कुरा सिकाइको क्षतिका लागि खतरनाक बन्न पुग्यो ((दवाडी र साथीहरू, ई.स. २०२० पृ. ५) । धेरै विद्यार्थी सिकाइको पहुँचबाट टाढिए । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले दातृनिकाय तथा अन्य गैससहरूसँग मिलेर पूर्व प्राथमिक शिक्षादेखि कक्षा आठसम्म अभिभावकले घरमा नै गराउन सक्ने सिकाइ क्रियाकलापहरू तयार गरी स्थानीय तह, गैसस आदिलाई प्रकाशन र वितरण गर्न सक्ने बनायो (CEHRD, ई.सं. २०२०) । तर सबै ठाउँका बालबालिकामा सामग्री पुग्न सकेनन् । सामग्री पुगेका ठाउँमा समेत प्रयोग सहजीकरणमा कमी भो किनभने यसको मुख्य सहजीकरण आधार अभिभावकलाई ठानियो । ६५.९५ प्रतिशत मात्र साक्षरता भएको मुलुक (जनगणना, २०६८) का अभिभावकहरूले सहजीकरण गर्न सक्ने अवस्था निकै कम हुन्छ । यसले गर्दा सिकाइ निरन्तरताका लागि गरिएका प्रयासले सबैलाई समेट्न सकेनन् । रेडियो, टेलिभिजन, युट्युब, अनलाइन पोर्टल विकास तथा उपयोग गर्न बजेट व्यवस्थापन गरियो । विद्यार्थीका लागि प्रयोग गर्न मिल्ने मोबाइल सिम वितरणका प्रयास पनि भए । उक्त प्रयासको बाबजुद पनि सिकाइ उपलब्धिमा असर गरेको कुरा विद्यालय खुलेपश्चात् विस्तारै देखिन थालेको छ । सिक्दै नसिकी पास भइन्छ भन्ने भावना विद्यार्थीमा र सिकाउन नपर्ने भावना शिक्षकमा विकास भएको दोष समेत लाग्ने गरेको छ । शैक्षिक सूचकहरूमा समेत न्यूनता आएको छ । त्यसैले सर्वसुलभ गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने शिक्षासम्बन्धी हक (संविधान) तथा बालअधिकारमा अवरोध पुग्न गयो । अहिले उक्त सिकाइको क्षतिको प्रभाव धेरै क्षेत्रमा देखा परिरहेको छ । कोरोना कालमा सरकारबाट विद्यार्थीको सिकाइ निरन्तरताका लागि गरिएका प्रयासलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ :

- पूर्व प्राथमिक कक्षादेखि कक्षा तीनसम्म अभिभावकले घरमा नै गराउन सक्ने सिकाइ क्रियाकलाहरू र कक्षा चारदेखि कक्षा आठसम्म पाठ्यक्रमले निर्धारण गरेका कम्तीमा ३३ प्रतिशत सिकाइ सक्षमताहरू पूरा हुने गरी स्वाध्यायन तथा सिकाइ क्रियाकलाप सामग्री विकास, छपाइ तथा वितरण
- रेडियो नेपाल, नेपाल टेलिभिजनबाट प्रसारण गर्न सामग्री विकास, रेकर्डिङ र प्रसारण

- शिक्षा समूहको केन्द्र तथा प्रादेशिक सञ्जालसँग नियमित छलफल र तत्काल कार्य योजना तयारी र कार्यान्वयन
- विभिन्न सञ्चार माध्यमसँग सहकार्य र सहजीकरण
- वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका तयारी र कार्यान्वयन (यसलाई मूलधारको सिकाइ हुने गरी खारेज गरी विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका जारी गरिएको)
- आन्तरिक मूल्याङ्कनका आधारमा कक्षोन्नति व्यवस्था
- प्रदेशगत भर्चुअल छलफल
- विपत् व्यवस्थापन गर्न प्रतिकार्य योजना परिमार्जन
- शिक्षक, विद्यार्थीको युजर ग्रुपका लागि मोबाइल सिमकार्ड व्यवस्थापन गर्न नेपाल टेलिकमसँग सहकार्य
- अनलाइन सामग्री विकास, स्वीकृति तथा पोर्टल विकास र प्रयोग
- शैक्षिक सत्रको फेरबदल
- पाठ्यक्रम सङ्कुचन आदि ।

उक्त प्रयासहरू भए पनि पटक पटकको कोरोना लहर र सोका कारण विद्यालय क्वारेन्टिन, आइसोलेसन सेन्टरका रूपमा प्रयोग, शैक्षिक क्षेत्रलाई सङ्क्रमण फैलाउने उच्च जोखिकको क्षेत्र ठानी लगातार विद्यालय शिक्षामा प्रहार, बसाइँसराइ, लैङ्गिक असमानता तथा असमावेशिता, विपन्नता, शिक्षक, विद्यार्थी, अभिभावकलगायत सरोकारवालामा त्रास, कमजोर पूर्वाधार, सहजीकरण अभावलगायतका कारण विद्यालय शिक्षामा पहुँच, निरन्तरता तथा स्तरीयता ह्रास आएको तथ्य प्रस्ट छ । यस क्रममा विद्यालय शिक्षा क्षेत्रको योजना २०७८-२०८७ तर्जुमा हुँदा यसको प्रभावलाई न्यूनीकरण गर्ने गरी कार्यक्रम तय गरियो । यसमा सङ्घ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकाय तथा विद्यालयमार्फत प्रभाव विश्लेषण गरी शैक्षिक क्षतिको आपूरण गर्ने योजना निर्माण र कार्यान्वयन गर्ने (विशिक्षेयो, २०७८-२०८७) व्यवस्था गरियो । कोभिड-१९ लगायतका कारण विद्यार्थीको सिकाइमा भएको क्षतिलाई न्यून गर्न र क्षतिको आपूरण गर्न विद्यार्थीको सिकाइको अवस्था पहिचान गरी पूरक वा वैकल्पिक सिकाइ योजना तयार गरी कार्यान्वयन गर्ने, स्वास्थ्य तथा सुरक्षाका उपाय व्यवस्थित गर्ने, बालबालिकाको अवस्था पहिचान गरी विद्यालय ल्याउने र सिकाइमा सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा क्षमता बढाउने एवम् स्वसिकाइ तथा स्वतन्त्र सिकाइलाई प्रोत्साहन गर्नेलगायतका कार्यहरू समावेश गर्ने (विशिक्षेयो, २०७८-२०८७) विषयलाई नेपाल सरकारले Recovery and Accelerated learning -REAL) plan (2023-2028) तर्जुमा गर्न पुग्यो । उक्त योजनाको रोडम्यापका रूपमा RAPID अर्थात् Reach every child and retain them in school, Assess learning levels regularly, Prioritize teaching the fundamentals, Increase catch-up learning and Develop psychosocial health and wellbeing लाई (विश्व बैङ्क र अन्य, ई.सं.२०२२) समेटिएको छ । कोभिड-१९ का कारण सिकाइमा पुगेको क्षतिको आपूरण गर्ने र सिकाइ आपूरण तथा द्रुत सिकाइका उत्तम अभ्यासहरूलाई संस्थागत गर्ने (ReAl plan-2023-2028, पृ.१२) उद्देश्य लिएको यस योजनाले मुख्य दुई चरणका

क्रियाकलापहरू तयार गरेको छ । प्रणालीको क्षमता र विद्यार्थीको सिकाइ स्तर सघन रूपमा लेखाजोखा गर्ने, सिकाइ सिपको पुनःपरिभाषित गर्ने, सिकाइ आपूरण गर्ने, द्रुत सिकाइ तथा कार्यान्वयन रणनीतिहरू यसले तय गरेको छ । योजनाको पहिलो चरणमा सिकाइ क्षतिको आपूरण र दोस्रो चरणमा द्रुत सिकाइका क्रियाकलापहरू समावेश गरेर मन्त्रालय, प्रदेश र स्थानीय सरकारका साथसाथै गैरसरकारी सङ्घसंसथाहरूको समेत समन्वय, सहकार्य र साझेदारीको अपेक्षा गरेको छ (Real plan-2023-2028), पृ.२२) ।

## ४. प्रमुख समस्या र समस्याका कारण

तीनओटै तहको समन्वय, सहकार्य र साझेदारीमा कोभिड-१९ ले विद्यालय शिक्षामा पारेको क्षति न्यून गर्दै गुणस्तरीय, प्रभावकारी तथा द्रुत सिकाइको व्यवस्थापन आजको आवश्यता हो । कोरोनाको असर न्यून भएको करिब दुई वर्ष भइसक्दा एक थान योजना र सोको कार्यान्वयनका लागि केही बजेट विनियोजन गर्नेबाहेक सिकाइको क्षति पुगेका बालबालिकाको अवस्था यकिन गर्ने र सिकाइमा पुगेको क्षति कम गर्ने उपाय कार्यान्वयन गर्न सकिएको अवस्था छैन । सिकाइलाई व्यक्तिगत आवश्यकतामा आधारित कसरी बनाउने, क्षति पुगेको सिकाइ आपूरण गर्ने गरी लक्ष्य निर्धारण कसरी गर्ने, सिकाइको प्रगतिको मूल्याङ्कन गरी असमानता र विभेद अन्त्य गर्दै सहजीकरण गरी बालबालिकाहरूको सिकाइ क्षतिलाई कम गर्ने, शिक्षकहरूको अभिप्रेरणा र लगावलाई कसरी कायम राख्ने, विभिन्न स्थान र समूहहरूका लागि सिकाइका उपयुक्त वैकल्पिक माध्यमहरू प्रयोग गरी सिकाइ निरन्तर कसरी राख्ने र सबै तहमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहिने क्षमता विकास (युनिसेफ, ई.सं.२०२१) कसरी गर्ने भन्नेलगायतका प्रमुख समस्या तथा चुनौती रहेका छन् । तयार भएको योजनाका अपेक्षित नतिजा प्राप्त हुने गरी सफल कार्यान्वयन आधार बन्न नसक्नु यसको अर्को प्रमुख कमजोर पक्ष हो । यसका प्रमुख कारणलाई सङ्क्षेपमा यसरी प्रस्तुत गरिएको छ :

- **आधार तथ्याङ्क नहुनु**

  सिकाइको पुनःप्राप्तिका लागि लक्ष्य निर्धारण हुनुपर्दछ । आधार सिकाइ उपलब्धिबाट अपेक्षित लक्ष्य किटान गर्न सकिन्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदनले हाम्रा विद्यार्थीको सिकाइ उपलब्धि कमजोर देखाएको यथार्थ नै छ । न्यून सिकाइ उपलब्धि भएको अवस्थामा कोरोनाले पुऱ्याएको क्षतिको आधार कुन हुने भन्ने विषयमा यकिन तथ्याङ्क छैन । कोरोना सुरु नहुँदैको तथ्याङकलाई आधार मान्ने हो भने त्यसलाई कोरोना पछिको अवस्था भन्न मिल्दैन । REAL plan को कार्यान्वयनका लागि अवस्था यकिन गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रले बनाएको निदानात्मक साधन (ERO, २०८०) प्रतिनिधि साधन मात्र हुन् । सिकाइ आपूरणका लागि विद्यार्थीको सिकाइको तह प्रभावकारी हुन्छ (भेन्डेनवर्ग, ई.सं. २०२२) । यिनीहरूले ल्याउने आधार सामान्य सिकाइका प्रतिनिधि भएकाले विद्यार्थीको व्यक्तिगत सिकाइको पूर्ण आधार मान्न सकिँदैंन ।

- **कमजोर सिकाइका बाबजुद पनि उपल्लो कक्षामा कक्षोन्नति हुनु**

कोभिड-१९ को सुरुआतमै विद्यालय तहका परीक्षाहरू तोकिएको मितिमै सक्न मन्त्रालयले निर्देशन दियो । निर्धारित अवधिमा लिने तयारी गरिरहेका विद्यालयले छिटै परीक्षा लिनु पर्ने अवस्था आएकाले अधिकांश विद्यालयले आन्तरिक तथा बाह्य परीक्षा हतारमा लिँदा मूल्याङ्कनको मर्मभन्दा फरक पर्न जानु स्वाभाविकै हो । कक्षा दशको अन्तिम परीक्षासमेत रोकिनु (मोक्तान, २०७७) र कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीमा परीक्षा हुने नहुने त्रास फैलनुले सिकाइलाई थप जटिल बनाएको तथ्य लुक्न सक्दैन । अन्ततः प्रभावकारी सिकाइ नै नभई मूल्याङ्कन गरिने र सोका आधारमा कक्षोन्नति गर्नुले सिकाइको स्तरलाई कमजोर मात्र गरेन बरु विद्यार्थीको सिक्ने क्षमता र सिकाइलाई समेत ठुलो क्षति गऱ्यो ।

- **सिकाइको रणनीति तर्जुमा र वितरण**

सिकाइ व्यक्तिगत विभिन्नतामा आधारित हुन्छ । वैकल्पिक पद्धति आफैँ मूलधारको सिकाइ हुँदैन । हरेक विषयका सिकाइका सक्षमता प्राप्तिमा विपन्नता, प्रविधिको विभिन्नता, असमान प्राविधिक सहयोगलगायतका कारणबाट विपन्न, विकट तथा छात्राहरूको सिकाइलाई अझ कमजोर (विश्व बैङ्क र अन्य, ई.सं. २०२२) बनायो । सिकाउने र सिक्ने पद्धति सबैका लागि एउटै हुनै सक्दैन । सिकाइ पद्धतिले ठिक तरिकाबाट सिकाउँछ (भेन्डेनवर्ग, ई.सं. २०२२) । शिक्षकको अवस्था, विद्यार्थीको सिकाइ पृष्ठभूमि, विषयगत सक्षमता, उमेर तथा शारीरिक अवस्था, उपलब्ध सहजीकरण प्रयासको प्रभावकारिता यसका मूल जड हुन् । विद्यार्थीको सिकाइलाई उनीहरूको विभिन्नताका आधारमा सहयोग गरी क्षति आपूरण गर्न र द्रुत सिकाइतिर लैजान रणनीतिक तयारी सरोकारवालासमक्ष पुऱ्याउन सकिएको छैन ।

- **कमजोर शिक्षक तयारी र पेसागत सहयोग**

भूकम्पलगायतका विपत्मा समेत शिक्षकले थप प्राविधिक सहयोग कमै पाएको अवस्था थियो । परम्परागत शिक्षक तालिमले कक्षाकोठामा प्रभाव छोड्न नसकेको र महामारीको अवस्था योभन्दा पनि फरक भएकाले विद्यालय नियमित खुल्न तथा पठनपाठन हुन थालेपछि पनि शिक्षकलाई सिकाइ क्षति आपूरण गर्ने गरी तत्काल स्पष्ट निर्देशन दिई व्यावसायिक तालिमसमेत उपलब्ध गराउनु पर्थ्यो । छिमेकी देश भारतले स्पष्ट निर्देशन दिएको कुराबाट (विश्व बैङ्क र अन्य, ई.सं. २०२२) समेत सिक्न नसक्नु तथा दिइएका निर्देशन पूरा गराउन शिक्षक पेसागत सहयोग नहुनु यसको कमजोर पक्ष रहेको छ ।

- **स्रोतसाधनको न्यूनता**

महामारीका कारण सिकाइ क्षतिको आपूरणका लागि धेरै वित्तीय स्रोतको आवश्यकता पर्दछ (विश्व बैङ्क र अन्य, ई.सं..२०२२) । नियमित अवस्थामा समेत वित्तीय स्रोत साधन न्यून रहेको हाम्रो मुलुकमा अति सीमान्तकृत  र विभेदीकरणमा परेका वर्गका

विद्यार्थीका लागि थप बजेट जुटाउने चुनौती हामीकहाँ (विशिक्षेयो, २०७८-२०८७) छ । पहिलो चरणका दुईओटा अवस्थामा क्रमशः ने.रु. २,२८०,०००,००० (पहिलो अवस्था) र ने.रु. १,३४७,०००,००० (दोस्रो अवस्था) बजेटको अनुमान गरिएको छ (REAL plan, २०२३-२०२८) । उक्त बजेट जुटाउने क्रममा विकास साझेदार तथा अन्य दातृ निकाय एवम् गैससबाट समेत बजेट जुटाउने तथा प्रदेश र स्थानीय तहसँग साझेदारी गर्ने विषय आफैँमा सहज विषय होइन । सरकारले थप बजेट विनियोजन गर्न र परिचालित बजेटको उपलब्धिमूलक उपयोग गर्नुपर्ने चुनौती रहेको छ ।

- **प्राथमिकीकरण र स्पष्ट निर्देशन**

सिकाइ क्षतिको आपूरणका लागि सिकाइ कार्ययोजनासहित स्पष्ट र ठोस निर्देशन एवम् सहयोग आवश्यक पर्दछ । सामग्री उत्पादन गर्ने र प्रसारण गर्नेबाहेक यस सम्बन्धमा खासै कार्य हुन सकिरहेको छैन । कोभिड-१९ सामान्यीकरण भएको करिब दुई वर्ष भइसकेको छ । सामान्य बजेट विनियोजनबाहेक अभिमुखीकरण, तालिम, प्रविधिक सहयोगसम्बन्धी कामले खासै गति लिन सकेको छैन । REAL plan स्वीकृत भएको छ तर उक्त योजना कसले, कति, कसरी बुझ्यो र कस्तो जिज्ञासा राख्यो भन्ने विषयले प्रभावकारी कार्यान्वयनको बाटो देखाउँछ । शिक्षा मन्त्रालयको वेबसाइटलाई हेर्ने हो भने मिति २०८०।०२।२४ सम्म २६४ पटक मात्र उक्त योजना हेरेको देखिनु यसको कार्यान्वयमा शङ्का गर्ने विषय हो । यस सम्बन्धमा ब्राजिलले लक्ष्य बढायो, लक्षित शिक्षण आरम्भ गऱ्यो, दुई हप्ताको विद्यालय समयको प्रयोग गऱ्यो । जोर्डनले बन्द हुँदा प्रयोग गरिएका विधिलाई निरन्तरता दियो । मोजाम्बिकले प्रारम्भिक कक्षा साक्षर कार्यक्रम सञ्चालन, पाठयोजना सुधार, शिक्षक तालिम, कोचिङ कक्षा सञ्चालन र नियमित लेखाजोखा गऱ्यो (विश्व बैङ्क, ई.सं.२०२२ ) तर हामी एक थान योजना, केही रकम विनियोजन र प्रतिनिधि निदानात्मक साधनमा मात्र रमाइरहेका छौं । न त भारतले झैं राज्यले नै दुई महिनाका लागि शिक्षकले गर्नुपर्ने कार्यको स्पष्ट निर्देशन दियौँ न त विद्यालय निर्मित पूरक पाठ्यसामग्री पढाउन लगायौँ । क्षति आपूरणका लागि स्पष्ट निर्देशन दिनु पर्ने थियो (बेहर, ई.स.२०२२) तर विगतको क्षति आपूरण गरेपछि चालु कक्षा पढाउने भन्ने प्रस्ट निर्देशन पनि कमै शिक्षकले प्राप्त गरे ।

- **साझेदारी, समन्वय र सहकार्य**

हाम्रो जस्तो न्यून आर्थिक अवस्था भएका मुलुकले प्राविधिक तथा सिपगत उपलब्धि प्राप्त गराउन समन्वय, सहकार्य र साझेदारीलाई पहिलो प्राथकिता दिनु जरुरी हुन्छ । यसको अभावमा केन्द्रीकृत रूपमा तयार गरिएका योजनाहरूले अपेक्षित लक्ष्य हासिल गर्न सक्दैनन् । सङ्घ, प्रदेश, स्थानीय तहको समन्वय, सहजीकरण तथा सहकार्यमा गैसस एवम् दातृसंस्थाहरूको सहयात्रा सिकाइ आपूरणका लागि आवश्यक छ । स्थलगत रूपमा शिक्षकलाई प्रविधिक सहयोग पुऱ्याउने संयन्त्र नै छैनन् । विगतका स्रोतकेन्द्रहरू ब्युताउने (बजेट, २०८०-८१) आशयको घोषणा आफैँमा राम्रो हो तर यी स्रोत केन्द्रलाई विगतमा झैं प्रशासनिक कार्यमा अल्झाउने भयबाट मुक्त गराउन आवश्यक छ ।

- **विकल्पको छनोट र प्रयोगमा उदासिनता**

  सिकाइ आपूरणका विभिन्न विकल्प हुन सक्छन् । गुणस्तरीय शिक्षाका लागि स्तरीय पूर्वाधारसहित सिकाइमा ठिमाहा (Hybride) पद्धति अपनाउनु पर्ने हुन्छ । कसरी, कुन तरिकाले प्रत्येक विद्यार्थीको सिकाइ अन्तराल पत्ता लगाउने, कुन विधिबाट क्षति आपूरण गर्ने तथा क्षति आपूरणपछि द्रुत सिकाइमा कसरी लैजाने भन्ने विषय विद्यार्थीको व्यक्तिगत आवश्यकतामा आधारित हुन्छ । यसबारेमा गरिएको तयारी पर्याप्त छैन । उपयुक्त विधि तथा विकल्पको छनोट र प्रयोगप्रति गरिएको उदासिनताले भविष्यमा अर्को जटिलता उत्पन्न गराउने प्रबल सम्भावना हुन्छ ।

- **कमजोर पूर्वाधार**

  शैक्षिक क्षतिको आपूरणका लागि भौतिक पूर्वाधर पर्याप्त छैनन् । न्यूनतम् पूर्वाधारहरू समेत नपुगेका विद्यालयहरूको सङ्ख्या उल्लेख्य छ (विशिक्षेयो,२०७८-२०८७) । पूर्वाधारको अभावमा दुर्गम, विकट तथा विपन्न समुदायका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सिकाइ क्षति पूरा गर्न निकै चुनौती रहेको छ । भारतका केही स्थानमा झैं अति विपन्न  र कडा परिश्रम गर्नेका छोराछोरीका लागि बिहानै सिकाइ स्थल ल्याउने र सिकाउने (विश्व बैङ्क, ई.सं.२०२२) गर्नका लागि हाम्रा पूर्वाधारले सहयोग गर्ने अवस्था छैन ।

## ५. समस्या तथा चुनौती समाधानका उपाय

विद्यालय शिक्षामा पहुँच, निरन्तरता र स्तरीयता कमजोर भइरहेकै अवस्थामा कोभिड -१९ ले झन ठुलो प्रभाव पार्‍यो । यसले सिकाइको क्षतिसँगै सिकाइमा असमानताको गहिरो खाडलसमेत पार्‍यो । योजनाअनुसार क्षति आपूरणलाई थप प्रभावकारी बनाउन देहायका उपायहरू अपनाउन उपयुक्त हुन्छ :

- शिक्षक सहयोग रणनीतिसहित प्रविधिको व्यापक विस्तार र उपयोग गर्न बहुबर्से योजना तर्जुमा गर्ने

- शिक्षकहरूको सङ्ख्या तथा क्षमता पहिचान गरी अपर्याप्त स्थानहरूमा स्थानीय स्वयम् सेवक तथा स्थानीय तालिम प्राप्त जनशक्ति परिचालन गरी कोरोनाका कारण परेको क्षतिको अवस्थाअनुसार न्यूनतम् एक महिना नघट्ने गरी सिकाइ अभियान कार्यक्रम सञ्चालन गर्ने

- विद्यालयका पूर्वाधारहरू स्तरीय शिक्षाका लागि पर्याप्त र अनुकूल बनाउँदै मानसिक, सामाजिक तथा शारीरिक स्वस्थता कायम गर्न न्यूनतम पोषण, विद्यालय स्वास्थ्य तथा सरसफाइयुक्त बालमैत्री, लैङ्गिकमैत्री, प्रविधिमैत्री तथा अपाङ्गमैत्री वातावरण तयार गर्ने

- शिक्षकको व्यावसायिक दक्षता विकाससँगै शैक्षिक क्षतिका सम्भावित प्रारूप तयार गर्ने । यसरी तयार गरिएका प्रारूपहरूलाई स्थानीयकरण गर्न सहजीकरण गर्ने र शिक्षकलाई सिकाइ अन्तराल निदान, विद्यार्थी सहयोग र सिकाइ लेखाजोखा तथा अभिलेखीकरण सम्बन्धमा  सघन रूपमा विशिष्टीकृत पेसागत विकास तालिम सञ्चालन गर्ने

- अभिभावक गुमाएका, सीमान्तकृत, विपन्न तथा लैङ्गिक रूपले वञ्चितीकरणमा परेका समूहका प्रत्येक बालबालिकाको कोरोनाका कारण पुगेको शैक्षिक क्षतिको अन्तराल यकिन गर्न तथा ती अन्तरालहरूलाई न्यूनीकरण गर्नका लागि ब्रिज कोर्स तयार गर्ने । यसका लागि प्राविधिक सहयोग गर्न सक्ने विज्ञहरूको रोस्टर स्थानीय तहमा तयार गर्ने र सोको निरन्तर परिचालन गर्न वित्तीय स्रोत व्यवस्थाप गर्ने

- कोरोनाका कारण विद्यालय शिक्षामा भर्ना हुन नपाएका बालबालिकाको पहिचान गरी सबै बालबालिकाका लागि अनिवार्य रूपमा विद्यालय ल्याउन अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी व्यवस्थाहरू लागु गर्ने

- विद्यार्थीको सिकाइ अन्तरालअनुसार विषयवस्तु तय गरी सिकाइ सहजीकरण गर्न, योजना तर्जुमा गर्न, विद्यार्थीगत लक्ष्य निर्धारण गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने र लगानीमा वृद्धि गर्ने

- अतिसीमान्तकृत समूहका बालबालिका तथा न्यून आम्दानी भएका श्रमिकका बालबालिकाका लागि आवश्यकता पहिचान र विद्यार्थी अनुगमन गरी सिकाइ स्थलसम्म ल्याउन र क्षति भएको सिकाइ आपूरण गर्न गैसस तथा अन्य संस्थाहरू परिचालन र तिनीहरूसँग सहकार्य गर्ने

- सिकाइ क्षतिको आपूरण योजना स्थानीयकरण गर्न प्रदेशहरूलाई प्रोत्साहन गर्ने र यस सम्बन्धमा सम्पादन गर्नु पर्ने कार्य, कार्य अवधि र अपेक्षित नतिजा प्राप्त गराउने विषयमा निर्देशन स्पष्ट दिई सोको प्रगति सार्वजनिक गर्ने व्यवस्था मिलाउने

- सिकाइ आपूरण अभियान (Mission Recovery to Education) (विश्व बैङ्क, ई.सं. २०२१) सञ्चालन गर्ने । यस क्रममा आमसञ्चार तथा सूचना प्रविधिको समेत प्रयोग गर्ने

- आधारभूत अवधारणा तथा सिप प्राप्त गर्न नसकेको वा कुनै खास विषयको विषयवस्तु वा सिपमा कठिनाइ रहेका (विशिक्षेयो, २०७८-२०८७) बालबालिकाको समूह छुट्याउने र समूहअनुसार अतिरिक्त वा पूरक कक्षा सञ्चालन, अतिरिक्त वा पूरक अध्ययन सामग्रीको प्रबन्ध, वर्कसिटको प्रबन्ध, थप अभ्यास वा अन्य आवश्यक सिकाइका लागि योजना निर्माण गरी कार्यान्वयन गर्न विद्यालयलाई प्राविधिक सहयोग उपलब्ध गराउने

- विद्यालयलाई क्षतिको आपूरण हुने गरी वैकल्पिक योजना तयार गर्न, सिकाइका लागि विकल्पहरू छनोट र प्रयोग गर्न प्रेरित गर्ने । यस क्रममा सिकाइ सहजीकरण समय, स्वसिकाइ प्रक्रिया तथा लेखाजोखा गर्ने पद्धतिमा स्वायत्तता प्रदान गर्ने र विद्यालयले आफ्नो कार्य योजनाले तय गरेका लक्ष्यहरू पूरा गरेको वा कोरोना अगाडिको अवस्थामा पुगी सिकाइ द्रुत मोडमा प्रवेश गरेको स्वघोषणा गर्न लगाउने र विद्यालयको कार्य मूल्याङ्कनका आधारमा प्रोत्साहन र पहिचान प्रदान गरी प्रचारप्रसार गर्ने ।

## ६. निष्कर्ष

कोभिड-१९ का कारण हाम्रा बालबालिकाहरूको शैक्षिक सत्रमा मात्र असर गरेन । यसले उनीहरूको सिकाइमा समेत क्षति पुग्यो । सहरिया र सम्पन्न वर्गका बालबालिकाहरूको सिकाइमा भन्दा विपन्न, दुर्गम र पछाडि पारिएका वर्गका बालबालिकाहरूको सिकाइमा धेरै क्षति भयो । पहुँच, निरन्तरता र स्तरीय सिकाइमा भोग्नु परेको क्षति बालबालिकाको जीवनकै क्षति हो । शैक्षिक सत्रको पुनःप्राप्ति हुँदैन तर सिकाइको आपूरण हुन सक्छ (विशिक्षेयो, २०७८-२०८७) । यसको आपूरणका लागि सामान्य र एकल प्रयासले सम्भव छैन । यसलाई सिङ्गो शैक्षिक प्रणालीसँग आबद्ध गर्नुपर्छ । परम्परागत तरिकाबाट मात्र सिकाइको क्षति आपूरण हुने अवस्था छैन । कोरोनाका कारण प्राप्त हुन नसकेका सक्षमता पूरा गर्दै जाने कार्यसँगै नयाँ सक्षमता थप गर्दै जाने ठिमाहा (Hybride) शैलीको प्रयोग गर्न सकिन्छ । विद्यालय तथा स्थानीय तहहरूले तयार गर्ने शिक्षा योजनामा विद्यार्थीका आधारभूत सिप, अभिवृत्ति र अवधारणा समावेश गर्नुपर्छ । आवश्यकता पहिचान, अन्तराल विश्लेषण, लक्ष्य निर्धारण तथा व्यक्तिगत सहयोगका लागि शिक्षक, प्रविधि र स्रोत साधनको सबलता जरुरी छ । विद्यार्थीको सिकाइ मूल्याङकनलाई प्रणालीगत तहमा र कक्षागत तहमा हेर्नुपर्छ । कोरोनाका कारण पुगेको शैक्षिक क्षतिले मानवीय क्षमता घटाउँछ, गरिबी बढाउँछ । बुद्धिमत्ता रूपमा सिकाइ आपूरण गरी द्रुत सिकाइतर्फ लैजान नसके भविष्यमा थप अर्को तर फरक प्रकृतिको झड्का ल्याउन सक्छ । सो झड्का आउन नदिन र आइहाले पनि सामना गर्न सक्ने गरी बालबालिकालाई तयार बनाउनु पर्छ । समयमै नियोजित तयारी र सोको कार्यान्वयन नै यसको मुख्य अस्त्र हुन सक्छ ।

## सन्दर्भ सामग्री


जबरा, स्वयम्प्रकाश, श्रेष्ठ चन्द्रबहादुर र रञ्जितकार, किरणराम (२०५८), शिक्षामा मापन तथा मूल्याङ्कन, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ ।

बिबिसी न्युज नेपाली, (२०२०), कोरोना: २० नोभेम्बर २०२०

at https://www.bbc.com/nepali/news-52266607

पन्त कुमार (२०७७), कोरोनाको स्वास्थ्य र शिक्षामा असर:स्वास्थ्य खबर (२०७७ असोज १ बिहीबार)

नेपालको संविधान, कानुन किताब व्यवस्थापन समिति, काठमाडौँ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७७), विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७, काठमाडौँ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७७), वैकल्पिक प्रणलीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७, काठमाडौं ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७७), विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७, काठमाडौं ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७८), विद्यालय शिक्षा क्षेत्रको योजना (२०७८-२०८७), काठमाडौं ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७९), शैक्षिक सूचना २०७८, काठमाडौं ।

मोक्तान, सन्जिला (२०७७), कोभिड-१९ ले विद्यालय शिक्षामा के प्रभाव पार्‍यो ? के सिकायो ?: हिमाल खबर पत्रिका, शुक्रबार, २८ फागुन २०७७

derived from https://www.himalkhabar.com/news/122523

Behar,Anurag,(2022),School can recover Covid learning loses if we get it right, 07 december 2022

derived from https://www.livemint.com/opinion/columns/schoolgoers-can-recover-covid-learning- losses-if-we-get-it-right-11670435078920.html

CEHRD (2018 ), Revised Contingency plan for Education cluster of Nepal, Bhaktapur

Dawadi, Saraswati; Giri, Ram; Simkhada, Padam (2020). Impact of COVID-19 on the Education Sector in Nepal - Challenges and Coping Strategies. Advance. Preprint. https://doi.org/10.31124/advance.12344336.v1

GoN, MOEST, (2022) Recovery and Accelerated Learning ( ReAL) Plan (2023-2028), Kathmandu

Kumar, Arunaz, Sarkar, Mahbub, Davis, Elizabeth, Morphet, Julia, Maloney, Stephen, Ilic Dragan and Palermo, Claire, (2021), BMC Medical Education (2021) 21:439 https://doi.org/10.1186/s12909-021-02871-w

Stiglitz, Joseph E.(2022),Post-COVID recovery: Viet Nam on the right track but more rigorous changes needed, UNDP at https://www.undp.org/vietnam/post-covid-recovery-viet-nam-right-track-more-rigorous-changes-needed

The world Bank,(2021), Mission: Recovering Education in 2021, march 2021 derieved from https://www.worldbank.org/en/topic/education/brief/mission-recovering-education-in-2021

unesco, (2022) Education recovery ?, United Nations Children's Fund (UNICEF), 2022

https://www.unicef.org/lac/media/32546/file/Where-are-we-in-education-recovery.pdf

Vandenberg, Paul (9 May 2022), Learning Recovery is Complicated by Asia's Preexisting Learning Crisis . derived from

https://blogs.adb.org/blog/learning-recovery-complicated-asia-s-preexisting-learning-crisis

WHO, Director-General's opening remarks at the media briefing on COVID-19 - 11 March 2020. derived from https://www.who.int/director-general/speeches/detail/who-director-general-s-opening-remarks-at-the-media-briefing-on-covid-19---11-march-2020

WHO -convenced Global study of Origin of SARs-COV-2:China part, 2021, Joint WHO-China study

World Bank, the Bill & Melinda Gates Foundation, FCDO, UNESCO, UNICEF, and USAID. 2022. Guide for Learning Recovery and Acceleration: Using the RAPID Framework to Address COVID-19 Learning Losses and Build Forward Better. Washington, DC: World Bank. derived from https://www.worldbank.org/en/topic/education/publication/the-rapid-framework-and-a-guide-for-learning-recovery-and-acceleration

# माध्यमिक तहमा प्राविधिक शिक्षा: पाठ्यक्रम परिमार्जनको आवश्यकता

दीपक शर्मा*

**लेखसार**

*करिब एक दशकदेखि नेपालका सामुदायिक विद्यालयहरूमध्ये केही विद्यालयमा कक्षा ९ देखि १२ सम्म प्राविधिक धारको पठनपाठन हुँदै आएको छ भने केही विद्यालयमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम सञ्चालन भइरहेको छ । प्राविधिक शिक्षाका व्यवस्थापकीय पक्षहरूमा उपयुक्त पाठ्यक्रमको तर्जुमा, सिकाइ पूर्वाधारका लागि आवश्यक लगानी, योग्य तथा सक्षम शिक्षकको प्रबन्ध र श्रम बजारको मागसँगको आबद्धता जस्ता विविध तर चुनौतीपूर्ण आयामहरू रहेका छन् । उही उमेर समूहका विद्यार्थीलाई एउटै परिवेशमा फरक फरक पाठ्यक्रमबाट सञ्चालित यी कार्यक्रमहरूमा विद्यार्थी भर्ना, सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रणाली र विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिसमेतका आधारमा एउटै पाठ्यक्रमको आवश्यकताको विषय उठान भएको सन्दर्भमा यो लेख केन्द्रित छ ।*

## १. पृष्ठभूमि

विद्यालय तहमा प्राविधिक विषयको अध्ययन २००४ सालमा आधार स्कुलको स्थापना भएदेखि सुरु भएको देखिन्छ । २००४ देखि २०१४ सालसम्म आधार स्कुल, २०१५ देखि २०२५ सालसम्म बहुउद्देशीय माध्यमिक विद्यालय, २०२८ देखि २०३७ सालसम्म व्यावसायिक माध्यमिक विद्यालय सञ्चालन र २०३७ सालदेखि यताका प्राविधिक शिक्षालयका क्रियाकलापलाई यस क्षेत्रको विकासको चरणबद्ध शृङ्खलाका रूपमा हेर्ने गरेको पनि पाइन्छ (प्राशिव्याताप, २०७६) । त्यसमध्ये २०७० साल यता प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा सार्वजनिक विद्यालयमा सञ्चालित कार्यक्रमले महत्त्वपूर्ण स्थान ओगट्दै आएका छन् ।

साविकको शिक्षा विभागमार्फत् सामुदायिक विद्यालयमा प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निर्णय २०६८ सालमा भएपछि अलग्गै पाठ्यक्रमको व्यवस्थासहित २०७० सालमा ९९ विद्यालयलाई कक्षा ९ बाट प्राविधिक धारको पठन पाठन सञ्चालन गर्ने अनुमति दिइयो । अहिले शिक्षा तथा मानव स्रोत विकास केन्द्रअन्तर्गत् ५०६ ओटा सार्वजनिक विद्यालयले अनुमति पाई माध्यमिक शिक्षा (कक्षा ९-१२) मा प्राविधिक धारको पठन पाठन सञ्चालन गरिरहेका छन् (MOEST, 2022) । यसरी सञ्चालन गरिएका प्राविधिक धारमा सिभिल इन्जिनियरिङ, इलेक्ट्रोनिक इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ बाली विज्ञान, पशु विज्ञान र सङ्गीत शिक्षा गरी छओटा विषय क्षेत्रका कार्य्रकम सञ्चालित छन् । यो कार्यक्रम सञ्चालन गर्नुपूर्व प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्राविधिक सहायतामा प्राविधिक धारका विषयहरूको पाठ्यक्रमको तर्जुमा पाठ्यक्रम विकास केन्द्रले गरेको हो । अर्कोतर्फ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को अनुमतिमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) सञ्चालन भइरहेको छ । परिषद्ले २०५७ सालदेखि विद्यालय तहमा प्राविधिक शिक्षासम्बन्धी

* *सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय*

एनेक्स कार्यक्रमको अवधारणा अगाडि ल्याएको र आर्थिक वर्ष २०५८/०५९ देखि सामुदायिक विद्यालयमा एनेक्स कार्यक्रम सञ्चालन गरेको थियो । यसैको परिमार्जित स्वरूपमा टेक्स (TECS) कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०६९/७० देखि प्रमाणपत्र तथा डिप्लोमा तहका कार्यक्रम सञ्चालन गर्ने अनुमति परिषद्ले दिँदै आएको छ । आर्थिक वर्ष २०७४/०७५ सम्म १८५ सार्वजनिक विद्यालयमा टेक्स कार्यक्रम सञ्चालनमा थियो भने आर्थिक वर्ष २०७८/०७९ सम्ममा यो कार्यक्रम सञ्चालन गर्न देशभरका ६३६ सामुदायिक विद्यालयले अनुमति पाएका र तीमध्ये ५९० विद्यालयमा कार्यक्रम सञ्चालनमा रहेको देखिन्छ (प्राशिव्याताप, २०७९) र यसले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सञ्चालित समग्र प्रि-डिप्लोमा र डिप्लोमाका कार्यक्रमहरूको कुल आकारको ५२ प्रतिशत कार्यक्रम ओगटेको छ (MOEST 2022) । टेक्स कार्यक्रमको पाठ्यक्रम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् आफैँले निर्माण गरेको हो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२ ले माध्यमिक शिक्षा तीन प्रकारको हुने र व्यावसायिक माध्यमिक शिक्षामा व्यावसायिक विषय बढ्ता र साधारण शिक्षाका विषय कम सिकाइने व्यवस्था गरेको थियो । व्यावसायिक शिक्षाको विविधिकरण कक्षा ८ देखि प्रारम्भ गरी कक्षा ८ देखि १० सम्मका लागि ३ बर्से व्यावसायिक शिक्षाको पाठ्यक्रम त्यस वेला विकास गरी कार्यान्वयनमा ल्याइएको थियो । कुल ९०० पूर्णाङ्कमा साधारण विद्यालयमा २०० पूर्णाङ्कको साधारण व्यावसायिक विषय रहने र व्यावसायिक विद्यालयमा ४०० पूर्णाङ्कको प्राविधिक तथा व्यावसायिक शिक्षा रहने व्यवस्था यो योजनाले गरेको थियो । त्यस वेला व्यावसायिक शिक्षामा प्रयोगात्मकसहितको कृषि विषयको पढाइ हुन्थ्यो । पाठ्यक्रम कार्यान्वयन योजना २०३८ ले भने साधारण र व्यावसायिक दुवै विद्यालयमा नाममात्रको १०० पूर्णाङ्कको व्यावसायिक विषय रहने व्यवस्था गऱ्यो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले एनेक्स कार्यक्रम सञ्चालन गर्दा प्रवेशिका (साविकको एस.एल.सी. र हालको एसइई सरह) परीक्षा अनुत्तीर्ण भएका विद्यार्थीका लागि २९ महिने र प्रवेशिका परीक्षा उत्तीर्णका लागि १५ महिने गरी दुई प्रकारको पाठ्यक्रम कार्यान्वयनमा ल्याएको थियो ।

## २. हाल कार्यान्वयनमा रहेका पाठ्यक्रम

सार्वजनिक विद्यालयले सञ्चालन गर्दै आएको माध्यमिक तहको प्राविधिक शिक्षामा फरक फरक पाठ्यक्रम लागु भएको अवस्था अहिले रहेको छ । प्राविधिक धारका कार्यक्रमहरूमा साधारण धारमा पढाइने अनिवार्य विषयका साथै प्राज्ञिक तथा व्यावसायिक विषयको अध्ययन हुन्छ । प्राविधिक धारमा सिभिल इन्जिनियरिङ, इलेक्ट्रोनिक इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, बाली विज्ञान र भेटनरी विज्ञान र सङ्गीत गरी छ विधागत क्षेत्रमा क्लस्टरिङ गरी पाठ्यक्रमहरू तयार गरिएको छ । टेक्सतर्फ भने प्रमाणपत्र तथा डिप्लोमा तहमा कृषि, वन, इन्जिनियरिङ, स्वास्थ, होटल मेन्जमेन्ट र सामाजिक विषय क्षेत्रमा फरक फरक प्रकारका पाठ्यक्रम रहेका छन् । यसमा प्राविधिक धारमा जस्तो अनिवार्य विषय पढ्नु पर्ने व्यवस्था छैन र तुलनात्मक रूपमा धेरै प्रकारका पाठ्यक्रमहरू तयार भएका छन् । उदाहरणका लागि इन्जिनियरिङ् क्लस्टरभित्र सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ, बायो मेडिकल इन्जिनियरिङ जस्ता १६ प्रकारका पाठ्यक्रमहरू तर्जुमा भई कार्यान्वयनमा गएको देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले तयार पारी कार्यान्वयनमा ल्याएको माध्यमिक विद्यालयको साधारण धार र प्राविधिक धारका पाठ्यक्रमसम्बन्धी विवरण तलको तालिका न. १ मा तुलना गरिएको छ :

*तालिका नं १: सार्वजनिक विद्यालयमा साधारण धार र प्राविधिक धारको पाठ्यक्रम*

| कक्षा | साधारण धारको पाठ्यक्रम | प्राविधिक धारको पाठ्यक्रम |
|---|---|---|
| कक्षा ९ र १० | • विद्यार्थीको उमेर समूह १३-१४ वर्ष<br>• एक पाठ्यघण्टा (Credit Hour) बराबर ३२ कार्यघण्टा (Working hour) हुने<br>• अनिवार्य ५ विषयहरू र ऐच्छिक दुई विषय गरी जम्मा ७ विषय पठन पाठन हुने<br>• अनिवार्य विषयहरूमध्ये नेपाली अङ्ग्रेजी गणित र विज्ञान तथा प्रविधिमा पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १६० घण्टाका दरले तोकिएको । सामाजिक अध्ययन पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ तोकिएको<br>• ऐच्छिक विषय प्रत्येकमा पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ तोकिएको<br>• सबै विषयमा गरी कुल ३२ पाठ्यघण्टा हुने व्यवस्था | • विद्यार्थीको उमेर समूह १३-१४ वर्ष ।<br>• एक पाठ्यघण्टा बराबर ३२ कार्यघण्टा हुने<br>• अनिवार्य ५ विषय (नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन/ऐच्छिक गणित) र व्यावसायिक विधासँग सम्बन्धित ४ विषय गरी जम्मा ९ विषय पठन पाठन हुने<br>• अनिवार्य विषयमा साधारण धारतर्फ जस्तै पाठ्यघण्टा र वार्षिक कार्यघण्टा तोकिएको<br>• जुन विधाको प्राविधिक शिक्षा लिने हो त्यस विद्यासँग सम्बन्धित ४ विधागत विषयको प्रत्येकको पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ तोकिएको<br>• सबै विषयमा गरी कुल ४० पाठ्यघण्टा तोकिएको |
| कक्षा ११ र १२ | • विद्यार्थीको उमेर समूह १५-१६ वर्ष<br>• यस तहमा तीन अनिवार्य र तीन ऐच्छिक विषय गरी छ विषय पढ्ने व्यवस्था । यी छ विषयका लागि कुल २७ पाठ्यघण्टा र ८६४ वार्षिक कार्यघण्टा तोकिएको<br>• विद्यार्थीले चाहेमा ५ पाठ्यघण्टाको थप ऐच्छिक विषय अध्ययन गर्न सक्ने ।<br>• अनिवार्य अङ्ग्रेजीमा पाठ्यघण्टा ४, अनिवार्य नेपाली ३, तोकिएको । कक्षा ११ तथा १२ मा सामाजिक र जीवनोपयोगी शिक्षा वा गणित अनिवार्य विषयका रूपमा रहेको र यी दुवैमा पाठ्यघण्टा ५ तोकिएको तथा प्रत्येक ऐच्छिक विषयमा पाठ्यघण्टा ५ तोकिएको । | • विद्यार्थीको उमेर समूह १५-१७ वर्ष<br>• अङ्ग्रेजी, नेपाली वा सामाजिक अध्ययन तथा जीपनोपयोगी शिक्षा अनिवार्य गरिएको<br>• अनिवार्य दुई विषय, प्राज्ञिक तीन विषय र व्यावसायिक ४ विषय गरी कुल नौ विषय पढ्ने व्यवस्था<br>• प्राज्ञिक विषयको पाट्यघण्टा प्रति विषय ३ र विधागत विषयमा प्रत्येक विषयको पाठ्यघण्टा ४ निर्धारण गरिएको<br>• चार (कक्षा ९ देखि १२ सम्म) वर्षको अध्ययनको अलावा थप एक वर्ष अवधिको कार्यथलोमा आधारित व्यावहारिक अभ्यास अनिवार्य गरिएको |

*(स्रोत: राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६)*

माथिको तालिकाले के देखाउँछ भने उही उमेर समूहका विद्यार्थीले एउटै विषयवस्तु साधारण धारमा भर्ना भएको हो कि प्राविधिक धारमा भन्ने कारणले फरक समयमा सिक्ने क्षमता राख्छन् भन्ने मान्यता यस पाठ्यक्रममा छ । पाठ्यक्रमको उही उद्देश्य, उही विषयवस्तु, राष्ट्रिय परीक्षा बोर्डले लिने परीक्षा उत्तिकै पूर्णाङ्कको अनि परीक्षाको प्रश्नपत्र एउटै छ तर पाठ्यक्रममा सिकाइका लागि फरक पाठ्यघण्टा र फरक कार्यघण्टा तोकिदिएका छन् । उदाहरणका लागि कक्षा १० मा नेपाली, गणित र विज्ञान तथा प्रविधिमा एउटै पाठ्यक्रममा उही सिकाइ उपलब्धि र एउटै परीक्षाका लागि साधारण धारमा पढ्दा ५ पाठ्यघण्टा आवश्यक ठानिएको छ भने त्यही विषय (नेपाली) प्राविधिक धारका विद्यार्थीका लागि तीन पाठ्यघण्टा पर्याप्त हुन्छ भन्ने मान्यता राखिएको छ । समान कठिनाइ स्तरको गणित सिकाउन एउटा शिक्षकलाई साधारण धारका विद्यार्थीको कक्षा भए वार्षिक १२८ कार्यघण्टा चाहिन्छ भने त्यही विद्यालयमा अर्को कक्षामा बसेका प्राविधिक धारका विद्यार्थीलाई त्यही शिक्षकले ९६ कार्यघण्टामा सिकाउन सक्छ र दुवै विद्यार्थी समान तहको परीक्षामा समान तरिकाले प्रतिस्पर्धाका लागि योग्य हुन्छन् वा विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धि समान हुन्छ भन्ने मान्यता यसभित्र देखिन्छ । यस्तो मन्यताको वस्तुपरक वा सिकाइ सिद्धान्तको आधार के हो भन्ने विषयमा बहस भएको देखिँदैन ।

त्यस्तै गरी अलग अलग निकायले स्वामित्व लिएको प्राविधिक धारको पाठ्यक्रम र टेक्स कार्यक्रमको पाठ्यक्रमको तुलनात्मक अवस्थालाई तल तालिका न. २ मा दिइएको छ :

**तलिका न. २: प्राविधिक धार र टेक्स कार्यक्रमका पाठ्यक्रमको तुलना**

| प्राविधिक धारका पाठ्यक्रम | टेक्सका पाठ्यक्रम |
|---|---|
| • कक्षा ९ देखि १२ सम्म ६ प्रकारका कार्यक्रमहरू रहेको र कार्यक्रम अवधि ४+१ वर्ष (one year OJT) रहेको छ ।<br>• कक्षा ८ उत्तीर्ण गरेका विद्यार्थीहरूले कक्षा ९ बाट प्राविधिक धारमा प्रवेश पाउन सक्छन् ।<br>• साधारण धारका अङ्ग्रेजी, नेपाली, गणित र सामाजिक जस्ता अनिवार्य विषयसहित थप प्राविधिक विधाका विषय र सोसँग सम्बन्धित प्राज्ञिक विषयहरू रहने गरी पाठ्यक्रमको ढाँचा रहेको<br>• कक्षा १० को अन्तमा हुने एसइई र माध्यमिक तहको अन्तमा एसएलसी परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन हुने | • पाँच प्रकारका १८ महिना अवधिको प्रिडिप्लोमा र ३ बर्से डिप्लोमा कार्यक्रम रहेको<br>• माध्यमिक तह कक्षा १० को परीक्षा उत्तीर्ण गरेका विद्यार्थी यस कार्यक्रममा भर्ना हुन सक्छन् ।<br>• टेक्स कार्यक्रममा प्राविधिक धारमा रहेको अङ्ग्रेजी, नेपाली, गणित र सामाजिक जस्ता अनिवार्य विषयहरू रहेका छैनन् ।<br>• प्रिडिप्लोमा तर्फ कृषिमा-४, इन्जिनियरिङ्मा-११, स्वास्थ्यमा-५, हस्पिटालिटी/होटल म्यानेजमेन्टमा-३, एप्रेन्टिसिपमा-७, फरेस्ट्रीमा-१ र व्यवस्थापन तथा सामाजिकमा-३ गरी कुल ३१ प्रकारका कार्यक्रमको अलग अलग पाठ्यक्रम रहेको<br>• डिप्लोमा तथा प्रमाणपत्र तहमा फेज आउट हुँदै गरेका कार्यक्रमबाहेक कृषि र प्लान्ट एनिमलमा-७, इन्जिनियरिङ्मा-१७, स्वास्थ्य तथा नर्सिङ विधामा-१९, फरेस्ट्रीमा-१, व्यवस्थापन तथा सामाजिकमा-७ र हस्पिटालिटीमा १ गरी |

| | |
|---|---|
| | कुल ५२ प्रकारका कार्यक्रमहरूको अलग अलग पाठ्यक्रम रहेको छ र थप पाठ्यक्रम विकास हुँदै गरेको पनि देखिन्छ ।<br>• यस तहको अन्त्यमा हुने परीक्षा र मूल्याङ्कन परिषद्को आफ्नै परीक्षा नियन्त्रण कार्यालयबाट हुने गरेको छ । |

(स्रोतः http://moecdc.gov.np, http://www.ctevt.org.np/curriculum)

## ३. पाठ्यक्रम परिमार्जनको आवश्यकता

भनिन्छ, पाठ्यक्रम शैक्षिक व्यवस्थाको रक्तसञ्चार प्रणाली हो जसका कारण शिक्षा पद्धति नै प्रभावकारी वा अप्रभावकारी दुवै हुन सक्छ । पाठ्यक्रम राष्ट्रको शैक्षिक गन्तव्यमा पुग्ने मूल मार्ग हो । त्यसैले देशले अङ्गिकार गरेको शैक्षिक दर्शन, सिकारुको उमेर समूहअनुसारको सिकाइ आवश्यकता र सिकारु हुर्किरहेको स्थानको सामाजिक आर्थिक परिवेशलाइ समेत विचार गरेर नयाँ पाठ्यक्रम निर्माण वा कार्यान्वयनमा रहेको पाठ्यक्रम परिमार्जन गरिरहनु पर्दछ भन्ने मान्यता राखिन्छ । विद्यालय तहको प्राविधक शिक्षाको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी पाएका दुई निकायमध्ये पाठ्यक्रम विकास केन्द्र आफैँले पनि आवश्यकताअनुसार पाठ्यक्रमलाई प्रत्येक वर्ष अध्यावधिक गरिने, सामान्यतयाः प्रत्येक ५ वर्षमा समसामयिक परिमार्जन गरिने र सामान्यतया प्रत्येक १० वर्षमा पुनरवलोकन गरी समयानुकूल परिवर्तन गरिने भनेर राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा उल्लेख गरेको छ । पाठ्यक्रम तर्जुमासहित व्यवस्थापकीय प्रबन्ध समेत हेर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि छाता सङ्गठनका रूपमा काम गर्ने अर्को निकाय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले पनि शिक्षा तथा मानवस्रोत विकास केन्द्र र परिषद्ले समानान्तर रूपमा सञ्चालन गरेका एकै प्रकारका कार्यक्रमबिच समन्वयको अभाव भएकाले एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्न जरुरी भएको भन्दै प्राविधिक शिक्षामा माध्यमिक शिक्षा कक्षा १० को परीक्षा (SEE) पछि प्रवेश गराई एकरूपता कायम गर्नु पर्दछ भन्ने तर्क गर्दै आएको देखिन्छ (प्राशिव्याताप, २०७६) । फरक फरक पाठ्यक्रम नगरौँ एउटै पाठ्यक्रमबाट कार्यक्रम सञ्चालन गरौँ भन्ने विषय २०६८ सालमा पाठ्यक्रम तर्जुमाकै सन्दर्भमा विज्ञ र नीति निर्माताहरूबिच झिनो रूपमा भए पनि सबाल नउठेको चाहिँ होइन । तर यो विषय २०७६ यता सुनिने र आवश्यकता महसुस गरिने गरी सतहमा आएको छैन ।

आजको एउटा प्रमुख चुनौती भनेको पाठ्यक्रम तथा पाठ्यपुस्तकको गुणस्तर र सान्दर्भिकता सुधार गरी निर्मित पाठ्यक्रम (Designed Curriculum), कार्यान्वित पाठ्यक्रम (Implemented Curriculum) र प्राप्ति गरिएको पाठ्यक्रम (Attained Curriculum) बिचको अन्तर कम गर्नु नै हो । प्रत्येक स्थानीय तहमा कम्तीमा एकओटा सुविधा सम्पन्न प्राविधिक धारको पढाइ हुने विद्यालय वा प्रविधिक शिक्षालय स्थापना गर्ने विषय २०७४ को निर्वाचनको समयदेखि नै राजनीतिक एजेन्डासमेत बन्दै आएको अवस्थामा प्राविधिक शिक्षाको ठुलो हिस्सा (करिब ५२ प्रतिशत) सार्वजनिक विद्यालयमा सञ्चालित कार्यक्रमले ओगट्ने, अपवाद जस्तो देखिने गरी केही कार्यक्रममा बाहेक प्रायः कार्यक्रममा अपेक्षित विद्यार्थी भर्ना नहुने र समग्र भर्ना दर कुल भर्नादर क्षमताको आधा (५१ प्रतिशत ) मात्र रहने वर्तमान अवस्थाले प्राविधिक धार तथा टेक्स कार्यक्रमका पाठ्यक्रम

कार्यान्वयनको चुनौतीपूर्ण अवस्थालाई इङ्गित गर्दछ । सङ्ख्यात्मक विस्तारको चाहना वा कोरा मागलाई छाड्ने हो भने माध्यमिक तहका प्राविधिक धार वा टेक्सका शैक्षिक कार्यक्रम पूर्ण क्षमतामा सञ्चालन हुने प्रबन्ध गर्नु पनि आजको एउटा प्रमुख चुनौती भएको छ । यो विषयलाई समेत पाठ्यक्रमको सान्दर्भिकता र प्रभावकारितासँग गाँसेर बहस गर्न आवश्यक छ ।

माध्यमिक तहमा प्राविधिक धारमा साधारण धारभन्दा बढी विषयहरू रहेको, सिटिइभिटीबाट विकास गरिएका टेक्सका पाठ्यक्रममा एसइई पास गरेपछि पढाइ हुने गरी राखिएका विषयवस्तुहरू प्राविधिक धारमा कक्षा ९ र १० मा नै राखिएका कारण कठिनाइको तह बढी भयो भन्ने अध्यापन गर्ने शिक्षक प्रशिक्षकको प्रतिक्रिया सुनिएको तथा विद्यार्थीलाई पाठ्यपुस्तक वा पर्याप्त अध्ययन सामग्री नहुनु र माध्यम भाषाको बाध्यता जस्ता कारणबाट पनि विद्यार्थी आकर्षित हुन सकेका छैनन् भन्ने गुनासाहरू विद्यालय तहबाट आउने गरेको छ । अहिलेको पाठ्यक्रमहरू श्रम बजारको मागअनुरूप निर्माण र परिमार्जन गर्न सकिएको छैन् भन्ने आलोचनाका साथै प्राविधिक धार (कक्षा ९-१२) को पाठ्यक्रमका विषयवस्तुहरू बोझिलो, बढी सैद्धान्तिक र प्रयोगात्मक पक्ष कम रहेको भन्ने तथा परीक्षा र मूल्याङ्कन प्रणाली एवम् सिकाइ उपलब्धिका हिसाबले दुई थरी कार्यक्रमका बिच असमानता रहेको भन्ने टिप्प्पणी समेत हुँदै आएका कारणबाट पनि पाठ्यक्रममा परिमाजर्न गर्नु पर्ने अवस्था देखिएको छ ।

पाठ्यक्रमको कार्यन्वयन तहमा सुनिने माथि उल्लेख गरिएका प्रकृतिका गुनासा र पृष्ठपोषणलाई केलाउँदा कहीँ न कहीँ पाठ्यक्रममा हुनुपर्ने धरातलीय र लम्बीय सन्तुलन मिलेको छैन कि भन्ने नै देखिन आउँछ । यी विषयहरू पाठ्यक्रमको सान्दर्भिकता र विश्वसनीयतासँग पनि कुनै न कुनै हिसाबले गाँसिन्छन् नै । हाल माध्यमिक तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति लिई प्राविधिक धार सञ्चालन गरेका विद्यालयहरू र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट अनुमति लिइ टेक्स कार्यक्रम सञ्चालन भएका विद्यालयमा फरक फरक पाठ्यक्रम लागु भएको अवस्थालाई अन्त्य गरी एकै प्रकारको पाठ्यक्रम लागु गरिनु पर्ने माग पाठ्यक्रमका प्रयोगकर्ता वा उपभोक्ताको चाहना हो भन्न सकिन्छ । यस सन्दर्भमा सरकारी तहमा निर्माण भएका शिक्षासम्बन्धी महत्त्वपूर्ण निम्नलिखित दस्तावेजहरूले एउटै पाठ्यक्रमको आवश्यकतालाई प्रस्ट रूपमा दिशा निर्देश गरेका छन् ।

*राष्ट्रिय शिक्षा नीति २०७६*

- *शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत विद्यालयस्तरमा सञ्चालन भइरहेको प्राविधिक धारतर्फको कक्षा ९-१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्अन्तर्गत सञ्चालित तीन बर्से प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन बर्से पाठ्यक्रम लागु गरिने छ । (नीति १०.१३.३)*

***शिक्षाको सोचपत्र २०७९***

- *सुधार तथा परिवर्तनका स्तम्भ (प्रमुख रणनीति): स्थानीय, राष्ट्रिय तथा भूमण्डलीय सन्दर्भ समेतलाई दृष्टिगत गरी पाठ्यक्रमको निरन्तर अध्यावधिक गरी गुणस्तरीयता कायम गर्ने (पृष्ठ २३)*
- *रूपान्तरणका क्षेत्र र अपेक्षित उपलब्धि: पाँच वर्षभित्र प्राविधिक धारमा समान अर्थात् एउटै पाठ्यक्रमको व्यवस्था गर्ने (पृ. ७१ ) ।*
- *सुधारका कार्य: प्राविधिक माध्यमिक तहमा एउटै पाठ्यक्रम व्यवस्था गर्ने । (पृ. ७२ ) ।*

*School Education Sector Plan (SESP) 2022/23-2031/32*

- *Develop a post–grade 10 minimum three-year secondary technical program for pursuing technical education after receiving required competencies related to basic skills in language, math, science, social and civic subjects (4.3.2 Strategies No 13 p45);*
- *Improve, revise and adjust the curriculum of technical stream of school level based on the assessment of the current state of implementation (5.1.3 Strategies No p 58)*
- *Revised structure and curriculum of technical stream for secondary level are prepared. (Result Framework 4.3 output 2.1 page 47); Key activities 2.1.1: Conduct a study on effectiveness of programs under technical secondary education; and 2.1.2 Integrate and revise the structure, standards and curriculum of technical secondary Education. (p 47).*
- *Revise- and develop curriculum and curricular materials for technical stream (Result framework 5.1. Key activity 1.1.3 p60)*

## ४. निष्कर्ष

हाल माध्यमिक तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबट अनुमति लिई प्राविधिक धार सञ्चालन भएका विद्यालयहरू र पाविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट अनुमति लिई टेक्स कार्यक्रम सञ्चालन भएका विद्यालयहरूमा फरक फरक पाठ्यक्रम लागु भएको अवस्थालाई अन्त्य गरी एकै प्रकारको पाठ्यक्रम लागु गरिनु पर्दछ भन्ने माग तथा अवधारणालाई

तत्काल कार्यान्वयनमा लैजानु पर्ने आवश्यकता रहेको छ । सङ्ख्यात्मक विस्तारको मागलाई छाड्ने हो भने माध्यमिक तहका प्राविधिक शिक्षाका शैक्षिक कार्यक्रमहरू सिकारुको आवश्यकता र समयको मागका आधारमा पूर्ण क्षमतामा सञ्चालन हुने प्रबन्ध गर्नु आजको एउटा प्रमुख चुनौती हो । यसका लागि गरिने शैक्षिक सुधारका कार्यक्रमगत सङ्गति मिलाउने हो भने पाठ्यक्रममा सुधारको विषय अग्रभागमा आउँछ । तर सुधार गरिएको वा परिमार्जन गरिएको पाठ्यक्रमले निर्मित पाठ्यक्रम, कार्यान्वित पाठ्यक्रम र प्राप्ति गरिएको पाठ्यक्रमबिचको अन्तर कम गर्ने कुराको सुनिश्चतता गर्न सक्छ कि सक्दैन भन्ने विषय त्योभन्दा अझै पेचिलो सवाल हो ।

## सन्दर्भ सामग्री


पाठ्यक्रम विकास केन्द्र (२०७६), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, पाठ्यक्रम विकास केन्द्र, सानीठिमी, भक्तपुर ।

प्राशिव्याताप (२०७६), प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम एक झलक । सिटिइभिटी, सानोठिमी भक्तपुर ।

प्राशिव्याताप (२०७९), प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालीम परिषद्: वार्षिक / एक झलक, सिटिइभिटी, सानोठिमी भक्तपुर ।

शिविप्रम (२०७६), राष्ट्रिय शिक्षा नीति, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

शिविप्रम (२०७९), शिक्षाको सोचपत्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदबार, काठमाडौं ।

(MOEST 2022). TVET Sector Strategic Plan (2023-2032 AD). Ministry of Education, Science and Technology, Singhadurbar, Kathmandu.

MOEST (2022a). School Education Sector Plan for the Nepal School Education Sector 2022/23-2031/32. Ministry of Education, Science and Technology, Singhadurbar, Kathmandu

# विद्यालयमा नवप्रवर्तनको प्रयोग : अवधारणा र अभ्यास

✍बाबुराम ढुङ्गाना, पिएचडी*

**लेखसार**

*नवप्रवर्तन एक कार्यशैली हो । नवप्रवर्तनको सुरुआत र विकास नवीन सोचबाट मात्र हुन्छ । किशोरकिशोरी र युवा पुस्तालाई सिर्जनसिलताको अवसर दिनुपर्छ । सिर्जनशिलतामा नै नवप्रवर्तन हुन्छ । नवप्रवर्तनको केन्द्र विद्यालय र विश्वविद्यालय हुन् । विद्यालय नवप्रवर्तनले समाजमा नवप्रवर्तनात्मक संस्कृतिको विकास गराउँछ । विश्वका अन्य देशहरूको दाँजोमा लगानी र उत्पादनका दृष्टिले नेपालको नवप्रवर्तनको सूचक सन्तोषजनक छैन । हाल विद्यालयमा नवप्रवर्तनका लागि नीति तथा कार्यक्रममा केही सुधारका लक्षण देखिएका छन् । नवप्रवर्तनको उत्पादनलाई इन्क्युवेसनका माध्यमबाट व्यवहारोपयोगी बनाई उद्यमका क्षेत्रमा प्रवेश गराइन्छ । विद्यालयमा नवप्रवर्तन र उद्यमशीलताका विषयमा समाजमा प्रशस्त भ्रमहरू छन् । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालयमा नवप्रवर्तनात्मक गतिविधि सञ्चालन गर्न र शिक्षालाई उद्यमशीलता उन्मुख बनाउन मार्ग प्रशस्त गरेको छ । विद्यालयमा नवप्रवर्तन कार्यक्रम पाठ्यक्रमभित्रबाट सञ्चालन गरिनु पर्दछ । विद्यालय तहदेखि नै उद्यमशीलता प्रति नयाँ पुस्तालाई आकर्षित गर्न नियमित कार्यक्रममार्फत शिक्षक र विद्यार्थीलाई समेट्ने गरी नवप्रवर्तनात्मक कार्यक्रमको अवसर उपलब्ध गराइनु पर्दछ । विद्यालयमा नवप्रवर्तनको प्रवर्धन गर्न सरकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रबाट देखाइएको चासोलाई समेट्न सकियो भने यो उद्देश्यमूलक हुन्छ । नवप्रवर्तनले व्यावसायिकताको विकासलाई मात्र सहयोग नपुर्‍याई प्राज्ञिक उन्नयनका लागि समेत मदत पुर्‍याउँछ ।*

## १. पृष्ठभूमि

चलनचल्तीको 'नवप्रवर्तन' शब्द कर्णप्रिय भएकाले धेरै पाठक र स्रोताले मन पराएको पाइन्छ । यो शब्दले के अर्थ लगाउँछ र कसरी यसको प्रयोग हुन्छ भन्ने बारेमा धेरैमा अन्यौलता देखिन्छ । नवप्रवर्तन सुन्न मात्र नभएर प्रयोगमा ल्याउने रहर सबैमा हुन्छ । तर कसले र कसरी प्रयोगमा ल्याउने भन्ने बारेमा धेरै छलफल नहुनु र लेखाइमा यो विषय कम हुन जाँदा केही भ्रम पनि देखिएका छन् । नवप्रवर्तन एक कार्यशैली हो । यो एउटा प्रक्रिया र त्यसै प्रक्रियाको चरणबाट उत्पादित नतिजा पनि हो । यसको प्रयोग व्यक्तिगत र सङ्गठन दुवै तहमा हुन्छ । सङ्गठनमा घर, संस्था, विद्यालय, कार्यालय आदि ठाउँमा यसको प्रयोग हुन्छ । हरेक ठाउँमा हुने एउटा साझा कुरा के हो भने नवप्रवर्तनका लागि मानव मस्तिष्कले वैज्ञानिक ढङ्गले वा फरक तरिकाले वा सिलसिलाबद्ध रूपमा तार्किक ढङ्गले सोच्नु पर्ने हुन्छ । यस सम्बन्धमा लेखिएका साहित्यलाई हेर्दा यो भन्न सकिन्छ कि नयाँ तरिकाबाट कुनै कार्य गर्नुलाई नवप्रवर्तन भन्छन् । नवप्रवर्तन र आविष्कार फरक कुरा हुन् । आविष्कारमा जन्म वा उत्पत्ति हुन्छ भने नवप्रवर्तनले उत्पत्ति भएका उत्पादनलाई

* निर्देशक, पाठ्यक्रम विकास केन्द्र

हुर्काउने र प्रस्फुटन गराउने कार्य गर्दछ । सुन्दर बनाउने, चम्काउने र अझ परिस्कृत गर्ने काम गर्दछ । नवप्रवर्तन मानवको उत्कृष्ट सोचबाट मात्र हुन्छ । नवप्रवर्तनको सुरुआत र विकास नवीन सोचबाट मात्र हुन्छ । सिर्जनात्मक सोचबाट नै नवप्रवर्तनको जन्म हुन्छ ।

किशोरकिशोरी र युवा पुस्तालाई सिर्जनशिलताको अवसर दिनुपर्छ । सिर्जनशिलतामा नै नवप्रवर्तन हुन्छ । यसले कामको गुणस्तरलाई वृद्धि गराउँदै मानव व्यवहारमा सुधार ल्याउँछ । नवप्रवर्तन सुधारसहितको उत्पादन वा सेवा हुन सक्छ । यो योजना, प्रक्रिया र उत्पादन सबै हो । नवप्रवर्तनमा काममा सरलता, प्रयोगकर्ता मैत्रीपन, सुलभता, विश्वसनियता, प्रविधिको प्रयोग र सुपथ उपलब्धता जस्ता विशेषता रहन्छन् । नवप्रवर्तनको केन्द्र विद्यालय र विश्वविद्यालय हुन् । छिमेकी मुलुक भारतमा विद्यालयलाई नवप्रवर्तन केन्द्र भनेर चिनाउने गरिएको पाइन्छ । प्रत्येक शिक्षण संस्थाका शिक्षक र विद्यार्थी नवप्रवर्तनकर्मी हुन् । यसैले उनीहरूलाई नवप्रवर्तनात्मक कार्यमा भाग लिने मौका दिनुपर्छ । हाल नेपालमा पनि यस कार्यक्रमलाई सहयोग पुग्ने गरी बिभिन्न निकायबाट कार्यक्रमको सुरुआत भएको छ । यस अवधारणापत्रको मुख्य उद्देश्य विद्यालयमा नवप्रवर्तनात्मक कार्यक्रम कसरी सञ्चालन गर्ने भन्ने विषयमा स्पष्ट पार्नु हो ।

**नवप्रवर्तनमा नेपालको स्थान**

विज्ञान तथा प्रविधिको विकास, नवीनतम चिन्तनको अभ्यास, नवप्रवर्तनमा लगानी जस्ता सूचकहरूमा गरिएको लगानीले देशको विकासको अवस्था झल्काउँछ । संयुक्त राष्ट्रसङ्घअन्तर्गतको विश्व बौद्धिक सम्पत्ति सङ्गठन (World Intellectual Property Organization) ले सातओटा सूचकको प्रयोग गरी हरेक वर्ष Global Innovation Index (GII) मार्फत संसारका धेरै मुलुकको नवप्रवर्तनको अवस्थाको तुलनात्मक अध्ययन गर्दछ । GII मा प्रयोग गरिएका सातओटा सूचकमा नवप्रवर्तनसँग जोडिएका सङ्घसंस्था, यस कार्यमा संलग्न मानव पुँजी र अनुसन्धान, पूर्वाधार, परिष्कृत बजार, परिष्कृत ब्यापार, ज्ञान र प्रविधिको उपलब्धि र सिर्जनात्मक उपलब्धि पर्दछन् ।

**Rankings for Nepal (2020–2022)**

| GIIYR | GII | Innovation inputs | Innovation outputs |
|---|---|---|---|
| 2020 | 95 | 89 | 106 |
| 2021 | 111 | 99 | 116 |
| 2022 | 111 | 106 | 111 |

Source: GII 2022 , WIPO

सन् २०२२ मा विश्वका १३२ देशहरूसँगै नेपालसहितको नवप्रवर्तनको अवस्था अध्ययन गरेकामा नेपाल सन् २०२१ र २०२२ मा १११ औं स्थानमा रहेको पाइनुले सन्तोषजनक अवस्था नरहेको जनाउँछ ।

## २. विद्यालयमा नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालनका लागि कार्यगत आधार

नेपाल सरकारले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत नवप्रवर्तनात्मक नीति जारी गरेको छ । यस नीतिमा नवप्रवर्तनको काम राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठानमार्फत हुने भनिए तापनि विश्वव्यापी अभ्यासले यो कार्य विद्यालय वा विश्वविद्यालयबाट सम्भव भएको पुष्टि भएको छ । नेपालमा सरकारीस्तरमा नवप्रवर्तन केन्द्रको स्थापना र यसको सञ्चालनका सम्बन्धमा कुनै निकाय नभएका वेलामा डा. महावीर पुनको अगुवाइमा राष्ट्रिय आविष्कार केन्द्र खुल्यो र हाल यस केन्द्रको अगुवाइमा भएको आन्दोलनलाई सम्बोधन गर्ने क्रममा नेपाल सरकारले नवप्रवर्तनलाई प्रवर्धन गर्ने कानुन बनाउने र आर्थिक वर्ष २०८०/०८१ को वार्षिक वजेटमा कार्यक्रमले सम्बोधन गर्ने गरी सहमति गरेको छ । नवप्रवर्तनका काम गर्न फरक नामबाट सञ्चालनमा आएका अनेकन कार्यक्रमलाई जोड्न सकिन्छ । नेपाल सरकारले शिक्षणलाई एकीकृत ढाँचामा सञ्चालन गर्नका लागि विज्ञान, प्रविधि, इन्जिनियरिङ, मानविकी र गणित (STEAM) सँगसँगै जोडेर लैजाने नीतिसमेत लिएको छ । विद्यालयहरूले प्राविधिक धारका कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, सिक्दै कमाउँदै कार्यक्रम जस्ता सङ्घीय सरकारबाट प्राप्त हुने कार्यक्रमहरूलाई र प्रदेश सरकारबाट प्राप्त भएका एक विद्यालय एक उद्यम कार्यक्रमलाई यसमा समेटेका छन् । कतिपय विद्यालयले आफ्नै स्रोतबाट STEAM कार्यक्रम, विद्यालय उद्यमशीलताका कार्यक्रमलगायतका अन्य नयाँ कार्यक्रम सञ्चालन गर्दै आएका छन् । हरेक वर्ष विज्ञान प्रदर्शनी, कृषि मेला प्रदर्शनी, सिकाइ मेला, कला प्रदर्शनी जस्ता कामहरू गरी आएका छन् । नव युवाले रोबोट, गाडी, हेलिकोप्टरका नमुना बनाई प्रदर्शन पनि गर्ने गरेका छन् । विद्यालय शिक्षाको पाठ्यक्रमले व्यवहारकुशल सिप र जीवनोपयोगी सिपको विकास गर्ने उद्देश्य राखेको छ । विज्ञान र प्रविधिलाई प्रारम्भिक कक्षादेखि सँगसँगै सिकाउने प्रयास गरेको छ । विभिन्न कक्षामा वित्तीय साक्षरताका कार्यक्रम र पेसा तथा व्यवसायसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका पाठहरू समावेश गरिएका छन् । नवप्रवर्तनमा सिर्जना हुन्छ, सिर्जनालाई सहजीकरण गर्दा इन्क्युबेसन प्राप्त हुन्छ । सहजीकरणसहितको उत्पादनले उद्यमशीलताको विकास गर्छ । किशोरकिशोरी र युवायुवतीले अध्ययनसँगै सोचलाई दृश्यात्मक बनाउन मस्तिष्कलाई क्रियाशील गराउने भएकाले यसका लागि प्रशस्त अवसर दिनुपर्छ । शिक्षा मानव व्यवहारमा सुधार ल्याउनका लागि हो केवल सैद्धान्तिक ज्ञान र प्रमाणपत्र प्रदान गर्नका लागि मात्र होइन भन्ने तथ्यको पुष्टि शिक्षण संस्थामा गरिएका नवप्रवर्तनात्मक कार्यक्रमले गर्दछ ।

## ३. नवप्रवर्तनका चुनौती

नवप्रवर्तनात्मक काम नियमित रूपमा सञ्चालन गर्नका लागि विद्यालय वा विश्वविद्यालयमा स्थायी संयन्त्र भने बनेको देखिँदैन । साना साना अभ्यास गरिए तापनि त्यसलाई दिगोपन नदिइनु, उत्पादनसँग नजोडिनु, अध्ययन र कार्यलाई सँगसँगै लैजाने प्रवृत्ति कमजोर रहनु यस क्षेत्रका प्रमुख चुनौती हुन् । नयाँ पुस्ता वा आगामी ब्याचका विद्यार्थीमा बुझाइ हस्तान्तरण नगरिनु, नवप्रवर्तनका बारेमा छलफल, प्रयोग, अध्ययन, अनुसन्धान नहुनुले यो विषयको महत्त्व बुझाउन सकिएको छैन । यसमा गरिने लगानी, जनशक्ति, समय र वातावरणको उपलब्धता थप विचारणीय विषयहरू हुन् । कुनै विद्यालयले नवप्रवर्तनका नाममा आफूसँग भएका स्रोत र साधनको सहायताले विद्यार्थीको सिप सिकाइ, ज्ञानमा विस्तार र क्षमतामा वृद्धि हुने काम नगरी आर्थिक समृद्धि मात्र हुने गरी कार्यक्रम सञ्चालन गरिएको छ भने त्यो नवप्रवर्तन होइन । यसमा त्यस विद्यालयका सबै शिक्षक र

विद्यार्थीको नियमित रूपमा सहभागी हुने पालो आउनु पर्दछ । सबै जनाले एकै नासले नवप्रवर्तन गर्न नसक्नु फरक विषय भए तापनि केही छानिएका विद्यार्थीलाई मात्र अवसर दिने गर्नु हुँदैन ।

## ४. विद्यालय तहमा नवप्रवर्तन (School Innovation) का सम्बन्धमा फैलाइएका भ्रम र यथार्थता

नवप्रवर्तनका क्षेत्रमा काम गर्नुभन्दा पहिले यस क्षेत्रमा फैलाइएका भ्रमहरू के के हुन् केलाउने र के भ्रम हो र के सत्य हो यकिन हुनैपर्छ । नवप्रवर्तनका सम्बन्धमा हाम्रो समाजमा व्याप्त भ्रमलाई यहाँ केलाएर हेर्ने प्रयास गरिएको छ :

१. नवप्रवर्तन उद्योग मन्त्रालयले मात्र गर्ने हो । कामदार युवाले मात्र नवप्रवर्तनका क्षेत्रमा हात हाल्न मिल्छ । शिक्षण संस्था नवप्रवर्तन गर्ने निकाय होइनन् । विद्यालय र विश्वविद्यालय भनेका त केवल ज्ञान आर्जन गर्ने स्थलहहरू हुन् ।

२. नवप्रवर्तन त विज्ञान र इन्जिनियरिङ विषयका विद्यार्थीले मात्र गर्ने काम हो । अरू विषयका विद्यार्थी यो कार्य गर्ने सामर्थ्य राख्दैनन् । विज्ञान तथा प्रविधि प्रतिष्ठानबाहेक अरूले गरेर यो काम टुङ्गोमा पुऱ्याउन सक्दैनन् ।

३. ठुला ठुला आविष्कार वा वस्तु उत्पादन मात्र नवप्रवर्तन हुन् ।

४. नवप्रवर्तनका लागि अलग्गै संस्थाले विशुद्ध नवप्रवर्तन गर्ने उद्देश्य राखी काम गरेको हुनुपर्छ । पढ्ने पढाउने स्थानमा नवप्रवर्तन गराउनु भनेको पढाइलाई अवरोध पुऱ्याउनु हो ।

५. नवप्रवर्तन भनेको त केवल नमुना मात्र बनाएर छोड्ने हो । विद्यालय वा युवाबाट प्रायोगिक उत्पादनको कल्पना गर्न सकिँदैन । यो त केवल प्रदर्शनीका लागि मात्र हो ।

६. शिक्षण संस्थामा गरिने नवप्रवर्तनमा शिक्षकको भूमिका रहँदैन । यो कार्यमा विद्यार्थी मात्र सहभागी हुन्छन् । शिक्षकलाई नवप्रवर्तनात्मक कार्यमा जोड्न सकिँदैन ।

७. नवप्रवर्तनात्मक कार्यक्रम भनेको सभा, सेमिनार, प्रवचन, रेडियो र टिभीमा गरिने संवाद हुन् ।

८. नवप्रवर्तनको क्षेत्र सीमित हुन्छ । कार्य निर्देशित हुन्छ ।

९. नवप्रवर्तन सधैँ महँगो हुन्छ । नवप्रवर्तन प्रयोगशालामा मात्र सम्भव हुन्छ ।

१०. नवप्रवर्तन पाठ्यक्रमभन्दा बाहिरको विषयवस्तु हो ।

११. यो शिक्षकका लागि थप बोझको विषयवस्तु हो ।

१२. यसले शिक्षकमा थप पारिश्रमिक दिलाउँदैन ।

१३. यसले पढाइलाई सघाउ पुऱ्याउँदैन ।

नवप्रवर्तनका सम्बन्धमा माथि उल्लेख गरिएकाभन्दा धेरै भ्रम समाजमा व्याप्त छन् । यहाँ उल्लेख गरिएका भ्रमहरू सार्वजनिक सेवाका प्रशासक, शिक्षक, अभिभावक र विद्यार्थीले कहीँ कतै अभिव्यक्त

गरेका विचारका आधारमा लेखिएका हुन् । माथिका उदाहरणलाई फरक ढङ्गबाट अर्थ लगाउँदा नवप्रवर्तनसँग सम्बन्धित भ्रमबाट मुक्त हुन सकिन्छ । नवप्रवर्तनको उद्देश्य नवीन सोचबाट उत्पत्ति भएको उत्पादनलाई वास्तविक संसारसम्म पुऱ्याउनु हो । एक पटकका लागि झुलुक्क देखाउनु मात्र होइन ।

## ५. विद्यालय तहमा नवप्रवर्तनको सुरुआत

आज पनि कतिपय स्थानीय तहले विद्यालयमा नवप्रवर्तन शीर्षकमा बजेट विनियोजन गरेका छन् । कार्यविधि नहुँदा वा यसको मूल भाव नबुझ्दा कसरी काम गर्ने भन्नेमा अन्यौलता पनि छाएको छ । यो कार्यक्रमलाई गुणकारी परिवर्तनकारी बनाउनका लागि अध्ययन र छलफल धेरै हुन बाँकी छ । यस विषयमा लेखिएका लिखतहरूको मात्रा कम हुनाले बजारमा अन्यौलता कायम छ । यो अन्धकारलाई थोरै भए पनि चिर्नका लागि यहाँ उल्लेख गरिएका बुँदाहरू मार्ग दर्शन बन्न सक्छन् :

### (क) प्रारम्भिक तयारी चरणका कार्य :

- विद्यालयका सबै शिक्षक र विद्यार्थीलाई नवप्रवर्तन के हो र यसबाट विद्यार्थीलाई के फाइदा हुन्छ भन्ने विषयमा जानकारी गराउन बैठकको आयोजना गर्ने
- विद्यालयमा भएका नवप्रवर्तनका उदाहरण प्रस्तुत गर्ने, विचारलाई नमुना बनाउँदासम्म लागेको समय, जनशक्ति, स्रोत र नतिजाका बारेमा छलफल गराउने
- यस बैठकमा नवप्रवर्तनात्मक कार्य गर्नका लागि विद्यालयले के के सुविधा उपलब्ध गराउनुपर्छ सोका बारेमा तयारीका लागि छलफल गराउने
- कक्षा ४ देखि १० सम्मका विज्ञान तथा प्रविधि विषयका वैज्ञानिक सिकाइ भन्ने पाठबाट वैज्ञानिक विधिको छनोट गर्ने वा सूची बनाउने
- अवलोकन विधिको पूरा प्रक्रिया लेख्ने, विद्यार्थीमा अवलोकन विधिबारे जानकारी दिने
- अवलोकन विधिको प्रयोग गराउन सम्भव भएमा राष्ट्रिय आविष्कार केन्द्र जस्तै आफ्नो नजिकमा पर्ने कार्यशालामा भ्रमण गराउने र फर्के आएपछि प्रतिवेदन प्रस्तुत गर्न लगाउने
- कीर्तिपुरको बागवानी केन्द्र, गोदावरीको वनस्पति उद्यान जस्तै आफ्ना विद्यालयबाट नजिकमा पर्ने क्षेत्रमा अवलोकन भ्रमण गराएर प्रतिवेदन प्रस्तुत गर्न लगाउने
- विद्यालयमा नवप्रवर्तन शब्दको अर्थ यसको प्रयोग र कार्यान्वयनको ढाँचाका बारेमा छलफल गर्न बैठकको आयोजना गर्ने
- Innovative pedagogy को ६ ओटा समूह (Gamification, storytelling, problem solving, computational thinking, blended learning and embodied learning) का बारेमा शिक्षकमा छलफल गराउने, नमुना प्रस्तुत गर्न लगाउने
- आफूले पढाउने कक्षा र विषयको कुनै एक पाठमा आधारित भई Innovative pedagogies का ६ ओटा समूहको प्रतिनिधित्व हुने गरी सूक्ष्म शिक्षण गराउने
- School innovation का सम्बन्धमा युट्युबबाट छोटा छोटा भिडियो हेर्ने

### (ख) तर्कपूर्ण सोचाइ (Design Thinking or Reasoning) को तालिम अभ्यास

विद्यालयमा शिक्षक र विद्यार्थीका बिचमा अलग अलग समूहमा तर्कपूर्ण सोचाइ (Design Thinking÷Logical Thinking or Reasoning) को तालिम र अभ्यास गराउनाले सहभागीमा आफ्नो वरपर भएका समस्याको पहिचान गर्न, सम्भावित समाधानका उपाहरूको छनोट गर्न, समाधानका लागि उपयुक्त समाधान पहिल्याउन र सावधानी अपनाउने सिपको विकास गराउँछ । यस्ता अभ्यासले सहभागीमा तर्कपूर्ण ढङ्गबाट सोची निष्कर्षमा पुग्न सघाउँछ । यस अभ्यासले व्यक्तिलाई क्रियाउन्मुख सोचमा लाग्न आकर्षित गर्छ । उठाइएका मुद्दाको उपयुक्तता, समाधानको सही र भरपर्दो तरिका, समाधानका लागि आवश्यक स्रोतसाधन, जनशक्ति र समयका बारेमा सोच्न लगाउँछ । नयाँ विचारलाई सार्वजनिकीकरण गर्दा पर्ने असरका बारेमा गम्भीर बनाउँछ ।

### (ग) नवप्रवर्तन प्रक्रिया देहायबमोजिम सञ्चालन गर्ने

- Innovation विद् नामको स्थायी संयन्त्र स्थापना गर्ने । पदाधिकारी दुई दुई वर्षमा फेरिन सक्ने व्यवस्था मिलाउने
- विज्ञान वा अन्य विषयका शिक्षकको संयोजकत्वमा innovation विद् सञ्चालन गर्न ५ देखि ७ जनाको समिति गठन गर्ने
- नवप्रवर्तनका लागि space को व्यवस्था गर्ने
- विद्यालय भवन बाहिर वा भित्रको हल वा कोठा के छ त्यहीँ Space को व्यवस्था गर्ने
- STEAM Education सञ्चालनमा छ भने त्यही कार्यक्रमलाई यसमा समाहित गर्ने
- बाहिरको जग्गामा कार्यशाला वा फलफूल वा तरकारी खेती वा अन्य कुनै साना उद्यम जे गर्न सकिन्छ, त्यो गर्ने
- यन्त्रशालाको विकास गर्ने
- नवप्रवर्तनको सीमा फराकिलो बनाउन दिने
- विद्यार्थीलाई काम गर्न कार्यतालिका बनाइदिने
- पाठ्यक्रममा आधारित भएर उद्यमशीलता विषयको पठनपाठन प्रयोगात्मक रूपमा गराउने
- विद्यालयले आफूले गर्व गर्न लायकको विद्यालय उद्यमशिलताको कुनै एक काम छानेर अभ्यास गर्ने
- नवप्रवर्तनात्मक कार्य नियमित रूपमा हुने भए तापनि यसको प्रस्तुति साप्ताहिक वा पाक्षिक वा मासिक रूपमा अनिवार्य रूपमा हुने व्यवस्था मिलाउनु पर्दछ । एक व्यक्ति वा समूहले गरेको नव सिर्जनालाई अरूले पनि देख्न पाउने व्यवस्था मिलाउनु पर्छ । नियमित प्रस्तुतिले काम गर्ने व्यक्तिलाई प्रोत्साहन दिन्छ र काममा नियमित गराउँछ ।

**(घ) विद्यालयमा सञ्चालन गरिने कामलाई सरकारी वा गैरसरकारी निकायद्वारा सञ्चालित उद्देश्यसँग मिलान गरी जोड्ने**

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार वा स्थानीय सरकारको नवप्रवर्तन वा उद्यमशीलता विषयका कार्यक्रम प्राप्तिका लागि प्रस्तावना तयार गर्ने र कार्यक्रम आफ्नो विद्यालयमा कार्यान्वयन योग्य हुने गरी पेस गर्ने । कुनै तहबाट कार्यक्रम प्राप्त भएपछि सफल कार्यान्वयन गर्ने
- प्राविधिक धारको कार्यक्रम सञ्चालनमा छ भने त्यही विषयसँग जोड्ने
- नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरी "विद्यार्थीसँग नेपाल राष्ट्र बैङ्क" कार्यक्रमको आयोजना गर्ने
- नेपाल सरकार, सामान्य प्रशासन तथा सङ्घीय मामिला मन्त्रालयसँग सार्वजनिक प्रशासनमा नवप्रवर्तनमा सहकार्य गरिरहेको स्थापित संस्था "आइडिया स्टुडियो नेपाल" को इन्क्युवेसन प्रक्रियाको अवलोकन गराउने

**(ङ) नवप्रवर्तनको कार्य क्षेत्रलाई व्यापक बनाउने**

हालको विद्यालय तहको पाठ्यक्रम धेरै लचिलो, व्यावहारिक र सिप विकास गराउन उन्मुख छ । त्यसैले नवप्रवर्तनात्मक गतिविधि सञ्चालन गर्दा विद्यालय तहको पाठ्यक्रमको घेराबाट गर्दा गन्तव्यमा पुगिन्छ । हालको पाठ्यक्रमको सही कार्यान्वयन नै नवप्रवर्तनात्मक कार्यशैली अवलम्बन गर्नु गराउनु हो । नवप्रवर्तनका लागि कुनै अमुक विषय मात्र उपयोगी र अरू विषय असान्दर्भिक छैनन् । कतिपय विद्यालयमा प्राविधिक धारका कार्यक्रम सञ्चालनमा छन् । त्यस्ता कार्यक्रमलाई पनि नवप्रवर्तनको क्षेत्रभित्र समेट्न सकिन्छ । विद्यालयहरूमा हाल अभ्यासमा आएको STEAM Education प्रयोगमा छ भने त्यसलाई पनि यही कार्यक्रममा जोड्नुपर्छ । नवप्रवर्तन मानव मस्तिष्कको उपज भएकाले यसको सीमा साँघुरो बनाउनु हुँदैन । यो वस्तु, सेवा, प्रक्रिया वा विधि वा साधन वा प्रणाली वा एप्लिकेसन आदिका रूपमा देखा पर्न सक्छ । यसरी नवप्रवर्तनात्मक कार्यक्रम विद्यालयमा सञ्चालन भएको जानकारी स्थानीय तहलाई गराउँदा थप सहयोग मिल्न सक्छ । नवप्रवर्तकलाई व्यापक बनाउन निम्नलिखित कार्य गर्नुपर्छ :

- नवप्रवर्तन कार्यक्रमलाई शिक्षकबिच पनि प्रतिस्पर्धा गराउने
- विद्यार्थीबिच प्रतिस्पर्धा गराउने
- अन्तरविद्यालय प्रतिस्पर्धा गराउने
- अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउने
- विकास गरिएको विचारबाट देख्न वा बुझ्न वा सुन्न वा मापन गर्न सकिने नमुना (Prototype) को विकास गराउने, नमुनाको व्याख्या सरल भाषामा सबैले पढ्न र बुझ्न सक्ने गरी लिपिबद्ध बनाउने
- नमुना (Prototype) को प्राविधिक समूहबाट मूल्याङ्कन गराउने

### (अ) शिक्षकबाट गरिने नवप्रवर्तनका क्षेत्र

विद्यार्थी जस्तै शिक्षक पनि आफ्नो जीवनको उत्पादक, सिर्जनशील र उर्जामय उमेरमा दिनभरि विद्यालयमा रहन्छन् । उनीहरूको अलग्गै प्रयोगशाला हुँदैन । त्यसैले विद्यालयको नवप्रवर्नतनमा शिक्षकलाई समेट्नै पर्छ । विद्यालयले उपलब्ध गराउने प्रत्यक्ष सेवा वा सफ्टवयर पेडागोजी वा शैक्षिक सामग्री वा मूल्याङ्कनका साधन वा वस्तु वा वनस्पतिजन्य उत्पादन वा पशुपन्छी वा कला हुन सक्ने छ ।

### (आ) विद्यार्थीबाट गरिने नवप्रवर्तनका क्षेत्र

प्रत्यक्ष सेवा वा सफ्टवयर वा वस्तु वा वनस्पतिजन्य उत्पादन वा पशुपन्छी वा कला हुन सक्ने छ ।

**विद्यालयभित्र**

- शिक्षकबिचको प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने
- विद्यार्थीबिचको प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने

**अन्तरविद्यालय**

- शिक्षकबिचको प्रतिस्पर्धा गराई पुरस्कृत गराउने
- विद्यार्थीबिचको प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने
- छानिएका सोचलाई इन्क्युवेसन प्रक्रियामा पुऱ्याउने
- इन्क्युवेसनमा सफल भएमा बजारमा जाने प्रबन्धका लागि सघाउने

## (च) ध्यान दिनु पर्ने ओदानका तीन खुट्टाः सफलताका सैद्धान्तिक आधार

कुनै पनि काम सफल हुनका लागि ज्ञान पक्ष, नीति पक्ष र अभ्यास पक्षको बराबर सक्रियता चाहिन्छ । ज्ञान, नीति र अभ्यास एउटा ओदानका तीन खुट्टा जस्तै हुन् जहाँ एकको अनुपस्थितिमा अर्कोले केही गर्न सक्दैन । ज्ञान अध्ययन, खोजी तथा अनुसन्धानबाट प्राप्त हुन्छ । ज्ञान पक्षमा पाठ्यक्रम, सन्दर्भ पुस्तक, शिक्षक र विद्यार्थी पर्दछन् । नीति पक्ष सरकारी चासोसँग जोडिएको हुन्छ । सरकारले नवप्रवर्तनलाई वास्ता गरेन भने यो अगाडि बढ्न सक्दैन । सरकार विभिन्न तहमा हुन्छ । विद्यालयभित्र पनि सरकार हुन्छ । अभ्यास पक्षमा काममा जोडिने जनशक्ति पर्दछन् । यस श्रेणीभित्र विद्यालयको सवालमा शिक्षक र विद्यार्थी पर्छन् । जो दिनहुँ परिवर्तनका लागि वा उत्पादन लिनका लागि दिनरात खटिरहन्छन तिनीहरू अभ्यास पक्षमा पर्दछन् । यी तीन पक्षको नियमित कार्यबाट मात्र नवप्रवर्तन सफल भई बजारसम्म जाने मौका पाउँछ । यसले मुलुकमा उद्यमशीलताको विकास गराउँछ ।

### (छ) इन्क्युवेसनका लागि सिफारिस गर्ने

शिक्षक वा विद्यार्थीले विकास गरेको नमुना (Prototype) विद्यालयबाट छनोट भएमा उक्त नमुना (Prototype) लाई प्रवर्धन गर्न वा बजारीकरण गर्न योग्य छ छैन भनी जाँच गर्न आइडिया स्टुडियो नेपाल जस्तै निकाय वा अन्य कुनै इन्क्युवेसन केन्द्रमा पठाउने । विद्यालयको समूहले पनि इन्क्युवेसनको काम गर्ने गरी सङ्गठित प्रयास गर्न सक्ने छ । हाल इन्क्युवेसन गर्ने कार्य विभिन्न विश्वविद्यालयबाट समेत हुन थालेको छ ।

### (ज) नियमित रूपमा कार्यक्रम सञ्चालनका लागि आर्थिक प्रबन्ध

हरेक वर्ष नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि गाउँ वा नगरपालिकाले वार्षिक बजेट कार्यक्रम बनाई आफ्नो निकायअन्तर्गतका विद्यालयलाई समानुपातिक रूपमा वितरण गर्न वा प्रतिस्पर्धा गराई निश्चित मात्रामा ससर्त शीर्षकमा बजेटको विनियोजन गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ । स्थानीय तहले राखेको बजेटमा मात्र सीमित भई काम गर्ने योजना विद्यालयमा राख्दा यो काम पालिकाको प्राथमिकता परेन भने नवप्रवर्तनसम्बन्धी काम गर्दै नगर्ने भन्ने हुँदैन । त्यसैले विद्यालयले पनि आफ्नो वार्षिक कार्यक्रममा नवप्रवर्तनलाई उच्च प्राथमिकता दिई कार्यक्रम र बजेटको व्यवस्था मिलाउनु पर्दछ । बजेटका स्रोतहरू सरकारी, गैरसरकारी वा विद्यालयको आफ्नो बचतबाट वा बिना बजेटमा गर्न सकिने कार्यक्रमसमेत समावेश गर्नुपर्दछ ।

## ६. निष्कर्ष

नवप्रवर्तन समाज विकासको आधारशिला हो । यसको प्रयोग विद्यालयबाटै सुरु गरिनु पर्छ । राष्ट्रिय शिक्षाको आवधिक योजनाले समेट्न नसके पनि विद्यालय तहको शिक्षाको राष्ट्रिय प्रारूपले नवप्रवर्तनलाई समेटेको छ । विद्यालय शिक्षामा उद्यमशीलताको जरो नवप्रवर्तन नै हो । नवप्रवर्तनका लागि विद्यालयमा उचित वातावरण सिर्जना गर्नुपर्ने हुन्छ । नवप्रवर्तनले व्यावसायिकताको विकासलाई मात्र सहयोग नपुऱ्याई प्राज्ञिक उन्नयनका लागि समेत मदत पुऱ्याउँछ । नवप्रवर्तन नवीन सोच भए झैँ यसको सफल प्रयोगमा पनि सोच पुऱ्याउन सके यो सम्भव हुन्छ । विद्यालयमा नवप्रवर्तनको अभ्यास गर्ने विषयमा सबैमा सकारात्मक धारणा हुनु नै यसको सफलताको द्योतक हो । विद्यालय नवप्रवर्तनले समाजमा नवप्रवर्तनात्मक संस्कृतिको विकास गराउँछ ।

## सन्दर्भ सामग्री


https://www.wipo.int/global_innovation_index/en/

http://insight.cumbria.ac.uk/id/eprint/3475/

https://www.researchgate.net/publication/318180953_The_definition_and_classification_of_innovation

http://assets.press.princeton.edu/chapters/s9221.pdf

# नेपालमा शिक्षक नियुक्तिको अभ्यास र आवश्यकता

✍बाबुकाजी कार्की*

**लेखसार**

*विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन सके मात्र समग्र शिक्षाको विकास हुने यर्थाथता हो । गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालयको मानवीय तथा भौतिक वातावरण गुणस्तरीय हुनपर्छ । शिक्षकको योग्यता, दक्षता तथा लगनशीलताले विद्यालय शिक्षाको गुणस्तरीयता कायम राख्न अहम् भूमिका खेल्ने कुरामा दुईमत हुन सक्दैन । गुणस्तर र गुरुस्तर एकअर्काका परिपूरक हुन् । भनाइ पनि छ कुनै पनि शिक्षण संस्था शिक्षकभन्दा राम्रो हुन सक्दैन । अर्थात् विद्यालय शिक्षाको विकास र विस्तारका लागि योग्य र कामप्रति दृढ इच्छाशक्ति भएका समर्पित शिक्षकको मेरुदण्डीय भूमिका रहन्छ । सरकारले सक्षम र शिक्षण पेसाप्रति समर्पित जनशक्ति विद्यालय शिक्षामा प्रवेश गराउन नेपालको शैक्षिक इतिहासका विभिन्न कालखण्डमा शिक्षक छनोटका विविध खालका नीति तथा रणनीति अवलम्बन गर्दै आएको पाइन्छ । स्थायी शिक्षक नियुक्तिलाई व्यवस्थित गर्न शिक्षक छनोट प्रक्रिया सुरुमा विकेन्द्रित हुँदै हाल केन्द्रित रूपमा शिक्षक सेवा आयोगले सञ्चालन गर्दै आएको छ । अस्थायी शिक्षक नियुक्तिका हकमा अहिले पनि विद्यालय व्यवस्थापन समितिलाई अधिकार दिएको भए तापनि शिक्षक सेवा आयोगको वैकल्पिक रोस्टर सूचीबाट योग्यताक्रमका आधारमा नियुक्त गर्ने नीति लिइएको छ । स्थायी शिक्षक पदपूर्तिका लागि जवाफदेही निकाय शिक्षक सेवा आयोगलाई चुस्त दुरुस्त बनाउन अझ धेरै साधानस्रोत र समय खर्चिनु पर्ने देखिन्छ । प्रस्तुत लेखले नेपालमा शिक्षक नियुक्तिको विगत र वर्तमान तथा भविष्यका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।*

## १. विषय प्रवेश

शिक्षण सिकाइ क्रियाकलापलाई गुणस्तरीय एवम् प्रभावकारी बनाउन शिक्षकको प्रमुख भूमिका रहन्छ । सक्षम र पेसाप्रति समर्पित शिक्षकबाट मात्र गुणस्तरीय शिक्षाको सुनिश्चितता हुन्छ । शिक्षण पेसालाई मर्यादित र आकर्षक बनाउन सके मात्र दक्ष जनशक्ति आकर्षित हुने वास्तविकता हो । नेपालमा खासगरी विद्यालय शिक्षामा शिक्षक व्यवस्थापन कालक्रमअनुसार फरक फरक नीति अवलम्बन गरेको पाइन्छ । राजनीतिक परिवर्तनसँगै शिक्षक व्यवस्थापनका ढाँचा पनि फरक भएको जगजाहेर नै छ । अतः दक्ष जनशक्ति उत्पादन गर्नका लागि अब्बल शिक्षकको नियुक्ति गर्नेतर्फ सरोकार र सरकारको ध्यान जानु पर्छ । नेपालको विद्यालय शिक्षामा शिक्षक नियुक्ति सम्बन्धमा विगतदेखि गरिँदै आएको अभ्यास र अवस्थाका बारेमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) लागु हुनुपूर्व सार्वजनिक विद्यालयहरूमा शिक्षक नियुक्ति तथा सरुवा बढुवामा स्पष्ट नीतिनियम भएको पाईंदैन । विद्यालय सञ्चालक समितिले

* सेवा निवृत्त उपसचिव, नेपाल सरकार

विद्यार्थी सङ्ख्या, सञ्चालित कक्षा, विषयगत शिक्षकको आवश्यकता आदिका आधारमा नियुक्ति तथा बढुवा गर्न सक्ने व्यवस्था शिक्षा ऐन २०२५ तथा शिक्षा नियमावली २०२७ को नियम ५१ अनुसार जिल्ला तथा अञ्चल शिक्षा अधिकारीको अनुमतिबाट व्यवस्थापन गर्नुपर्ने प्रावधान थियो । त्यति वेला नियुक्त भएका शिक्षकहरूलाई विभिन्न कारणबाट नोकरी छोड्दा हालको सेवासर्तअनुसार सेवा सुविधा लिनका लागि तत्कालीन जिल्ला शिक्षा अधिकारीबाट समर्थन भए मात्र वैधानिकता पाउने व्यवस्था हालसम्म छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-३२) लागु भएपश्चात् शिक्षाका अन्य क्षेत्रमा जस्तै विद्यालय शिक्षालाई पनि सुव्यवस्थित रूपमा सञ्चालन गर्न विभिन्न नीति तथा रणनीति अवलम्बन गरेको पाइन्छ । तत्कालीन शिक्षा नियमावली २०२८ को नियम २३ अनुसार शिक्षकको स्थायी नियुक्ति तथा बढुवा जिल्ला शिक्षा सेवा आयोगको सिफारिसमा मात्र गर्न सक्ने प्रावधान राखिएको थियो । तर पछि शिक्षा नियमावलीमा संशोधन गरी शिक्षक छनोट उपसमितिको व्यवस्था गरियो ।

## २. शिक्षक छनोट उपसमिति

शिक्षा नियमावली २०२८ मा २०३७ चैत २३ गते भएको सातौँ संशोधनले विद्यमान जिल्ला शिक्षा आयोगका सट्टामा शिक्षक छनोट उपसमिति रहने व्यवस्था गऱ्यो । यस उपसमितिले शिक्षकहरूको नियुक्ति तथा बढुवाका लागि आवश्यक प्रक्रिया पुऱ्याएर छनोट गरी नियुक्तिका लागि जिल्ला शिक्षा समितिमा पेस गर्ने र यसरी प्राप्त नामावलीमा आवश्यक जाँचबुझ गरी नियुक्तिका लागि जिल्ला शिक्षा कार्यालयमार्फत सामुदायिक विद्यालयहरूमा सिफारिस गर्ने प्रावधान राखिएको थियो । शिक्षक छनोट उपसमितिले रिक्त शिक्षक पदहरूमा नियुक्ति गर्दा अपनाउनु पर्ने प्रक्रियाबारे निम्नानुसार कानुनी व्यवस्था गरिएको थियो ।

- जिल्ला शिक्षा समितिबाट विद्यालयलाई प्राप्त स्वीकृत दरबन्दी जिल्ला शिक्षा कार्यालयबाट प्रमाणितबमोजिमको विषयगत पदमा मात्र विज्ञापन गरेर प्रतिष्पर्धाका आधारमा नियुक्ति गर्नुपर्ने

- यस्तो खुला तथा बढुवाका लागि कम्तीमा स्थानीय पत्रपत्रिकामा समेत विज्ञापन गर्नुपर्ने

- छनोट परीक्षासम्बन्धी पाठ्यक्रम समय समयमा जिल्ला शिक्षा कार्यालयको परामर्श लिई परिमार्जन वा निर्धारण गर्नुपर्ने

- विधिपूर्वक परेका दरखास्त उपर छानबिन गरी उपयुक्त उम्मेदवारको छनोट गर्न लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामध्ये कुनै दुई परीक्षाको प्रक्रिया अपनाउनुपर्ने बाध्यकारी व्यवस्था गरिएको थियो ।

- यसरी सञ्चालित परीक्षाबाट छनोट भएका उम्मेदवारको नामावली अनुमोदनका लागि जिल्ला शिक्षा समितिमा पेस गर्नुपर्ने प्रावधानको व्यवस्था गरियो ।

## ३. शिक्षक छनोट समिति

शिक्षा ऐन २०२८ को चौथो संशोधन २०४५ र वि.सं. २०४६ माघ १ गते भएको शिक्षा नियमावलीको आठौँ संशोधनले शिक्षक छनोट उपसमितिका सट्टामा शिक्षक छनोट समिति रहने व्यवस्था गरेको थियो । यस संशोधनपछि शिक्षकहरूको तहगत व्यवस्थालाई श्रेणीमा पनि वर्गीकरण गरियो । प्राथमिक तह चतुर्थदेखि प्रथम तहसम्म, निमावि तह तृतीयदेखि प्रथम श्रेणी र माध्यमिक तह चतुर्थदेखि प्रथमसम्म बढुवा हुने व्यवस्था गरियो । यसरी जिल्ला शिक्षा समितिबाट छनोट भएका उम्मेदवारलाई जिल्ला शिक्षा निरीक्षकको सिफारिसबमोजिम एक वर्षको परीक्षण काल रहने गरी विद्यालय सञ्चालक समितिले शिक्षकको नियुक्ति गर्ने प्रावधान राखिएको पाइन्छ ।

शिक्षा ऐन २०२८ को वि.सं. २०४९ कार्तिक १३ गतेमा भएको पाँचौँ संशोधनले प्राथमिक तहको शिक्षक छनोटका लागि जिल्लामा जिल्ला शिक्षक छनोट समिति र निम्नमाध्यमिक तथा माध्यमिक तहको शिक्षक छनोटका लागि प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय शिक्षक छनोट समिति रहने व्यवस्था गरियो । यस प्रक्रियाबाट छनोट भएका उम्मेदवारलाई वि.सं. २०४९ पुस २० गते जारी गरिएको शिक्षा नियमावली २०४९ ले जिल्ला शिक्षा कार्यालयबाट सोझै नियुक्ति दिने व्यवस्था गरियो ।

## ४. शिक्षक सेवा आयोगको व्यवस्था

शिक्षा ऐन २०२८ मा वि.सं. २०५५ माघ ११ गते भएको छैटौँ संशोधनले शिक्षहरूको स्थायी नियुक्ति तथा बढुवाका लागि छुट्टै निकायका रूपमा राष्ट्रिय शिक्षक सेवा आयोगको गठन गर्ने व्यवस्था गऱ्यो । तर पछि शिक्षा ऐन २०२८ को वि.सं. २०५८ माघ २५ मा भएको आठौँ संशोधनले यसको नामबाट राष्ट्रिय हटाएर शिक्षक सेवा आयोग मात्रै कायम गऱ्यो ।

यस आयोगको स्थापना भएपछि छुट्टै शिक्षक सेवा आयोग नियमावली २०५७ जारी भएपश्चात् शिक्षकको स्थायी नियुक्त र बढुवालगायत काम यसै आयोगबाट सम्पन्न हुँदै आएका छन् । शिक्षा नियमावलीमा रहेको शिक्षक छनोटसम्बन्धी व्यवस्था खारेज भएको तथा छुट्टै शिक्षक सेवा आयोग नियमावली २०५७ जारी भइसकेकाले यस आयोग गठन हुनुभन्दा अगिका शिक्षक नियुक्ति तथा बढुवासम्बन्धी बाँकी रहेका काम शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ आयोगले सम्पन्न गरेको पाइन्छ । जसबमोजिम २०५२ सालमा शिक्षक पदपूर्तिका लागि भएको विज्ञापनअनुसार नटुङ्गी थाती रहेका काम जस्तै, अन्तर्वार्ता सञ्चालन तथा सफल उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिससमेत विद्यमान शिक्षक सेवा आयोगले विवादरहित रूपमा सम्पन्न गऱ्यो । पछिल्ला दिनमा विभिन्न बाधा व्यवधानका बाबजुद पनि आयोगले शिक्षक नियुक्ति, बढुवा तथा अध्यापन अनुमतिपत्र प्रदानसम्बन्धी काम निर्विवाद रूपमा सफलतापूर्वक सम्पन्न गर्दै आएको छ ।

## ५. अध्यापन अनुमतिपत्रको व्यवस्था

विद्यालय शिक्षामा गुणस्तरीय जनशक्तिको प्रवेश होस् भन्ने हेतुले शिक्षण पेसामा प्रवेश गर्न अध्यापन अनुमतिपत्रका लागि शिक्षक सेवा आयोगबाट लिइने तोकिएबमोजिमका परीक्षा उत्तीर्ण गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ । शिक्षक सेवा आयोगका प्रमुख काममा अध्यापन अनुमतिपत्र, स्थायी नियुक्ति तथा बढुवाका लागि परीक्षा सञ्चालन र नतिजा प्रकाशनलगायत काम

सम्पन्न गर्न आवश्यक प्रक्रिया पूरा गर्नु हो । शिक्षा ऐन, २०२८ को पाँचौं संशोधन तथा शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षण पेसामा प्रवेश गर्न अध्यापन अनुमतिपत्र अनिवार्य सर्त बनाइएको हो । अध्यापन अनुमतिपत्रको परीक्षा पूर्णाङ्क १०० तथा उत्तीर्णाङ्क ४० कायम गरिएको थियो तर पछि संशोधन गरी हाल उत्तीर्णाङ्क ५० प्रतिशत कायम गरिएको छ । अध्यापन अनुमतिपत्र प्रदान गर्ने व्यवस्थाको सुरुआत भएको एक दशकभन्दा लामो समय भए पनि विभिन्न बखतमा हचुवा र अदूरदर्शी फरक फरक प्रावधानका व्यवस्थाले गर्दा विवादरहित हुन भने सकेको छैन ।

- वि.सं. २०५२ सालको विज्ञापन र सोभन्दा अगाडि स्थायी भएका शिक्षकका लागि कक्षा अवलोकनका आधारमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयले र २०५२ सालको विज्ञापनभन्दा पछि कार्यरत भएकाहरू समेतका लागि खुला प्रतिष्पर्धाका आधारमा वितरण गर्ने प्रावधान राखिएको थियो ।

- वि.सं. २०६३ मङ्सिर ५ गतेभन्दा अगि नियुक्ति भई नियम लागु भएको मिति २०६६ कात्तिक २३ गतेसम्म निरन्तर काम गरेका तालिम अप्राप्त कार्यरत शिक्षकका लागि नियम प्रारम्भ भएको मितिले ३ वर्ष (२०६९ असोज २२ गते) भित्र तालिम प्राप्त नगरेमा स्वतः रद्ध हुने गरी खुला प्रतिष्पर्धामा भाग लिन पाउने सुविधा प्रदान गरिएको थियो । पछि शिक्षक सेवा आयोग नियमावली आठौं संशोधनले २०७१ असोज २२ गतेसम्मका लागि तालिम पूरा गर्ने म्याद थपेको थियो ।

- स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेका तालिम अप्राप्त व्यक्तिलाई आयोगको नियम ६ 'घ' को उपनियम २ 'क' अनुसार दुई वर्षभित्र तालिम लिइसक्ने सर्तमा अध्यापन अनुमतिपत्र प्रदान गरिएको थियो ।

- दुर्गम क्षेत्रका लागि नियमावलीको नियम ६ 'च' अनुसार विज्ञान, गणित र अङ्ग्रेजी विषयमा तालिम प्राप्त व्यक्ति उपलब्ध हुन नसक्ने अवस्थामा क्षेत्रीय शिक्षा निर्देशनालयले अन्तर्वार्ता लिएर अस्थायी अध्यापन अनुमतिपत्र प्रदान गर्ने व्यवस्था भएको थियो ।

- शिक्षक सेवा आयोगको नियमावलीको नियम ९ (२) अनुसार तोकिएको शैक्षिक योग्यता पूरा गरेका तर तालिम नलिएका महिला तथा अपाङ्गताका लागि पहिलो विज्ञापनको शिक्षक पद तथा अध्यापन अनुमतिपत्र परीक्षाका लागि उम्मेदवार बन्न पाउने प्रावधानअनुसार अस्थायी अध्यापन अनुमतिपत्र वितरण गरेको थियो ।

## ६. अध्यापन अनुमतिपत्रसम्बन्धी चुनौती तथा सुझाव

अध्यापन अनुमतिपत्रको व्यवस्था शिक्षण पेसामा दक्ष जनशक्ति प्रवेश गराउने अभिप्रायले गरिएको हो । अध्यापन अनुमतिपत्र प्रदान गर्ने विषयमा गरिने विभिन्न खाले नीति नियम तत्कालीन समस्या समाधानका लागि उपयोगी भए पनि दीर्घकालीन रूपमा टालटुले नीतिका रूपमा मात्र असर गरेको

देखिन्छ । अध्यापन अनुमतिपत्र सम्बन्धमा देखिएका विभिन्न मुद्दालाई वेलैमा सम्बोधन गरेर थप प्रभावकारी बनाउन विलम्ब गर्नुहुँदैन ।

- अध्यापन अनुमतिपत्र तहगत रूपमा मात्रै बनाउने कि विषयगत रूपमा पनि परीक्षा लिने व्यवस्था गर्ने गहन अध्ययन अनुसन्धान र विदेशको अनुभवलाई समेत समेटेर निष्कर्षमा पुग्नुपर्ने देखिन्छ ।

- शिक्षा विषय र शिक्षण पेसाका लागि योग्यता र  दक्षता हासिल गरेका जनशक्तिलाई मात्र प्रवेश गराउने रणनीति अवलम्बन गर्ने दूरदर्शी नीति लिनु गुणस्तरयि शिक्षाको प्रत्याभूतिका लागि अपरिहार्य हुन्छ ।

- विद्यालय शिक्षाको कक्षा १ देखि १० सम्मका शिक्षकलाई मात्र अध्यापन अनुमतिपत्रको अनिवार्यताभन्दा पनि शिक्षाको जग शिशु कक्षा तथा उच्चमाध्यमिक शिक्षालाई समेत समेटनु युक्ति सङ्गत देखिन्छ ।

- अध्यापन अनुमतिपत्र एक पटक लिइसकेपछि चिरकालसम्म वैध हुने परम्परालाई परिमार्जन गरी निश्चित अवधिपछि नवीकरण गर्ने नीतिले विषयवस्तुप्रति अद्यावधिक हुन प्रेरित गर्छ ।

- शिक्षण आफैँमा एक प्राविधिक विषय पनि भएकाले अध्यापन अनुमतिपत्र विषयगत लिखित परीक्षामा मात्र सीमित नगरी प्रयोगात्मक परीक्षासमेत अनिवार्य गर्न सके दक्ष ज्ञान र सिप भएका जनशक्तिलाई विद्यालय शिक्षामा भित्र्याउन बल पुग्छ ।

- माथिल्लो तहका लागि प्रदान गरिएको अध्यापन अनुमतिपत्रले तल्लो तहका लागि पनि वैध हुने व्यवस्थाका बारेमा बहस हुनु जरुरी छ किनकि तल्ला तहका कतिपय विषयवस्तु माथिल्ला तहका उम्मेदवारले अध्ययन नगरेको पनि हुन सक्छ । उच्चमाध्यमिक तह, शिक्षाशात्र सङ्काय प्रमाणपत्र तह अध्ययन नगरीकन पनि अन्य विषयबाट सोझै बिएड् वा सोसरहको तालिम प्राप्त व्यक्तिले समेत माथिल्लो तहको अध्यापन अनुमतिपत्र प्राप्त गर्न सक्छन् जुन तल्लो तहको लागि अव्यावहारिक हुन सक्छ ।

- सबै उम्मेदवारको योग्यता क्षमता एउटै नहुने शाश्वत सत्यलाई मध्यनजर राख्दै सबैलाई एउटै पहिचानको अध्यापन अनुमतिपत्र प्रदान गर्नु न्यायोचित र व्यावहारिक हुन सक्दैन । प्राथमिक तथा माध्यमिक तहमा पढ्ने बालबालिकाको शारीरिक विकास र वृद्धि तथा चाहना र क्षमता स्वभावैले फरक हुन्छ तसर्थ एउटै विषय र विधिका ज्ञाताबाट यी सबै कुराको सम्बोधन हुन सक्दैन् ।

- देश सङ्घीय संरचनामा जाने निश्चित भइसकेको परिप्रेक्ष्यमा अध्यापन अनुमतिपत्र, शिक्षक नियुक्तिलगायत विषयवस्तुमा पनि गहन छलफलबाट तार्किक एवम् व्यावहारिक निष्कर्षमा पुग्न सरकार र सरोकार पक्षबिच बहस हुन जरुरी छ ।

- शिक्षण पेसाभित्र विभिन्न विषयका लागि आवश्यक जनशक्तिको पहिचान र सेवा प्रवेशका लागि अध्यापन अनुमतिपत्र प्रदानका लागि विविधीकरण र विशिष्टीकरण हुनु आवश्यक छ । जस्तै, मातृभाषा, बहुकक्षा शिक्षण, व्यावसायिक शिक्षा आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

- अध्यापन अनुमतिपत्र शिक्षक नियुक्तिको अनिवार्य पूर्वसर्तका रूपमा कानुनी व्यवस्था भए तापनि कतिपय निजी संस्थागत विद्यालय तथा सामुदायिक विद्यालयले निजी स्रोतमा शिक्षक भर्ना गर्दा अनुसरण नगरेको पाइन्छ । यसको निर्मम अनुगमन गरी कानुनको दायरामा ल्याउन विलम्ब गर्नुहुन्न ।

## ७. चुनौती

**शिक्षक सेवा आयोगको कामकारबाहीलाई चुस्तदुरुस्त बनाउन मौजुदा परिस्थितिमा देखिएका चुनौती**

- कामका अनुपातमा जनशक्ति अपर्याप्त हुनु
- सूचनाको आदानप्रदानमा चुस्तता नहुनु
- आयोगको वार्षिक क्यालेन्डर स्पष्ट नहुनु
- जिल्लामा आयोगको काम तथा राखनधरनका लागि स्रोतसाधान पर्याप्त नहुनु
- जिल्ला तथा केन्द्रमा विनियोजित बजेट र खर्च गर्ने आधार तथा काममा खटिने जनशक्तिलाई दिइने सेवासुविधा समसामयिक नहुनु
- कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने प्रक्रिया र आधारहरू उपलब्ध साधनस्रोत र सो कार्यमा संलग्न हुने विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको दक्षता तथा जिम्मेवारीप्रतिको गाम्भीरता आदिका कारणबाट उद्देश्यअनुरूप हुन नसक्नु
- अध्यापन अनुमतिपत्रलगायत नीतिनियम पटक पटक परिवर्तन हुनु
- आयोगसम्बन्धी काम गर्ने केन्द्र तथा जिल्लाका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्ने अवसर न्यून हुनु
- परीक्षाका पाठ्यक्रम समयानुकूल परिमार्जन नहुनु
- विषय विज्ञहरूको चयनमा निष्पक्षता र दक्षतालाई विशेष ध्यानको अभाव महसुस गरिनु

- आयोगको कामकारबाहीलाई नियमित, निष्पक्ष तथा राजनीतिक आग्रह र पूर्वाग्रहबाट अक्षुण्ण राख्न आयोगलाई संवैधानिक बनाउनुपर्ने शिक्षक तथा शिक्षाविद् आएका सुझावलाई कार्यान्वयन व्यावहारिक हुने

## ८. सुधारका लागि थप सुझाव

विगतको इतिहास हेर्दा लामो समयसम्म शिक्षक नियुक्ति तथा बढुवा व्यवस्थित र वैज्ञानिक रूपमा नभएको र शिक्षक सेवा आयोगको स्थापनापश्चात् मात्र थप व्यवस्थित हुन लागेको छ । देशभर छरिएर बसेका हजारौं विद्यालयमा कार्यरत लाखौं शिक्षकको नियुक्ति तथा बढुवा अनि अध्यापन अनुमतिपत्रको व्यवस्थापन आफैंमा एक चुनौतीपूर्ण काम हो । नयाँ कार्यालय खोलेर नयाँ कर्मचारी र नयाँ कामको सुरुआत गर्न त्यति सजिलो हुन सक्दैन । कामको चाप र जटिलताका आधारमा साधानस्रोतको पर्याप्त व्यवस्था हुनुपर्छ तर शिक्षक सेवा आयोगको कार्यबोझ तथा देशभर फैलिएर रहेका विद्यालयका शिक्षक नियुक्तिलाई व्यवस्थित गर्न तत्कालीन र दीर्घकालीन सुधारका कदम चाल्न विलम्ब भइसकेको छ। आयोगको कामकारबाहीलाई चुस्त, दुरुस्त र भरपर्दो बनाउन नीतिगत तथा कार्यगत सुधार गर्न निम्न केही सुझाव मार्गदर्शन हुन सक्छन् :

- आयोगका कामलाई विकेन्द्रित गरेर जनतालाई सहज सेवासुविधा प्रदान गर्न तत्कालका लागि प्रदेश स्तरमा कार्यालय स्थापना गर्नुपर्ने
- आयोगको केन्द्रीय कार्यालयमा कार्यबोझ बढी भएकाले अध्ययन अनुसन्धानका आधारमा दक्ष कर्मचारी राख्ने गरी दरबन्दी थप गर्नुपर्ने
- आयोगमा गरिने कतिपय विशेषज्ञ चाहिने कामका लागि दक्ष जनशक्तिको व्यवस्था गरी क्षमता विकासका विभिन्न खाले नवीन तालिम तथा गोष्ठीहरू सञ्चालन गरी आवश्यक ज्ञान र सिपबाट सुसज्जित गराउनुपर्ने
- भौतिक तथा प्राविधिक उपकरणका साथै दक्ष जनशक्तिको पनि यथोचित व्यवस्था गर्नुपर्ने
- शिक्षक सेवा आयोगका लागि आवश्यक बजेट र खर्च गर्ने आधार समयानुकूल परिमार्जन गरिनुपर्ने
- विषयविज्ञको चयन र जवाफदेहीमा अझ धेरै परिष्कृत हुनुपर्ने तथा तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्नुपर्ने
- आयोगको काम कारबाहीलाई नियमित र मर्यादित बनाउन लोकसेवा आयोग जस्तै संवैधानिक निकायका रूपमा स्थापित गर्नुपर्ने
- आयोगका लागि छुट्टै कर्मचारीको व्यवस्था गरी सरुवा नहुने व्यवस्था हुनुपर्ने
- शिक्षक परीक्षाका पाठ्यक्रमलाई कक्षा शिक्षणसँग प्रत्यक्ष सरोकार राख्ने गरी परिमार्जन र परिष्कृत गरिनुपर्ने

- शिक्षकको खुला तथा बढुवाका आवेदन फाराम भर्ने तथा परीक्षा सञ्चालन कार्यक्रमको क्यालेन्डर सार्वजनिक गरी निर्वाध रूपमा तोकिएअनुसार कार्यान्वयन गर्ने परम्पराको थालनी हुनुपर्ने
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फारामका विषयवस्तु थप वैज्ञानिक र व्यावहारिक बनाउनुपर्ने
- अध्यापन अनुमतिपत्रको व्यवस्थालाई टालटुले नीतिले भन्दा पनि अध्ययन अनुसन्धानको दूरदर्शी नीतिका आधारमा अवलम्बन गरिनुपर्ने

## ९. निष्कर्ष

शिक्षण आफैँमा एक पवित्र र गरिमामय पेसा हो । जुन देशमा शिक्षण पेसामा अब्बल जनशक्ति प्रवेश गर्ने वातावरण र आकर्षणका प्रावधान रहन्छन् त्यहाँको शैक्षिक अवस्था पनि उन्नत हुने यथार्थता हो । शिक्षणलाई सबैले रोजेको पेसाका रूपमा स्थापित गर्न सकेमात्र गुणस्तरीय शिक्षाको परिकल्पनालाई सार्थकता प्रदान गर्न सकिन्छ । शिक्षण संस्थालाई दक्ष र प्रतिष्पर्धी नागरिक उत्पादन गर्ने थलाका रूपमा स्थापित गर्न पेसाप्रति समर्पित दृढ इच्छाशक्ति भएका उत्साही शिक्षकको प्रमुख भूमिका रहन्छ । भनाइ पनि छ, शिक्षक र शिक्षण पेसा सबै पेसाको जननी हो किनकि तथाकथित समाजमा सबैको आँखा लागेको पेसा डाक्टर, इन्जिनियर उत्पादन गर्ने शिक्षक नै हो तर यी पेसाकर्मीले शिक्षक जन्माउदैनन् । त्यस्तै शिक्षकको जवाफदेहीता र जिम्मेवारीको संवेदनशीलता पनि अन्य पेसाको भन्दा कम आँक्नु मूर्खता हुने छ किनकि एक जना डाक्टरको औषधी उपचारको गल्तीका कारण केही व्यक्तिको जीवन जोखिममा पर्न सक्छ । एक जना इन्जिनियरको गल्तीका कारण निर्माण भएका जोखिमयुक्त भवन, पुल, बाटो आदि संरचना भत्किएर दुर्घटना भएमा केही व्यक्ति हताहत हुन सक्छन् । तर एक जना शिक्षकले गलत शिक्षा दिएमा एक जना व्यक्तिको भाग्य भविष्य मात्र धरापमा नपरेर पूरा समुदाय, समाज र अन्ततः पूरै देशको भविष्य नै डामाडोल र अस्तव्यस्त हुन पुग्छ । तसर्थ यस्तो संवेदनशील शिक्षण पेसामा शिक्षक नियुक्ति गर्न सम्बन्धित निकाय विशेष गम्भीर र सजग हुनुपर्ने हुन्छ । शिक्षक सेवा आयोगको प्रतिष्पर्धाबाट नियुक्त भएका दक्ष शिक्षकको जाँगर र उत्साहलाई निरन्तर संरक्षण र संवर्धन गर्न विद्यालयको वातावरण पनि आकर्षक तथा साधनस्रोत सम्पन्न हुनुपर्छ । अर्थात् कामको मूल्याङ्कन निष्पक्ष, निष्कलङ्क र निरन्तर हुनुपर्छ । पुरस्कार र दण्ड हाम्रालाई भन्दा राम्रालाई प्रदान गर्ने संस्कारको विकासले गुणस्तरीय शिक्षाको प्रवर्धन गर्न टेवा पुग्ने वास्तविकता हो । गुणस्तरीय शिक्षाको प्रत्याभूतिका निमित्त शिक्षण संस्था साधानस्रोत सम्पन्न हुनुपर्छ । आकर्षक बालमैत्री विद्यालयको सुनिश्चितताका लागि पेसाप्रति समर्पित शिक्षक, दूरदर्शी नेतृत्व, अनुशासित विद्यार्थी, सचेत अभिभावक, कुशल र चुस्त व्यवस्थापन, जागरुक समुदाय, समसामयिक पाठ्यक्रम र भविष्यदर्शी शिक्षा नीति आधारभूत सर्त हुन् ।

## सन्दर्भ सामग्री

कानुन किताब व्यवस्था समिति (२०६८), नेपालको संविधान २०७२, काठमाडौँ: लेखक ।

कानुन किताब व्यवस्था समिति (२०६८), शिक्षा ऐन २०२८ (संशोधनसहित), काठमाडौँ: लेखक ।

कानुन किताब व्यवस्था समिति (२०६८), शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधनसहित), काठमाण्डौं : लेखक ।

शिक्षक सेवा आयोग (२०६९), परीक्षा सञ्चालन निर्देशिका, भक्तपुरः लेखक ।

शिक्षक सेवा आयोग (२०७०), अन्तर्वार्ता सञ्चालन निर्देशिका २०७०, भक्तपुरः लेखक ।

# नेपाली भाषाका पाठ्यपुस्तक विकास

✍ महेन्द्र पौडेल*

## लेखसार

*सुरुको अवस्थामा गुरुकुल शिक्षाबाट थालनी भएको नेपाली शिक्षा प्रणाली संस्कृत र बौद्ध धर्ममा आधारित रहेको पाइन्छ । विदेशबाट पाठ्यपुस्तक ल्याएर वा पाठ्यपुस्तकबिना नै विद्यार्थीलाई घोकाएर शिक्षा दिने गरिन्थ्यो । नेपाली भाषाका पाठ्यपुस्तक लेखन र विकास प्रक्रिया भने वि.सं. १९४० पछि मात्र भएको पाइन्छ । नेपालमा विद्यालय स्थापना हुने क्रम सुरु भएपछि मात्र पाठ्यपुस्तक लेखन कार्य थालनी भएको देखिन्छ । भाषा पाठशाला स्थापित भएसँगै शिक्षण प्रक्रियाका लागि नेपाली भाषाको पाठ्यपुस्तकको विकासमा वि.सं. १९४० मा गोपालदत्त पाण्डेद्वारा लिखित 'व्यक्त चन्द्रिका' नेपालको पहिलो पाठ्यपुस्तकका रूपमा मानिन्छ । त्यसैगरी गोरखा भाषा प्रकाशिनी स्थापनापछि पाठ्यपुस्तक लेखन र विकासले तीव्रता लिएको देखिन्छ । वि.सं. १९५८ मा जयपृथ्वीबहादुर सिंहले लेखेको 'अक्षराङ्क शिक्षा' पुस्तक प्रकाशन भएपछि शिक्षण सिकाइ प्रक्रियामा सहजता प्राप्त गरेको पाइन्छ । पाठ्यपुस्तक विकासको पहिलो आधिकारिक पाठ्यपुस्तकका रूपमा यसैलाई लिइन्छ । नेपाली पाठ्यपुस्तक विकासको इतिहासमा जयपृथ्वीबहादुर सिंहको ठुलो भूमिका रहेको देखिन्छ ।*

*जयपृथ्वीबहादुर सिंहको 'अक्षराङ्क शिक्षा' पाठ्यपुस्तक लेखनपछि नेपाली भाषा पाठ्यपुस्तक लेखन यात्राको विकास तीव्र रहेको देखिन्छ । शिक्षा प्रणालीको संरचना र विकासको थालनीले निरन्तरता पाएपछि विभिन्न लेखकहरूबाट विविध विषयगत पाठ्यपुस्तकहरू लेखन र निर्माणले विस्तार पाएको देखिन्छ । स्थापित विद्यालयमा आफूखुसी पाठ्यपुस्तक शिक्षण गर्ने प्रक्रियालाई पाठ्यपुस्तक विकास केन्द्रको स्थापना भएपछि नेपालका विद्यालयमा एउटै पाठ्यपुस्तक शिक्षण गराउने नीति अवलम्बन भएपछि शिक्षण एकरूपता भएको पाइन्छ । वि.सं. २०१८ पछि शिक्षासँग सम्बन्धी नीति, नियम निर्माण हुनथालेपछि पाठ्यपुस्तकको विकासक्रमले तीव्रता पाएको देखिन्छ । शिक्षा प्रणालीको विकास गर्नका लागि प्रकाशित विभिन्न शिक्षामूलक प्रतिवेदनहरूले पाठ्यपुस्तकको मापदण्ड र नीति निर्धारण गरेपछि पाठ्यपुस्तकको लेखनमा विविध विषयवस्तुहरू समेटिएको पाइन्छ । नेपालमा विभिन्न समयमा ।भएका घटनाक्रम, समय सन्दर्भ, राजनीतिक चेतनाको विकास, विश्व प्रतिस्पर्धात्मक स्थिति, सूचना तथा प्रविधि, वैज्ञानिक खोज अनुसन्धान, विश्व ऐतिहासिक तथा राजनीतिक स्थिति आदि विभिन्न विषयवस्तुलाई वर्तमान पाठ्यपुस्तकमा समेटेको देखिन्छ । एकल पाठ्यपुस्तकको स्थितिलाई सुधार गरी बहुपाठ्यपुस्तकको प्रयोगलाई विकास गर्न सोहीअनुसार पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तकको विकास गरिएको हालको अवस्था छ । पाठ्यक्रमले तोकेका सक्षमतालाई पूरा गर्नका निम्ति पाठ्यपुस्तकलाई शिक्षण सिकाइ क्रियाकलापको मुख्य शैक्षिक सामग्रीका रूपमा लिई यसको लेखन, सुधार र विकास हुँदै परिमार्जित रूपमा रहेको हालको अवस्था छ ।*

* शिक्षक

## १. विषय प्रवेश

धर्म र संस्कृतिमा आधारित गुरुकुल प्रणालीबाट सुरु भएको नेपालको शैक्षिक प्रणाली हाल आएर विभिन्न विकासको लहरसँगै शैक्षिक प्रणालीको विकास भएको देखिन्छ । विभिन्न धार्मिक ग्रन्थर त्यससँग सम्बन्धित विषयवस्तुलाई मात्र पठनपाठनको माध्यम बनाइएको परम्परा रहेको पाइन्छ । लिच्छविकालमा कला, संस्कृति र साहित्यका विषयलाई समेटेको देखिन्छ भने मल्लकालसम्म पनि वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयले निरन्तरता पाउँदै आएको पाइन्छ । भारतको वनारस, काशी आदि स्थानबाट संस्कृत भाषाका पाठ्यपुस्तक नेपालमा ल्याई शिक्षण गर्ने गरिएको त्यो समयको अवस्था देखिन्छ । त्यसै गरी राणाकालीन समयमा पारिवारिक र दरबारी शिक्षाका लागि मात्र भए पनि शिक्षा र पाठ्यपुस्तक विकासका लागि औपचारिक प्रयासहरू भएको देखिन्छ ।

जङ्गबहादुर राणाको बेलायत भ्रमणपछि त्यहाँको शैक्षिक विकास देखेर नेपालमा पनि आफ्ना सन्तानलाई अङ्ग्रेजी भाषा सिकाउने उद्देश्यले वि.सं. १९१० मा अङ्ग्रेजी प्रारम्भिक स्कुल स्थापना गरी सरकारबाट शिक्षा दिने प्रचल नभएको देखिन्छ । त्यसरी स्थापित भएको विद्यालयमा विदेशबाट नै पाठ्यपुस्तक झिकाई अध्यापन गरिन्थ्यो । नेपाली भाषाका पाठ्यपुस्तक लेखन र निर्माण भने भाषा पाठशालाको स्थापनापछि वि.सं. १९४० को दशकबाट मात्र भएको पाइन्छ । वि.सं. १९४० मा गोपालदत्त पाण्डेको गणितसम्बन्धी पुस्तक 'व्यक्त चन्द्रिका' लाई नेपाली भाषाको पहिलो आधिकारिक पुस्तक मानिन्छ । नेपाली भाषाको पाठ्यपुस्तक लेखन र विकासका लागि जयपृथ्वीबहादुर सिंहको योगदानल छ । नेपाली विद्यार्थीलाई नेपाली भाषाकै माध्यमबाट शिक्षा दिने उद्देश्यले उनले वि.सं. १९५८ मा' अक्षराङ्क शिक्षा' पाठ्यपुस्तक लेखन गरेसँगै नेपाली भाषाको पाठ्यपुस्तकको लेखन यात्रा र यसको प्रयोगले ठुलो फड्को मारेको देखिन्छ । विविध विषयमा आधारित, मानव व्यवहारमा उपयोगी, देवीदेवता, परी र राक्षसका कहानी, नैतिक शिक्षामूलक र सामान्य गणितीय मापक पाठ्यसामग्रीलाई प्राथमिकतामा राखी नेपाली भाषाका पाठ्यपुस्तक लेखन भई शिक्षण गर्ने विकासको निरन्तरता हुँदै वर्तमान अवस्थासम्म आएको पाइन्छ ।

नेपाली भाषामा विभिन्न विषयका पाठ्यपुस्तक लेखन र प्रकाशनको विकासलाई तीव्रता दिनका लागि वि.सं. १९५९ मा स्थापित गोरखा भाषा प्रकाशिनी समिति (हालको साझा प्रकाशन), जनकशिक्षा सामग्री केन्द्र आदिको ठुलो भूमिका रहेको देखिन्छ । नेपालमा नै एस.एल.सी. बोर्डको स्थापना भएपछि विद्यालयस्तरका पाठ्यपुस्तकको लेखन र विकासमा व्यापक वृद्धि भएको पाइन्छ । नेपाल सरकारको मातहतमा रहने गरी स्थापना भएको पाठ्यक्रम विकास केन्द्रले देशभरका शिक्षालय तथा विद्यालयमा एउटै पाठ्यपुस्तक लागु गर्ने र सोहीअनुसारको मापदण्ड, नीति र नियमहरू बनाइएपछि सोका लागि आवश्यक पाठ्यपुस्तकहरूमा विविध विषयवस्तु छान्ने, लेखन गर्ने र प्रकाशन गरी तोकिएका मापदण्डमा रही तयार गरी लागु गर्ने कार्य हुँदै आइरहेको छ । निश्चित तहको औपचारिक अध्ययनको समयानुकूलतालाई ख्याल गरी विद्यार्थीको रुचि, क्षमता र उमेरअनुसारका पाठ्यसामग्री तयार गर्ने, शैक्षणिक सामग्री, विधि, मनोवैज्ञानिक पक्ष, सिकाइ स्तर आदि जस्ता कुराहरूलाई ख्याल गरी पाठ्यपुस्तकहरूको लेखन र प्रकाशन गर्दै पाठ्यक्रम विकास केन्द्रले आधुनिक पाठ्यपुस्तक विकास गर्दै आइरहेको छ । त्यसैगरी मानिसका अनुभव, विचार, अनुभूति, सोचाइ आदि पक्षहरू संरक्षित हुने भएकाले ज्ञानको संरक्षण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्न

सहयोग पुऱ्याउने महत्त्पूर्ण सामग्रीका रूपमा पाठ्यपुस्तकलाई विकास गरिदैँ आएको वर्तमान स्थिति छ ।

एकीकृत पाठ्यक्रमलगायत विद्यालयस्तरीय पाठ्यक्रम निर्माण एवम् यसको लागु गरिएपछि पाठ्यपुस्तक परिष्कार र परिमार्जनको थालनी भएको छ । पाठ्यपुस्तकहरूमा विविध विषयवस्तुहरूलाई जोड्नुका साथै सूचना प्रविधिलाई पनि समेटेर विश्व परिवेशको प्रतिस्पर्धात्मक अवस्थालाई पनि ख्याल गरी सोहीअनुसारको विकास भएको छ । पाठ्यक्रम विकास केन्द्रबाट विभिन्न तहका पाठ्यपुस्तकको इन्टरनेटमा अपलोड गर्ने आदि कार्यहरू सञ्चालन गर्दै सम्पूर्ण प्रयोगकर्तालाई सरल तरिकाले पाठ्यपुस्तकहरू उपलब्ध गराउने सेवा ल्याएपछि पाठ्यपुस्तकको प्रयोगमा सर्वसुलभता भएको छ । विश्वको विकसित अवस्था, प्रतिस्पर्धात्मक समय सन्दर्भ, राष्ट्रिय तथा अन्तराष्ट्रिय राजनीतिक र समसामयिक घटनाक्रम, वैज्ञानिक उपलब्धि आदि विषयवस्तुहरूलाई सरकारी पाठ्यक्रम तथा निजी क्षेत्रबाट लेखन र प्रकाशित गरिएका पाठ्यसामग्रीमा समेटेर विकास गरिदैँ आएको विद्यमान अवस्था छ ।

## २. नेपाली भाषाको पाठ्यपुस्तक विकासको ऐतिहासिक तथा विद्यमान अवस्था र विश्लेषण

पाठ्यपुस्तकको इतिहासलाई हेर्दा अन्तर्राष्ट्रिय क्षेत्रमा पहिले नै विकास भए पनि नेपालमा पाठ्यपुस्तकको विकासको इतिहास भने त्यति लामो छैन । वि.सं. १९४० देखि नेपालमा छापाखाना स्थापनापछि मुद्रण र प्रकाशन गतिविधि सुरु भएपछि मात्र नेपाली भाषाका पाठ्यपुस्तकको लेखन, निमार्ण र विकासमा थालनी भएको पाइन्छ । वि.सं. १८८४ तिर अज्ञात लेखकका 'सुरेन्द्रको पाठ्यपुस्तक' नामक दुई पुस्तकहरू भारतमा मुद्रित भएर प्रकाशन गरेको पाइन्छ । तिनमा सामान्य शिक्षामा प्रयोग गर्नुभन्दा राजा सुरेन्द्रको व्यक्तिगत जीवनीमा आधारित भएर लेखिएकाले सामाजिक रूपले कमै महत्त्वपूर्ण मानिन्छ । तर पनि पठनपाठनमा नेपाली भाषाको उपयोगका दृष्टिले यसलाई नेपाली भाषा पाठ्यपुस्तक निमार्णका पृष्ठभूमिका रूपमा लिन सकिन्छ । त्यसै गरी गणितका विद्वान मानिने गोपालदत्त पाण्डेद्वारा लिखित 'व्यक्त चन्द्रिका' भन्ने गणितसम्बन्धी पुस्तक वि.सं. १९४० मा काठमाडौँबाट छापिएर प्रकाशित भएपछि यसलाई साहित्येत्तर विषयको प्रथम आधिकारिक पाठ्यपुस्तकका रूपमा लिइन्छ । नेपाली भाषामा पनि उत्कृष्ट पाठ्यपुस्तक लेख्न सकिन्छ भन्ने बलियो प्रमाण यस पुस्तकले देखाउँछ । नेपाली भाषामा लेखिएर नेपालमा नै मुद्रण तथा प्रकाशन गरिएको सो पुस्तक विद्यालयीय पठनपाठनमा निकै उपयोगी पहिलो पाठ्यपुस्तकका रूपमा देखिन्छ । वि.सं. १९४० को दशकपछिको साहित्यिक चहलपहल, मुद्रण, प्रकाशन र नेपाली माध्यमबाट शिक्षण सिकाइको आवश्यकता बोध र अभिरुचिले भाषा पाठशाला स्थापनामा जोड दिइएको पाइन्छ । वि.सं. १९५८ देखि भाषा पाठशालाहरू खोलिएपछि नेपाली भाषिक पाठ्यपुस्तकको अभावलाई आवश्यकता पूर्ति गर्नका लागि नेपाली भाषामा पुस्तकहरू लेखन र प्रकाशन कार्यले तीव्रता पाएको देखिन्छ । वि.सं. १९५८ मा बझाङी राजा जयपृथ्वीबहादुर सिंहले 'अक्षराङ्क शिक्षा' भन्ने पुस्तक लेखेपछि त्यसलाई नेपाली भाषाको शिक्षण सिकाइको मुख्य आधिकारिक पाठ्यपुस्तक मानिन्छ । उक्त पाठ्यपुस्तकमा नेपाली भाषाका साउँ अक्षर चिनारी र गणितसम्बन्धी सामान्य ज्ञानका विषयवस्तुहरू समेटिएको देखिन्छ । जयपृथ्वीबहादुर सिंहले भाषा पाठशालाका लागि प्रथम पाठ्यपुस्तक लेखेपछि त्यसको प्रेरणाले वि.सं. १९५८ मा 'बालबोध', वि.सं. १९६० मा 'स्रेस्ता दर्पण', वि.सं. १९६२ मा 'पदार्थ तत्त्व विवेक', वि.सं. १९६४ मा 'शिक्षा दर्पण', वि.सं. १९६५ मा 'व्यवहार माला',

वि.सं. १९६९ मा 'भूगोल विद्या' आदि थुप्रै पाठ्यसामग्री लेखन गरेको देखिन्छ । वि.सं. १९५७ मा राणा प्रधानमन्त्री देव शमशेरद्वारा नेपालका विभिन्न ठाउँमा भाषा पाठशालाहरू स्थापनाभएसँगै जयपृथ्वीबहादुर सिंहले लेखेका पाठ्यपुस्तकहरू शिक्षण सुरुआत भएपछि नेपाली भाषा शिक्षणका लागि पाठ्यपुस्तकको आवश्यकताअनुसार लेख्ने परम्पराको विकास हुँदै गएको देखिएको छ ।

नेपालमा राणा शासनको उदयहुनुभन्दा अगाडिसम्म नेपालमा पाठ्यपुस्तक लेखन, निर्माण र प्रयोगमा केही छिटफुट रूपमा भएका कार्यहरूभन्दा बाहेक अन्य केही प्रगति भएको देखिँदैन । वि.सं. १९१० असोज २७ गते जङ्गबहादुर राणाले दरबार स्कुलको स्थापना गरेपछि पाठ्यपुस्तक लेखन, निर्माणका साथै प्रयोगमा प्रगति हुँदै आएको पाइन्छ । यस अघि नेपालको शिक्षा संस्कृत र बौद्ध परम्परामाआधारित थियो । त्यो समयमा केही पाठ्यपुस्तक वनारस र काशीबाट ल्याइन्थ्यो भने प्रायः हस्तलिखित पाठ्यसामग्रीहरूलाई शिक्षणमा प्रयोग गरिन्थ्यो । नेपालमा छपाइ र मुद्रण कार्य हुनुका साथै दरबार स्कुल र भाषा पाठशालाको स्थापनापछि नेपालमा नै पाठ्यपुस्तकको लेखन, निर्माण र प्रकाशनको विकास र विस्तारको सुरुआत भएको देखिन्छ । समग्रमा नेपाली भाषाको पाठ्यपुस्तकको विकासमा प्रारम्भदेखि वि.सं. १९६९ सम्मको समयावधिलाई थालनीको अवस्था मान्न सकिन्छ ।

## ३. नेपाली भाषाको पाठ्यपुस्तक विकासको विस्तारित काल

नेपाली भाषा पाठ्यपुस्तकको विकासका लागि वि.सं. १९६९ मा स्थापना भएको 'गोरखा भाषा प्रकाशिनी समिति' (वि.सं. १९८९ पछि नेपाली भाषा प्रकाशिनी र वि.सं.२०२२ पछि साझा प्रकाशन) ले ठुलो भूमिका खेलेको छ । यसले नै प्रायजसो पाठ्यपुस्तकहरू छपाइ र प्रकाशन गरेको पाइन्छ । राममणि आ.दी.को अध्यक्षतामा स्थापित भएको सो समितिले वि.सं. १९८८ सम्ममा ३२ ओटा पुस्तक प्रकाशन गरेको देखिन्छ । ती पुस्तकहरूमा मुख्य गरी नेपाली भाषासम्बन्धी 'बोधिनी' र 'गोरखा शिक्षा', लेखन सिपसम्बन्धी 'प्रबन्ध रचना' र 'पत्र रचना' र पठन सिप विकाससम्बन्धी' सङ्क्षिप्त रामायण' र 'सङ्क्षिप्त महाभारत' जस्ता पाठ्यपुस्तक प्रकाशन भएको देखिन्छ । तीबाहेक गणित, भूगोल, कृषि, स्वास्थ्य र शारीरिक विषयसम्बन्धी पुस्तकहरू नेपाली भाषामा लेखिएको पाइन्छ । यसरी गोरखा भाषा प्रकाशिनी समितिले विद्यालय र महाविद्यालय तहका पाठ्यपुस्तक उत्पादनमा ठुलो योगदान गरेको देखिन्छ । वि.सं. १९६८ मा भारतको इलाहाबाद बोर्डले म्याट्रिक परीक्षामा एउटा ऐच्छिक विषयका रूपमा नेपाली भाषालाई स्थान दिएपछि पाठ्यपुस्तक लेखन र प्रकाशन गर्ने कार्यले तीव्रता पाएको देखिन्छ । वि.सं. १९७० पछि नेपाली भाषाको शैक्षिक प्रयोगका लागि पाठ्यपुस्तकको तीव्र विकास र प्रयासहरू हुनथालेको र मुद्रित पाठ्यसामग्रीको सङ्ख्यामा उच्च वृद्धि भएको देखिन्छ ।

वि.सं. १९७० पछिको समयमा नेपाली पाठ्यपुस्तक लेखनको स्तरयुक्त विकास गर्नमा चक्रपाणि चालिसेको योगदान रहेको पाइन्छ । त्यस्तै गरी विज्ञान विलास, पहलमानसिंह स्वाँर, वैजनाथ सेढाई, कृष्णचन्द्र अर्याल, अनङ्गमान सिंह, रामचन्द्र अधिकारी आदि लेखकहरूले पनि नेपाली भाषाका पाठ्यपुस्तक लेखनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाली भाषाको पाठ्यपुस्तक लेखन र प्रकाशनमा नेपालभित्र मात्र नभई भारतको दार्जिलिङबाट पादरी गङ्गाप्रसाद प्रधान, पारसमणि प्रधान र शेषमणि प्रधान जस्ता लेखकहरूले पनि नेपाली पाठ्यपुस्तकको लेखन र विकासमा ठुलो योगदान दिएका छन् ।

त्यसै गरी गोरखा भाषा प्रकाशिनी समितिबाट शिशु बोधिनी, गोरखा शिक्षा (पछि नेपाली शिक्षा) जस्ता पाठ्यपुस्तकहरू विभिन्न भाग र संस्करणमा प्रकाशित भएका पाइन्छन् । गोरखाशिक्षा (नेपाली शिक्षा) नामको पाठ्यपुस्तक वि.सं. १९७४ देखि २००३ सम्म एघारौँ पटकसम्म प्रकाशित भएको पाइन्छ । यसका सम्पादक चक्रपाणि चालिसे थिए । गोरखा भाषा प्रकाशिनी समितिबाट प्रकाशित पुस्तकहरूमा बढी मात्रामा नीतिमूलक र उपदेशमूलक विषयवस्तुहरू समावेश गरिएको देखिन्छ भने दार्जिलिङबाट प्रकाशित पुस्तकहरूमा यथार्थपरकता, सामाजिकता र विविधतामूलक विषयवस्तुलाई बढी समेटिएको भेटिन्छ । वि.सं. १९९० पछि संशोधन भएको एस.एल.सी.को पाठ्यपुस्तक क्रमअनुसार बोधविक्रम अधिकारीद्वारा लिखित 'दन्त्यकथा' र जीतेन्द्रबहादुर शाहले लेखेको 'आधुनिक आविष्कार' नामक पाठ्यपुस्तक परिष्कृत र स्तरीय देखिन्छन् । नेपाली भाषा र साहित्यको विकासमा वि.सं.१९९५ मा 'नेपाली भाषानुवाद परिषद्' स्थापना भएपछि यसले अन्य भाषाका उत्कृष्ट कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरी स्तरीय पाठ्यपुस्तकको निर्माण र विकासमा ठुलो भूमिका खेलेको पाइन्छ । वि.सं. २००७ सालभन्दा अगाडिका पाठ्यपुस्तकहरूमा सरल वाक्य, बालबालिकाका अभिरुचिका विषयवस्तुलाई कथात्मक पाराले नैतिक आदर्शलाई मात्र समेट्ने खालका थिए । कुनै कुनै पाठ्यपुस्तकमा यथार्थ र समसामयिक विषयवस्तुहरू समेटिए पनि अभ्यास स्तम्भ भने समाहित भएको पाइँदैन ।

## ४. प्रजातान्त्रिक कालपछिको नेपाली भाषाका पाठ्यपुस्तकको विकसित अवस्था

नेपालमा १०४ बर्से जहानिया राणा शासनको अन्त्य र वि.सं. २००७ मा प्रजातन्त्रको उदय भएपछि धेरै ठाउँमा विद्यालयको स्थापना भयो । विद्यालयमा शिक्षणका लागि पाठ्यपुस्तकको आवश्यकता पूरा गर्नका लागि नेपाली भाषा पाठ्यपुस्तकको लेखन र प्रकाशनमा तीव्रता भएको देखिन्छ । प्रकाशित पाठ्यपुस्तकहरूमा सीमित विषयवस्तुका क्षेत्र र सङ्ख्याका दृष्टिले अपुग हुने जस्तो देखिएपछि नेपाली भाषा प्रकाशिनी समिति (साझा प्रकाशन) ले वि.सं. २०२८ सालसम्म विभिन्न विभिन्न विषय र क्षेत्रका पाठ्यपुस्तकहरू लेखन, प्रकाशन र मुद्रण गर्न निकै ठुलो भूमिका खेलेको देखिन्छ । तर पनि एस.एल.सी. भन्दा तल्ला कक्षाका पाठ्यपुस्तकको लेखन, प्रकाशन र वितरणको सामञ्जस्य रूपले राम्रो व्यवस्था भएको पाइँदैन । वि.सं. २००७ सालपछि कक्षा प्रणालीअनुरूपका पठनपाठन गर्ने पाठ्यपुस्तकको विकास तीव्र हुँदै गएको देखिन्छ । तर पाठ्यपुस्तक निर्माण, लेखन र प्रकाशनका लागि विशेष ध्यान भने वि.सं. २०१६ सालतिर आएर मात्र भएको देखिन्छ । नेपाल सरकारबाट स्वीकृत गरेर मात्रै पाठ्यपुस्तक लेखन र प्रकाशन गर्ने गरी विकास भएको पाइन्छ । वितरणका समस्याले गर्दा स्थापित विद्यालयहरूमा फरक फरक पुस्तकहरू पठनपाठन हुने अवस्था थियो । त्यस्तै वि.सं. १९९० सालमा एस.एल.सी. बोर्डको स्थापना भएपछि स्वतन्त्र विद्यालयीय शिक्षाको मार्ग प्रशस्त भयो अनि देशभित्रका लेखक र प्रकाशकहरूको रुचि पाठ्यपुस्तक निर्माणतर्फ बढेर गयो । पाठ्यपुस्तकको स्पष्ट दिशाबोधको स्थिति नभएको अवस्थामा वि.सं. २०१० मा गठित 'नेपाल राष्ट्रिय शिक्षा योजना आयोग' ले २०११ सालमा प्रतिवेदन प्रस्तुत गरेपछि पाठ्यपुस्तक लेखन र प्रकाशन गर्नतर्फ सक्रिय हुन थालेको देखिन्छ ।

नेपालको राजनीतिक विकासक्रममा प्रधानमन्त्री पद्मशमशेरद्वारा वि.सं.२००४ माघ १३ मा जारी भएको 'नेपाल सरकारको वैधानिक कानुन २००४' घोषणापछि नेपालमा शिक्षाको व्यापकता हुने थालेसँगै विभिन्न लेखकहरूले विभिन्न विषय र विधामा आफ्ना कृतिहरू लेखन र प्रकाशन हुन थाले । वि.सं. २००७ सालमा नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रको उदय भएपछि लागु

भएको नेपालको अन्तरिम शासन विधानले नेपाली जनतालाई स्वतन्त्रताको धारमा उभ्याएपछि विभिन्न प्रतिभा र लेखकहरूको जन्म भयो । यसले नेपाली पाठ्यपुस्तक लेखन निर्माण र विकासमा ठुलो टेवा पुऱ्याएको देखिन्छ । वि.सं. २०११ मा राष्ट्रिय शिक्षा योजना आयोग प्रतिवेदन आएपछि विद्यालय तहका पाठ्यपुस्तक लेखन र प्रकाशन कार्यमा थप उर्जा मिलेको थियो । त्यसै गरी 'सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८' ले नेपाली नागरिकहरूले लेखेका पाठ्यपुस्तकलाई प्राथमिकता दिने, विषयगत पुस्तक छान्ने तथा स्वीकृतिका लागि विशेषज्ञ समिति गठन गर्ने जस्ता सिफारिस गरेपछि लेखनका लागि जागरण मिलेको देखिन्छ । सरकारी स्तरबाट पाठ्यपुस्तक लेखनका लागि वि.सं. २०२० सालदेखि शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा सामग्री केन्द्रबाट पाठ्यपुस्तकको प्रकाशन सुरु भएको देखिन्छ । यसरी वि.सं. २००७ पछिका समयावधिमा गुणस्तरीय र समय सान्दर्भिक पाठ्यपुस्तकहरूको लेखन र विकासले फड्को मारेको पाइन्छ भने वि.सं. २०२८ पछि सरकारी र गैरसरकारी निकायबाट विभिन्न नीति र अवधारणा लागु गरी शिक्षणका लागि आवश्यक पाठ्यपुस्तक सामग्रीहरूको विकास द्रुत गतिमा अगाडि बढिरहेको अवस्था छ ।

## ५. नेपाली भाषा पाठ्यपुस्तकको विद्यमान अवस्था

नेपालमा पाठ्यपुस्तक विकासको इतिहासमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) ले ठुलो भूमिका खेलेको छ । यस योजनाले पाठ्यपुस्तकलाई शिक्षण सिकाइ क्रियाकलापको महत्त्वपूर्ण शिक्षण सामग्री मान्दै उच्च कोटीको पाठ्यपुस्तक निर्माणमा जोड दिएको छ । त्यस्तै विद्यालयस्तरका पुस्तकहरू लेखन गर्ने, छपाउने र वितरण गर्ने सबै जिम्मा जनक शिक्षा सामग्री केन्द्रलाई दियो । विद्यालयतहका सम्पूर्ण विषयगत पुस्तकहरू नेपाल सरकारले नै लेखाउनु पर्ने व्यवस्था गरियो भने नेपालभरका विद्यालयमा एउटै पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्ने निर्णय भयो । सोही कार्यका लागि शिक्षा मन्त्रालयअन्तर्गत वि.सं. २०२८ सालमा 'पाठ्यक्रम विकास केन्द्र' को स्थापना भएपछि पाठ्यपुस्तकमा स्तरीयता र सन्तुलन ल्याउने काम भयो । विद्यमान शैक्षिक सङ्गठानात्मक संरचनामा विद्यालय तहका पाठ्यपुस्तकको विकास, निर्माण र परिमार्जनमा पाठ्यक्रम विकास केन्द्रले महत्त्वपूर्ण भूमिका खेलेको छ । पाठ्यसामग्रीहरू छपाइ र वितरणमा जनक शिक्षा सामग्री केन्द्र र साझा प्रकाशनले पाठ्यक्रम विकास केन्द्रलाई सहयोग पुऱ्याउँदै आएका छन् ।

सरकारी स्तरबाट मात्रै पाठ्यपुस्तकको निर्माण र प्रकाशन गर्ने कार्यमा एकाधिकार भएकाले यस्तो गर्न नहुने भन्ने कुरा निजी स्तरबाट आएपछि नेपाल सरकार शिक्षा मन्त्रालयको निर्णयले वि.सं. २०६३ मा 'विद्यालय पाठ्यपुस्तक छपाइ र वितरण निर्देशिका-२०६३' जारी भयो । यस निर्देशिका जारी भएपछि पाठ्यपुस्तक लेखन, छपाइ र वितरण कार्यलाई अझ बढी सुलभ गर्न निजी क्षेत्रलाई पनि सहभागी गराउँदै लैजाने नीतिका साथ विद्यालय तहका पाठ्यपुस्तकहरू लेखन, मुद्रण, प्रकाशन र वितरण कार्यलाई व्यवस्थित बनाउने उद्देश्य राखेकाले वि.सं. २०६४ देखि पाठ्यपुस्तकको छपाइ र वितरण कार्यमा निजी क्षेत्र पनि सहभागी हुँदै आएको छ ।

हाल विश्वमा हरेक क्षेत्रमा भएका विकास निर्माण, प्रविधिमैत्री वातावरण, विभिन्न अत्यावश्यक सामग्रीहरूको निर्माण र त्यसबाट हुने गरेका कार्य र उपलब्धिले मानिसको जीवनलाई धेरै सहज र सरल बनाइदिएको छ । त्यसै गरी मानिसको उच्चत्तम सोच, महत्त्वकांक्षा, नवीन तथ्यको खोजी, वैज्ञानिक अनुसन्धान आदिले गर्दा त्यहीअनुसारका पाठ्यपुस्तक लेखन र महत्त्वाकाङ्क्षा विकास गरिएको छ । विभिन्न योजना तथा कार्यक्रम, आवधिक योजनाका साथै अन्य सम्बद्ध दस्तावेज र

नीतिमा केन्द्रित रही पाठ्यपुस्तक विकास र विश्लेषण गर्ने प्रयास गरिएको छ । वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि गठित ‘राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९’ र ‘उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५’ दुवैले पाठ्यपुस्तकका निजी क्षेत्रको सहभागिताका साथ वर्तमान पाठ्यपुस्तकको विकास र प्रयोगमा केही जोड दिएको देखिन्छ । प्रस्तुत दुवै प्रतिवेदनको कार्यान्वयन स्थितिको अध्ययन गरी सुझाव दिन गठित ‘उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८’ ले भने सरकार नियन्त्रित पाठ्यपुस्तक लागु गर्ने कुरामा जोड दिँदै २०४९ र २०५५ का प्रतिवेदनले सिफारिस गरेको बहुपाठ्यपुस्तक नीतिलाई त्यति समेटेको पाइँदैन । पाठ्यपुस्तकका सम्बन्धमा वर्तमान कानुनी व्यवस्थालाई हेर्दा शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ ले व्यापक रणनीति लिएको छ । शिक्षा ऐनको दफा ८ तथा शिक्षा नियमावलीको नियम ३२ अनुसार सबै विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ भने शिक्षा नियमावलीका नियम ३३ मा विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकका सम्बन्धमा नीतिगत निर्णयका लागि शिक्षा मन्त्रीको अध्यक्षतामा ‘राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्’ को व्यवस्था पनि गरिएको छ । त्यसै गरी नियम ३४ मा विद्यालयमा अध्यापन गर्ने पाठ्यपुस्तकहरू पाठ्यक्रम विकास केन्द्रले तयार गर्ने कानुनी व्यवस्था रहेको छ । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई पाठ्यक्रम र पाठ्यपुस्तकसम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी प्रदान गरिएको छ ।  थप पाठ्यसामग्री तथा पाठ्यपुस्तकको सूची स्वीकृत गर्ने कार्यको केन्द्रले परिषद्बाट सैद्धान्तिक सहमति लिनुपर्ने व्यवस्था गरिएको छ । शिक्षानियमावली नियम ३५ मा शैक्षिक संस्थाले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रबाट सूचीकृत सूचीबाट जिल्ला शिक्षा कार्यालयले स्वीकृत दिन सक्ने प्रावधान रहेको पाइन्छ । यस व्यवस्थाले नेपाल सरकारबाट स्वीकृत नभएका पाठ्यपुस्तक तथा थपपाठ्यसामग्री विद्यालयमा लागु गर्न नपाउने स्पष्ट कानुनी व्यवस्था रहेको छ ।

२०२८ सालभन्दा अगाडिका पाठ्यपुस्तक प्रायः व्यावहारिक रूपले ज्ञान दिने खालका विषयवस्तुहरू रहने गरेको पाइन्छ । त्यहाँ मानव जीवनका आदर्श, धर्म र समुदाय, नैतिकशिक्षा जस्ता विषयमा मात्र आधारित रही विकास भएको पाइन्छ । २०२८ पछिका पाठ्यपुस्तकहरूमा व्यवाहारिक ज्ञानका साथै अन्य विषयवस्तुहरू समेटी वैज्ञानिक रूपले विकसित भएको देखिन्छ । मनोवैज्ञानिक, शारीरिक, स्वास्थ्य, सामान्य ज्ञान, इतिहास जस्ता विषयका साथै गणितीय तथा मापनीय रूपले पाठ्यपुस्तकहरूको लेखन, निर्माण र प्रकाशनमा विकास गरिएको विद्यमान अवस्था रहेको छ । पाठ्यपुस्तकलाई विषयगत मर्मअनुसार विषयवस्तुको प्रकृति, चित्राङ्कन, रङरोगन, छपाइ, बँधाइ र प्रयोगमा विशेष ध्यान दिइएको छ । अहिलेको सन्दर्भमा पाठ्यपुस्तकहरू विद्यालय, विश्वविद्यालयका साथै अन्य क्षेत्रमा पनि ज्ञान, सिप, पेसा र क्षमता विकासका लागि योजनाको उद्देश्य तथा सक्षमता पूरा गराउनका लागि पाठ्यपुस्तकलाई आधिकारिक पाठ्यसामग्रीको क्रमबद्ध प्रस्तुतिका रूपमा लिइएको छ । स्तर र तहअनुरूपको योजना मुताबिक पाठ्यक्रम तयार पारी यसले तय गरेका सक्षमतालाई पूर्ण गर्न कार्यान्वयन गर्ने भरपर्दो दस्तावेज पाठ्यपुस्तकलाई लिइन्छ । सिद्धान्त, नीति, दर्शन, संस्कृति, भूगोल, ऐतिहासिक पक्ष एवम् अन्य पक्षको व्यावहारिक प्रस्तुतिमा आधारित, पाठ्यक्रमको सूत्रात्मक अभिव्यक्तिलाई व्याख्याका रूपमा लगी प्रयोगमा ल्याउने साधन पाठ्यपुस्तक हो । यसरी वर्तमान अवस्थाको पाठ्यपुस्तक ज्ञानपरकका साथै सबै क्षेत्र, पक्ष र विषयलाई समेटीकन वैज्ञानिक रूपमा विकास गरिएको छ । पाठ्यपुस्तकको विषयवस्तु छनोट, निर्माण तथा परिष्कृत गर्न राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ र २०७६ ले अझ ठुलो टेवा पुऱ्याएको छ । विद्यालय स्तरीय पाठ्यक्रम २०७६ ले एकीकृत पाठ्यक्रमको अवधारणालाई अगाडि सारी विभिन्न विषयलाई

समायोजन गर्दै सूचना प्रविधि, वैज्ञानिक खोज र अनुसन्धानात्मक पक्षमा बढी जोड दिएको छ । त्यसैअनुरूप ऐतिहासिक तथा समसामायिक घटनाक्रम, खोज तथा अनुसन्धान, सूचना प्रविधि, सञ्चार आदि विषयवस्तुलाई समेटेर पाठ्यपुस्तक लेखन, निर्माण र प्रयोग भएको छ । पाठ्यपुस्तकको प्रयोगमा विषयवस्तुको व्याख्यात्मकभन्दा पनि खोजमूलक, प्रयोगात्मक, सूचनामूलक, अभ्यासमूलक र क्रियाकलापमुखी रूपमा विकास गरिएको छ ।

## ६. पाठ्यपुस्तक प्रयोगको वर्तमान अवस्था र चुनौती

शैक्षिक अध्ययन अध्यापनको प्रमुख योजना तथा मार्गदर्शन पाठ्यक्रम रहे पनि यसले तोकेका सक्षमता पूरा गर्नका लागि शिक्षण सिकाइ प्रक्रियाका लागि मुख्य सामग्रीका रूपमा पाठ्यपुस्तकको प्रयोग हुँदै आएको छ । मानिसको ज्ञान, सिप र क्षमता विकास गर्न पाठ्यपुस्तकले ठुलो सहयोग गरेको हुन्छ । विद्यमान कानुनी व्यवस्थाअनुसार देशभर एउटै पाठ्यपुस्तकको प्रयोग गर्दा विविध भौगोलिक परिवेशमा रहेका विद्यार्थीको अवस्था, तिनीहरूको रुचि, उमेर, आवश्यकता र परिवेशसँग समन्वय हुन नसक्दा यसको प्रयोगमा एकरूपता देखिँदैन । हालको विश्वव्यापीकरण र प्रतिस्पर्धात्मक समयको प्रभाव, वैज्ञानिक विकासको तीव्रता र सूचना प्रविधिको चरम विकास भएको अवस्थालाई पाठ्यपुस्तकमा समावेश गर्न खोजिएको भए तापनि त्यसले अझै प्रभावकारिता ल्याउन सकेको छैन । विश्व सन्दर्भको अवस्थालाई हेर्दा सूचना प्रविधिलाई जोडेर ईबुकको आवश्यकता भइसकेको अवस्थामा सुधारात्मक बहुपाठ्यपुस्तकको विकासमा जोड दिनुपर्ने आवश्यकता खड्किएको छ ।

वर्तमान विश्व प्रतिस्पर्धात्मक स्थिति र विकास निर्माणले द्रुतगति लिएको परिप्रेक्ष्यमा नेपाली भाषाका पाठ्यपुस्तकहरू बालमैत्री, लैङ्गिकमैत्री, वातावरणमैत्री, स्थानीय परिवेशका विषयवस्तुलाई समेटेको छ । नेपाली विषयको पाठ्यपुस्तकमा वर्तमान समयको परिवेश सुहाउँदो सूचना प्रविधिलाई पनि जोड्ने प्रयत्न गरिएको छ । समावेशी शिक्षाको र अधिकारमा आधारित शिक्षाको अवधारणाअनुसार विविधतायुक्त पाठ्यपुस्तकको विकास हुन नसकेको र समय सन्दर्भअनुरूपका पक्षलाई पूर्ण रूपमा समाहित नभएको अवस्था छ । पहुँच र प्रयोगका दृष्टिले पाठ्यपुस्तकको स्तरीयता र सर्वसुलभ हुन नसकेको पनि देख्न सकिन्छ ।

नेपाली पाठ्यपुस्तकमा देखिएका वर्तमान अवस्थालाई समग्रमा हेर्दा नेपालको शिक्षामा प्रयोग हुँदै आएका पाठ्यपुस्तकहरूको लेखन, निर्माण विकासमा सुधार ल्याउनु पर्ने देखिन्छ । एकल पाठ्यपुस्तकका साटो बहु पाठ्यपुस्तकको नीति लागु गर्नुपर्ने देखिएको छ । त्यस्तै विश्व परिवेश, प्रतिस्पर्धात्मक स्थिति र सूचना प्रविधिको तीव्र विकास भएको अवस्थालाई विचरण गरी सोहीअनुसारको पाठ्यपुस्तकको विकास र प्रयोगमा ध्यान दिनु पर्ने र विविध पक्षलाई पाठ्यपुस्तकमा समेट्नु पर्ने आजको आवश्यकता रहेको छ ।

## ७. नेपाली भाषाको पाठ्यपुस्तकको विकासका लागि सुझाव

नेपाली भाषाको पाठ्यपुस्तक विकासमा देखिएका वर्तमान चुनौतीलाई सुधार गर्न र विश्व सन्दर्भको अवस्थालाई विचार गरी पाठ्यपुस्तकको विकास र सहज प्रयोगका निम्ति निम्नानुसारको गर्न र गराउन सकिने छ :

(क) शिक्षा प्रणालीलाई समय सान्दर्भिक र विश्व परिवेशमा भएका विकासलाई आधार मानी नीति नियामावली बनाई लागु गर्नुपर्ने

(ख) पाठ्यपुस्तकको मापदण्ड र नीति सुस्पष्ट हुनुपर्ने

(ग) एकल पाठ्यपुस्तकभन्दा बहुपाठ्यपुस्तक निर्देशिका तयार गर्नुपर्ने

(घ) पाठ्यक्रमको ढाँचा अध्ययन गरी पाठ्यपुस्तकको लेखन, निर्माण र प्रयोग गर्नुपर्ने

(ङ) निजी स्तरका प्रकाशक, मुद्रक र वितरकलाई क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने

(च) स्वच्छ प्रतिस्पर्धामूलक वातावरण सिर्जना गर्नुपर्ने

(छ) विभिन्न क्षेत्रबिच सहकार्य गरी कार्यान्वयन गर्नुपर्ने

(ज) पाठ्यपुस्तक लेखन र विकासका लागि विभिन्न सरोकारवाला बिच राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अनुभव, विषयवस्तु र क्रियाप्रतिक्रयाहरू आदान प्रदान गर्ने सुअवसर दिनुपर्ने

(झ) सम्बन्धित पाठ्यपुस्तकहरू समय सान्दर्भिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियको विकास र आधुनिक रूपले समायोजन र परिष्कृत हुनुपर्ने

(ञ) पाठ्यपुस्तक निर्माणका लागि प्रयोग हुने कागज, छपाइ, प्रकाशन र लागतका आधारमा न्यूनतम मूल्य निर्धारण हुनुपर्ने

(ट) इबुक निर्माण गरी सर्वसुलभ रूपमा सबैले तुरुन्तै खोजेका वेलामा पाउने सक्ने बनाउनु पर्ने

(ठ) पाठ्यक्रमको मर्मअनुरूपको सम्बद्ध विषयका विज्ञहरूबाट पाठ्यपुस्तकको समीक्षा र अनुसन्धान गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने वातावरण सिर्जना गराउनु पर्ने

(ड) थप पाठ्यसामग्री र सन्दर्भ सामग्रीको विकास गरी सोहीअनुसार शिक्षा प्रणालीलाई गुणस्तरीय बनाउन निर्देशन गर्ने र गराउने

(ढ) पाठ्यपुस्तकलाई इन्टरनेटको पहुँचमा पुऱ्याउनु पर्ने

दिइएका सुझावलाई मनन गरी यससँग सम्बन्धित सरकारी तथा अन्य निकायले पाठ्यपुस्तक विकासमा यथोचित सुधार गरेर लैजानुपर्ने देखिएको छ । विश्वको बदलिँदो परिस्थिति र हरेक क्षेत्रमा भएका नयाँ नयाँ खोज अनुसन्धानका साथै वैज्ञानिक सूचना प्रविधिको द्रुतगतिको विकसित स्थिति आदिलाई विचार गरी नेपाली भाषाका पाठ्यपुस्तकको विकास गर्नुपर्ने आजको पहिलो आवश्यकता बनेको छ ।

## ८. निष्कर्ष

कुनै पनि विषयको जानकारी, ज्ञान, सिप र क्षमताको विकासका लागि मानिसले त्यस विषयमा बुझेर, अवलोकन गरेर र त्यसको अनुभव गरेर मात्र पहिचान गर्न सकिन्छ । त्यसका बारेमा अझ स्पष्ट पार्नका लागि त्यसका बारेमा सङ्ग्रहित गरिएका पाठ्यपुस्तक सान्दर्भिक हुन्छन् । विश्व परिवेशलाई हेर्दा धेरै अगाडिदेखि विभिन्न विषयवस्तुलाई समेटेर पाठ्यपुस्तक लेखन र विकास भएको

पाइन्छ भने नेपालमा पाठ्यपुस्तकको लेखन र प्रयोगको थालनी उन्नाइसौँ शताब्दीबाट मात्र भएको देखिएको छ । सुरुआतीका पाठ्यपुस्तकहरू प्रायः शासक र शासनको व्याख्या तथा वर्णन गरिएका, मापदण्डअनुकूल नभएका देखिन्छन् । संस्कृत भाषा र अन्य भाषबाट अनुदित पाठ्यपुस्तक लेखनबाट विकास भएको नेपाली भाषाको पाठ्यपुस्तक वि.सं. १९४० मा गोपालदत्त पाण्डेद्वारा लिखित 'व्यक्त चन्द्रिका' बाट मौलिक र आधिकारिक पाठ्यपुस्तक लेखनको थालनी भएको देखिन्छ ।

नेपालमा जङ्बहादुर राणाबाट दरबार स्कुलको स्थापना र देव शमशेरबाट नेपालका विभिन्न ठाउँमा भाषा पाठशालाको स्थापना गरेपछि नेपाली भाषाका पाठ्यपुस्तक लेखन र विकासमा तीव्रता पाएको देखिन्छ । भाषा पाठशालामा शिक्षण गराउनका लागि जयपृथ्वीबहादुर सिंहले लेखेको 'अक्षराङ्क शिक्षा' भन्ने पाठ्यपुस्तक पठनपाठनका लागि पहिलो आधिकारिक पुस्तकका रूपमा लिइएको छ । त्यसपछि पाठ्यपुस्तक लेख्ने र प्रकाशन गर्ने प्रक्रिया द्रुत रूपले विकास हुँदै गएको देखिन्छ । वि.सं. २०१८ पछिका समयमा राष्ट्रिय शिक्षासम्बन्धी नीति निर्माण, शैक्षिक प्रतिवेदन प्रस्तुत, शिक्षा ऐन, २०२८ को लागु, शिक्षा नियमावली निर्माण, पाठ्यपुस्तकको नीति र मापदण्ड निर्धारण आदिले गर्दा नेपाली भाषाको पाठ्यपुस्तकको लेखन, निर्माण र विकासले ठुलो उपलब्धि हासिल गरेको पाइन्छ । तत्कालीन ऐतिहासिक कालखण्ड, घटित घटनाक्रम आदि विषयवस्तुलाई पाठ्यसामग्रीमा समाहित गरेको देखिन्छ । त्यस्तै गरी गणितीय मापनसम्बन्धी अभ्यास र व्यावहारिक ज्ञान, नैतिक शिक्षा, दर्शन, स्वास्थ्य शिक्षा, सरसफाइ, शारीरिक विकास, नेपाली भाषा र साहित्य, साहित्येत्तर आदिका विषयवस्तुलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा समेटी पाठक वा विद्यार्थीको सिकाइ स्तर र चाहनाअनुरूपका पाठ्यपुस्तक लेखन र प्रयोगमा ध्यान दिइएको अवस्था छ । क्रियाकलापमुखी, शिक्षण विधिगत, अभ्याससहित, मूल्याङ्कन र विषयगत पृष्ठभूमिलाई मुख्य आधार बनाई तयार पारिएका हालका पाठ्यपुस्तकहरू देखिए पनि अझ सोचेअनुरूप विकास भएको पाइँदैन । अहिलेको पाठ्यपुस्तकमा विविधक्षेत्र र पक्षलाई समेटी सबै विषयवस्तुलाई समाहित गर्नुका साथै एकीकृत पाठ्यवस्तु, बहुपाठ्यपुस्तकको अवधारणा, नीति नियम, कानुनी परिधि, सूचना प्रविधि र सञ्चारसँगको विकास, वैज्ञानिक खोज अनुसन्धान आदिलाई पाठ्यपुस्तकसँग जोड्ने र त्यसैअनुरूप विकास गर्दै लगिएको अवस्था छ ।

देशभरिका विद्यालयका अध्ययन गरिने पाठ्यपुस्तकको एकरूपतामा जोड दिई सोहीअनुसार लेखन, निर्माण, प्रयोग तथा शिक्षण गराउन र तोकिएका सिकाइ उपलब्धि पूरा गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले सम्पूर्ण जिम्मेवारी लिई अगाडि बढिरहेको हालको अवस्था छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पाठ्यपुस्तक छपाइ तथा बिक्री वितरण गर्ने गर्छ । त्यस्तै निजी क्षेत्रका मुद्रक र प्रकाशकहरूले पनि सहयोग गरिरहेका छन् । विश्वमा भएका ऐतिहासिक, राजनीतिक, सांस्कृतिक र प्राकृतिक विषय र घटनाक्रमलाई विषयवस्तुका रूपमा लिई पाठ्यसामग्री तयार पारिएको र सूचना प्रविधि र खोजमूल पक्षलाई बढी जोड दिई सोहीअनुसार गर्दै विकसित रूपमा निरन्तरता दिइँदै आइएको छ ।

## सन्दर्भ सामग्री


पोखरेल हरिहर, नेपालको संविधान २०७२, ब्रदर बुक्स प्रकाशन प्रा.लि., काठमाडौँ ।

पौडेल टीकाप्रसाद, नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, २०६८, जुपिटर प्रकाशक तथा वितरक, काठमाडौँ ।

लुइटेल ईश्वर, पाठ्यक्रम तथा मूल्याङ्कन, लुम्बिनी प्रकाशन ।

विभिन्न समयमा प्रकाशित शैक्षिक बुलेटिन, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

शर्मा केदारप्रसाद, नेपाली भाषा शिक्षणका सन्दर्भहरू, २०६८, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ ।

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित), कानुन किताब व्यवस्था समिति काठमाडौँ ।

# सिकाइमा आधिकारिक मूल्याङ्कन र रुब्रिक्सको प्रयोग

✍ युवराज अधिकारी*


**लेखसार**

*पाठ्यक्रम सिकाइको एक बृहत् योजना हो । पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्ने प्रक्रियाका रूपमा मूल्याङ्कनलाई महत्त्वपूर्ण तत्त्वका रूपमा लिने गरिन्छ । पाठ्यक्रममा संलग्न संज्ञानात्मक, मनोक्रियात्मक तथा प्रभावी क्षेत्रका सिकाइ उपलब्धिलाई प्रमाणमा आधारित, वस्तुतग, वैध र विश्वसनीय तरिकाबाट मूल्याङ्कन गरिनुपर्छ । विद्यार्थीले हासिल गरेको उपलब्धि तथा कार्यसम्पादनको सही र वास्तविक तरिकाले मूल्याङ्कन गर्न आधिकारिक मूल्याङ्कनका विधि र साधनको प्रयोग गर्नुपर्छ । आधिकारिक मूल्याङ्कनका विभिन्न साधनमध्ये रुब्रिक्स एक महत्त्वपूर्ण र प्रचलित साधन हो जसले विद्यार्थीले हासिल गरेका र कार्य सम्पादन गरेका कामको सही र वास्तविक तथा प्रमाणमा आधारित भई मूल्याङ्कन गर्न सहयोग गर्दछ । यस्तो साधनलाई शिक्षकले विद्यार्थीले गरेका कार्यहरू र बुझाइ क्षमताको मूल्याङ्कन गर्न प्रयोग गर्दछन् भने विद्यार्थीले आफूले गरेका कार्यको स्वयम् मूल्याङ्कन गर्न प्रयोग गर्दछन् ।*


## १. पृष्ठभूमि

अपेक्षित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न मूल्याङ्कनको आवश्यकता पर्छ । पाठ्यक्रमका सैद्धान्तिक, प्रयोगात्मक तथा अभिवृत्तिगत पक्षको लेखाजोखा गर्न विभिन्न प्रकारका मूल्याङ्कन र साधनहरुको प्रयोग गरिन्छ । मूल्याङ्कनका विभिन्न स्वरूपहरूमध्ये आधिकारिक मूल्याङ्कन (Authentic assessment) महत्त्वपूर्ण प्रकार हो । आधिकारिक मूल्याङ्कन विधिबाट विद्यार्थीले आफूले निर्माण गरेको ज्ञान तथा प्राप्त गरेका सिकाइ अनुभव र सूचनाहरूलाई व्यवहारमा कतिको उतार्न सक्छन् वा उतारिरहेका छन् भन्ने कुराको मूल्याङ्कन गरिन्छ । आधिकारिक मूल्याङ्कनअन्तर्गत कार्यसञ्चिका, परियोजना, कार्यसम्पादन र विस्तारित लिखित प्रतिक्रिया पर्दछन् । आधिकारिक मूल्याङ्कन गर्ने विभिन्न साधनहरूमध्ये नयाँ र प्रभावकारी साधन रुब्रिक्स हो । मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको एक अभिन्न अङ्ग र सिकारुको संज्ञानात्मक, सिपगत र अभिवृत्तिगत पक्षलाई ध्यान दिई मूल्याङ्कन गर्नुपर्छ भन्ने तर्क विश्वव्यापी मान्यता हो । यसका लागि आधिकारिक मूल्याङ्कनको महत्त्वपूर्ण साधन रुब्रिक्सको प्रयोग गर्नुपर्ने हुन्छ । विषयवस्तुको प्रकृतिअनुसार रुब्रिक्सका माध्यमबाट मूल्याङ्कन गर्दा साधारण, विशिष्ट, समष्टिगत र विश्लेषणात्मक जस्ता साधनहरू प्रयोग गर्न सकिन्छ । वास्तविक र आधिकारिक रूपमा सिकारुले गरेका समग्र कार्यलाई प्रमाणमा आधारित भई मूल्याङ्कन गर्न सरोकारवालाहरूलाई सहयोग पुगोस् भन्नका लागि यस लेखमा आधारिक मूल्याङ्कन र रुब्रिक्सको अवधारणा र प्रयोगसम्बन्धी विषयवस्तुलाई समेटिएको छ ।

* पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र

## २. आधिकारिक मूल्याङ्कन

### २.१ आधिकारिक मूल्याङ्कनको अवधारणा

आधिकारिक मूल्याङ्कनलाई वास्तविक मूल्याङ्कन, प्रामाणिक (प्रमाणमा आधारित) मूल्याङ्कन पनि भनिन्छ । यस्तो मूल्याङ्कनले सिकारुको समग्र पक्ष जस्तै : संज्ञानात्मक क्षेत्र (ज्ञान, बोध, प्रयोग, विश्लेषण, मूल्याङ्कन, सिर्जना), मनोक्रियात्मक क्षेत्र (सिपगत पक्ष) र प्रभावी क्षेत्र (अभिवृत्तिगत र व्यवहारगत पक्ष) को मूल्याङ्कन वस्तुगत, वैज्ञानिक र प्रमाणमा आधारित भएर गर्दछ । सिजरका अनुसार आधिकारिक मूल्याङ्नले विद्यार्थीलाई महत्त्वपूर्ण सिकाइ उपलब्धिका लागि नयाँ शैक्षिक जानकारी र सिपहरू वास्तविक परिस्थितिमा लागु गर्न चुनौती दिन्छ । यो एक विद्यालयको सजग र दिमागी (mindful) साधन हो जसले के अपेक्षा छ र विद्यार्थीले यी गुणहरू कसरी प्रदर्शन गर्छन् भन्ने बारे स्पष्ट पार्दछ (Sizer, 1992) । परम्परागत मानकीकृत कलम र कागज परीक्षणभन्दा आधिकारिक मूल्याङ्नले विद्यार्थीलाई उनीहरूले सिकेका कुराहरू प्रदर्शन गर्दा उनीहरूको क्षमताको पूर्ण दायरा प्रदर्शन गर्ने मौका दिन्छ ।

विद्यार्थीले कक्षाकोठामा सिकेका ज्ञान र सिपलाई दैनिक जीवनमा प्रयोग गर्ने दक्षताको मूल्याङ्कनसमेत यस प्रकारको मूल्याङ्कनले गर्दछ । उदाहरणका लागि विद्यार्थीको ज्ञान, बोध, प्रयोग, विश्लेषण र संश्लेषण क्षमता, सिर्जनात्मकता, सहकार्यात्मक, लेखन र मौखिक अभिव्यक्तिसम्बन्धी सिप आदिको मूल्याङ्कन । कागज, कलम र परीक्षामा आधारित परम्परागत मूल्याङ्कन प्रणालीबाट लेखाजोखा गर्न नसकिने पक्षहरूलाई यो मूल्याङ्कन विधिले समेट्छ । यसबाट पोर्टफोलियो (जर्नल, लेख, चार्ट, चित्र, निबन्ध, कविता, कलात्मक वस्तु निर्माण, मोडेल निर्माण आदि), परियोजना, खोज तथा अनुसन्धान, लिखित तथा मौखिक प्रस्तुतिलगायतका कार्यहरूको लेखाजोखा गरेर विद्यार्थीको आधिकारिक मूल्याङ्कन गरिन्छ । यस प्रकारको लेखाजोखाले शिक्षण, सिकाइ र मूल्याङ्कन तीनै पक्षलाई एकीकृत गर्दछ र सिकाइलाई व्यावहारिक र जीवनोपयोगी बनाउन मदत पुऱ्याउँछ ।

यस प्रकारको मूल्याङ्कन शिक्षकले पहिलादेखि नै कुनै न कुनै रूपमा विद्यालयमा आधिकारिक मूल्याङ्कन गरिरहेका हुन्छन् । उदाहरणका लागि विज्ञान तथा प्रविधि विषयका शिक्षकले प्रयोगात्मक कार्य, परियोजना कार्य, चार्ट तथा चित्र, मोडेल निर्माण, क्षेत्रभ्रमण र प्रतिवेदन तयारी तथा प्रस्तुतीकरण आदि क्रियाकलाप गराई मूल्याङ्कन गर्न सक्छन् । नेपाली र अङ्ग्रेजी विषयका शिक्षकले निबन्ध, कथा, कविता, संवाद, ब्रोसर, लेख रचना आदि लेख्न लगाएर विद्यार्थीको दक्षताको लेखाजोखा गर्न सक्छन् । त्यसै गरी गणित विषयका शिक्षकले कक्षाकोठा, विद्यालयको खेलमैदानको लम्बाइ, चौडाइ नापेर क्षेत्रफल निकाल्ने, पिरामिड तथा त्रभुजाकार, बेलनाकार वस्तुको मापन गरी क्षेत्रफल, आयतन निकाल्ने, घर, विद्यालय, रुखको लम्बाइ, उचाइ, चौडाइ निकाल्ने त्रिकोणमितीय काम परियोजना कार्यका रूपमा दिएर मूल्याङ्कन गर्न सक्छन् । सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयका शिक्षकले विद्यार्थीलाई कुनै क्षेत्रको भ्रमणमा लगेर अवलोकन

गराएर, सामुदायिक कार्य गर्न दिई सिकेका कुरा प्रतिवेदनका रूपमा प्रस्तुत गर्न लगाउन सक्छन् । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका शिक्षकले छपाइ, माटाको काम, चित्र तथा रङ लगाउने, निर्माण कार्य, कागजबाट वस्तुको नमुना बनाउने, माटो वा अन्य वस्तुको प्रयोग गरी भाँडाकुँडा, मन्दिर बनाउने, गाउने, बजाउने, अभिनय गर्ने, नृत्य गर्ने जस्ता कार्यहरूका आधारमा विद्यार्थीको सिकाइ उपलब्धि स्तरकको लेखाजोखा गर्न सक्छन् । यी सबै कार्य आधिकारिक मूल्याङ्कनसँग सम्बन्धित छन् ।

## २.२ आधिकारिक मूल्याङ्कनको महत्त्व

आधिकारिक मूल्याङ्कनले विद्यार्थीले गरेका समग्र कार्यको वस्तुगत र प्रमाणमा आधारित भई मूल्याङ्कन गर्न मदत गर्दछ । यसको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- आधिकारिक मूल्याङ्कनले विद्यार्थीले गरेका सही कार्यको सही तरिकाले मूल्याङ्कन गर्न सहयोग गर्दछ ।
- यसले विषयवस्तुको अवधारणा प्रस्ट भए नभएको तथा सिकाइमा समस्या देखिए नदेखिएको लेखाजोखा गर्छ र सिकाइमा देखिएको समस्या समाधान गर्न मदत गर्छ ।
- यसले सिकारुको आफ्नै अनुभव, आफ्नै संसार र ठुलो समुदायसँग सिकाइलाई जोड्न मदत गर्दछ ।
- यसले सिकारुमा प्रयोग गर्ने, तर्क गर्ने, समस्याहरू पहिचान गर्ने, समाधानका उपायहरूको खोजी गर्ने, सिर्जना गर्ने र कारण प्रभाव पत्ता लगाउनका साथै उच्च सोचाइ सोच र कौशललाई तिखो बनाउन मदत गर्दछ ।
- यसले सिकारुमा कामको जिम्मेवारी बोध र स्वीकार गर्ने, समस्या समाधानको सही विकल्प छनोट गर्नसमेत सहयोग गर्दछ ।
- यसले सिकारुलाई आफूले गरेका कार्यको आफैँ मूल्याङ्कन गर्ने, सुधार गर्ने, आफ्ना कमीकमजोरी पहिचान गर्ने र ती कमजोरीहरू हटाउन अरूको सहयोग लिई कार्य सम्पादनमा दक्षता ल्याउन मदत गर्दछ ।

## २.३ आधिकारिक मूल्याङ्कन कार्य सिर्जनाका प्रक्रियाहरू

आधारिक मूल्याङ्कन कार्य सिर्जना गर्दा निम्नलिखित प्रक्रियाहरू अपनाउन सकिन्छ :

(क) कुनै पनि कार्य गर्न विद्यार्थीले गर्नुपर्ने सम्पूर्ण पक्ष, मापदण्ड, ध्यान दिनुपर्ने पक्षहरूका बारेमा उनीहरूलाई जानकारी गराउने

(ख) सिकाइ क्रियाकलापलाई दैनिक जीवनका विभिन्न घटना, सिकाइ अनुभव, वास्तविक विश्व सन्दर्भसँग अर्थपूर्ण रूपमा जोड्ने पक्षमा ध्यान दिने

(ग) विद्यार्थीलाई उनीहरूले थाहा पाएका कुराहरू देखाउन, गहिरो ज्ञान र सिप प्रदर्शन गर्न, नतिजा निकाल्न लगाउने । उदाहरणका लागि ठोस वस्तु उत्पादन, प्रस्तुति, कामको सङ्कलन आदि ।

(घ) विद्यार्थीले गरेका कार्यमा विद्यार्थीले पूरा हुने प्रवीणता (proficiency) को स्तरको जानकारी दिने

(ङ) रुब्रिक्समा प्रवीणताको यी स्तरहरू व्यक्त गर्ने । रुब्रक्स एक स्कोरिङ गाइड हो जसले विद्यार्थीले गरेका कार्यको सही र निष्पक्ष तरिकाले मूल्याङ्कन गर्न मापदण्ड प्रदान गर्दछ ।

(च) रुब्रिक्ससँग विद्यार्थीलाई परिचित गराउने । विद्यार्थीलाई उनीहरूले गरेका कार्यको आत्ममूल्याङ्कनमा संलग्न गराउने किनभने तिनीहरूले यस मूल्याङ्कनमा आफ्नै कामको गुणस्तर मूल्याङ्कन गर्छन् ।

(छ) मूल्याङ्कनमा प्रतिक्रिया दिन आवश्यकताअनुसार शिक्षकभन्दा बाहिरका स्रोताहरूलाई समावेश गर्ने

## २.४ आधिकारिक मूल्याङ्कनका प्रकार

सामान्यतया विद्यार्थी सिकाइको मूल्याङ्कनका लागि चार प्रकारका आधिकारिक मूल्याङ्कन प्रयोग गर्न सकिन्छ । जसअन्तर्गत पोर्टफोलियो, प्रदर्शन, परियोजना र विस्तारित लिखित प्रतिक्रिया पर्दछन् ।

### (क) कार्यसञ्चयिका

आधिकारिक मूल्याङ्कनको सबैभन्दा लोकप्रिय रूप कार्यसञ्चयिका (portfolio) हो । बार्टन र कोलिन्स (1997) का अनुसार पोर्टफोलियो बहुस्रोत, प्रामाणिक, गतिशील मूल्याङ्कनका रूप र उद्देश्य प्राप्ति प्रक्रियाका रूपमा रहेका हुन्छन् । सिकाइ सहजीकरण क्रियाकलापका क्रममा विद्यार्थीले गरेका हरेक कार्यलाई व्यवस्थित राख्ने प्रक्रियाका रूपमा कार्यसञ्चयिकालाई प्रयोग गर्ने गरिन्छ । विद्यार्थीले विभिन्न कार्यहरू गर्दा उनीहरू आफैँले आफूले गरेका कार्यको रुब्रिक्सका माध्यमबाट मूल्याङ्कन गर्छन् र तिनीहरूलाई सङ्कलन गर्छन् र प्रक्रियामा आफूलाई रचनात्मक र सक्षम बनाउने प्रयास गर्दछन् । यस किसिमको मूल्याङ्कनबाट विद्यार्थीमा आत्मविश्वासको विकास हुन्छ भने आफ्नो सिकाइ

प्रगतिको अवस्था थाहा हुन्छ र आफूले गरेका हरेक क्रियाकलापको अभिलेख राख्ने र आफ्नो सिकाइमा अपनत्व बोध गर्दछन् ।

विद्यार्थीले गरेका हरेक कार्यहरूको व्यवस्थित तरिकाले अभिलेखीकरण गर्न फोर्टफोलियोले मदत गर्दछ । फोर्टफोलियोको व्यवस्थापनने अभिभावक, शिक्षक र विद्यार्थीमा सिकाइ क्रियाकलापको अवस्था, अपेक्षित उद्देश्य प्राप्तिमा सहयोग, कमीकमजोरीहरूको पहिचान र समाधानका उपायहरूको प्रयोग जस्ता पक्षको जानकारी भई थप सुधारका लागि योजना बनाई अगि बढ्न मदत गर्दछ । वर्तमान आधारभूत तह कक्षा (१-३) को पाठ्यक्रमले पोर्टफोलियो व्यवस्थापनलाई जोड दिएको छ । उक्त पोर्टफोलियोमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक र स्वास्थ्यसम्बन्धी विवरण, हाजिरी विवरण, परियोजना तथा प्रयोगात्मक कार्यको विवरण, थिमगत र विषयगत उपलब्धि विवरणलाई समावेश गरिएको छ ।

## (ख) परियोजना

गरेर सिक्ने, छलफल र अन्तरक्रियाबाट सिक्ने र सिपको विकास हुने गरी दिइएको कार्यका रूपमा परियोजनालाई लिने गरिन्छ । विषयवस्तुको प्रकृतिअनुसार परियोजना कार्य व्यक्तिगत, सामूहिक, कक्षाकोठाभित्र, कक्षाकोठा बाहिर सम्पन्न गर्ने स्वरूपका हुन्छन् । यसका साथै परियोजना कार्यअन्तर्गत चित्र बनाउने, रङ भर्ने, कागजबाट वस्तुको नमुना तयार गर्ने, कोलाज तयार गर्ने, माटाबाट नमुना बनाउने, छपाइ गर्ने, अवलोकन तथा सोधखोज गरी विवरण तयार गर्ने, नाप्ने, परीक्षण गर्ने, सुनेर बुझाइ प्रदर्शन गर्ने, सुनेर प्रतिक्रिया दिने, लेख्ने आदि कार्यसमेत परियोजनाको स्वरूपमा पर्दछन् । परियोजना कार्यका माध्यमबाट सिकाइ क्रियाकलाप गराउँदा विद्यार्थीमा सोच्ने, सोधखोज गर्ने, सञ्चार गर्ने, अभिव्यक्ति गर्ने, समस्या समाधान गर्ने, नतिजा निकाल्ने जस्ता पक्षको विकास हुन्छ । यसका साथै परियोजनामा आधारिक सिकाइबाट विद्यार्थीमा सहयोगात्मक र सहकार्यात्मक भावनाको विकास हुन्छ । परियोजना कार्यले विद्यार्थीमा विषयवस्तुलाई वास्तविक सन्दर्भमा जोड्ने र उत्साहजनक रूपमा सिकाइ क्रियाकलापमा विद्यार्थीलाई सक्रिय सहभागिता गराउन सहयोग गर्दछ । परियोजना कार्यले विशेषतः सिपको विकास गराउन र दिगो सिकाइलाई प्रोत्साहन गर्दछ । वर्तमान आधारभूत तह (कक्षा (१-३) को पाठ्यक्रमले सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा परियोजना कार्यलाई लिएको छ भने आधारभूत तह (कक्षा ४-५) र (कक्षा ६-८) र माध्यमिक तहको पाठ्यक्रमले प्रयोगात्मक र परियोजना कार्यलाई विषयगत रूपमा समावेश गरेको छ ।

## (ग) कार्यसम्पादन/प्रदर्शन

विद्यार्थीलाई कुनै विषयवस्तुसम्बन्धी दिइएको कार्यको प्रदर्शन गर्न लगाई उसको performance का आधारमा रुब्रिक्सका माध्यमबाट उपलब्धिको मूल्याङ्कन गर्नुपर्छ । कुनै पनि कार्यसम्पादनको साथमा लिखित वा मौखिक कथन प्रदान गर्ने प्रचलन छ । प्रदर्शनले कसरी सिकाइ भइरहेको छ ? के के नतिजा प्राप्त भयो ? जस्ता प्रश्नको जवाफ प्रदान गर्छ । यसका उदाहरणका रूपमा विज्ञानमा मेला तथा सामग्री प्रदर्शनी गर्ने, क्षेत्रभ्रमण तथा परियोजना कार्य गरी प्रतिवेदन प्रस्तुत गर्ने कार्य दिन सकिन्छ भने भाषिक विषयमा कविता, कथा, निबन्ध, संवाद आदि लेख्न तथा प्रस्तुत गर्न लगाउने जस्ता कार्य दिन सकिन्छ । त्यसै गरी सिर्जनात्मक कला विषयमा गाउने, अभिनय गर्ने, नृत्य गर्ने, चित्र बनाउने, कोलाज तयार गर्ने, कागज तथा माटाबाट विभिन्न वस्तुको नमुना बनाउने जस्ता कार्यसम्पादनको मूल्याङ्कन गर्न सकिन्छ । यसका साथै सामाजिक अध्ययन विषयका कुरीति, कुसंस्कार हटाउने र जनचेतना जगाउने नाटक प्रदर्शन गर्ने आदिलाई लिन सकिन्छ । यस्ता कार्यको सही र वास्तविक मूल्याङ्कन गर्न विषयवस्तुको प्रकृतिअनुसारको रुब्रिक्स छनोट गरी प्रयोग गर्न सकिन्छ ।

## (घ) विस्तारित लिखित प्रतिक्रिया

कुनै विषयवस्तुमा विद्यार्थीले गरेका कार्यको लिखित रूपमा तर्कसहित प्रस्तुत गर्ने विधिका रूपमा विस्तारित लिखित प्रतिक्रियालाई लिइन्छ । विस्तारित लिखित प्रतिक्रियाले विद्यार्थीलाई उच्च तहको सोच्ने सिपको विकास, प्रस्तुत गर्ने सिप र शैलीको विकास गर्न मदत गर्दछ । यस्तो लिखित प्रतिक्रियाका स्वरूपअन्तर्गत परियोजना कार्य, मोडेल निर्माण, क्षेत्रभ्रमण, सोधखोज, लघु अनुसन्धान, सर्भे गरी लिखित प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने आदि हुन्छन् । यी कार्यहरूको विश्वसनीय रूपमा मूल्याङ्कन गर्नका लागि आधार, सूचक र मापनका तह कायम गरी रुब्रिक्सको प्रयोग गर्नुपर्ने हुन्छ । यसले आधिकारिक मूल्याङ्कनको जुनसुकै रूप लिन सक्छ, जस्तै: पोर्टफोलियो कायम गर्ने, परियोजनाको विकास गर्ने, कार्यसम्पादन गर्ने वा विस्तारित प्रतिक्रिया प्रश्नहरू तयार गर्ने आदि । यसले विद्यार्थीमा ज्ञान र सिपको दायरा फराकिलो बनाउनुका साथै उच्च क्रमको सोचाइ सिप, तार्किक सिप, प्रभावकारी रूपमा लिखित रूपमा प्रस्तुतीकरण गर्ने सिपको विकास गराउँछ ।

## ३. रुब्रिक्स

### ३.१ रुब्रिक्सको अवधारणा

आधिकारिक मूल्याङ्कनको प्रभावकारी र व्यावहारिक साधन रुब्रिक्स हो । Rubric शब्द ल्याटिन भाषाको Rubrica बाट आएको हो, जसको शाब्दिक अर्थ हुन्छ रातो चक । तेरौँ शताब्दीतिर कुनै पुस्तकमा विशेष जोड दिनका लागि (to highlight) रातो रङले लेखिएको शब्द वा शब्दावलीलाई रुब्रिक्स भन्ने गरिन्थ्यो । हाल रुब्रिक्स भनेको विद्यार्थीको कार्यसम्पादन (Performance) को सही मूल्याङ्कनका लागि तयार गरिएको अङ्कन निर्देशिका (Scoring guideline) हो जसमा विद्यार्थीका कार्यको स्तर (Performance standard) विस्तृत रूपमा उल्लेख गरिएको हुन्छ । यसबाट विद्यार्थीको कार्यको गुणस्तर कुन तहको छ भन्ने कुरा यकिन गर्न सकिन्छ । रुब्रिक्सको प्रयोगबाट विद्यार्थीको उपलब्धिलाई एकरूपताका साथ अङ्कन गर्न सकिन्छ । रुब्रिक्सको प्रयोग गरी विद्यार्थी आफैँले आफ्नो कार्यको मूल्याङ्कन गर्न सक्छन् । रुब्रिक्सलाई कार्य (समूह कार्य वा व्यक्तिगत कार्य) मूल्याङ्कनको उपकरण (Gauge) का रूपमा लिइन्छ । यो श्रेणी मापन स्केलको परिमार्जित र विकसित रूप हो, जसमा मूल्याङ्कनका आधार, अङ्कनको विस्तारका साथै अङ्कनका उपलब्धि सूचक स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ । हरेक विषयका शिक्षकले रुब्रिक्सको प्रयोगबाट विद्यार्थीका कार्यको मूल्याङ्कन गर्न सक्छन् । उदाहरणका लागि नेपाली भाषा, अङ्ग्रेजी भाषा शिक्षण गर्ने शिक्षकले विद्यार्थीले लेखेको निबन्धलाई रुब्रिक्स प्रयोग गरी मूल्याङ्कन गर्न सक्छन् भने विज्ञान विषय शिक्षण गर्ने शिक्षकले विद्यार्थीले गरेको प्रयोग र सोको नतिजालाई रुब्रिक्स प्रयोग गरी मूल्याङ्कन गर्न सक्छन् ।

### ३.२ रुब्रिक्सका प्रकार

सामान्यतया रुब्रिक्स समष्टिगत (Holistic), विश्लेषणात्मक (Analytical), सामान्य (General) र विशिष्ट (Specific) गरी चार प्रकारका हुन्छन् जसलाई यहाँ चर्चा गरिएको छ :

(क) **समष्टिगत रुब्रिक्स :** यस प्रकारको रुब्रिक्सबाट विद्यार्थीको कार्यको सम्पूर्ण प्रभाव (Impression) का आधारमा मूल्याङ्कन गरिन्छ । यो बढी मात्रामा प्रतिफल केन्द्रित हुन्छ । विद्यार्थीले गर्ने कार्यका भागहरू एकआपसमा अन्तरसम्बन्धित भएमा यो रुब्रिक्सको प्रयोग गरिन्छ । यस प्रकारको रुब्रिक्सको प्रयोगबाट छिटो र सजिलोसँग विद्यार्थीका कार्यको लेखाजोखा गर्न सकिन्छ ।

(ख) **विश्लेषणात्मक रुब्रिक्स** : विश्लेषणात्मक रुब्रिक्सबाट विद्यार्थीले गरेका कार्यलाई टुक्रा टुक्राका रूपमा छुट्याई अङ्कन गरिन्छ । यो बढी मात्रामा प्रक्रिया केन्द्रित

हुन्छ । यस प्रकारको रुब्रिक्सको प्रयोगबाट विद्यार्थीले गरेका कार्यको अङ्कनमा बढी मात्रामा एकरूपता ल्याउन सकिन्छ ।

(ग) **सामान्य रुब्रिक्स :** यो जुनसुकै विषयमा जुनसुकै कार्यको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिन्छ । यसमा प्रयोग गरिने आधारहरू सामान्य प्रकारका हुन्छन् ।

(घ) **विशिष्ट रुब्रिक्स** : यो विशिष्ट कार्यको मूल्याङ्कनका लागि प्रयोग गरिन्छ । यो बढी भरपर्दो हुन्छ, जस्तै : प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्ने रुब्रिक्स ।

कुन प्रकारको रुब्रिक्स प्रयोग गर्ने भन्ने कुरा कार्य प्रकृतिमा भर पर्छ । विद्यार्थीको कार्यको एक मात्र आयामलाई मूल्याङ्कन गर्नका लागि समष्टिगत रुब्रिक्स उपयोगी हुन्छ । विद्यार्थीका कार्यको सबल र कमजोर पक्ष विस्तृत रूपमा हेरी मूल्याङ्कन गर्नका लागि विश्लेषणात्मक रुब्रिक्स उपयोगी हुन्छ । प्रायः शिक्षकहरूले विश्लेषणात्मक खालको विशिष्ट रुब्रिक्स प्रयोग गर्दछन् ।

## ३.३ रुब्रिक्सका भागहरू

रुब्रिक्सका तीनओटा भागहरू हुन्छन्, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### (क) आधार

कुनै पनि कार्य (performance) को लेखाजोखाका विशिष्ट आधार यसअन्तर्गत पर्दछन् । आधारलाई मापदण्ड पनि भनिन्छ । कुनै विषयवस्तुसँग सम्बन्धित विद्यार्थीले गरेका कार्यको मूल्याङ्कन गर्दा प्रयोग गरिने यस्तो आधार कार्यको प्रतिफलका साथै प्रक्रियालाई पनि समेट्ने खालको हुनुपर्छ, जस्तै : प्रभाव, कलात्मकता, विधि, विषयवस्तुको जानकारी, समय व्यवस्थापन, सहभागिता, प्रस्तुतीकरण, आकार आदि आधारका उदाहरण हुन् । रुब्रिक्समा के के आधार समावेश गर्ने भन्ने कुरा कार्य (performance) को प्रकृतिमा भरपर्छ । उदाहरणका लागि निबन्धको मूल्याङ्कनका लागि तयार गरिएको रुब्रिक्समा भाषिक शुद्धता एउटा आधार हुन सक्छ भने पोस्टर निर्माणका लागि तयार गरिएको रुब्रिक्समा आकार वा साइज एउटा आधार हुन सक्छ ।

### (ख) अङ्कनको तह वा विस्तार

- कार्यको गुणस्तरलाई अभिव्यक्त गर्नका लागि अङ्कनको तह प्रयोग गरिन्छ । यो प्रायः जोर सङ्ख्यामा हुन्छ । यसलाई अङ्कनमा वा भाषामा व्यक्त गरिएको हुन्छ । यसलाई मापनको रेन्ज (Measuring range) पनि भनिन्छ ।

- कुनै पनि आधारमा बढीमा कतिदेखि घटीमा कतिसम्म अङ्क दिने भन्ने कुरा नै अङ्कनको तह वा विस्तार हो । जस्तै :

धेरै राम्रो (४)..........राम्रो (३)..........सन्तोषजनक (२).......... सुधार गर्नुपर्ने (१),

वा

अति उत्तम (४).........उत्तम (३)..........मध्यम (२)................निम्न (१) आदि ।

**(ग) सूचक**

- आधारको स्तर वा तह जनाउनका लागि सूचकको प्रयोग गरिन्छ, जस्तै : विद्यार्थीले लेख्ने निबन्धको मूल्याङ्कनका लागि बनाइएको रुब्रिक्समा एउटा आधार भाषिक शुद्धता छ । यसका अङ्कनका तहलाई अति उत्तम भएमा ४ र क्रमशः अन्तिम तह निम्न भएमा १ दिने भन्ने कुरा यकिन गरियो भने कुन स्तरको भाषिक शुद्धताका लागि ४ र कुन तहको भाषिक शुद्धताका लागि १ दिने भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नु नै सूचकको तयारी गर्नु हो ।

- सूचक स्पष्ट, मापनीय र वस्तुगत हुनुपर्छ । सिकारुले बुझ्न सक्ने हुनुपर्छ । रुब्रिक्सको प्रयोग गरी कार्यको मापन गर्ने समयका आधारको सम्बन्धित सूचकमा चिह्न लगाइन्छ । रुब्रिक्समा परिमाणात्मक पक्ष समेट्ने सूचक र गुणात्मक पक्ष समेट्ने सूचक सन्तुलित रूपमा प्रयोग हुनुपर्छ ।

विद्यार्थीको सहभागितासम्बन्धी मूल्याङ्कन गर्नुपर्दा निम्नलिखित तरिकाले रुब्रिक्स तयार गरी मूल्याङ्कन गर्न सकिन्छ :

रुब्रिक्स : सहभागिता (उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता)

| सि.नं. | आधार | सूचक | अङ्कनको तह | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | उपस्थिति | • ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | ४ | |
| | | • ८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | ३ | |
| | | • ८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | २ | |
| | | • ७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १ | |

| | | | | |
|---|---|---|---|---|
| | **सिकाइमा सक्रियता र सहभागिता** | • सिकाइमा जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार निर्बाध र स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका सम्पूर्ण कार्य स्वयम्ले पूरा गरेमा | ४ | |
| | | • सिकाइमा धेरैजसो जिज्ञासा राखेमा, समूह छलफल र अन्तरक्रियामा कम सक्रियतापूर्वक भाग लिएमा, आफ्ना विचार धेरैजसो स्वतन्त्र रूपमा प्रस्तुत गरेमा, दिइएका अधिकांश कार्य पूरा गरेमा | ३ | |
| | | • सिकाइमा कम जिज्ञासा राखेमा, समूह छलफल र अन्तर्क्रियामा निर्देशनअनुसार भाग लिएमा, आफ्ना विचार आंशिक रूपमा मात्र प्रस्तुत गरेमा, दिइएका कार्य आधा मात्र पूरा गरेमा | २ | |
| | | • सिकाइमा जिज्ञासा राख्न क्रियता नदेखाएमा, समूह छलफल र अन्तरक्रियामा सक्रियता नदेखाएमा, आफ्ना विचार प्रस्तुत गर्न साथी वा शिक्षकको सहयोग चाहिएमा, अरूको सहयोगमा दिइएका कार्य पूरा गरेमा | १ | |
| **जम्मा** | | | ८ | |

## ३.४ रुब्रिक्स निर्माणका चरणहरू

विद्यार्थीको सहभागितामा उनीहरूले गरेका कार्यको लेखाजोखा गर्नका लागि रुब्रिक्सको निर्माण गर्न सकिन्छ । यसबाट विद्यार्थीले आफ्ना कार्यको लेखाजोखा आफैँ (Self assessment) गर्न सक्छन् । वास्तवमा रुब्रिक्स शिक्षक र विद्यार्थीको संयुक्त सहभागितामा बनाउँदा बढी राम्रो र कार्यान्वयन गर्न सजिलो हुन्छ जस्तै : गृहकार्य, परियोजना कार्य, कक्षाकोठाको आचारसंहिता, प्रयोगात्मक कार्य, निबन्ध

लेखन, चार्ट निर्माण, पोस्टर निर्माण, मोडेल निर्माण आदि । रुबिक्स निर्माण गर्न निम्नलिखित चरण अपनाउने गरिन्छ :

(क) विद्यार्थीले पूरा गर्नुपर्ने कार्यको छनोट वा निर्धारण

(ख) रुब्रिक्सका प्रकारको निर्धारण (समष्टिगत, विश्लेषणात्मक, सामान्य, विशिष्ट)

(ग) आधारहरूको निर्धारण

(घ) अङ्कनको तह निर्धारण

(ङ) यकिन गरिएका आधार, अङ्कनका तह र सूचकको तालिकीकरण

(च) तोकिएका कार्य सम्पादन

(छ) रुब्रिक्सको प्रयोगबाट सम्पादन गरिएका कार्यको मूल्याङ्कन

रुब्रिक्स निर्माण गर्दा सकेसम्म जोर सङ्ख्यामा अङ्कनका तहहरू राख्नुपर्छ । आधारहरूको सङ्ख्या धेरै कम वा धेरै बढी हुनुहुँदैन । आधारहरू स्पष्ट हुनुपर्छ । सूचकहरू स्पष्ट, मापनीय, अवलोकनीय र वस्तुगत हुनुपर्छ । उदाहरणका लागि विद्यार्थीलाई पोस्टर निर्माण कार्य दिइएको छ भने विद्यार्थीले सर्वप्रथम कुन कुराको पोस्टर निर्माण गर्ने भन्ने कुरा यकिन गर्दछन् । त्यसपछि पोस्टरको मूल्याङ्कनका लागि कुन कुन आधारमा गर्ने (आधार वा मापदण्ड), हरेक कार्यका लागि कतिदेखि कतिसम्म अङ्क दिने (मानौं १ देखि ४ सम्म) र कस्तो पोस्टरलाई ४ दिने र कस्तो पोस्टरलाई १ दिने (सूचक) भन्ने कुराको तयारी (रुब्रिक्स) गर्दछन् । अनि मात्र राम्रो पोस्टर तयार गर्दछन् । पोस्टर निर्माणका क्रममा सूचकलाई ध्यान दिन्छन् अर्थात् कसरी निर्माण गरेमा हरेक आधारमा ४ अङ्क प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मनन् गर्दै पोस्टर निर्माण गर्दछन् । पोस्टर तयार भइसकेपछि रुब्रिक्सका आधारमा मूल्याङ्कन गरिन्छ । हरेक आधारमा प्राप्त गरेको प्राप्ताङ्क जोडेर विद्यार्थीले प्राप्त गरेको कुल प्राप्ताङ्क निकालिन्छ ।

## ३.५ रुब्रिक्स प्रयोगमा देखिएका समस्या

विषयवस्तुको प्रकृतिअनुसारको रुब्रिक्स छनोट गर्न नसक्दा, विद्यार्थीको अपनत्व हुने गरी सहभागितामूलक रुब्रिक्स निर्माण गर्न नसक्दा, वस्तुनिष्ठ सूचक, आधार र अङ्कनको तह नहुँदा रुब्रिक्सको प्रयोगमा समस्या आउन सक्छ । रुब्रिक्सको प्रयोगमा देखिने समस्यालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- विद्यार्थीले मूल्याङ्कनका आधारको बुझाइ कम हुनु
- विद्यार्थीले सूचकका बुझाइ कम हुनु
- सूचकहरू मापनीय, वस्तुगत र अवलोकनीय नहुनु
- आधारहरू चाहिनेभन्दा बढी हुनु
- विद्यार्थीमा अङ्क कसरी प्राप्त भयो भन्ने बुझाइ नहुनु

## ३.६ रुब्रिक्सको प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू

विशेष गरी विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि रुब्रिक्सको प्रयोग गरिन्छ । रुब्रिक्स प्रयोग गर्दा विद्यार्थीलाई यसको अवधारणा स्पष्ट हुनु आवश्यक छ । यसको सही कार्यान्वयन गर्नका लागि रुब्रिक्स निर्माणका क्रममा विद्यार्थीको सहभागिता गराउनु अनिवार्यता हुन्छ । Goodrich (1996) का अनुसार विद्यार्थीलाई रुब्रिक्सको प्रयोग गराउँदा निम्नलिखित चरणहरू अपनाउनुपर्छ :

(क) तयार गरिएको रुब्रिक्स र मूल्याङ्कन गर्नुपर्ने सामग्री अध्ययन गर्न लगाउने

(ख) रुब्रिक्स प्रयोग गरी प्रारम्भिक अङ्क दिन लगाउने

(ग) अङ्कनमा सहयोगका लागि सहपाठी चयन गर्न लगाउने

(घ) सहपाठीसँग मिलेर सामग्री पुनः अध्ययन गर्न लगाउने

(ङ) सहपाठीसँग मिलेर संयुक्त रूपमा पुनः अङ्कन गर्न लगाउने

(च) प्राप्ताङ्कमा पुनर्विचार गर्न लगाउने

## ३.७ रुब्रिक्सको उपयोगिता तथा प्रयोग

**(क) निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी बनाउन :** रुब्रिक्सको प्रयोग निर्णयात्मक मूल्याङ्कनका लागि भन्दा निर्माणात्मक मूल्याङ्कनका लागि बढी प्रयोग गरिन्छ । यसको प्रयोगबाट शिक्षण र सिकाइको गुणस्तरमा सुधार ल्याउन सकिन्छ । विद्यार्थीले आफ्ना कामको आफैँ मूल्याङ्कन गर्न (आत्म मूल्याङ्कन) का लागि रुब्रिक्स प्रयोग गर्न सक्छन् । यसका साथै सहपाठी मूल्याङ्कनका लागि पनि रुब्रिक्स प्रयोग गरिन्छ । यसबाट विद्यार्थीले आफैँ पृष्ठपोषण प्राप्त गर्न सक्छन् । प्राप्त पृष्ठपोषणका आधारमा आफ्ना कार्यमा सुधार ल्याउँछन् ।

**(ख) पृष्ठपोषण प्रणालीलाई सबल बनाउन :** रुब्रिक्सको प्रयोगबाट पृष्ठपोषण प्रणालीलाई सबल बनाउन सकिन्छ । तोकिएका कार्य सम्पादन गर्नुभन्दा अगि नै रुब्रिक्स निर्माण गर्नुपर्ने हुँदा विद्यार्थीले आफूले पूरा गर्नुपर्ने कार्यको अपेक्षित स्तर (गुणस्तरको तह) पहिले नै थाहा पाउन सक्छन् जसबाट उनीहरूको कार्यसम्पादनको स्तर वृद्धिमा मदत पुग्छ । व्यक्तिगत वा जोडीगत वा समूहमा गरिएको कार्य सम्पादनको रुब्रिक्सद्धारा मूल्याङ्कन गर्दा एकले अर्कोलाई पृष्ठपोषण दिने कार्य हुँदा सुधार गर्ने अवसर पाइन्छ ।

**(ग) सिकाइका प्रक्रियागत सिपको विकास गराउन :** प्रयोगात्मक र परियोजनामा आधारित रुब्रिक्सले प्रतिफलभन्दा प्रक्रियालाई बढी जोड दिने हुँदा विद्यार्थीको काम गर्ने शैलीका साथै आफूमा भएका कमीकमजोरी सुधार गर्न मदत गर्छ । रुब्रिक्स प्रयोग गरेर हरेक विद्यार्थीको कार्यको सही र वस्तुगत रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

(घ) **शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन :** रुब्रिक्सको प्रयोगबाट शिक्षकहरूलाई आफ्नो शिक्षण सिकाइमा सुधार ल्याउन मदत पुग्छ । शिक्षकले रुब्रिक्स प्रयोग गरेर विद्यार्थीका कार्यको कम समयमा प्रभावकारी रूपमा मूल्याङ्कन गर्न सक्छन् । यसबाट विद्यार्थीले गरेका कार्यको निरन्तर मूल्याङ्कन गरिने हुँदा विद्यार्थीको सिकाइका क्रममा भएका कमीकमजोरीको पहिचान गरी क्रमिक रूपमा सुधार गर्न मदत पुग्छ भने शिक्षकले आफूले सहजीकरण गर्दा आफ्नो मूल्याङ्कन गरी अझ व्यावहारिक र अन्तरक्रियात्मक तथा सहभागितात्मक तरिकाले पठनपाठन गराउन मदत पुग्छ ।

(ङ) **मूल्याङ्कनमा विश्वसनीयता बढाउन :** उपयुक्त र सान्दर्भिक तथा वस्तुगत आधार, सूचक र अङ्कनको प्रयोग गरी विद्यार्थीले गरेका कार्यको लेखाजोखा गरिने हुँदा मूल्याङ्कन पारदर्शिता ल्याउन र विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाहरूमा मूल्याङ्कन प्रति विश्वसनीयता बढाउन सकिन्छ ।

## ४. निष्कर्ष

विद्यार्थीले सम्पादन गरेका कार्यको सही, वस्तुगत र निष्पक्ष तरिकाले मूल्याङ्कन गर्ने प्रक्रिया नै आधिकारिक मूल्याङ्कन हो । यसको एक महत्त्वपूर्ण साधन रुब्रिक्स हो । सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई लिनुपर्ने पक्षलाई वर्तमान पाठ्यक्रमले जोड दिएको छ । सिकाइ क्रियाकलापका क्रममा विद्यार्थीको बुझाइ क्षमता, प्रयोग गर्ने सिप, विश्लेषण गर्ने क्षमता, तर्क दिने र समालोचनात्मक सोचाइ सिपको विकास, सिर्जनात्मक पक्ष, व्यवहार परिवर्तन जस्ता पक्षको सही र वास्तविक मूल्याङ्कन गर्ने महत्त्वपूर्ण साधन रुब्रिक्स भएकाले विषयवस्तुको प्रकृतिअनुसारको उपयुक्त रुब्रिक्स छनोट गरी प्रयोग गर्दा पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि सहज रूपमा हासिल गर्न सकिन्छ । वर्तमान पाठ्यक्रमले कक्षा १ देखि ३ सम्म सिकाइका लागि मूल्याङ्कन र कक्षा ४ देखि १२ सम्म आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था गरेको छ । उक्त पाठ्यक्रममा उल्लिखित संज्ञानात्मक क्षेत्रका सिकाइ उपलब्धिको सही र वस्तुगत तरिकाले मूल्याङ्कन गर्न उत्तरकुञ्जिकाको रुब्रिक्स बनाउन सकिन्छ भने सिकाइका लागि मूल्याङ्कन तथा आन्तरिक मूल्याङ्कनअन्तर्गतका सहभागिता, प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कनका लागि विषयवस्तुको प्रकृतिअनुसारको रुब्रिक्स निर्माण गरी विद्यार्थीले गरेका सही कार्यको सही तरिकाले मूल्याङ्कन गर्न सकिन्छ । यस कार्यबाट विद्यार्थीको अपेक्षित कार्य सम्पादन कुशलताका साथ पूरा गर्ने, उच्च तहको सोचाइको विकास र अभिव्यक्तिशील कलाको विकास हुन जान्छ ।

## सन्दर्भ सामग्री

आधारभूत तह (कक्षा १३) को पाठ्यक्रम, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

आधारभूत तह (कक्षा ४-५) को पाठ्यक्रम, २०७८, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम, २०७७, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

माध्यमिक तह (कक्षा ९-१०) को पाठ्यक्रम, २०७८, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

Barton, C. & Collins, A. (1997). Portfolio Assessment: A Handbook for Educators. New York: Dale Seymour Publications.

Goodrich, H. 1997. Understanding rubrics. *Educational Leadership* 54 *(4): 14–17.*

Sizer, T. (1992). Horace's school: Redesigning the American high school. Boston: Houghton Mifflin

# आर्थिक स्वावलम्बनका लागि जडीबुटीसम्बद्ध स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन

✍रेशमबहादुर सुवेदी*

**लेखसार**

*मानिस र जडीबुटीको सम्बन्ध अन्योन्याश्रित छ । नेपालमा जडीबुटीको सामाजिक, आर्थिक, पर्यावरणीय, स्वास्थ्य र पर्यटकीय क्षेत्रमा महत्त्वपूर्ण स्थान रहेको छ । शिक्षामा समाजको आर्थिक पक्षको महत्त्वपूर्ण भूमिका रहन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय स्तरको आर्यआर्जनका लागि जडीबुटीसमेत पाठ्यक्रममा समावेश गर्न सकिने व्यवस्था गरेको छ । पाठ्यक्रममा जडीबुटीलाई स्थानीय तहका पाठ्यक्रममा समावेश गर्ने प्रयास भएका छन् । यसरी जडीबुटीसम्बन्धी बनेका स्थानीय पाठ्यक्रममा विभिन्न समयमा भएका खोज अनुसन्धानले, समाजको आवश्यकतालाई समेटेर पाठ्यक्रम निर्माण नभएकामा सरोकारवालाहरूको पाठ्यक्रमप्रति गुनासो रहेको छ । त्यसैले जडीबुटीबाट राम्रो आम्दानी गर्ने सम्भावना रहे पनि सचेतनाको कमी, भौगोलिक अवस्था, दक्ष जनशक्तिको अभाव, सरकारी उदासिनता, अस्पष्ट नीतिका कारण अपेक्षित नतिजा हासिल गर्न सकिएको छैन ।*

## १. पृष्ठभूमि

मानव जातिको विकासमा वनस्पतिको महत्त्वपूर्ण योगदान रहेको छ । कोकेटकका अनुसार पृथ्वीमा जीवको अस्तित्व वनस्पतिका कारण सम्भव भएको हो । जडीबुटीको मानव जातिका हरेक क्रियाकलापमा सहसम्बन्ध रहेको पाइन्छ । मानिसका खाने, बस्ने जीविकोपार्जन गर्ने सबै कार्य जडीबुटीमा आश्रित रहेको पाइन्छ (पौडेल, २०५८: १-४) । मानव सभ्यताको विकासका सिलसिलामा जडीबुटीको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको विकासमा महत्त्वपूर्ण भूमिका रहन्छ । यिनीहरूले जडीबुटीको मूल्य निर्धारणमा समेत सम्बन्ध राख्छन् (डब्लु.डब्लु.एफ. २०६५ : १७) । यसरी हेर्दा जडीबुटीको दिगोपना आर्थिक र सामाजिक पक्षसँग जोडिएको पाइन्छ ।

जडीबुटी र मानवको सम्बन्ध मानव सभ्यताको विकाससँग जोडिएको देखिन्छ । सामान्यतया जडीबुटी गैरकाष्ठ वनपैदावारसँग सम्बन्धित हुन्छ । यसबाट नेपालमा ग्रामीण पहाडी जिल्लाहरूमा मनाइने विभिन्न चाडपर्व तथा पूजाआजामा प्रयोग गरिने वनवैदावारले यहाँको सांस्कृतिक सामाजिक पहिचान कायम राख्न र संस्कृतिको जगेर्नामा ठुलो योगदान पुऱ्याउँदै आएको पाइन्छ (इसिमोड २०७५ : ३) । हाम्रो जीवनसँग जोडिएकाले महत्त्वपूर्ण जडीबुटीलाई पूजा गर्ने, चाडपर्वमा प्रयोग गर्ने संस्कृतिको विकास भएको छ । हाम्रोजस्तो विकाशील देशका ८० प्रतिशत व्यक्ति स्थानीय जडीबुटीबाट उपचार गर्दछन् (डब्लुएचओ, सन २००२ : १) । यहाँ नेपालको विद्यालयीय शिक्षा र सोसँग सम्बन्धित स्थानीय पाठ्यक्रमका सम्बद्ध विषयमा जडीबुटीलाई जोडेर हेर्ने प्रयास गरिएको छ ।

* उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस

## २. ऐतिहासिक पृष्ठभूमि

पौराणिक कालदेखि स्थानीय स्तरमा प्रयोग र बेचबिखन गर्दै आएका जडीबुटीले आर्थिक सामाजिक महत्त्व बोकेका छन् (कुँवर, सन २००८ : १५८) । यसको इतिहास मानव सभ्यता जत्तिकै लामो छ । यसरी हेर्दा जडीबुटीको सम्बन्ध आयुर्वेदसँग रहेको देखिन्छ । ब्रह्माजीले प्रत्येक जीवको कल्याणका लागि आयुर्वेदका बारेमा एक लाख श्लोक पुत्र दक्षलाई पढाउनु भएका कारण ब्रहा संहितालाई ब्रम्हज्ञानका रूपमा लिने गरिन्छ (विशिष्ट, सन २००९ : १) । यसकारण आयुर्वेदको प्रयोग अन्नतकालदेखि भएको मान्न सकिन्छ । आयुर्वेदको उत्पत्तिबारे अनेकौं विद्धान्का फरक फरक तर्क रहेको पाइन्छ । सबै मतमा एकता नभए पनि वेदमा आयुर्वेदको वर्णन गरेको पाइन्छ ।वेदलाई अनन्त मानेको खण्डमा आयुर्वेदलाई पनि अनन्त मान्न सकिन्छ (खप्तडबाबा २०६४ : १) । वेदमा हर्रोका बारेमा उल्लेख गर्दै "पीयूषं पिबतो विहङ्गमपतेर्ये बिन्दवो विच्यूतास्तेभ्योऽभूदभया दिवाकरकरश्रेणीव दोषापहा " अर्थात् चराहरूका राजा गरुडले अमृत पिउँदा केही थोपा अमृत जमिनमा खसेको र त्यसैबाट हर्रो उम्रिएको हो भन्ने मान्यता छ । हर्रोमा सूर्यको किरण समान दोष हटाउने गुण हुन्छ (सापकोटा, २०७८ : २) भन्ने उल्लेख गरिएकाले यो कुराको पुष्टि हुन्छ ।

मनोहरका अनुसार उत्तर वैदिककालमा कृषि र पशुपालन प्रमुख पेसा रहेका र यति नै वेला पनि तिब्बतसँग बाह्य व्यापार हुने गरेको भन्ने भनाइ छ । पूर्व मध्यकाल छैटौं शताब्दीदेखि तेस्रो शताब्दीसम्म । यस समयमा पौरव शासकले राज्यको मुख्य स्रोत जमिनलाई मानेका थिए । यस वेलाको प्रमुख आम्दानीको स्रोत भनेको जमिन, जङ्गल, खनिज र औषधीय वनस्पति रहेका थिए । मध्यकालका (सन १०८० - १७९०) वेला जडीबुटीको खासै उल्लेख गरेको पाइँदैन । यसरी हेर्दा हिन्दु सभ्यतामा आदिमकाल देखिनै जडीबुटीको उपयोग गर्दै आएको पाइन्छ (जडीबुटी सङ्कलन, संरक्षण, संवर्धन विधि, २०७२) । पूर्वीय प्राचीन ग्रन्थहरू आयुर्वेद, चरक संहिता, सुश्रुत सहिंतामा जडीबुटीका बारेमा व्याख्या गरिएको छ । हिम्मतखण्ड नेपालका जडीबुटीहरू गुण तथा प्रभावका दृष्टिमा अत्यन्त प्रसिद्ध मानिन्छन् । यहाँका अनेक जडीबुटी विदेशमा निर्यात गरी देशी मुद्रा आर्जन गर्न सकिन्छ । (जडीबुटी विकास तथा प्रवर्धन शाखा २०७२ : १) जडीबुटीको प्रयोग पश्चिमेली एवम् पूर्वीय मुलकमा परापूर्वकालदेखि नै प्रयोग हुँदै आएको पाइन्छ । आधुनिक एलोपेथिक औषधीको आधार पनि औषधीय वनस्पतिको रसायनबाट भएको देखिन्छ । जडीबुटीको संस्कृति अनन्तकालदेखि नै रहँदै आएको छ (कोनो २००४ : ३०) । होमी औषधीका जनक डा. हैनिमैनलाई अथर्ववेदको जर्मन अनुवाद पढेपछि नै सिसिलिया क्युरेन्टम (समयंशमयति अपवा विषस्य विषमौषधम) को सिद्धान्त ज्ञान भएको थियो । यो हाल प्रयोग गरिएको होमियोपेथी जडीबुटीबाट भएको हो (थापा २०७६ : ३६०) । यसरी होमियोपेथीको विकास एलोपेथी सबैको सुरुआत जडीबुटी भएको देखिन्छ ।

पूर्वी एसियाका करिब २ करोड ५० लाख जनसङ्ख्या जीविकोपार्जन र आयआर्जनका लागि प्रत्यक्ष वा परोक्ष रूपमा गैरकाष्ठ वन पैदावारमा आश्रित रहेका छन् । पूर्वी एसियाको ठुलो सङ्ख्या विशेष गरी गैरकाष्ठ वनपैदावारअन्तर्गत पर्ने जडीबुटीमा निर्भर रहेको देखिन्छ । विश्वमा वनस्पति उत्पादनको क्षेत्र विशाल रहेको प्रमाण, सन १९९५ मा ११ अर्ब डलरको जडीबुटीजन्य व्यापार हाल वार्षिक ७-१० प्रतिशतका दरले बढेर ६८ अर्ब डलरभन्दा माथि रहेको (जि.एन २००२ : ३१५) तथ्यले देखाएको छ। मध्यकालमा अन्य सामग्रीसँगै जडीबुटीको व्यापार तिब्बतमा हुने गरेको त्यस समयमा जडीबुटीको राम्रो बाह्य व्यापार भएको (अर्याल, सन २०१५ : १५) उल्लेख गरिएको छ ।

नेपालमा सुगन्धित जडीबुटी र औषधीजन्य जडीबुटीको दिगो विकासका लागि सङ्कलन खेती प्रविधि र प्रशोधनका बारेमा स्थानीयलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरेको पाइन्छ (यु.एस.ए.आइ.डी., सन २००२ : ३) । नेपालले २००९ मा ९८ लाख अमेरिकी डलरको जडीबुटी निर्यात गरी २५ औं स्थानमा रहेको थियो भने २०१० मा ६० लाख अमेरिकी डलरको व्यापार निर्यात गरी २६ औं स्थानमा रहेको थियो (नीति २०६९ : २) । तथापि नेपाल जडीबुटीका लागि धनी देश भए पनि यसबाट अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेको देखिँदैन भने २००९ र २०१० को तथ्याङ्क हेर्दा जडीबुटीको निर्यात घटेको देखिन्छ ।

## ३. पाठ्यक्रम विकासको आधारभूत सिद्धान्तका आधारमा विषयको विश्लेषण

### ३.१ पाठ्यक्रमको विकासका आधारभूत सिद्धान्त

पाठ्यक्रम विकासका सन्दर्भमा अमेरिकन शिक्षाविद् टेलरद्वारा प्रतिपादित नमुनालाई प्राविधिक, बृहत्, सिकारु केन्द्रित, वैज्ञानिक र उद्देश्यमुखी नमुनाका रूपमा लिने गरिन्छ । टेलरले आफ्नो अध्ययनको अनुभवका आधारमा सन् १९४९ मा पाठ्यक्रम र प्रशिक्षणका आधारभूत सिद्धान्त नामक पुस्तक प्रकाशन गरेका थिए । पाठ्यक्रम निर्माण गर्दा विद्यालयभन्दा बाहिरको समाज र तत्कालीन जीवन पद्धतिको अध्ययन गर्नुपर्दछ । समाजको अध्ययनमा समाजका आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भौगोलिक, ऐतिहासिक पक्षको अध्ययन गर्नुपर्दछ । (टेलर, सन् १९७४) । यसबाहेक अमेरिकन शिक्षाविद् हिल्डा टावाले तत्कालीन आवश्यकतामा शिक्षामा उत्पन्न भएका सङ्कटहरू र पाठयक्रम योजनामा देखिएका अन्यौलतालाई दृष्टिगत गरी वैज्ञानिक तथा व्यवस्थित ढाँचा १९६२ मा पाठ्यक्रम विकास सिद्धान्त र अभ्यास नामक पुस्तकमा पाठ्यक्रम विकासको नयाँ नमुना प्रस्तुत गरेका छन् । विषयवस्तुको छनोट गर्दा सामाजिक वास्तविकताको प्रतिनिधित्व गर्न सक्नुपर्छ (टावा, सन् २०६२) । उनले पनि पाठ्यक्रम निर्माणमा समाजका विभिन्न पक्षलाई समेटनु पर्ने उल्लेख गरेका छन् । अर्का ब्रिटिस शिक्षाविद् केरले तत्कालीन अवस्थामा ब्रिटिस शिक्षा प्रणालीमा भएका समस्यालाई ध्यान दिएर पाठ्यक्रममा सुधार गर्ने आन्दोलन सुरुआत गरे । यो आन्दोलनले १९५० देखि सुरु भएर १९६० को दशकमा उल्लेख्य गति लियो । यसैलाई सम्बोधन गर्दा उनले सन् १९६८ मा पाठ्यक्रम परिवर्तनात्मक पुस्तक प्रकाशन गरे । उक्त पुस्तकमा पाठ्यक्रम सुधार, पाठ्यक्रमको साधरण नमुना र पाठ्यक्रमका सिद्धान्त प्रस्तुत गरे। पाठ्यक्रमको नमुना तयार गर्दा कुन खालका स्रोत उपयुक्त हुन्छन् भन्ने कुरा उल्लेख गरिएको छ । स्थापित मूल्य र मान्यतामा आधारित भएर पाठ्यक्रमका सिद्धान्त निर्माण गर्न कठिन हुन्छ। उद्देश्यको निर्धारण समाज र विद्यार्थीका आर्थिक पक्षसँग प्रत्यक्ष वा अप्रत्यक्ष्य रूपमा सम्बन्धित हुने गर्दछ (केर सन् १९६८) भनिएको छ । समाजमा सांस्कृतिक पक्षमात्र समावेश भएको हुँदैन । समाजभित्र राजनीतिक प्राविधिक, आर्थिक, धार्मिक आध्यात्मिक सम्पूर्ण पक्षले अन्तरक्रिया गरिहेका हुन्छन् । समाजमा विभिन्न समस्या चुनौती तथा अवसर रहेका हुन्छन् । समाजका यी पक्षलाई पाठ्यक्रमले सम्बोधन गर्न सक्नु पर्दछ । पाठ्यक्रम त्यस्तो माध्यम हो, जसमार्फत समाजको सुधार गरिनु पर्दछ (डेवे सन् १९३८) । समाजको सुधारको अर्थ पाठ्यक्रममार्फत समाजलाई अझ समुन्नत, विकसित र सभ्य रूपमा परिवर्तन गर्नु हो । समाजमा विद्यमान विकृति एवम्

विसङ्गतिलाई निमूल गरी समाजलाई अगाडि लैजानु हो । यस अर्थमा पाठ्यक्रमका माध्यमबाट समाज समुन्नत बनाउन आवश्यक विषयवस्तु समावेश हुनुपर्दछ । समुन्नत समाज हुन आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतकि पक्ष चुस्त दुरुस्त हुनुपर्दछ । समाजका विसङ्गति विकृति अन्त्य हुनुपर्दछ (जोन डेवे सन, १९३८) । यसरी पाठ्यक्रमले समाजका विकृति हटाई समुन्नत समाज निर्माणमा सहयोग गर्नुपर्दछ । सामाजिक आवश्यकता र बालकका आवश्यकता आधारमा पाठयक्रम विकास एवम् निर्माण गर्नुपर्दछ (कोलिनिज सन, १९९९ : १०३) । प्रणाली उन्मुख यस सिद्धान्तअनुसार पाठयक्रम निर्माणको प्रमुख आधार समाज र सिकारुलाई बनाउनुपर्दछ किनभने समाज र विद्यालय एकआपसका सहअस्तित्वमा रहेका हुन्छन् । समाजको संरचना, मूल्य मान्यता, संस्कृति शैक्षिक दुष्टिकोण, आर्थिक अवस्था जस्ता पक्ष विद्यालय प्रक्रियामा प्रतिबिम्बत हुन्छन् । सामाजिक प्रक्रियाअनुसार नै विद्यालय प्रक्रिया आवश्यकता पर्दछ, जसले नागरिकका सामाजिक, सांस्कृतिक, आर्थिक आवश्यकतालाई सम्बोधन गर्न सक्छ । यी विद्वानका मान्यतालाई आधार मान्ने हो भने पाठ्यक्रम समाजको आर्थिक, सामाजिक आवश्यकतालाई समेट्ने खालको विद्यालय तथा समाजको सहअस्तित्व र सहभागिताको मूल्य बन्नु पर्दछ भन्ने निचोड निकाल्न सकिन्छ ।

## ३.२ सिद्धान्तका आधारमा अवस्था विश्लेषण

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको व्यवस्थाबमोजिम विभिन्न स्थानीय तहले स्थानीय विषयको पाठ्यक्रम विकासका सम्बन्धमा जडीबुटीलाई प्राथमिकता दिएको देखिन्छ । स्थानीय तहले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा मात्र नभई स्थानीय पाठ्यकमसमेतको विकास गरी कक्षा आठसम्म लागु गर्ने नीति अख्तियार गरेको छ । नेपाल सरकारले स्थानीय जडीबुटीलाई प्रवर्धन गर्नका लागि यसलाई आयआर्जनका रूपमा विकास र प्रयोग गर्नकालागि विद्यालय तहबाट जडीबुटीलाई समावेश गरेको छ । टावाले र टेलरले भने जस्तै समाजका आर्थिक आयआर्जनका लागि पाठ्यक्रममा जडीबुटीलाई समावेश गरेको पाइन्छ । जडीबुटीको पहिचान व्यवस्थापन र प्रयोगसम्बन्धी विषयहरू विद्यालयमा पठनपाठनका लागि पाठ्यक्रममा समावेश भने गरेको पाइँदैन । जडीबुटीको प्रयोग गाउँघरका केही वैद्य र बुढापाकाबाहेक अरूले गरेको पाइँदैन (भण्डारी, २०६१ : ४३) । यसले जडीबुटीका बारेमा गरिने चर्चा परिचर्चा वास्तविक अनुभवभन्दा लहैलहैमा हुने गरेको, यस क्षेत्रमा संलग्न कृषकले राम्रो आम्दानी गर्न नसकेको देखाएको छ । औषधीजन्य तथा सुगन्धित तेलयुक्त जडीबुटी, टिमुर, तेजपात, चिउरी, कुरिलो, म्यामोमिल मेन्थाको परिचय, फैलावट र बासस्थान, फूल फुल्ने र फल्ने समय, सङ्कलन पूर्व गर्नुपर्ने तयारी, फल सङ्कलन प्रशोधन भण्डारण र उपयोग, परम्परा र स्थानीय प्रयोग व्यापारिक उपयोग बजार सूचना जस्ता पक्षको विस्तृत रूपमा पाठ्यक्रममा अटाएको देखिँदैन तापनि जडीबुटीका बारेमा समाजमा चेतना फैलाउने कार्यको प्रयास गरेको भने पाइन्छ (एन्साव नेपाल, २०७५ : ८३) ।

विद्यालयमा यससम्बन्धी शिक्षा समावेश मात्र गर्नुले समाजको आर्थिक स्तर बढाउनमा त्यति सफलता प्राप्त हुँदैन । यसका लागि जडीबुटी खेती गर्ने अभिभावकलाई सहज रूपमा बिरुवा उपलब्ध गराउने, खेतीका लागि प्राविधिक ज्ञान दिने, निजी स्तरका कृषक

वा नर्सरी व्यावसायीमार्फत् जडीबुटीका बिरुवा उत्पादन गर्ने तथा उनीहरूको आयआर्जनमा टेवा पुऱ्याउने पहलले मात्र देशमा विद्यमान गरिबीलाई केही हदसम्म कम सकिन्छ । आर्थिक रूपले महत्त्वपूर्ण जडीबुटी हिमाली क्षेत्रमा पाइने र यिनीहरूको खेती गर्ने प्रविधिसमेत विकास भइसकेकाले विद्यालय तथा सोसम्बद्ध सरोकारवालाहरूमा पनि जडीबुटीसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न (जडीबुटी विकास कार्यक्रम २०६१ :२-२०) जरुरी छ । जडीबुटीका बारेमा विद्यालय स्तरबाट नै सचेतना जगाउन आवश्यक रहेको र पाठ्यक्रममा समावेश गरिने विषयवस्तु समाजको विश्लेषणका आधारमा तय गर्न पाठ्यक्रमका सिद्धान्तअनुसार अनुसन्धान गर्नुपर्ने देखिन्छ । जडीबुटी सङ्कलनमा केही परिवार संलग्न भए पनि व्यावसायिक रूपमा खेती भएको देखिँदैन । यसले गैरकाष्ठ वनपैदावारको व्यावसायिकता प्रवर्धनमा जटिलता रहेको प्रमाणित गर्दछ । सङ्कलन र उत्पादनमा पनि समस्या रहेको (राहुल र अन्य १९९९) छ किनभने यस बारेमा वास्तविक अभिभावकको सूचना, प्रविधिमा पहुँच पुग्न सकेको छैन ।

जडीबुटीको पाठ्यक्रम निर्माण गर्दा विद्यालयभन्दा बाहिरको समाजको तत्कालीन जीवन पद्धतिको अध्ययन गर्नुपर्ने पाठयक्रमविद्को धारणा रहेको पाइन्छ । समाजमा विभिन्न समस्या चुनौती एवम् अवसर रहेका हुन्छन् । समाजका यी पक्षलाई पाठ्यक्रमले सम्बोधन गर्न सक्नु पर्दछ । यद्यपि कार्यान्वयन भएका पाठ्यक्रमका बारेमा गरिएका विभिन्न अनुसन्धानले कुनै पाठ्यक्रमले समाजको संस्कृतिलाई समेट्न सकेको, कुनैले समेट्न नसकेको निष्कर्ष निकालेको पाइन्छ । संस्कृतिलाई समेटेका पाठ्यक्रमप्रति सरोकारवालाको सकरात्मक धारणा रहे पनि समेट्न नसकेका पाठ्यक्रमप्रति नकारात्मक धारणा वा अरुचि रहेको अनुसन्धानले देखाएका छन् । यसखालका पाठ्यक्रमको सफलताका लागि जडीबुटीसम्बन्धी नीतिमा सुधार गर्नुपर्ने हुन्छ । यससम्बन्धी कार्यलाई व्यवस्थित गर्न जडीबुटीसम्बन्धी नयाँ नियमावली २०६९ ल्याइएको छ तर व्यावसायिक खेती सुरु हुनसकेको छैन ।

नेपालको जडीबुटीको मुख्य व्यापार भारतसँग रहेको छ । जडीबुटीसम्बन्धी सहजीकरणयुक्त नीतिको कमी, प्राविधिक ज्ञानको कमी, दक्ष जनशक्तिको अभाव, प्रशोधन गर्ने उद्योगको कमी, राज्यको उदासिनता जस्ता विविध कारणले गर्दा जडीबुटीबाट राम्रो आम्दानी गर्न सकिएको छैन । कृषकले सङ्कलन गरेका जडीबुटी प्रशोधन गर्न नसकी सिधै बेच्नु परेको छ । सिधै बिक्री गर्दा ढुवानी बढी लाग्ने र कम मूल्यमा बेच्नु पर्ने जस्ता समस्या रहेका छन् । जडीबुटी सङ्कलनकर्ता सिधै बजारमा पुग्न नसकी थुप्रै तहका व्यापारीमार्फत बजारमा पुग्ने गरेका छन् । यसले गर्दा सङ्कलनकर्ताले कम मूल्य पाउँछन् भने उपभोक्ताले चर्को मूल्य तिर्नु परेको छ । जसका कारण जडीबुटी विषयमा तयार भएका पाठ्यक्रमप्रति विद्यार्थी, अभिभावक तथा समाजको विश्वास बढ्न नसकेको मात्र होइन चासोसमेत निकै कम छ ।

नेपालको जडीबुटी आर्यआर्जनको महत्त्वपूर्ण स्रोत रहेको कुरा विभिन्न खोज अनुसन्धानले देखाएका छन् । यससम्बन्धमा स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म जडीबुटीको चेतना जगाउन विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइन्छ । तापनि सञ्चालन गरिएका कार्यक्रममा नीति निर्माता, नीति

तथा योजना कार्यान्वयनकर्ता, र वास्तविक कृषकमा कार्यान्वयनको विषय प्राथमिकता भित्र परेको अनुभूति गर्न सकिएको छैन ।

## ४. निष्कर्ष

नेपालमा विभिन्न रोगको निदानका लागि जडीबुटीको दैनिक रूपमा प्रयोग भइरहेको पाइन्छ । यहाँको हिम्मतखण्डमा महत्त्वपूर्ण जडीबुटी पाइन्छन् । यसको संरक्षण, संवर्धन र विकासले रोजगारी, स्वरोजगारी बढाउने मात्र नभई विदेशी मुद्रासमेत आर्जन गर्न सकिन्छ । पाठ्यक्रम विकास सिद्धान्तले पाठ्यक्रममा समाजको अध्ययन गरेर समाजको आर्थिक विकासमा सहयोग पुर्‍याउने विषयवस्तु समावेश गर्नुपर्ने भनी उल्लेख गरेको सन्दर्भमा नेपाली समाजमा सांस्कृतिक र आर्थिक महत्त्व रहेको जडीबुटीलाई व्यवस्थित गर्न पाठ्यक्रममा समावेश गर्नु राम्रो प्रयास हो । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले जडीबुटीलाई स्थानीय पाठ्यक्रमका विषयका रूपमा समावेश गर्न सकिने व्यवस्था गरे पनि सचेतना, तत्परता, दक्षता, स्रोतसाधन, सहजीकरण, विज्ञताको उपलब्धता, प्रतिबद्धता आदिमा न्यूनता तथा सैद्धान्तिक विचलन आदिका कारण प्रभावकारी कार्यान्वयन भइरहेको छैन । यसका लागि के कस्ता जडीबुटी कसरी समावेश गर्ने, जडीबुटीलाई आर्थिक आयआर्जनसँग कसरी जोड्ने भन्नेबारे थप अनुसन्धान गरी स्थानीय तह तथा विद्यालयलाई नीतिगत, व्यवस्थापकीय तथा प्राविधिक सहयोग र सहजीकरण गर्नुपर्दछ । यसबाट समाजको आर्थिक रूपान्तरणमा मनग्य टेवा पुग्न सक्छ ।

## सन्दर्भ सामग्री


इसिमोड, (सन, २०६३).गैरकाष्ठ वनपैदावारको दिगो उपभोग र संरक्षण, पृ.५ ।

उप्रेती, यादव र अन्य (इसिमोड). (२०७२).गैरकाष्ठ वनपैदावारको दिगो उपभोग र संरक्षण .कैलाश पवित्र भूपरिधि संरक्षण तथा विकास पहल कार्यक्रम सञ्चालित जिल्लामा पाइने प्रमुख प्रजातिको जानकारी, वन तथा भू-संरक्षण मन्त्रालय, नेपाल सरकार, व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र । पृ.२ ।

चर्माकार, शम्भु र डा.जोशी, नवीनराज (२०७५).औषधीजन्य तथा सुगन्धित तेलयुक्त वनस्पति (MAPS) को सङ्कलन प्रशोधन र उपयोगसम्बन्धी जानाकारी पुस्तिका. एन्साव नेपाल । पृ. ८३७

जडीबुटी नीति २०६१, (२०६१) श्री ५ को सरकारबाट स्वीकृत २०६५।५।१५ । पृष्ठ १-३ ।

पौडेल, खडानन्द (२०५८), जडीबुटी विज्ञान, कैलाश प्रिन्टर्स, बुटवल ।

भण्डारी, कमल (२०६१ वर्ष ३ अङ्क १) स्थानीय जनताका आँखामा जडीबुटी एक विश्लेषण, हाम्रो वन सम्पदा वर्ष ३ अङ्क १ २०६१ फरेस्ट एक्सन, पृ.४३ ।

वनस्पति विभाग, (२०६३), नेपालको आर्थिक विकासका लागि प्रथामिकता प्राप्त जडीबुटीहरू, थापाथली काठमाडौँ ।

वन नियमावली २०७९, (२०६९). नेपाल राजपत्रमा प्रकाशित मिति २०६९ । ३ । १६ को परिच्छेद १ को १६ नम्बर (पृ-८)

नेपाल सरकार,(२०७६).निर्यात प्रवर्धन आयत प्रतिस्थापन र अन्तरप्रदेश व्यापार सम्भावना भएका वस्तु तथा सेवाको प्रोफाइल. कर्णाली प्रदेश पुल्चोक, ललितपुर, नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्धन केन्द्र । पृ.१६ ।

नीतिसार, (२०६९) जेठ) नेपाली जडीबुटी र सार तेलको अन्तर्राष्ट्रिय व्यापार सम्भावना र चुनौती । पृ.२ ।

Colins M. and Geogre W. (1999).Curriculum alternative appraches ongoing issues.p. 103

Nepal , A .G Karkim. (2004).A Study on marketing opportunities for medical Aromatic and Dye Plants in south Asia medical and aromatic plants program in Asia. (MAAPA) International Development. Center (IDR).

Rawal, R., Bhatta, B., and Paudyal, A. (1999). NTFPs: Production collection and Trade in MidWestern development Region of Nepal (edited). Kathmandu, Nepal: Workshop Jointly organized by BU-BSP/NEWERA, EFEA and JABAN.

Subedi, B. P., and Bhattarai, N. K. (1999). Community managed Enterprises: Participation of Rural Communities in Medicinal and Aromatic plants conservation and use. In M. Karki, and R. J. (Editors), The roles of Medicinal plants Industry in fostering Biodiversityconservation and Rural Development. New Delhi: MAPPA-IDRC/SARO.

Taba, H. (1962), Curriculum development theory and paractice. Harrcourt Brace and World in CN yourk.

USAID. Nepal's Education for income Generation in Nepal Program (2009). Training Manual on Cultivation and Processing of NTFPS (pp-3)

# शिक्षक दरबन्दी मिलानः सन्दर्भ, औचित्य र भावी दिशा

वसन्तप्रसाद कोइराला*


**लेखसार**

*विद्यालय तथा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षकको व्यवस्थापन गर्नु नै शिक्षक दरबन्दी मिलान हो । आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउनु नेपालको संविधानले सुनिश्चित गरेको मौलिक हक नै हो । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ ले अनिवार्य तथा निःशुल्क शिक्षा पाउने संवैधानिक हकलाई कार्यान्वयनको सुनिश्चितता गरेको छ । शिक्षा पाउनु मात्र नभई आधुनिक युगमा गुणस्तरीय शिक्षा प्राप्तिका लागि नेपाल सरकारअन्तर्गत सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा निर्देशनालय तथा स्थानीय सरकारअन्तर्गत शिक्षा हेर्ने महाशाखा तथा शाखाको व्यवस्था गरिएको छ । हालसम्म विद्यालयमा कार्यरत शिक्षक सङ्घीय सरकारअन्तर्गत नै रहेका छन् । शिक्षक कुन सरकार मातहत रहने भन्ने विषय अझै पनि छलफलकै विषय छ । तर पनि प्राथमिक तहको शिक्षक जिल्ला तोकेरै विज्ञापन हुने र निम्नमाध्यमिक तथा माध्यमिक तहको शिक्षक प्रदेश तोकेरै विज्ञापन हुने भएकाले स्थानीय सरकार प्रति नै उत्तरदायी हुनु पर्ने गरी शिक्षक समायोजन हुनुपर्ने जानकारहरूको राय रहेको छ । स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दी मिलान गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देशित गरेको छ । आफ्नो तहभित्रको दरबन्दी मिलान गर्न सर्वप्रथम प्रत्येक स्थानीय तहको दरबन्दी यकिन गर्नुपर्ने हुन्छ । सो कार्य गर्ने दायित्व सङ्घीय सरकारको हो । दरबन्दी मिलानको यो कार्य स्थानीय सरकार गठन हुनुपूर्व नै सकिसक्नु पर्ने थियो तर ढिलै भए पनि राम्रो कार्यको सुरुआत भएको छ । नेपाल सरकारले दरबन्दी पुनर्वितरण सुझाव कार्यदल गठन गरी दिइएको जिम्मेवारीका आधारमा उक्त कार्यदलले आफ्नो प्रतिवेदन २०७५ सालमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसमक्ष पेस गर्‍यो । सोही प्रतिवेदनमा उल्लिखित विभिन्न विकल्पमध्ये हाल कार्यान्वयनमा आएको दरबन्दी मिलान पनि एक हो । हालसम्म दरबन्दी मिलानको प्रगति आधाभन्दा बढी भइसकेको छ । सबैको साथ सहयोगमा उक्त दरबन्दी मिलानको कार्य समयमै सम्पन्न गर्न सक्दा यसबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा समेत सुधार भई देशको निमित्त आवश्यक मध्यम जनशक्ति उत्पादन गर्न योगदान पग्छ भन्न सकिन्छ ।*


## १. विषय प्रवेश

विद्यालय तहको शिक्षक दरबन्दी मिलान विद्यार्थी सङ्ख्याका आधारमा बर्सेनि गर्नुपर्ने कार्य हो । प्रत्येक वर्ष विद्यार्थी सङ्ख्यामा आएको उतारचढावसँगै शिक्षकको व्यवस्थापन गर्नु उपयुक्त हुन्छ । विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन गर्नु नै सरल अर्थमा दरबन्दी मिलान भन्ने गरिन्छ । प्रत्येक विद्यालयमा के कति सङ्ख्यामा शिक्षक आवश्यक पर्ने हो भन्ने विषय त्यहाँ भएको

* उपमहानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र

विद्यार्थी सङ्ख्यामा निर्भर गर्छ । कुनै पनि सामुदायिक विद्यालयका लागि विद्यालयको तहअनुसार आवश्यक पर्ने न्यूनतम शिक्षक विद्यार्थी अनुपात तोकिएको हुन्छ, जस्तैः शिक्षा नियमावली, २०५९ को अनुसूची १२ मा विद्यालयमा हुनुपर्ने न्यूनतम दरबन्दी तोकिएको छ । प्राथमिक तहसम्म सञ्चालित विद्यालय जसमा न्यूनतम ५० जना विद्यार्थी भए दुई जना शिक्षक र सोभन्दा बढी विद्यार्थी सङ्ख्या भए तीन जना शिक्षकको व्यवस्था गरिएको छ । त्यस्तै निम्नमाध्यमिक तहमा न्यूनतम चार जना शिक्षकको हुनु पर्ने व्यवस्था गरिएको छ । माध्यमिक तहमा भने (कक्षा नौदेखि १२) मा कम्तीमा आठ जना शिक्षक हुनु पर्ने व्यवस्था गरिएको छ । सोभन्दा बढी शिक्षक हुनका लागि विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताका आधारमा थप गर्न सकिने व्यवस्था छ । विद्यार्थी सङ्ख्या सधैँ एकै रहँदैनन् कुनै वर्ष विद्यार्थी बढ्ने र कुनै वर्ष विद्यार्थी घट्ने पनि हुने साथै विद्यार्थी सङ्ख्या नै नभएर विद्यालय समायोजन गर्नुपरेको अवस्था पनि छ । यस्तो अवस्थामा विद्यालय समायोजन भएका शिक्षकहरूको व्यवस्थापन तथा विद्यार्थी सङ्ख्या न्यून भई शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी देखिएका शिक्षकको व्यवस्थापन गर्नु आवश्यक छ । उक्त कार्य दरबन्दी मिलानबाट नै सम्भव हुन्छ । नेपालमा दरबन्दी मिलान विगतदेखि नै हुँदै आए पनि नेपालको संविधान (२०७२) जारी भएसँगै स्थानीय सरकारको क्षेत्राधिकारमा रहेको आधारभूत तथा माध्यमिक शिक्षा कार्यान्वयनका लागि पनि दरबन्दी मिलानको कार्य समयमै सम्पन्न गर्नु अपरिहार्य नै छ ।

## २. शिक्षक दरबन्दी मिलानको सन्दर्भ

नेपालको संविधान जारी भएसँगै देशमा राजनीतिक तथा वित्तीय सङ्घीयताको अभ्यास सुरु भयो । सँगसँगै प्रशासनिक सङ्घीयताका लागि कर्मचारी समायोजनको कार्य थालनी गरियो यद्यपि यसमा समस्या नआएका होइनन् । आगामी दिनमा कानुन बनेसँगै यस्ता समस्या समाधान हुने आशा गर्न सकिन्छ । नेपालको संविधानको अनुसूची ८ को ८ मा आधारभूत तथा माध्यमिक तहको शिक्षा स्थानीय तहको अधिकार सूचीमा राखेको छ । सोही व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा २३ ओटा बुँदामा स्थानीय तहको शिक्षासम्बन्धी अधिकारको विस्तृतीकरण गरिएको छ ।

जसको बुँदा न. ११ मा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ को विभिन्न परिच्छेदमा शिक्षक दरबन्दी तथा यसको मिलानसम्बन्धी प्रावधान उल्लेख गरिएको छ । शिक्षा ऐन २०२८ को दफा ११ मा जिल्ला शिक्षा समितिको व्यवस्था छ । सोही दफाको उपदफा ५ को 'च' मा जिल्ला शिक्षा समितिले विद्यालय तहको दरबन्दी मिलान गर्न सक्ने कानुनी व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकार गठन भएबमोजिम स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारमा रहेका विषयवस्तुको अभ्यास गर्नु स्वभाविक नै हो । जसरी राजनीतिक, वित्तीय र प्रशासनिक सङ्घीयता सँगसँगै सुरुआत गरियो सोहीअनुसार शिक्षक दरबन्दी मिलान पनि सँगसँगै जानु पर्थ्यो । स्थानीय सरकार गठन भएपछि स्थानीय सरकारले आफू मातहतका शिक्षक दरबन्दी आफ्नै हो भनी दलिल गर्नु व्यवहार त स्वभाविक नै हो । स्थानीय सरकार गठन हुनुपूर्व नै दरबन्दी मिलान गर्न सकेको भए जति सहज रूपमा दरबन्दी मिलान सम्पन्न हुन्थ्यो सोअनुसार हाल दरबन्दी मिलान हुन सकेको छैन । हुन त स्थानीय सरकार भएपछि

दरबन्दी मिलान सहज भएको केही जानकारको भनाइ छ तर पनि एकाध स्थानीय तहमा सजिलो भएबाहेक समग्रमा धेरैजसो स्थानीय तहमा दरबन्दी मिलानको गाँठो अझै पनि फुक्न सकेको छैन ।

## ३. दरबन्दी मिलान

वस्तुतः कुनै स्थानीय तहमा बढी भएको दरबन्दी सोही जिल्लाको अर्को स्थानीय तह वा सोही प्रदेशको अर्को अति आवश्यक जिल्लाको स्थानीय तहमा वितरण गर्नु नै दरबन्दी मिलान हो । दरबन्दी मिलानको नेपालको प्रयास सिद्धान्ततः क्षतिविहीन वा न्यून क्षतिमा सम्पन्न गर्ने रणनीतिका साथ आएको देखिन्छ । नेपाल सरकारको मिति २०७५।०३।०४ को निर्णयानुसार दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको गठन भयो । उक्त कार्यदलले मिति २०७५।०५।२९ मा आफ्नो प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेस गऱ्यो । नेपाल सरकारबाट उक्त प्रतिवेदन कार्यान्वयनका लागि केही आधारसहित मिति २०७६।०५।०४ मा स्वीकृत भयो । तत्कालीन समयमा नेपाल सरकारका पूर्व सचिव महाश्रम शर्माको संयोजकत्वमा गठित दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको प्रतिवेदनले नेपाल सरकारलाई विभिन्न मोडेलमा दरबन्दी मिलान गर्ने सुझाव प्रस्तुत गरेको थियो । सोही आधारमा दरबन्दी मिलानका लागि प्रस्तुत गरिएका विकल्पमध्ये हाल कार्यान्वयनमा आएको दरबन्दी मिलान पनि एक विकल्पका रूपमा रहेको थियो । दरबन्दी मिलानलाई व्यावहारिक र सहज रूपमा कार्यान्वयन गर्नका लागि शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ माघ महिनाको १२ गते माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा आयो ।

दरबन्दी मिलानमा दरबन्दीलाई मौजुदा दरबन्दी, आवश्यक दरबन्दी, पुल दरबन्दी र खुद पुल दरबन्दी गरेर विभाजन गरिएको छ । विद्यार्थी अनुपातका आधारमा आवश्यक पर्ने दरबन्दीलाई विद्यालयका लागि आवश्यक दरबन्दीका रूपमा मानिएको छ भने कुनै एक तहमा बढी भएको दरबन्दीलाई माथिल्लो तहमा नपुग दरबन्दी पूरा गर्ने हेतुले भविश्यमा रूपान्तरण गर्नका लागि यकिन गरी राखिएको दरबन्दी पुल दरबन्दी हो । पुल दरबन्दीका रूपमा एक तहमा बढी भएको दरबन्दी अर्को तहमा गणना गर्ने र सोही क्रमले सबै तहमा वितरण गरी बढी भएको दरबन्दी अन्य स्थानीय तहमा वितरण गर्नका लागि यकिन गरिएको हुन्छ । त्यस्तो दरबन्दीलाई खुद पुल दरबन्दीका रूपमा मानिएको छ । खुद पुल दरबन्दीका रूपमा रहेको दरबन्दी सोही स्थानीय तह रहेको जिल्लाको अति आवश्यक अर्को स्थानीय तहमा वितरण गरिन्छ । यसरी वितरण गरी बाँकी भएको दरबन्दी सोही जिल्ला रहेको प्रदेशको अर्को अति आवश्यक जिल्लाको अति आवश्यक स्थानीय तहमा प्राथमिकताका आधारमा वितरण गरिन्छ ।

## ४. शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधिमा भएको व्यवस्था

शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका लागि कानुनी आधार अनिवार्य रहेको छ । कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि पनि कार्यविधि वा निर्देशिका आवश्यक पर्छ । तसर्थ कार्यदलले दिएको प्रतिवेदन तथा नेपाल सरकार मन्त्रिपरिषद्ले दिएको कार्यसर्तका आधारमा दरबन्दी मिलान गर्न शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गऱ्यो । कार्यविधिमा दरबन्दी मिलानका मुख्य आधार उल्लेख गरिएको छ । साथै सो कार्यका लागि स्थानीय तह, प्रदेश तह, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका तथा विद्यालयको भूमिकालाई उल्लेख गरिएको छ ।

दरबन्दी मिलान गर्दा सम्भव भएसम्म रिक्त राहतको स्थानान्तरण गर्ने, सोपछि रिक्त दरबन्दीको स्थानान्तरण गर्ने व्यवस्था उल्लेख गरिएको छ । स्वेच्छिक रूपमा निवेदन दिएर दरबन्दीसहित तोकिएको स्थानीय तहमा सरुवा भएर जान चाहने शिक्षकहरूलाई पनि प्राथमिकतामा राखिएको छ । यस्तो अवस्थामा महिला शिक्षकलाई प्राथमिकतामा राखिएको छ । यसरी निवेदन दिने शिक्षक बढी भए महिला शिक्षकलाई पहिलो प्राथमिकतामा राखी बाँकी शिक्षकलाई जेष्ठताका आधारमा स्थानान्तरण गर्ने व्यवस्था गरिएको छ । सोपश्चात् पनि दरबन्दी मिलान गर्न बाँकी भए कनिष्ठ करारका शिक्षक, तत्पश्चात् कनिष्ठ राहतका शिक्षकलाई स्थानान्तरण गर्ने व्यवस्था कार्यविधिले गरेको छ । सोभन्दा पछि नेपालको संविधान जारी भएको समयलाई आधार मानेर सोभन्दा पछि जिल्लान्तर सरुवा भएर आएका शिक्षकको अलग्गै प्राथमिकताक्रम तयार गरी स्थानान्तरण गर्ने र त्यति गर्दासमेत दरबन्दी मिलानको कार्य बाँकी भए स्थायी शिक्षकहरूको कनिष्ठताको क्रम तयार गरी जिल्लान्तर सरुवा गर्ने व्यवस्था गरी दरबन्दी मिलान सम्पन्न गर्ने रणनीति तयार गरिएको छ । दरबन्दी मिलान गर्दा सम्भव भएसम्म पति र पत्नीलाई एकै स्थानीय तह पर्ने गरी व्यवस्थापन गर्न कार्यविधिले निर्देशित गरेको छ ।

## ५. वस्तुगत तथ्य

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७९ को फ्ल्यास रिपोर्टका आधारमा हेर्दा जम्मा विद्यालय सङ्ख्या ३४,८१६ रहेको छ । जसमध्ये सामुदायिक विद्यालयको सङ्ख्या २७,८९० ओटा रहेका छन् । शिक्षक दरबन्दी सङ्ख्या प्राथमिक तहमा ८०,१७६ दरबन्दी र २१,८७१ राहत रहेका छन । निम्नमाध्यमिक तहमा १६,२२४ दरबन्दी र ९,६०९ राहत रहेका छन् । त्यस्तै माध्यमिक तहमा १२,७२५ शिक्षक दरबन्दी र ६,८९८ राहत शिक्षक रहेका छन् । उच्चमाध्यमिक तहमा भने ४,००० ओटा राहत कोटा र २,००० को सङ्ख्यामा शिक्षक दरबन्दी रहेको छ । दरबन्दीको अनुपातिक रूपमा वितरण नहुँदा कतै शिक्षक थुप्रो लागेको त कतै विद्यार्थी सङ्ख्या बढी भएको अवस्था छ । काठमाडौँ उपत्यकामा प्राथमिक तहको शिक्षक सङ्ख्या चाहिएको भन्दा निकै बढी रहेको छ भने ग्रामीण भेगमा विद्यार्थीको अनुपातमा शिक्षक सङ्ख्या छैन ।

शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदलले दिएको प्रतिवेदनअनुसार जम्मा पुल दरबन्दी १२,८३५ रहेको छ, जसमध्ये खुद पुल दरबन्दी ३,३३९ ओटा रहेको छ । यी दरबन्दीको मिलान गर्दा केन्द्रीय तहमा एक चरणको दरबन्दी मिलानको कार्य सम्पन्न हुने देखिन्छ । पुल दरबन्दीमध्ये हालसम्म ८,५०० भन्दा बढी सङ्ख्यामा मिलान भइसकेको र खुद पुल दरबन्दीमध्ये हालसम्म १,६३८ दरबन्दी एक स्थानीय तहबाट अर्को स्थानीय तहमा स्थानान्तरण गरिसकिएको छ ।

दरबन्दी मिलानका क्रममा कार्यविधिमा उल्लेख भएबमोजिम सम्भव भएसम्म रिक्त दरबन्दी तथा राहतलाई स्थानान्तरण गरी मिलाउने प्रयास गरिएको छ । त्यस्तै स्वेच्छिक रूपमा दरबन्दीसहित तोकिएको स्थानीय तहमा सरुवा हुन चाहने शिक्षकको सरुवा गरिएको छ । यसै सिलसिलामा सम्मानित सर्वोच्च अदालतमा प्राथमिक तहका स्थायी, अस्थायी शिक्षक तथा राहत शिक्षकहरूले रिट निवेदन पेस गरिएका र सो रिटका सम्बन्धमा फैसला हुँदा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक दरबन्दी मिलान गर्न चाहेको र सो कार्यले शिक्षकको सेवासुविधामा आघात पुग्ने नदेखिएकाले गरिएको दरबन्दी मिलानको कार्यविधिलाई अन्यथा भन्न

नमिल्ने भनी आदेश जारी भएकाले हाल आएर कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि अझै बाटो खुलेको छ ।

प्रदेशगत रूपमा दरबन्दी मिलानको कुरा गर्दा तेह्रथुमबाट ३९ ओटा दरबन्दी उदयपुर जिल्लामा स्थानान्तरण हुन्छन् । मधेस प्रदेशमा अन्तर जिल्ला दरबन्दी स्थानान्तरण गर्नुपर्ने अवस्था छैन । बागमती प्रदेशको हकमा भने काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लामा बढी भएको १,१३१ प्राथमिक तहको दरबन्दी नुवाकोट, सिन्धुली, दोलखा, धादिङ र मकवानपुर जिल्लामा स्थानान्तरण हुन्छ । त्यस्तै गण्डकी प्रदेशमा मनाङ, मुस्ताङ, लमजुङ, पर्वत, तनहुँ, कास्की, स्याङ्जा जिल्लामा बढी भएको १,०६७ प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक तहको दरबन्दी सोही प्रदेशको नवलपरासी पूर्व तथा बाग्लुङ जिल्लामा स्थानान्तरण हुन्छ । लुम्बिनी प्रदेशमा र सुदूरपश्चिम प्रदेशमा दरबन्दी एक जिल्लाबाट अर्को जिल्लामा स्थानान्तरण हुँदैनन् । कर्णाली प्रदेशमा भने डोल्पा जिल्लामा बढी भएको १२ ओटा प्राथमिक तहको दरबन्दी जाजरकोट जिल्लामा स्थानान्तरण हुन्छ ।

पुल दरबन्दी नभएको स्थानीय तह ४३० ओटा रहेका छन् । पुल दरबन्दी रहेको स्थानीय तह ३२३ ओटा रहेका छन् । प्राथमिक तहमा पुल दरबन्दी रहेका ३२३ स्थानीय तहमा १२,६९९ ओटा पुल दरबन्दी रहेका छन् । निम्नमाध्यमिक तहको १३ ओटा स्थानीय तहमा १०६ ओटा पुल दरबन्दी रहेका छन् । माध्यमिक तहको भने ११ ओटा स्थानीय तहमा ३० ओटा पुल दरबन्दी रहेको छ ।

शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको प्रतिवेदन कार्यान्वयन हुँदासमेत तत्कालीन अवस्थामा प्राथमिक तहमा १६,६२१ निम्नमाध्यमिक तहमा १८,१४०, माध्यमिक तहमा १९,१०१ र उच्चमाध्यमिक तहमा ७,८०५ दरबन्दी अपुग हुने बताइएको थियो । हाल विद्यालय, विद्यार्थी सङ्ख्या फरक भएको कारण उक्त सङ्ख्यामा केही घटबढ हुन सक्ने अवस्था रहेको छ ।

## ६. दरबन्दी मिलानका आधार

शिक्षक दरबन्दी मिलान गर्दा पनि कुनै न कुनै विषयलाई आधार लिने गरिन्छ । सामान्यतः शिक्षा नियमावलीको अनुसूची १२ मा उल्लेख भएको न्यूनतम शिक्षक विद्यार्थी अनुपातलाई नै दरबन्दी मिलानको मुख्य आधारका रूपमा लिन सकिन्छ । तर पनि दरबन्दी पुनर्वितरण सुझाव कार्यदलले विभिन्न विकल्पबाट दरबन्दी पुनर्वितरण गर्न सकिने विकल्प प्रस्तुत गरेको हुँदा हाल कार्यान्वयनमा आएको दरबन्दी वितरणका आधार शिक्षा नियमावलीमा उल्लिखित आधारका अतिरिक्त थप आधारहरूलाई समेत लिएको पाइन्छ । प्राथमिक तहको कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा न्यूनतम २० जना विद्यार्थी सङ्ख्या भए १ जना शिक्षक, ५० जनासम्म विद्यार्थी भए न्यूनतम २ जना शिक्षक, ५० जनाभन्दा बढी विद्यार्थी भए न्यूनतम ३ जना शिक्षकको व्यवस्था हुने गरी प्रस्ताव गरिएको छ । कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालय र ३० जना भन्दा कम विद्यार्थी सङ्ख्या भए २ जना शिक्षक, ८० जनाभन्दा कम विद्यार्थी भए ३ जना, १२५ जनाभन्दा कम विद्यार्थी भए ४ जना, १२५ जनाभन्दा बढी विद्यार्थी सङ्ख्या भए ५ जनासम्म शिक्षक राख्न सकिने व्यवस्था गरिएको छ । कक्षागत आधारमा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक थप गर्दा हिमाल, पहाड र तराईमा ४०, ४५ र ५० को ४० प्रतिशत अर्थात् ५७, ६३ र ७१ हुँदा थप शिक्षक प्राप्त हुने र यो व्यवस्था सबै तहमा लागु हुने भनी उल्लेख गरिएको छ । कक्षा १ देखि ६ सम्म सञ्चालित विद्यालयमा कक्षा ६ मा जति नै विद्यार्थी सङ्ख्या भए पनि १ शिक्षक प्राप्त हुने र सोभन्दा बढी प्राप्त गर्न विद्यार्थी सङ्ख्या

हुनुपर्ने व्यवस्था छ । कक्षा १ देखि ७ सम्म सञ्चालित विद्यालयमा कक्षा ६ र ७ मा जति नै विद्यार्थी सङ्ख्या भए पनि २ जना शिक्षक रहने र सोभन्दा बढी शिक्षक प्राप्त गर्न कक्षागत विद्यार्थी सङ्ख्या हुनुपर्ने व्यवस्था छ । कक्षा १  देखि ८ सम्म सञ्चालित विद्यालयमा कक्षा ६ देखि ८ सम्म ५० जनासम्म विद्यार्थी सङ्ख्या भए न्यूनतम ३ जना शिक्षक र सोभन्दा बढी भए ४ जना शिक्षक रहने व्यवस्था गरिएको छ । कक्षा ९ र १० सञ्चालन भएको विद्यालयमा ५० जनाभन्दा कम विद्यार्थी सङ्ख्या भए ४ जना शिक्षक र सोभन्दा बढी विद्यार्थी भए ५ जना शिक्षकको दरले हुने गरी दरबन्दी मिलानको आधार तयार गरिएको छ । दरबन्दी मिलानका लागि कक्षा ११ र १२ लाई लिइएको छैन । अर्थात् कक्षा ११ र १२ का हकमा न्यूनतम शिक्षक अपुग भएमा थप गर्ने तर मौजुदा रहेका शिक्षकलाई भने स्थानान्तरण नगर्ने गरी व्यवस्थापन गरिएको छ । शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ मा उल्लिखित न्यूनतम दरबन्दीसम्बन्धी प्रावधान र माथि उल्लिखित आधार कतिपय मेल खान्छन तर विशिष्टीकृत बनाउने नाममा कतिपय प्रावधान ऐन तथा नियमसँग बाँझिएका छन् । तसर्थ निम्नमाध्यमिक तह तथा माध्यमिक तहको हकमा शिक्षा नियमावलीले लिएको न्यूनतम दरबन्दीको आधारलाई मानेर दरबन्दी मिलान गरिएको छ ।

## ७. दरबन्दी मिलानका क्षेत्राधिकार

शिक्षा ऐन २०२८ को दफा ११ मा जिल्ला शिक्षा समितिको व्यवस्था रहेको र सोही दफाको उपदफा ५ मा सो समितिको काम, कर्तव्यमा जिल्लाभित्रको दरबन्दी मिलानको अधिकार जिल्ला शिक्षा समितिलाई प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपछि उक्त ऐनको दफा ११ 'ज' मा शिक्षासम्बन्धी व्यवस्थामा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा स्थानीय सरकारको दरबन्दी यकिन गर्न पहिलो पटक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले दरबन्दी मिलान गरी प्रत्येक स्थानीय तहको दरबन्दी यकिन गर्ने र सोपश्चात् स्थानीय तहभित्रको दरबन्दी मिलान स्थानीय तहले गर्ने, जिल्लाभित्रको दरबन्दी मिलान शिक्षा विकास तथा समन्वय एकाइले गर्ने, अन्तरजिल्ला दरबन्दी मिलान एउटै प्रदेशभित्र गर्ने भए प्रदेशको शिक्षा हेर्ने निकायले गर्ने र अन्तरप्रदेश दरबन्दी मिलान गर्नुपर्ने भए केन्द्रले गर्ने व्यवस्था उल्लेख गरिएको छ । सामान्यत: विद्यार्थीको सङ्ख्या बर्सेनि थपघट भइरहन्छ र सोहीअनुसार दरबन्दीको व्यवस्थापन पनि गर्नुपर्छ । सामान्यतः फागुन महिनामा दरबन्दी मिलानको कार्य गर्ने र चैत्रसम्ममा दरबन्दी मिलान सक्ने र नयाँ शैक्षिक सत्रमा दरबन्दी मिलानबमोजिम विद्यालयमा शिक्षक गई शिक्षण सिकाइ गर्नु पर्ने अवधारणा उक्त कार्यविधिले राखेको छ ।

## ८. दरबन्दी मिलानको औचित्य

शिक्षक दरबन्दी मिलानको प्रयास विगतदेखि नै भएको हो । प्रत्येक जिल्लाले तत्कालीन समयमा शिक्षा विभागको निर्देशानुसार आफ्नै आफ्नै तरिकाले दरबन्दी मिलान गर्दै आएका थिए । तर अधिकांश दरबन्दी मिलान कागजी रूपमा भएको थियो । नेपालको संविधान जारीपश्चात् स्थानीय सरकार गठन भए । आधारभूत तथा माध्यमिक तहको जिम्मेवारी स्थानीय तहमा आइसकेपछि सोअनुसार शिक्षा व्यवस्थित गर्न आफ्नो मातहतको शिक्षक दरबन्दी यकिन गर्नु पर्ने अवस्था भयो । बर्सौंदेखि आफ्नो दरबन्दी कुनै गाउँ विकास समिति वा नगरपालिकामा राखेर काजमा सुविधा

सम्पन्न ठाउँमा प्रभाव र पहुँचका आधारमा बस्दै आएका शिक्षकको दरबन्दी कुनै एक स्थानीय तहमा रहने र कार्यरत अर्को स्थानीय तहमा हुने हुँदा दरबन्दी रहेको स्थानीय तहले उक्त शिक्षक आफ्नो भनि दावी गर्ने र शिक्षक कार्यरत रहेको स्थानीय तहले उक्त शिक्षक आफ्नो भन्ने अवस्था सिर्जना भयो । यो हुन नदिन स्थानीय सरकारको गठन पूर्व वा गठनकै समयमा शिक्षक दरबन्दी मिलानको कार्य सम्पन्न गर्न सकेको भए राम्रो हुन्थ्यो । तर स्थानीय सरकार सञ्चालन ऐन जारी भए पश्चात गठन भएको स्थानीय तहले पनि दरबन्दी मिलानमा खासै समस्या सिर्जना गरेको छैन तर पनि स्थानीय सरकार शिक्षकप्रति बढी उत्तरदायी भएका कारणले गर्दा कसैलाई चिढ्याएर दरबन्दी मिलान गर्न सक्ने अवस्था पनि भएन । तसर्थ स्थानीय सरकारले निवृत्त हुन एक वा दुई वर्ष बाँकी भएका शिक्षकहरूलाई विशेष प्याकेज ल्याएर स्वेच्छिक अवकासमा प्रोत्साहन गरेको थियो । यो अत्यन्तै सराहनीय कार्य हो । झट्ट हेर्दा राज्यलाई केही दायित्व सिर्जना भएको जस्तो देखिए पनि यसले दरबन्दी मिलान गर्न र पुराना शिक्षकको स्थानमा नयाँ शिक्षक नियुक्तिका लागि बाटो खोलेको अवस्था हो । यसले शिक्षण सिकाइ पनि सुधार हुने अपेक्षा गर्न सकिन्छ । हालै मात्र शिक्षक सेवा आयोगले गरेको १७ हजार रिक्त दरबन्दीको पदपूर्ति यही प्रक्रियाले मात्र सम्भव भएको हो ।

स्थानीय सरकार गठन भएसँगै आफ्नो स्थानीय तहमा प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक तह तथा उच्चमाध्यमिक तहको दरबन्दी कति हो भन्ने कुरा थाहा हुन जरुरी छ । जसरी प्रशासनिक सङ्घीयतासँगै स्थानीय तहमा कर्मचारीको सङ्ख्या यकिन गरियो । सोहीबमोजिम आधारभूत तथा माध्यमिक तहको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहलाई भएपछि आफ्नो तहको शिक्षामा सुधार गर्न शैक्षिक जनशक्ति कति छ, कति अपुग छ भन्ने थाहा हुन जरुरी छ । सो कार्यबाट जनशक्तिलाई विद्यार्थी सङ्ख्याका आधारमा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयमा परिचालित गर्न र शिक्षक नपुग भए भावी दिनमा शिक्षक व्यवस्थापनका लागि योजना तर्जुमा गर्नसमेत योगदान पुग्छ ।

एकात्मक राज्य व्यवस्थामा जसरी जिल्लालाई एक एकाइका रूपमा मानेर समग्र शिक्षक दरबन्दी मिलान गरिएको थियो । अहिले सङ्घीय राज्य व्यवस्था मुताविक स्थानीय तहलाई एकाइ मानेर आफ्नो तहभित्र दरबन्दी मिलान गर्नु पर्ने अवस्था छ । यो कार्यलाई मूर्तरूप दिन पनि प्रत्येक स्थानीय तहलाई आफ्नो तहको प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक तथा उच्चमाध्यमिक तहको दरबन्दी यति हो भनेर किटान गरेर दिनु आवश्यक छ । साथै विद्यालय तहको बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको पनि दरबन्दी मिलान सँगै जानु पर्ने देखिएको छ । तर उक्त कार्य हालसम्म भएको छैन ।

## ९. दरबन्दी मिलानका चुनौती

शिक्षक दरबन्दी मिलानको कार्य त्यति सहज छैन । करिब १ लाख ५० हजारभन्दा बढी सङ्ख्यामा रहेका शिक्षकलाई सहज रूपमा विद्यार्थी सङ्ख्याका आधारमा मिलान गर्नु कठिन कार्य हो । स्थानीय तहहरूमा तत्कालीन समयमा रहेको मौजुदा दरबन्दी कट्टा गर्न नचाहनु, आवश्यक दरबन्दी नै मौजुदा दरबन्दी हो भनी स्थानीय तहहरूले विद्यालयमा वितरण गर्नु, वर्तमान विद्यार्थी सङ्ख्यालाई आधार मानेर दरबन्दी मिलान गर्न दबाब सिर्जना गर्नु, दरबन्दी मिलानका लागि राजनीतिक सहमतिको आवश्यकता देखिनु, न्यूनतम दरबन्दी सुनिश्चितता नभई दरबन्दी कट्टा गर्न स्थानीय

तह अनिच्छुक देखिनु जस्ता चुनौती दरबन्दी मिलानका क्रममा देखिएका छन् । थप चुनौतीलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) **कार्यविधिबाट निर्देशित :** निजामति सेवाका करिब ८० हजार जनशक्तिको व्यवस्थापनका लागि राष्ट्रिय महत्त्व दिई कर्मचारी समायोजन ऐन जारी गरी सोहीमार्फत दरबन्दी समायोजन गरियो । दरबन्दी र राहत गरी करिब दुई लाखको हाराहारीमा रहेको शैक्षिक जनशक्ति व्यवस्थापन शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ का आधारमा भएको छ । राज्यको प्राथमिकता यसमा अलि नपुगेको जस्तो देखिएको छ ।

(ख) **दरबन्दी मिलान कम प्राथमिकतामा पर्नु :** स्थानीय सरकार गठन भएसँगै शैक्षिक जनशक्ति व्यवस्थापन भइसक्नु पर्नेमा हालसम्म पनि दरन्दी मिलानको कार्य लक्ष्यको तुलनामा प्रगति आधाभन्दा बढी हुन सकेको छैन । अर्थात् ३३३९ दरबन्दी स्थानान्तरण गर्नु पर्नेमा करिब १७०० को हाराहारीमा (दरबन्दी कट्टा गरी स्थानान्तरण गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा जिल्ला तथा स्थानीय तहले पठाएको पत्रसमेतका आधारमा) मात्र दरबन्दी मिलान भएको छ । अरू दरबन्दी मिलानको कार्य कहिलेसम्म सकिने हो ठ्याक्कै भन्न सकिने अवस्था छैन ।

(ग) **स्थानीय तहको उदासिनता :** केही स्थानीय तहले दरबन्दी मिलानको कार्य सम्पन्न गरिसकेको अवस्था छ । विशेष प्याकेजको कार्यक्रम ल्याएर उक्त कार्य सम्पन्न गरेका छन् । तर अधिकांश स्थानीय तहले अझैँ पनि दरबन्दी मिलानलाई प्राथमिकतामा राखेका छैन्न । सरकारको फेरबदलसँगै स्थानीय तहमा दरबन्दी मिलानमा सुस्तता आउने गरेको छ ।

(घ) **दरबन्दी मिलानसम्बन्धी बुझाइमा एकरूपता नहुनु :** दरबन्दी मिलानसम्बन्धी बुझाइमा केन्द्र तथा स्थानीय सरकारको बुझाइमा एकरूपता छैन । यससम्बन्धी स्थानीय तहलाई अभिमुखीकरण गराउन सकिएको छैन । समस्या पर्दा र कुनै स्थानीय तहले चासो लिदाँ देखिएको समस्याको गाँठो फुकाउने काम मात्र भएको छ । दरबन्दी मिलानको मर्म बुझेका स्थानीय तहले दरबन्दी मिलानको कार्य सम्पन्न गरिसकेको अवस्था छ भने मर्म नबुझेका स्थानीय तह अझै पनि अलमलिएको अवस्था छ ।

(ङ) **शिक्षक दरबन्दी मिलान राष्ट्रिय अभियानका रूपमा हुन नसक्नु :** शिक्षक दरबन्दी मिलान राष्ट्रिय अभियानका रूपमा ल्याउन सकिएको छैन । यो शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कामका रूपमा ठानियो । स्थानीय तहले पनि सोही रूपमा बुझेको अवस्था छ । यो राष्ट्रिय अभियान हो यसले समग्र देशको शैक्षिक स्तर सुधार गर्न सहयोग गर्छ भन्ने बुझाइ विकास गर्न सकिएको छैन ।

(च) **पुल दरबन्दी सम्बन्धमा भावी कार्यक्रमको अभाव :** सैद्धान्तिक रूपमा पुल दरबन्दी कायम गरिएका ९,४९६ दरबन्दी माथिल्लो तहमा रूपान्तरण गर्ने भन्ने कुरा छ । पुल दरबन्दी माथिल्लो तहमा रूपान्तरण गर्ने सम्बन्धमा हालसम्म ठोस रणनीति आएको छैन । यति वर्षसम्म यी दरबन्दीलाई माथिल्लो तहमा रूपान्तरण गर्ने भन्ने कार्यक्रम

नआएसम्म यो झुक्याउने खेल हो कि भनी स्थानीय तहले आशङ्का गरेको अवस्था छ । यसको निवारण हुन जरुरी छ ।

(छ) **पुल दरबन्दीमा कार्यरत शिक्षकहरूलाई थप प्रोत्साहनको अभाव :** तल्लो तहमा नियुक्ति लिएका माथिल्लो योग्यता भएका शिक्षकहरूलाई पुल दरबन्दीमा राखी माथिल्लो तहमा पढाउन प्रोत्साहन गरिएको छ । तर त्यस्ता शिक्षकहरूलाई माथिल्लो तहमा पढाएबापत के थप सुविधा पाउने हो यकिन छैन । केही स्थानीय तहले यस्ता शिक्षकहरूलाई प्रोत्साहन भत्ताको व्यवस्था त गरेको छ तर महालेखा परीक्षकबाट एउटै समयमा माथिल्लो तहमा पढाउँदा दिइएको भत्तालाई बेरुजु मान्न सक्ने अवस्था भएकाले प्रोत्साहन भत्ता दिनका लागि पनि स्थानीय तह उत्सुक छैनन ।

(ज) **शिक्षकको प्रतिवादले काम गर्न कठिनाइ हुनु :** प्राथमिक तहको स्थायी, अस्थायी तथा राहत शिक्षकहरूबाट सम्मानित सर्वोच्च अदालतमा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ लाई चुनौती दिई रिट पेस भएको थियो । कोभिडका कारण विद्यालय बन्द हुँदा दरबन्दी मिलान त्यसै सुस्ताएका वेला अदालतमा परेको रिट निवेदन र सोपछिको अन्तरिम आदेशले केही महिना दरबन्दी मिलानको कार्य अवरुद्ध हुन पुग्यो । साथै शिक्षकको पेसागत सङ्घ सङ्गठनबाट पूर्ण रूपमा सहयोग नपाउँदा दरबन्दी मिलान जुन रूपमा सम्पन्न भइसक्नु पर्ने थियो त्यो हुन सकेको छैन ।

(झ) **यथास्थितिवादी सोच :** एकात्मक राज्य व्यवस्थाबाट सङ्घीय स्वरूपमा आइसक्दा पनि शिक्षक तथा सरकारी निकायमा समेत उही पुरानै सोच र पुरानै शैलीमा रमाउने परम्परा देखियो । नजिकको सरकारबाट शासित हुन पाउने र स्थानीय तहबाट सेवा सुविधा पाइन्छ भन्दा पनि परको सरकारमा नै रमाउने सोच र प्रवृत्ति शिक्षकमा हाबी हुँदा दरबन्दी मिलानले अपेक्षित गति लिन नसकेको हो ।

(ञ) **टालटुले दरबन्दी मिलान :** शिक्षक दरबन्दी मिलानमा आम मानिसले सोचेको के होभन्दा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा विद्यालयमा शिक्षक रहने गरी गरिएको दरबन्दी मिलान भन्ने नै हो । तर यो दरबन्दी मिलानमा प्राथमिक तहमा बढी भएको शिक्षक दरबन्दी भविष्यमा रूपान्तरण गर्ने भनेर माथिल्लो तहमा पुल दरबन्दीको रूपमा गणना गरिएको छ । आशय पवित्र नै भए पनि कुनै एक स्थानीय तहमा बढी हुने प्राथमिक तहको दरबन्दी माथिल्लो तहमा रूपान्तरण गर्ने नाममा सोही स्थानीय तहमै राख्ने योजना त होइन ? भन्ने विषयमा शङ्का पैदा गरेको छ । हालसम्म शिक्षक दरबन्दी रूपान्तरणका लागि कुनै ठोस योजना नबन्नु, यसप्रति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले खासै चासो नराखेको देख्दा उक्त आशङ्कामा मलजल गर्न खोजेको होकी भन्ने देखिएको छ ।

## १०. चुनौती समाधानका उपायहरू

समस्या आएअनुसार नै समाधानका उपाय खोजिदै जान्छन् । शिक्षक दरबन्दी मिलान शैक्षिक गुणस्तर सुधारको महत्त्वपूर्ण पक्ष हो । शिक्षक दरबन्दी मिलान पनि सम्भव हुन्छ र ? भन्ने विषय

आजभन्दा एक दुई वर्षअगि शैक्षिक वृत्तमा छलफलकै विषय थियो । दरबन्दी मिलानसम्बन्धी प्रतिवेदन बुझाउनु र सो प्रतिवेदन कार्यान्वयन नै हुन्छ र ? भन्ने विषयमा आम शैक्षिक जगत् विश्वस्त हुन सकेको थिएन । शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा आउनु र हालसम्म नवौँ लट तथा दसौँ लटको तयारीसमेत गर्दा करिब १७०० दरबन्दी स्थानान्तरण हुने अवस्थामा पुग्नुले अब साँच्चै नै दरबन्दी मिलान हुने भयो भनी शैक्षिक जगत्मा एउटा आशा पलाएको छ । पुल दरबन्दी रूपान्तरण गर्ने योजनाले मौजुदा तलबभत्ताबाटै प्राथमिक तहको बढी भएको दरबन्दी माथिल्लो कक्षामा रूपान्तरण गर्न सकिने र यसले दरबन्दीसँगै शिक्षक समायोजनसमेत हुने आशाको सञ्चार गरेको छ । यति हुँदाहुँदै पनि यसका केही समस्या रहेका छन् जुन माथि नै चर्चा गरिएको छ । समस्या तथा चुनौतीलाई समाधान गर्नका लागि देहायका रणनीतिलाई अवलम्बन गर्न सक्दा उपयुक्त हुने देखिन्छ :

(क) **दरबन्दी मिलान कार्यविधिको प्रभावकारी कार्यान्वयन :** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को प्रभावकारी कार्यान्वयन दरबन्दी मिलानको पूर्व सर्त हो । सम्मानित सर्वोच्च अदालतले समेत वैधता दिएको यो कार्यविधि हेर्दा कार्यविधिकै स्वरूपमा भए पनि ऐन जतिकै गहनता लिएको छ । स्थानीय तहले आफ्नो तरिकाले दरबन्दी मिलान गर्न सक्ने, केन्द्रीय तहले तोकेको खुद पुल दरबन्दी केन्द्रलाई प्रदान गरेपछि बाँकी रहेको पुल दरबन्दी तथा दरबन्दी कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा कार्यविधिले स्थानीय तहलाई स्वायत्तता दिएको छ । यसले दरबन्दी मिलानलाई थप सहजता प्रदान गर्छ । भूगोल, विद्यार्थी सङ्ख्या, स्थानीय तहको आवश्यकता तथा शिक्षकको समस्यासमेतलाई मध्यनजर गरी आफैँले थप आधार तयार गरी स्थानीय तहले कार्यविधि वा मापदण्ड तयार गर्न सक्छ । दरबन्दी मिलानका लागि कार्यविधिको प्रभावकारी कार्यान्वयन नै पहिलो मिलानको आधार हो ।

(ख) **दरबन्दी मिलानलाई पहिलो प्राथमिकतामा राखी अगाडि बढाउने :** दरबन्दी मिलान भन्ने विषयभन्दा पनि गर्ने विषय हो । हाल शिक्षक दरबन्दी मिलान सम्भव छ भन्ने माहोल सिर्जना भएको छ । सोहीअनुसार काम पनि भएका छन् । फलामले पनि ताकेकै वेला आकार लिने हो । अहिले माहोल सिर्जना भएको वेला राष्ट्रिय अभियानकै रूपमा दरबन्दी मिलान गर्न सके यो काम केही महिनामै सहजै सम्पन्न गर्न सकिन्छ ।

(ग) **रिक्त दरबन्दी पदपूर्ति नगर्ने :** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा खुद पुल दरबन्दी रहेको स्थानीय तहले जुन तहको खुद पुल दरबन्दी रहेको छ सो तहको खुद पुल दरबन्दी नसकिएसम्म रिक्त पदमा कुनै पनि बेहोराले पदपूर्ति गर्न नपाउने कानुनी व्यवस्था उल्लेख गरेको छ । तर कतिपय स्थानीय तहहरूले रिक्त दरबन्दी विभिन्न माध्यम (विज्ञापन, अस्थायी भर्ना तथा सरुवा आदि) बाट पदपूर्ति गर्ने गरेको पाइएको छ । शिक्षक नै भर्ना भइसकेपछि दरबन्दी स्थानान्तरण गर्न गाह्रो हुन्छ भन्ने मनसायले रिक्त खुद पुल दरबन्दी पदपूर्ति नगर्ने व्यवस्था राखिएको हो । सो व्यवस्थाको गम्भीर उलङ्घन केही स्थानीय तहबाट भएको पाइएको छ । यसलाई कडाइका साथ अन्त्य गर्नुपर्छ । जसका लागि २०७६ भन्दा पछि रिक्त भएका र सो पदमा पदपूर्ति गरिएका विवरण माग गर्ने र सो दरबन्दीमा तलबभत्ता निकासा दिएको पाइए

निकासा दिने अधिकारीबाट असुल उपर गर्ने र उक्त रकम बेरुजु ठहर्ने व्यवस्था गर्न सके दरबन्दी मिलान समयमै सम्पन्न गर्न कुनै बेर नै लाग्दैन ।

(घ) **दरबन्दी रूपान्तरणसम्बन्धी व्यवस्था :** दरबन्दी रूपान्तरण गर्ने विषय पनि एकादेशको कथा जस्तै भएको छ । राज्यको प्राथमिकताभित्र परेन । अर्थ मन्त्रालयबाट उक्त विषयमा सहमति नपाएको हो वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नै यस विषयमा चासो नदेखाएको हो स्पष्ट हुनुपर्‍यो । स्थानीय तहहरू दरबन्दी रूपान्तरण हुन्छ भन्ने विषयमा आशावादी छन् । राष्ट्रिय योजनामा परेको यो विषयलाई गम्भीरतापूर्वक लिई सोसम्बन्धमा उपयुक्त निकास निकाल्न सक्दा रूपान्तरण हुने दरबन्दीमा कार्यरत उपयुक्त योग्यता मिल्दो शिक्षकलाई समेत राहत मिल्न सक्ने देखिन्छ । जसले गर्दा माथिल्लो तहमा गणना हुने पुल दरबन्दीको समस्या हल गर्न सकिन्छ ।

(ङ) **दरबन्दी मिलानसम्बन्धी अभिमुखीकरण :** दरबन्दी मिलानसम्बन्धी समस्याग्रस्त स्थानीय तहहरू जस्तो काठमाडौँ महानगरपालिका, वालिङ नगरपालिका, कुश्मा नगरपालिका आदि लक्षित अभिमुखीकरण कार्यक्रम ल्याई त्यहाँका स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीमा दरबन्दी मिलानसम्बन्धी सकारात्मक चिन्तनको विकास गराउनु जरुरी देखिएको छ ।

(च) **नयाँ विद्यार्थी सङ्ख्यालाई आधार मानी दरबन्दी व्यवस्थापन गर्ने :** वि.सं. २०७२ को भूकम्पपश्चात् सामुदायिक विद्यालयको भौतिक संरचनामा रूपान्तरण भएसँगै शैक्षिक सुधारमा समेत चासो वृद्धि हुँदै गएको छ । स्थानीय सरकारको लगाब तथा कोभिडपश्चात् सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या बढोत्तरी हुँदै गएको छ । यस्तो अवस्थामा पुरानै विद्यार्थी सङ्ख्यालाई आधार मानी गरिएको दरबन्दी मिलानले सबै विद्यालयको समस्या सम्बोधन गर्न सक्दैन कि भन्ने विषय अहिले छलफलमा आएको छ । तसर्थ नयाँ विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दी मिलानलाई अगाडि बढाउन सक्दा राम्रो हुने देखिन्छ । एक पटक केन्द्रले गर्ने दरबन्दी मिलान जुन वर्ष उठान गरेको हो सोही वर्ष नै सम्पन्न गर्नु पर्ने थियो । दरबन्दी मिलानको ढिलाइको मार विद्यालयले खेप्नुपर्छ भन्ने होइन ।

(छ) **नयाँ दरबन्दीको सिर्जना :** दरबन्दी मिलानपश्चात् पनि करिब ५३ हजार दरबन्दी अपुग हुन्छन् । यस्तो नपुग दरबन्दीबाट सामुदायिक विद्यालयको गुणस्तर सुधार हुन सक्दैन । स्थानीय सरकारलाई समेत नपुग दरबन्दी आफ्नै स्रोतबाट सिर्जना गर्न सक्ने अधिकार त छ तर स्रोत साधन नै नभएका स्थानीय तहबाट यो कार्य सम्भव छैन । दरबन्दी सिर्जना केन्द्रबाटै हुनु आवश्यक छ । यसका लागि सङ्घीय सरकारको तदारुकता जरुरी देखिएको छ ।

(ज) **सेवा दल वा स्वयम्सेवी शिक्षकको व्यवस्था :** नपुग शिक्षक दरबन्दीबाट विद्यार्थीको सिकाइमा पारेको प्रतिकूल प्रभावलाई कम गर्न शिक्षा विषयमा स्नातक तथा स्नातकोत्तर पढिरहेका विद्यार्थीलाई एक वर्ष सामुदायिक विद्यालयमा पढाउन लगाउने र सोबापत न्यूनतम पारिश्रमिक दिने व्यवस्था गर्नु आवश्यक देखिएको छ । साथै नेपाल सरकारले

समेत सो कार्यका लागि निश्चित बजेटको व्यवस्था गरी प्रोत्साहन गर्नुपर्छ । यसबाट स्वयम्सेवी शिक्षकमा आत्मविश्वास वृद्धि हुने र तिनको योग्यता र पेसागत क्षमता विकासका लागि पनि सहयोग पुग्ने हुन्छ भने शिक्षकको अभावबाट ग्रसित सामुदायिक विद्यालयलाई समेत राहत पुग्ने देखिन्छ ।

(झ) **सक्षम स्थानीय तहलाई आफैं विद्यालयको व्यवस्थापन गर्न जिम्मा दिने** : सक्षम स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयको व्यवस्थापन गर्न जिम्मा दिन सकिन्छ । न्यूनतम शिक्षक दरबन्दी केन्द्रले उपलब्ध गराउने र सोपश्चात् थप शिक्षक आवश्यक परे सक्षम स्थानीय तहले आफैं दरबन्दी सिर्जना गर्ने र त्यसमा पदपूर्तिको व्यवस्था दिइनुपर्छ । यसबाट केन्द्रीय सरकारलाई आर्थिक बोझ कम हुनाका साथै सिकाइ गुणस्तर सुधारका लागि पनि सहयोग पुग्छ ।

(ञ) **प्रोत्साहनको व्यवस्था :** तल्लो तहको दरबन्दीमा कार्यरत भई माथिल्लो तहमा गणना हुने पुलमा कार्यरत माथिल्लो योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा कक्षा शिक्षण गरेबापत थप प्रोत्साहन रकमको व्यवस्था हुनु जरुरी देखिएको छ । दरबन्दी रूपान्तरण हुने र त्यहाँ पुल दरबन्दीमा कार्यरत शिक्षकहरूलाई आन्तरिक प्रतिस्पर्धा गराउने आश्वासनका भरमा शिक्षक कार्यरत छन् । तत्काल उनीहरूलाई माथिल्लो तहमा काम गरेबापत थप प्रोत्साहनको व्यवस्था छैन । केही स्थानीय तहले आफ्नै स्रोतबाट यस्तो व्यवस्था गरे पनि यसमा दिगोपनाको शङ्का नै छ । तसर्थ प्रोत्साहन भत्ताको व्यवस्था गरी शिक्षकको मनोवलमा वृद्धि गरिनु आवश्यक छ ।

(ट) **शिक्षक महासङ्घसँगको सहकार्यमा जोड :** सैद्धान्तिक रूपमा शिक्षक दरबन्दी मिलानमा कसैको पनि विमति छैन तर व्यावहारिक रूपमा दरबन्दी मिलानका धेरै समस्या निरन्तर रूपमा आइपरेका छन् जुन शिक्षक महासङ्घ तथा शैक्षिक सरोकारवालाको निरन्तर सहयोग र सहकार्यबाट मात्र समाधान सम्भव छ । तसर्थ एक साझा संयन्त्र बनाइ निरन्तर रूपमा काम गर्न सक्दा शिक्षक दरबन्दी मिलान अझै सहज रूपमा सम्पन्न गर्न सकिने थियो ।

## ११. निष्कर्ष

विद्यालयको सङ्ख्या तथा विद्यार्थी सङ्ख्या सधैं स्थिर हुँदैन । विगतमा सामुदायिक विद्यालय भनेको हुँदा खानेले पढ्ने विद्यालयका रूपमा चिनिथ्यो तर हाल त्यस्तो अवस्था छैन । विगतका केही वर्षबाट सामुदायिक विद्यालयको स्वरूपमा नै परिवर्तन आएको छ । भौतिक पूर्वाधारमा सुधार भएको छ । शिक्षक सेवा आयोगबाट योग्य शिक्षकको नियुक्तिसँगै शिक्षाको गुणस्तरमा सुधार हुँदै गएको छ । शिक्षण सिकाइको तरिकामा पनि प्रविधिको प्रयोग हुँदै गएको अवस्था छ । वा भनौं समग्रमा सामुदायिक विद्यालयको गुणस्तरमा आशालाग्दो सुधार हुँदै गएको छ । जसका कारण विद्यार्थी सङ्ख्या पनि सामुदायिक विद्यालयमा वृद्धि हुँदै गएको छ । भूगोल अपायक भएको र जनसङ्ख्या कम भएको स्थानमा भने आवासीय विद्यालयको व्यवस्था गर्नु पर्ने र थोरै विद्यार्थी भएको स्थानमा विद्यालय समायोजन गरी राज्यको स्रोत साधनलाई एकीकृत गर्नु पर्ने अवस्था भएकाले बर्सेनि

विद्यालयको सङ्ख्या घटबढ हुँदै गएको छ । यस्तो अवस्थामा शिक्षक दरबन्दी मिलान एक महत्त्वपूर्ण कार्यका रूपमा देखिएको छ ।

कर्मचारी समायोजन जस्तो शिक्षक दरबन्दी मिलान होइन । विद्यार्थी सङ्ख्या बढी भएको स्थानमा शिक्षकको दरबन्दी व्यवस्थापन गर्नुपर्छ । यही आशयलाई मध्यनजर गरी नेपाल सरकारले सङ्घीयतासँगै शिक्षक दरबन्दी मिलानको कार्य उठान गऱ्यो । दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको प्रतिवेदनलाई मुल कोसेढुङ्गा मानेर सोहीअनुसार दरबन्दी मिलानको काम अगाडि बढेको छ । दरबन्दी मिलानको काममा बाहिरी रूपमा केही विवादका कुरा उठ्नु स्वभाविक नै हो । एउटै थातथलोमा बसी पढाएका शिक्षकहरूलाई अहिले आएर विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयमा स्थानान्तरण गरी पठाउँदा शिक्षकहरूलाई व्यक्तिगत रूपमा मर्का पर्छ नै तर पनि राज्यले एक अभियान कै रूपमा शैक्षिक सुधारको कार्य अगि बढाएको सन्दर्भमा राज्यको अभियानलाई साथ दिनु सबैको कर्तव्य पनि हो । साथै दरबन्दी मिलानका क्रममा सकेसम्म कमभन्दा कम क्षतिका आधारमा दरबन्दी मिलान गर्ने रणनीतिअनुरूप रिक्त दरबन्दी तथा राहत तथा स्वेच्छिक निवेदनका आधारमा शिक्षकको दरबन्दी स्थानान्तरण गरिएको हालको अवस्थाबाट दरबन्दी मिलान पनि हुने र कार्यरत शिक्षकलाई पनि मर्का नपर्ने भएबाट दरबन्दी मिलान सहजै सम्पन्न गर्न सकिने अवस्था आएको छ ।

## सन्दर्भ सामग्री

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७, कानुन किताब व्यवस्था समिति, सिंहदरबार, काठमाडौँ ।

दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको प्रतिवेदन, २०७५

नेपालको संविधान (२०७२), कानुन किताब व्यवस्था समिति, सिंहदरबार, काठमाडौँ ।

फल्यास रिपोर्ट, २०७९, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

शिक्षा ऐन (संशोधनसहित), २०२८ तथा शिक्षा नियमावली (संशोधनसहित), २०५९ कानुन किताब व्यवस्था समिति, सिंहदरबार, काठमाडौँ ।

# नयाँ शैक्षिक क्रान्तिको पर्खाइमा ज्ञानमा आधारित समाज

✍वाइपी आचार्य*


**लेखसार**

*अहिलेको दुनियाँ तीव्र रूपले परिवर्तन भइरहेको छ । चौथो औद्योगिक क्रान्तिसँगै समाजको आधार संरचनामा समेत व्यापक फेरबदल आएको छ, आँउदैछ । यो युगका चामत्कारिक परिवर्तनहरू मानव मष्तिस्कका उपज हुन । मानव मष्तिस्कको उन्नत विकास शिक्षाका माध्यमबाट मात्रै सम्भव छ । हरेक क्रान्तिपछि शिक्षामा समेत आमूल परिवर्तन हुने गर्छ । अहिले यस्तै शैक्षिक क्रान्तिको खोजीमा छ समाज । अहिले कृत्रिम बौद्धिकता, जेनेटिक इन्जिनिएरिङ, अटोमेसन, नानो टेक्नोलोजी, डेटा मालका रूपमा प्रयोग, सभाइलेन्स इकोनोमी, डिजिटल करेन्सी, भर्चुअल ठुला डाटा केन्द्रहरू, थ्रिडी प्रिन्टिङ आदिको प्रयोग बढ्दै गहिरहेको सन्दर्भमा शिक्षामा समेत यसले आमूल परिवर्तन खोज्छ । नेपाल पनि प्रविधिको विकासको प्रभावबाट अलग रहन सक्दैन । ज्ञानपुँजीमा आधारित यस युगमा ज्ञानमै लागानी, ज्ञानकै विकास, ज्ञानकै प्रसार र ज्ञानकै विक्री गर्ने हो । यो सबै बलियो शिक्षा प्रणालीबाट मात्रै सम्भव हन्छ । त्यसैले अबको राजनीतिले शिक्षामा विषेश जोड दिनपर्छ ।*


## १. पृष्ठमूमि

अहिलेको युग ज्ञानपुँजीको युग हो । जोसँग ज्ञान छ, त्यो धनी छ । शक्तिशाली छ । पहुँचवाला छ । यहाँ ज्ञान भनेर मानिसको दिमागमा कैद भएको मात्र नभएर ज्ञानको परिणाम स्वरूप भएका अन्वेषणसमेत भन्न खोजिएको हो । अहिलेको डिजिटल प्रविधि मानव ज्ञानको उपज हो । त्यसैले यो ज्ञानपुँजी हो । विश्व बैङ्क (२०२२) को एक रिपोर्टअनुसार विश्वको लगभग ७० प्रतिशत पुँजी मानव ज्ञान वा डिजिटल बौद्धिकता (अटोमेसन, एप्स, डिजिटल प्रणाली, कृत्रिम बौद्धिकता) मा आधारित छ । बिग डेटा सेन्टरहरू जस्तैः फेसबुक, गुगल, एमाजन, एप्पल, अलिबाबा र अन्य उद्योगजन्य क्षेत्रमा व्यवस्थापकीय र बजारीकरणमा प्रयोग भएको डिजिटल बौद्धिकतालाई हेर्दा पुँजीको ठुलो हिस्सा डिजिटल प्रविधिको वरिपरि भएको देखिन्छ । यो अझै बढेर जाने छ । रोजगारीको मूल क्षेत्र पनि यही डिजिटल विश्व नै हुनेमा दुईमत छैन । इतिहासकार युवल नोवा हरारेका अनुसार मानव इतिहासमा पहिलो पटक सङ्क्रामक रोगका कारणभन्दा बुढेसकालका कारण मर्नेहरूको सङ्ख्या बढी छ । खान नपाएर मर्नेहरूभन्दा धेरै खाएर मोटोपनाका कारण मर्नेहरू बढी छन् । युद्धका कारणभन्दा सडक दुर्घटनाका कारण मर्नेको सङ्ख्या बढी छ । यी मानव प्रयत्न, प्रविधि र आविष्कारका परिणाम हुन् (Harari, 2018). यहाँ शिक्षाले ठुलो भूमिका खेलेको छ ।

---

* उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय

शिक्षाविद् पाउलो फ्रेरे भन्छन् शिक्षा कहिल्यै तटस्थ हुदैन (Frere, 2009) । राजनीतिक प्रणालीको मुख जता फर्कन्छ शिक्षाको मुख त्यतै फर्कन्छ । दार्शनिक ग्राम्कीको भनाइमा शिक्षाले राज्यको मियोमा रहेको वर्गको सांस्कृतिक आदिपत्य स्थापित गर्ने साधनका रूपमा काम गर्छ । शिक्षाले विद्यार्थीलाई राज्य वा सत्ता सञ्चालन गर्ने वर्गले जहिले पनि जनताको हित अनुकुल व्यवहार गर्छन् र उनीहरूको आदेश स्वीकार गर्नु हाम्रो कर्तव्य हो भनी इन्ड्रोक्टिनेट गर्छ (Jones, 2007) । नवउदारवादी राजनीतिले मतदाता नै सबै जान्दछन् भन्छ । यस पद्धतिमा राजनीतिक नेतृत्व मतदाताको सेन्टिमेन्ट वरिपरि घुम्छन् । केही मतदाताको माग आमहित प्रतिकूल भए पनि भोटको भयले निजी स्वार्थतिर लतारिन्छन् । नेपालको शिक्षा अहिले भोटको भूत, सांस्कृतिक आदिपत्यका मतियार र राजनीतिको नाममा गैरराजनीतिक व्यवहार प्रदर्शन गर्ने सीमित व्यक्तिको नियन्त्रणमा रहन थालेको प्रत्यभूति हुन्छ । अभिभावकको चेतना स्तर बढ्ने, विद्यालयको सङ्ख्या बढ्ने, विद्यार्थीको भर्नादर बढ्ने, शिक्षक कर्मचारीको तलव सुविधा बढ्ने, नयाँ प्रविधिको प्रयोग र प्रभाव बढ्ने तर सिकाइ स्तर कहिल्यै नबढ्ने बरु घट्ने । यो किन हुन्छ ?

औद्योगिक क्रान्तिपूर्वको अवस्था हेर्दा धर्ममा आधारित शिक्षा थियो । गुरुकुल, गुम्बा, मदरसा आदि शिक्षाका मूल केन्द्र थिए । धर्म र दर्शन मूल विषय थिए । धार्मिक ग्रन्थ मूल साधन थिए । ग्रन्थमा जे लेखिएको छ त्यही सत्य हो भनिन्थ्यो (कोइराला, २०७४) । शिक्षक ग्रन्थ र विद्यार्थीलाई जोड्ने मूल माध्यम थिए । ग्रन्थमा पहिलो पहुँच शिक्षकको हुने हुँदा र त्यसको व्याख्या गरिदिने शिक्षक हुने भएकाले शिक्षक अगाडि हुन्थे । ज्ञाता मानिन्थे । शिक्षकबिना विद्यार्थी शास्त्रसँग जोडिन पाँउदैन थिए । कुनै तर्कलाई पुष्टि गर्नु परेमा शास्त्रमा यो लेखिएको छ भनिन्थ्यो । त्यसैले शिक्षाको शक्ति शास्त्र र त्यसलाई व्याख्या गर्ने शिक्षकमा थियो । शास्त्रमा लेखिएका कुरा कुनै दैवी शक्तिले लेखेको हो यी परमसत्य हुन भन्ने विश्वास थियो । यी लेखिएका कुरा अपरिवर्तनीय छन् भनिन्थ्यो । त्यसैले शिक्षकले एक पटक सिकेपछि सधैंका लागि ज्ञानी र शक्तिशाली हुन्थे । शास्त्र सर्वत्र उपलब्ध थिएनन् । कतिपय शास्त्र श्रुतिमा आधारित थिए । नलेखिएका, सुनेका भरमा स्मरण गरेर फेरि अर्कोलाई सुनाउँदै पुस्तौं हस्तान्तरण भएका थिए (कोइराला, २०७४) । यसरी ज्ञान अपरिवर्तनीय छ भन्ने उपागम, ग्रन्थको कम उपलब्धता र श्रुतिबाट स्मरण गर्नु पर्ने हुँदा कण्ठ गरेर स्मरण गर्ने परम्पराको विकास भएको देखिन्छ । कण्ठ गर्न सक्ने व्यक्ति ज्ञानी मानिन्थ्यो । कण्ठ गर्नेले काम पाउथ्यो । अहिले पनि उही तरिका बोकेर हिड्नु आधुनिक युगमा प्राचीन बाटो हिंडे जस्तै हो ।

आधुनिककालमा शिक्षा विज्ञानसँग जोडियो । उत्पादनसँग जोडियो । बजारसँग जोडियो । शिक्षा अधिकारका रूपमा स्थापित भयो । धेरैले पढ्ने अवसर पाए । पढाइसँगै रोजगारी पनि पाए । पढाइको तहअनुसारको पारिश्रमिक पाए । जागिर पदसोपानमा हुने भएपछि पढाइको तह पनि सोपानमा हुने भयो । बजारमा पढेका मानिस बढ्दै गएसँगै तीमध्येबाट छनोट गर्नुपर्ने भयो । छनोटको आधार उसको क्षमता हो भनियो । क्षमतालाई नाप्न अङ्कको प्रयोग गरियो । अङ्कलाई उसको क्षमता मानियो । अब सबैले धेरै अङ्क ल्याउने, माथिल्लो कक्षा पनि पढ्ने भएपछि छनोटको आधार के होला ? अवश्य पनि प्रमाणपत्रको स्फीति हुन्छ र व्यक्तिले पाएको अङ्कभन्दा उसले गर्ने कामले महत्त्व पाउने छ ।

कृषि क्रान्ति, औद्योगिक क्रान्ति जस्तै डिजिटल क्रान्ति पनि एक विशाल क्रान्ति हो । हरेक क्रान्तिपछि शिक्षामा समेत आमूल परिवर्तन हुने गर्छ । यस्तै शैक्षिक क्रान्तिको खोजीमा छ समाज । डिजिटल क्रान्ति उत्तरऔद्योगिक क्रान्ति पनि हो । अहिले कृत्रिम बौद्धिकता, जेनेटिक इन्जिनिएरिङ,

अटोमेसन, नानो टेक्नोलोजी, डेटा मालका रूपमा प्रयोग, सर्भाइलेन्स इकोनोमी, डिजिटल करेन्सी, भर्चुअल ठुला डाटा केन्द्रहरू, थ्रिडी प्रिन्टिङ आदिको प्रयोग भइरहेको छ । यो युग मुताबिकको शिक्षा अहिलेको आवश्यकता हो ।

## २. विश्व बजार, सिप, र सिकाइ स्तर

सन् २०१६ मा प्रकाशित द लर्निङ जेनेरेसनसम्बन्धी रिपोर्टअनुसार प्रविधिको विकासका कारण सन् २०३० सम्ममा विश्वका करिब ५० प्रतिशत रोजगारी अटोमेसनले प्रतिस्थापन गर्ने छ । कुनै देशमा त ८० प्रतिशतको हाराहारीमा प्रतिस्थापन हुने छन् (ICFGEO, 2016) । नयाँ रोजगारी पनि सिर्जना हुने छन् तर निकै कम मात्रामा । त्यसैगरी नयाँ सिर्जना भएका र परिवर्तन भएका रोजगारीका क्षेत्रमा उच्च दक्षतायुक्त जनशक्ति चाहिने छ । भएकामा पनि निरन्तर परिवर्तन हुने हुँदा निरन्तर सिप विकास आवश्यक पर्ने छ । यसो हुँदा धेरैजसो जनशक्तिले रोजगारी नपाउने र रोजगारदाताले दक्ष र सिपयुक्त जनशक्ति नपाउने अवस्था हुन्छ । विश्व बैङ्कको २०२२ को रिपोर्टअनुसार हाल रोजगारीको दुनियाँमा माग र आपूर्तिका बिचमा ४० प्रतिशतको खाडल छ । यसबाट बजारले खोजेअनुसारको जनशक्ति शिक्षा प्रणालीले उत्पादन गर्न नसकेको स्पष्ट देखिन्छ । त्यस्तै कुनै सिप सिकेर रोजगारीमा लागेकाहरू त्यो कामका क्षेत्रमा आएको परिवर्तनका कारण अर्को काममा सङ्क्रमण गर्न नसक्ने दर पनि लगभग ५० प्रतिशतको आसपासमा भएको देखिन्छ । यसले पनि निरन्तर शिक्षाको खाँचोलाई चित्रित गर्छ ।

सेक्टर एनालाइसिस् रिपोर्ट २०२० का अनुसार नेपाल जस्ता मुलुकका ६९ प्रतिशत विद्यार्थीले प्राथमिक तहको आधारभूत सिप सिकेका छैनन् । जम्मा ८ प्रतिशत विद्यार्थीले मात्रै माध्यमिक तहको आधारभूत सिप सिकेका छन् । यसको ठिक विपरीत विकसित देशका ८ प्रतिशत विद्यार्थीले मात्रै प्राथमिक तहको आधारभूत सिप सिकेका छन् भने ७० प्रतिशत विद्यार्थीले माध्यमिक तहको आधारभूत सिप सिकेका छन् (MoEST, 2021) । लनिङ जेनेरेसन रिपोर्ट २०१६ अनुसार प्राथमिक तह पूरा गर्ने कुरामा धनी र गरिबका बिचमा ३० प्रतिशतको खाडल छ । त्यसैगरी राज्यको लगानीमध्ये ४६ प्रतिशत लगानी १० प्रतिशत धनीका छोरा छोरीहरूमाथि भएको छ (ICFGEO, 2016) । यसरी सार्वजनिक शिक्षाको लगानीले धनीलाई नै पोस्ने गरेको तथ्यले देखाउँछ । प्रविधिको विकासले विकसित र अविकसित देशका र धनी र गरिब देशका बालबालिकाहरूको सिकाइमा ठुलो खाडल देखिने छ जुन अबको दुनियाँको शिक्षा प्रणालीमा ठुलो चुनौती हुने छ । यो विषय नेपालको शिक्षा प्रणालीले गम्भीरतापूर्वक मनन गर्न सकेको छैन ।

खाडी मुलुकमा काम गर्न जाने नेपाली कामदारहरूमा १२ कक्षा पूरा गरेकाहरूको सङ्ख्या अत्यधिक छ । दक्षिण कोरियामा श्रमिकका रूपमा काम गर्न जानेहरूमा स्नातक र स्नातकोत्तर पूरा गरेका धेरै छन् । यी सबै अर्ध दक्ष वा अदक्ष कामदारका रूपमा त्यहाँ जान्छन् । उनीहरूको शैक्षिक प्रमाणपत्रले त्यहाँ काम गरेन । खरिदार र नायव सुब्बामा नाम निकाल्नेहरू लगभग ९५ प्रतिशतको नजिक स्नातक वा सोभन्दा माथिको शैक्षिक योग्यता पूरा गरेका छन् । २०७६ सालमा प्राथमिक तहका शिक्षकका लागि लिइएको परीक्षामा ८० प्रतिशतभन्दा बढी स्नातक वा सोभन्दा माथि योग्यता भएकाहरूले नाम निकाले । स्नातकोत्तर पूरा गरेकाहरू ठुलो सङ्ख्यामा पूर्व बालविकास सिकाइ केन्द्रमा न्यूनतम पारिश्रमिक पनि नलिई काम गरेका छन् । विद्यावारिधि गरेका तमाम व्यक्तित्वहरू जागिरको खोजिमा दौडिरहेको देखिन्छ । तैपनि काम नपाएर फ्रसटेसनमा परेका उदाहरण प्रशस्त

छन् । यहाँ कामका क्षेत्रमा चाहिनेभन्दा बढी योग्यता लिनुपर्ने भयो । अनावश्यक लगानी हुने भयो । योग्यताअनुसारको काम नपाउँदा उदाशिनता बढ्ने भयो । यो सबै प्रमाणपत्रको स्फीतिको कारण हो । प्रविधिको विकासले शैक्षिक योग्यताको मूल्यलाई अझै घटाउने छ । यसलाई नेपालको शिक्षा प्रणालीले कसरी सम्बोधन गर्छ, यो यक्ष प्रश्न हो ।

औद्योगिक युगमा मानिसलाई मेसिन जस्तो बनाउन खोजिन्थ्यो तर अहिले मेसिनलाई मानिस जस्तो बनाइँदै छ । पहिले मेसिनले मानिसको शारीरिक बललाई प्रतिस्थापित गरेकामा अहिले शारीरिक र बौद्धिक दुवै रूपमा मानिसभन्दा मेसिन अब्बल हुने भयो । अझ मानिस व्यक्तिगत हुन्छ । सबैको ब्रेनलाई एक अर्कामा कनेक्ट गर्न सकिँदैन । त्यसैले सञ्चार ढिला हुन्छ । अपडेट गर्न पनि एक एक गरी पढाउनु पर्छ । तर डिजिटल बौद्धिकता एकअर्कामा कनेक्ट गर्न सकिन्छ र एकै क्लिकका आधारमा सबैलाई अपडेट गर्न पनि सकिन्छ । अर्कातिर बायोनिक प्रविधि (जैविक पक्ष र अजैविक प्रविधिको मिश्रण) का कारण मानिस क्रमशः कृत्रिम बन्दै जाने छ । बायो इन्जिनियरिङ र ब्रेन इन्जिनियरिङका कारण मानिसको स्वभाविक क्षमतालाई बढाउने काम हुँदै छ । जिनमा इन्टरभेन्सन गरेर आयु लम्ब्याउने, दिमागमा चिप्स राखेर दिमाग बढाउने प्रविधि आइरहेका छन् । युवल हरारेको भाषामा कसैलाई सुपर ह्युमन बनाइँदै छ भने कोही अवसर नपाएको एक पीडित मानिस हुने छ (Harari, 2018) । यस्तो अवस्थामा मानिसको ब्रेनलाई ट्रेन गर्ने शिक्षाले मात्रै कसरी अबको दुनियाँको चुनौतीलाई सामना गर्न सक्छ ?

कम्प्युटर, स्मार्ट फोनको प्रयोग र गुगल, एप्पल जस्ता ठुला डाटा सेन्टरमा व्यापक भर पर्न थालेसँगै आम मानिसले मस्तिष्कको कम प्रयोग गर्न थालेका छन् । संज्ञानवादी मनोवैज्ञानिकहरूले भने जस्तो सूचना ग्रहण, कोडिङ, डिकोडिङ हुँदै रचनात्मकता उत्पादन गर्ने मानसिक प्रक्रिया अवरुद्ध हुने सम्भावना छ । सबै जिज्ञासा र प्रश्नको उत्तर गुगलले दिने भयो । शिक्षकले भनेको कुरा सत्य हो कि होइन भनेर विद्यार्थीले गुगललाई सोध्ने भए । सबै सूचना र ज्ञान स्टोर भएर रहने भएपछि ज्ञान निर्माणको प्रक्रियामा मानिसले टाउको दुखाउने भएन । यसो हुँदा जीववैज्ञानिक लेमार्कले भने जस्तै जुन चिज वा अङ्ग प्रयोग हुँदैन, त्यो कालान्तरमा विलोप भएर जान्छ । यदि मानिसको मस्तिष्कको काम एआई र डेटा सेन्टरले गर्ने हो भने कालान्तरमा मानिसको दिमाग पनि कमजोर हुँदै जाने र लोप हुने खतरा नआउला भन्न सकिँदैन । शिक्षामा ग्राम्सीले भने जस्तो सामजिक सांस्कृतिक आदिपत्य नभएर प्रविधिको आदिपत्य हुने खतरा छ । यसो हुँदा हिजो जसरी ब्रेन ड्रेनको डर थियो भोलि ब्रेन लस्टको खतरा आउँदैछ ।

अब समग्र विश्व एउटा पिण्ड जस्तै भएको छ । यसले राजनीतिक आर्थिक शैक्षिक क्षेत्रमा समेत प्रत्यक्ष प्रभाव पारेको छ । आर्थिक हिसाबले कुनै देश एक्लो भएर रहन सक्दैन ।विश्वको राजनीतिले कुनै विशिष्ट देशको राजनीतिलाई प्रभाव पार्दछ । यी सबै आयामलाई सम्बोधन हुने खालको विश्वस्तरीय शिक्षा नभएमा त्यो पछाडि पर्छ । सूचना तथा सञ्चार प्रविधिले विश्वलाई अझै साँगुरो बनाएको छ । अब मानवस्रोतको उपयोग विश्वको जुनसुकै बजारमा हुने भयो । ज्ञानको क्षेत्रमा त कुनै प्रकारको सीमा हुने कुरै भएन । कतिपय विषय त्यस्ता छन् जुन विश्वस्तरको प्रयत्नबिना समाधान गर्न सकिँदैन । त्यसैले अबको उच्च शिक्षा विश्वव्यापीकरणको मुद्दाबाट अलग हुनै सक्दैन ।

भौतिक पुँजीभन्दा ज्ञानपुँजीको प्रभाव बढ्न थालेसँगै विकसित मानिने देशहरूले अध्ययन अनुसन्धानमा व्यापक विस्तार गरे । अन्य देशका राम्रा मस्तिष्कहरूलाई छात्रवृत्ति दिएर त्यहाँ

आकर्षण गरे । उनीहरूको मस्तिष्कलाई उपयोग गरेर नयाँ ज्ञान र प्रविधि विकास गरे । त्यसलाई बेचेर अचुक पुँजी आर्जन गरे । अझै राम्रा मस्तिष्कलाई त्यही राखेर लामो समय पुँजी निर्माण गर्न स्थायी आवासीय अनुमतिसमेत दिए । जसरी भौतिक पुँजी युद्धबाट हडप्न सकिन्छ त्यसरी ज्ञानपुँजी हडप्न सकिँदैन (Adams, 2014) । त्यसैले विकसित देशहरूले लोभ देखाएर ज्ञान पुँजी हडप्ने काम गरेका छन् । नेपालमा बौद्धिक पलायनको डरलाग्दो अवस्था देखिनु घुमाएर ज्ञानपुँजीलाई लुट्नुको परिणाम हो ।

## ३. प्रविधिको लत, मानवीय क्षमताको ह्रास

प्रविधिको प्रयोगबाट निम्तिने मानसिक तथा सामाजिक समस्या तीव्र रूपमा बढेको छ । हाल नेपालका ९६ प्रतिशत घरमा मोबाइल फोन छ । ८७ प्रतिशत जनतामा फोनको डाटा वा ब्रोडब्यान्डमार्फत इन्टरनेटको सुविधा पुगेको छ (Nepal Telecom, 2021) । निकट भविष्यमा शतप्रतिशत नेपालीहरूसँग फोन र इन्टरनेटको सुविधा हुने छ । मनमोहन मेमोरियल इन्स्टिच्युटको (2017) एक सर्वेक्षणका अनुसार काठमाडौँका ४६ प्रतिशत किशोरकिशोरी इन्टरनेटको अम्मली भएको देखिएको छ । यो ट्रेन्ड अझ बढेर जाने देखिन्छ । प्रविधिको सुविधा बढ्ने र मानिसको फुर्सद पनि बढ्ने भएपछि प्रविधिको लत पनि बढ्ने छ । जति बेरोजगारी बढ्छ त्यति यसको लत बढ्छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को नेपाल बर्डेन अफ डिजिज २०१७ रिपोर्टअनुसार अहिले नेपालीको औसत आयु उल्लेख्य रूपमा बढेको छ । सन् १९९० मा पुरुष र महिलाको औसत आयु क्रमशः ५८ र ५९ वर्ष रहेकामा सन् २०१७ मा क्रमशः ६९ र ७३ वर्ष पुगेको छ । औसतमा दुवैको ७०.९ वर्ष पुगेको देखिन्छ । तर स्वस्थ जीवनको उमेर भने जम्मा औसतमा ६१ वर्ष रहेको छ । यसले बुढेसकालको जनसङ्ख्या बढ्ने, रोगीहरूको सङ्ख्या बढ्ने देखिन्छ । प्रविधिको लतसमेत थपिएपछि मानिस अझै अस्वस्थ हुने देखिन्छ ।

यसैगरी किशोर किशोरीहरूमा गरिएको राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण २०२० का अनुसार ५.२ प्रतिशत किशोर किशोरीहरूमा मानसिक असन्तुलनको अवस्था देखिएको छ । यसमध्ये २.८ प्रतिशत स्ट्रेसको कारण रहेको छ । ३.९ प्रतिशतमा आत्महत्याको भावना आउने गरेको देखिएको छ । त्यस्तै वयस्कहरूमा गरिएको सर्वेक्षणअनुसार १० प्रतिशत वयस्कमा मानसिक असन्तुलन देखिएको छ । ७.२ प्रतिशतमा आत्महत्याको विचार आउने गरेको देखिएको छ । यसरी प्रविधिको लतले मानसिक स्वास्थ्यको अवस्थालाई समेत बढावा दिने छ । सामान्य रूपमा हेर्दा पनि मानिस जति वेला पनि मोबाइल र कम्प्युटरमा झुन्डिएको देखिन्छ । सामाजिक सञ्जालमा टाँसिएको देखिन्छ । एकैछिन इन्टरनेट कनेक्सन नभएमा छटपटी भएको देखिन्छ । राति निद्राबाट बिउँझिए पछि पनि एक पटक मोबाइल हेर्नैपर्ने, बिहान उठ्नासाथ सबैभन्दा पहिले मोबाइल हेर्नैपर्ने, नेटवर्क नहुँदा बेचैन हुने यी सबै प्रविधिको तलका लक्षण हुन् । जब यसरी तलमा फस्छ तब मानिसको चेतनाको क्षमतामा पनि क्रमशः ह्रास आउँदै जाने छ । जसरी गाँजा, चरेस, रक्सीको लतमा परेकाहरूले चेतनाको तहलाई कमजोर बनाएका हुन्छन्, त्यसैगरी प्रविधिको लतले पनि मानिसको मुल क्षमतालाई कुण्ठित गर्ने छ । यस्तो अवस्थामा प्रविधि चलाउने शिक्षाले मात्रै काम गर्ने छैनल। प्रविधिले मानिसलाई चलाउने अवस्था आएकाले त्यस्तो शिक्षाको आवश्यकता छ जहाँ मानिसले प्रविधिलाई आफ्नो हितमा सदुपयोग गर्न सकोस् र मानिस प्रविधिको दास नहोस् । यो क्षेत्रमा शैक्षिक क्रान्ति आवश्यक छ ।

मानिसले विकास गरेका प्रविधिले मानिसमाथि नै वियजी हासिल गर्दै छ । अहिलेसम्म आइपुग्दा मानिसका कमजोरीमा त बज्र नै प्रहार भइसकेको छ । ह्युमने टेक्नोलोजिका कोफाउन्डर ट्रिस्टन हारिसले प्रविधिले मानिसका दुर्बल पक्षमाथि विजयी हासिल गरिसकेको छ र अब सबल पक्षमाथि हमला गरिरहेको छ भन्छन् (Haris, 2019)। दुर्बल पक्षमाथि विजयी हुनु भनेको दुर्बल पक्षलाई थप बढाउनु भनेको हो । दार्शनिक रुसो भन्छन् "मानिसलाई कमजोर बनाउनु छ भने उसका दुर्बल पक्ष बढाइदिनु पर्छ र सबल पक्ष घटाइदिनु पर्छ" । रिस, आवेग, घमण्ड, अभिमान, लघुताभास, द्वन्द्व, आशक्ति, कुलत आदि मानिसका नकारात्मक पक्ष हुन् । यिनीहरूलाई प्रविधिको प्रयोगले क्रमशः बढाउँदै लगेको छ । जति प्रविधिको प्रयोग बढेको छ मानिस त्यत्ती आक्रामक हुँदै गएको छ । सामाजिक द्वन्द्व भड्किँदै गएको छ । मानिसको घमण्ड चर्किँदै गएको छ । प्रविधिप्रतिको लत बढेको छ । मै महान भन्ने भावना बढ्दो छ । म निकै कमजोर पो छु कि भन्ने लघुताभास पनि फैलिँदै छ । एकलकाँटे प्रवृत्ति उम्लँदै गएको छ । यसरी मानिसका कमजोरीलाई उकासेर मानिसलाई नै थेचार्ने गरी प्रविधिको विकास भएको छ ।

शारीरिक शक्ति, बौद्धिकता र चेतना  मानिसका विशिष्ट क्षमता हुन् । अब यी क्षमताहरूमा ह्रास ल्याएर मानिसमाथि विजयी हासिल गर्दै छ प्रविधिले । मेसिनले मानिसको शारीरिक शक्तिलाई त जितिसकेको छ । अब बलको प्रयोग गर्न मानिस चाहिँदैन । जब मानिस शारीरिक बलयुक्त कामबाट बिमुख हुन्छ ऊ शारीरिक रूपमा दुर्बल बन्दै जान्छ । प्लेटोले भने जस्तो स्वस्थ शरीरमा मात्रै स्वस्थ मस्तिष्क हुन्छ जुन अब सङ्कटमा छ । अर्कातिर मानिसको बौद्धिक क्षमतामाथि पनि एआई, र डाटा अल्गोरिदमले लगभग विजयी हासिल गरिसकेको छ ।

स्मरण शक्ति मानिसको भन्दा कम्प्युटरको बढी भयो । समस्याको समाधान मानिसले भन्दा छिटो र यथार्थ रूपमा डाटा अल्गोरिदमले गर्ने भए । कुनै घटना वा डाटाको विश्लेषण गर्न मानिसको दिमाग चाहिँदैन । विगतका सूचना, वर्तमानको ट्रेन्डका आधारमा तथ्यगत विश्लेषण गरिदिने छ । अब मानिसले बौद्धिक विकासका लागि टाउको दुखाइरहनु परेन । यसो हुँदा मानिसको बौद्धिक क्षमतामा क्रमशः ह्रास आउने छ । अहिलेसम्म मानिसलाई जित्न नसकेको र जित्ने सम्भावना कम भएको क्षेत्र भनेको चेतना मात्रै हो । यही चेतनालाई थप विकास गरिएन भने र यससँग जोडिएका सहायक पक्षहरू कमजोर हुँदै गए भने चेतनाको तहमा पनि गिरावट आउने छ ।

ज्ञान र आविष्कारको विस्फोटसँगै जटिलता र मानवीय मूर्खता पनि झन थपिँदै जाने छन् । मानिस जति अन्वेषणमा सफल भयो त्यति अन्वेषणको सदुपयोगमा हुन सकेको छैन । अन्वेषण रोक्नु भनेको समग्र विकासको गतिलाई रोक्नु हो । त्यसैले हामीसँग एउटै विकल्प अन्वेषणको सदुपयोग अथवा दुरुपयोगबाट बच्नु हो । विश्वका शिक्षाले अन्वेषणमा बढी जोड दिए तर त्यसको उपयोगमा नजरअन्दाज गरे । त्यसैले अब प्रविधिलाई मानवहितमा उपयोग गर्ने र दुरुपयोग हुन नदिने गरी शिक्षा प्रणालीमा सुधार गर्नुपर्छ । शिक्षकले अब सूचना दिन जरुरी छैन किन कि सूचनाका स्रोत अथाह भइसके । त्यसैले सही सूचना छनोटमा सघाउनु पर्छ । आतङ्क मच्चाउने सूचना, फेक समाचार,  बौद्धिक आतङ्कवाद र यसबाट बच्ने उपायहरू प्रारम्भिक कक्षा देखिनै सिकाउन जरुरी छ । यी नैतिकताँग जोडिएका विषय पनि भएकाले मानवीय मूल्य सिकाउन जरुरी छ । भारतले २०२० को नयाँ शिक्षा नीति र चिनले सि जिङपिङ आएपछि परम्परागत नैतिक मूल्यमा आधारित शिक्षामा जोड दिएका छन् । यसको अर्थ मानवीय मूल्यलाई जोडेर प्रविधि निर्मित चुनौतीसँग जुध्न समर्थ बनाउने प्रयत्न हो । हामी पनि यसो गर्न सक्छौँ ।

## ४. निष्कर्ष

जब गरिबी, प्राविधिक उथलपुथल, युवा पलायन र भूराजनीतिक दुरावस्था कमजोर शिक्षा प्रणालीसँग मिल्छन् त्यहाँ अस्थिरता, असमानता, द्वन्द्व र आर्थिक सङ्कट अवश्य देखिन्छन् । शिक्षामा लगानी गर्दैमा मात्रै पनि परिवर्तन नहुने रहेछ भन्ने कुरा ट्युनिसियाको उदाहरणले प्रस्ट पार्छ । भियतनाम र ट्युनिसियामा शैक्षिक लगानी बराबर छ तर नतिजा भने भियतनामको ९४ प्रतिशत हुँदा ट्युनिसियाको जम्मा ६४ प्रतिशत छ । त्यसैले नतिजामुखी बलियो शिक्षा प्रणाली आवश्यक छ । अब नेपालमा विकासका मोडेलहरू फेर्नु पर्छ । भौतिक विकासमात्रै विकास होइन । ज्ञानपुंजीको युगमा ज्ञानमै लागानी, ज्ञानकै विकास, ज्ञानकै प्रसार र ज्ञानकै विक्री गर्ने हो । यो सबै बलियो शिक्षा प्रणालीबाट मात्रै सम्भव हुन्छ । वैज्ञानिक, अनुसन्धानधाता, टेक्नोक्रेट, इन्जिनियर आदिले डिजिटल क्रान्ति गरे । त्यसको उपयोग राजनीतिले शिक्षामार्फत गर्ने हो । जहाँ राजनीति, शिक्षा र अन्वेषणका बिचमा तालमेल हुँदैन त्यहाँ दुर्घटना अनिवार्य हुन्छ । त्यसैले डिजिटल क्रान्ति जस्तै शिक्षामा पनि नीतिगत क्रान्ति गरेर अन्वेषण र उपयोगका बिचमा तालमेल मिलाउन जरुरी छ ।

## References


Adams, T. (2014). *Job Hunting Is a Matter of Big Data. Not How You Perform at an Interview',* Guardian, 10 May.

Harari, Y.N. (2018). *21 lessons for 21st century*. London: Jonathan Cape Publication.

International Commission on Financing Global Education Opportunity. (2016). The learning generation: Investing in education for a changing world. *New York: International Commission on Financing Global Education Opportunity*.

Ministry of Finance (2022). *The economic survey*. Kathmandu: MoF

MoEST (2021). The education sector analysis. Kathmandu: MoEST

Nepal Health Research Council (2017). *Nepal Burden of diseases 2017*. Kathmandu: Retrieved from http://nhrc.gov.np/publication-category/reports/.

Nepal Health Research Council (2020*). National mental health survey 2020 (Adolescence). Kathmandu:* Retrieved from http://nhrc.gov.np/publication-category/reports/.

Nepal Health Research Council (2020*). National mental health survey 2020 (Adolescence). Kathmandu:* Retrieved from http://nhrc.gov.np/publication-category/reports/.

UN (2022). *Digital economy reports 2022*. Geneva. UN

World Bank. (2022). *The World Bank Annual Report 2022*. World Bank.

# एक्काइसौं शताब्दीको शैक्षिक तयारी

✍ प्रा. विद्यानाथ कोइराला, पिएचडी*

**लेखसार**

*चीनले एक्काइसौं शताब्दीको शिक्षाको खाका बनायो । यस क्रममा उसले केन्द्र, प्रिफेक्चर, कम्युन तथा काउन्टीका प्राज्ञहरूको लिखित विचार सङ्कलन गऱ्यो । पाठ्यक्रमको राष्ट्रिय प्रारूप बनाउँदा भारतले देशभरिका विज्ञबाट प्राप्त लेखहरूको आधार लियो । अमेरिकाले आवश्यकताअनुसार शिक्षकले नैं पाठ्यक्रममा थपघट गर्ने नीति लियो । अस्ट्रेलियाले डिजिटल अर्थतन्त्रका लागि शिक्षक एवम् विद्यार्थीलाई तयार पाऱ्यो । उनीहरूलाई विकास कार्यमा लगायो । यसैमार्फत नैतिक शिक्षा पनि दियो । फिनल्यान्डले सत्य घटनामा आधारित पठनपाठन गर्ने गराउने अभ्यास गऱ्यो । त्यसकै आधारमा शिक्षक तथा विद्यार्थीलाई घटनाहरूको विश्लेषण गर्न सिकायो । विश्लेषणका आधारमा के गर्ने भन्ने कुराको उत्तर खोज्न सिकायो । शिक्षकलाई अद्यावधिक गर्न विद्यालयलाई जिम्मेवार बनायो । विद्यार्थीको सहकार्यमा पाठ्यक्रम बनाउने अभ्यास गऱ्यो । अभिभावकलाई प्रविधिमार्फत स्कुलका गतिविधिमा जोड्यो । पाठ्यपुस्तक तथा पाठ्यसामग्री नेटमा उपलब्ध गरायो । विद्यालयमा मात्र पढिन्छ वा पढाउनु पर्छ भन्ने मान्यतालाई बदल्यो । तर हामीले शैक्षिक नीति, विधि र अभ्यासमा अनेकन विरोधाभाषहरू जन्मायौं । रूपान्तरणवादीले शिक्षक रूपान्तरित हुनुपर्ने कुरा उठायौं । सुधारवादीले समायोजित हुने कुरा सिकायौं । वयवादीले तिनलाई बदल्ने कुरा वकालत गऱ्यौं तर पनि हामी शिक्षकले विषय पढाउन छोडेनौं । न शिक्षकलाई विद्यार्थीको अनुसन्धान गर्ने बनायौं न तिनलाई अनुसन्धानदाता बनायौं । हामी वेब दुईको पुस्ताका कुरा पनि गर्छौं अनि शिक्षकको सङ्ख्या पुगेन पनि भन्छौं । यस्ता विरोधाभाषी हाम्रा अभ्यासबाट सबै तहका राज्य सञ्चालकहरू ब्युँझिनु जरुरी छ । स्वदेशी तथा विदेशी सल्लाहकार ब्युँझिन बाँकी नै छ ।*

## १. चीनले के गऱ्यो ?

स्कुली शिक्षा एक्काइसौं शताब्दीको बनाउन चीनले अनेकन तयारी गऱ्यो । पहिलो, अन्तर्राष्ट्रिय मानक पछ्यायो (catch up mentality) । यसका लागि उसले परीक्षामा स्तरीयकरण (standardized test) लागु गऱ्यो । यसो गर्दा ऊ पश्चिमी दुनियाँको दौडमा जोडियो । दोस्रो, बहुलतालाई ध्यान दियो । यसो गर्दा उसले देशको विविध शैक्षिक अवस्था सुधार्नमा ध्यान दियो । तेस्रो, विकेन्द्रीकरण अपनायो । यसो गर्दा एकता भाँडिएला भनेर जनवादी केन्द्रीयता लागु गऱ्यो । केन्द्रको मानक । प्रिफेक्चर, कम्युन तथा काउन्टीको समायोजन । चौथो, बजारलाई शिक्षासँग जोड्यो । पाँचौं, शिक्षामा आधुनिकता जोड्यो । यसरी चिनियाँ जनताको अभ्यासमा क्रमिक विकास (blend of functionalism and evolutionism) को अभ्यास गऱ्यो । अर्थात् आफनो सभ्यता एवम् संस्कृतिमा गर्व गर्ने प्रबन्ध मिलायो । छैटौं, सिर्जना तथा प्रवर्तनात्मक कार्यलाई जोड दियो । सातौं, स्थानीयता तथा भूमण्डलीकरणलाई जोड्ने शिक्षणकला अपनायो । आठौं शिक्षित

---

* शिक्षा विद्

जनशक्तिलाई एक्काइसौं शताब्दीको बनाउने कुरामा सदैव ध्यान दियो । यी सबै कार्य गर्नका लागि शिक्षकलाई तयारी गर्‍यो । तिनैलाई जिम्मेवार बनायो ।

चीनले उच्च शिक्षामा पनि विविधिकरण गर्‍यो । यसो गर्दा शिक्षामा अब्बलीकरण (excellence) लाई ध्यान दियो । कन्फुसियसको मूल्य मान्यतालाई निरन्तरता दियो । उनको विश्व मानवतालाई मानक बनायो । तहगत मान्यता (hierarchical values) लाई आत्मसात् गर्‍यो । धीरोदात्त नेतृत्व (heroic leadership) लाई कायमै राख्यो । सैद्धान्तिक शिक्षालाई निरन्तरता दियो । समाज, राजनीतिक व्यवस्था तथा अध्यात्मबाट ज्ञान लिने संस्कारलाई शिक्षाको अङ्ग बनायो । यसको अलावा पश्चिमी संस्कृतिको प्रतियोगी संस्कार, बजारीकरण, एवम् विशेषज्ञतालाई पनि उच्च शिक्षामा आत्मसात् गर्‍यो । तर शिक्षाको व्यक्तिकरण (personification) लाई चाहिँ अस्वीकार गर्‍यो ।

एक्काइसौं शताब्दीको शिक्षाको खाका बनाउन चीनले उद्योग, व्यापार तथा अनुसन्धान केन्द्रसँग सहकार्य गर्‍यो । केन्द्र, प्रिफेक्चर, कम्युन तथा काउन्टीका प्राज्ञहरूको विचार लिन लेखहरू सङ्कलन गर्‍यो । त्यसकै आधारमा केन्द्रीय नीति नियम तय गर्‍यो । सोही नीतिलाई जनवादी केन्द्रीकरणको ढाँचामा लागु गर्‍यो ।

## २. भारतले के गर्‍यो ?

देशको शिक्षा कस्तो बनाउने ? भारतले यो प्रश्नको उत्तर खोज्यो । यसका लागि देशभरिका विज्ञबाट लेखहरू सङ्कलन गर्‍यो । सोहीअनुसार पाठ्यक्रमको राष्ट्रिय प्रारूप बनायो । प्रदेशले पछ्याउनु पर्ने, ग्राम पञ्चायतले पछ्याउनु पर्ने । प्रारूपकै आधारमा प्रविधिमा आधरित शिक्षा विस्तार गर्‍यो । अनलाइन शैक्षिक सामग्री बनायो । विशेष आवश्यकता भएका विद्यार्थीलाई सघाउन रोबोटिक्सको व्यापक प्रयोग गर्‍यो । यसले स्कुल आउँन नसक्ने बालबालिकालाई सघायो । सिमुलेसनका काम पनि गर्‍यो । पेसाकर्मीको झन्झटिला कामलाई सहज बनायो । 3D प्रोजेक्सनको सहायताले जीवनको भोगाइ लिन पाउने परिवेश सिर्जना गर्‍यो ।

शिक्षालाई एक्काइसौँ शताब्दीको आवश्यकतासँग जोडन भारतले शिक्षण कलामा सुधार गर्‍यो । पाठ्यक्रममा फेरबदल गर्‍यो । क्रियाकलापमा आधारित सिकाइमा जोड दियो । विद्यार्थी केन्द्रित पठनपाठन लागु गर्‍यो । अन्तर्राष्ट्रिय मुद्दा तथा समस्याको पठनपाठन गर्‍यो । सिर्जनात्मक तथा नवप्रवर्तनात्मक क्षमतालाई उजागर गर्ने नीति लियो ।

भारतले विद्यालयका सबै शिक्षकलाई तालिम दिने व्यवस्था मिलायो । शिक्षकमध्येबाटै तालिम विज्ञहरू तयार पार्‍यो । तालिमलाई डिजिटाइज्ड गर्‍यो । सिकाइ उपलब्धि जाँच्ने प्रबन्ध मिलायो । सिप शिक्षालाई बिस्तार गर्‍यो । पढेका कुरा लागु गर्ने नीति लियो ।

विद्यार्थीको रुचि जान्न अभिवृत्ति परीक्षा (aptitude test) लियो । इलर्निङको व्यवस्था गर्‍यो । विश्वविद्यालयहरूलाई अब्बल केन्द्र (Center of excellence) बनाउने नीति लियो । उद्यमी तथा व्यापारीसँग सहकार्य गर्ने व्यवस्था मिलायो । निजी तथा सरकारी विश्वविद्यालय एवम् क्याम्पससँग सहकार्य गर्ने नीति अख्तियार गर्‍यो । विश्वविद्यालय अनुदान आयोगमार्फत विश्वविद्यालय रेटिङ गर्ने प्रबन्ध गर्‍यो । विदेशी विश्वविद्यालयसँग सहकार्य गर्ने व्यवस्था मिलायो । निजी विश्वविद्यालय तथा

क्याम्पस बिस्तारलाई संस्थागत गऱ्यो । ज्ञानमा आधारित सूचना प्रणालीको प्रबन्ध मिलायो । हिन्दी भाषालाई बिस्तार गऱ्यो । उच्च शिक्षामा पहुँच बढायो । शिक्षक, विद्यार्थी तथा कर्मचारी मूल्याङ्कनलाई संस्थागत गऱ्यो ।

## ३. अमेरिकाले के गऱ्यो ?

फेल हुनु विकल्पको खोजी हो । यसको अर्थ हो, अमेरिकी बुझाइले अब्बल विद्यार्थी मात्र खोजेन । फेल हुनेलाई विकल्प दिने सोच ल्यायो । गरिखाने विकल्प । पढिखाने विकल्प । त्यसैलाई उसले क्यारियर एजुकेसन भन्यो । यसका लागि निजी तथा सरकारी विद्यालयले साझेदारी गरे । शिक्षक सञ्जाल बनाए । सो सञ्जालमा एक्काइसौं शताब्दीको शिक्षामा के गर्ने, कसरी गर्ने, कसले गर्ने भन्ने प्रश्नको उत्तर खाजिरहने प्रबन्ध मिलायो । यस क्रममा निम्नलिखित कुरालाई मूल मन्त्र बनायो । पहिलो, प्रणालीगत लचिलोपना (flexibility in the structure and the program) । दोस्रो, व्यक्ति तथा कार्यक्रमको समायोजन (adaptability of the person and the program) । तेस्रो, स्वनिर्देशित प्रयास (self directed effort) । चौथो, अन्तर सामाजिक तथा सांस्कृतिक सिप (social and cross-cultural skills) । पाँचौं, नतिजा तथा जिम्मेवारी निर्धारण (productivity and accountability) । छैटौं, नेतृत्व तथा जवाफदेही (leadership and responsibility) ।

अमेरिकाले शिक्षण कलामा समालोचनात्मक चिन्तनको अभ्यास गऱ्यो । पढाइलाई कामको बजारमा जोड्ने प्रबन्ध मिलायो । इन्टर्नन्सका रूपमा । भावी कामका क्षेत्रका रूपमा । अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक विषयलाई विद्यालय शिक्षाको मूल विषय बनायो । एक्काइसौँ शताब्दीका अपेक्षित सिपहरू (समालोचनात्मक चिन्तन, जटिल समस्याको समाधान गर्ने क्षमता, सहकार्य । संवादका लागि सञ्चारका अत्याधुनिक साधनहरूको प्रयोग गर्ने क्षमता) विद्यार्थीमा सुनिश्चित गर्ने काम शिक्षकको हो भन्ने कुरा स्थापित गऱ्यो ।

शिक्षक बन्न चाहिने मानक तयार गऱ्यो । मानकअनुसारका शिक्षकलाई पाठ्यक्रम प्रयोग गर्ने कला सिकायो । विद्यार्थी मूल्याङ्कन कला । शैक्षिक वातावरण तयार गर्ने कला । पेसागत उन्नति गर्ने कला । यसरी हेर्दा अमेरिकाले विषय शिक्षण गरेन । विषय जान्ने कला सिकायो । त्यसलाई प्रस्तुत गर्ने कला सिकायो । पढाएको वा पढन सघाएको विषयमा विद्यार्थी प्रतिभा जाँच्ने कला सिकायो । अन्तरपुस्ता संवाद गर्ने सिप सिकायो । अन्तरविषयक सिकाइ (interdisciplinary themes) लाई शिक्षणको अङ्ग बनायो । भूमण्डलीय समस्यालाई स्थानीय समस्यासँग जोड्न सिकायो । स्थानीय समस्यालाई भूमण्डलीय समस्यासँग जोड्न सिकायो । अर्थतन्त्रमा, व्यापारमा, नागरिक चेतनामा, स्वास्थ्यमा, वातावरणमा, सिप सिकाइमा । समस्या समाधान गर्दा चाहिने सर्जक चिन्तनमा । प्रविधि प्रयोगमा । यसरी शिक्षकलाई आफू भुत्तिनेबाट बच्न पेसागत विकासमा क्रियाशील बनायो ।

अमेरिकाले पाठ्यक्रममा स्तरीयकरण गऱ्यो । आवश्यकताअनुसार शिक्षकले पाठ्यक्रममा थप गर्न सक्ने (plug in) को तरिका अपनायो । शिक्षक आफैँले पनि पाठ्यक्रम बनाउन पाउने नीति लियो । सिक्ने कला (learning to learn) तथा गहिरिने कला (inquiry skill) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनायो । संवाद तथा सहकार्यलाई सिकाइको रणनीति बनायो । विषयगत सञ्जालमा शिक्षक तथा विद्यार्थीलाई आवद्ध गरायो ।

अमेरिकाले युवाहरूलाई सर्जक बन्ने चुनौती दियो । भावी कार्यक्रम के हुनसक्छ भनी संवाद गरायो । त्यो कार्यमा विद्यालयको जिम्मेवारी के हुन्छ भनी जानकारी लियो । युवाहरूलाई खुला दिमागका चिन्तक बन्न प्रोत्साहित गर्‍यो । विद्यालयपिच्छे अनुसन्धान कोष खडा गरिदियो । कक्षा ८ देखि माथिका विद्यार्थीलाई भोलिको संसार कस्तो होला ? कसरी जिउनुपर्ला ? त्यसका लागि तरिका के होला ? जस्ता कुराहरूबारे जानकार गरायो । संवादबाट, सम्भाषणबाट ।

## ४. अस्ट्रेलियाले के गर्‍यो ?

अस्ट्रेलियाले डिजिटल अर्थतन्त्रका लागि शिक्षक एवम् विद्यार्थीलाई तयार पार्‍यो । तिनलाई विकासात्मक अर्थतन्त्र (evolutionary economy) मा पनि काम गर्न लगायो । यस क्रममा उनीहरूलाई नैतिक शिक्षा दियो । डिजिटल अर्थतन्त्रको नैतिकतासम्बन्धी । विकासात्मक अर्थतन्त्रको नैतिकतासम्बन्धी । यसैगरी अन्तरसांस्कृतिक सहकार्यका कुराहरू सिकायो । नागरिक शिक्षा दियो । जीवन तथा शिक्षा जोडने कला सिकायो । सामान्य तथा जटिल समस्या दिएर समाधान खोज्न लगायो । यस कार्यमा शिक्षक पुगेनन् कि ? लगानी पुगेन कि ? भएको जनशक्ति सर्जक भएन कि ? कल्पनाशील बनेन कि ? संवेगी बौद्धिकता (emotional intelligence) को प्रयोग गरेन कि ? सामाजिक बौद्धिकता (social intelligence) बनेन कि ? उत्थानशीलता (resilience) भएन कि ? अल्पीकरण (mitigation) गर्न जानेन कि ? सबैतिर एउटै रणनीति अपनाइयो कि ? ओइसिडीको स्तरीयता (OECD standardization) मा पुग्न सकेन कि ? भन्ने प्रश्नमा शोध गरिरह्यो ।

माथिका प्रश्नका आधारमा अस्ट्रेलियाले आधुनिक प्रविधिको प्रयोगलाई व्यापक बनायो । समस्यामा आधारित शिक्षण सिकाइमा जोड दियो । विद्यार्थी, शिक्षक तथा अभिभावकलाई आत्मआलोचक तथा समालोचक बनायो । हो वा हैन भन्ने प्रश्नहरू हटायो । त्यसका बदलामा प्रशंसात्मक सिकाइ (appreciative learning) मा जोड दियो । विद्यार्थी स्वयम्ले आफूलाई चाहिने विषयवस्तु पढ्न पाउने प्रबन्ध गर्‍यो । अनुसन्धानलाई संस्थागत गर्‍यो ।

## ५. फिनल्यान्डले के गर्‍यो ?

एक्काइसौँ शताब्दीको तयारीका लागि फिनल्यान्डले सत्य घटनामा आधारित पठनपाठन (phenomenon based teaching) अपनायो । शिक्षक तथा विद्यार्थीलाई ती घटनाहरूको विश्लेषण गर्न सिकायो । त्यसैका आधारमा अब के गर्ने भन्ने कुराको उत्तर खोज्न लगायो । यस क्रममा विद्यालय आफैँले पाठ्यक्रम बनाउन पाउने अधिकार दियो । विद्यार्थी स्वयम्ले आफ्ना निम्ति के पढ्ने तथा कसरी पढ्ने (student designed learning) भन्ने कुराको अधिकार दियो । समुदाय तथा विद्यालयबिच सहकार्य गर्ने गराउने योजना बनायो । गणित, इतिहास, कला, सङ्गीत, तथा भूमण्डलीय मुद्दालाई मूल विषय बनायो । वातावरण परिवर्तन, पृथ्वीको आयु, विकल्पको खोज जस्ता कुरालाई अनिवार्य विषय बनायो ।

शिक्षकलाई अद्यावधिक गर्न फिनल्यान्डले विद्यालय स्वयम्लाई जिम्मेवार बनायो । विद्यार्थीको सहकार्यमा पाठ्यक्रम बनाउने कुरालाई अभ्यासमा ल्यायो । शिक्षणलाई व्यक्तिकरण (personalize) गर्‍यो । अभिभावकलाई प्रविधिमार्फत स्कुलका गतिविधिमा जोड्यो । पाठ्यपुस्तक दिन बन्द गर्‍यो । अर्थात् पाठ्यपुस्तक नेटमा उपलब्ध गरायो । विशेष कुरा पढ्न चाहने विद्यार्थीका लागि व्यक्तिगत

कार्यतालिका बनाइदियो । विद्यालयमा मात्र पढिन्छ वा पढाउनु पर्छ भन्ने मान्यतालाई बदल्यो (education beyond school walls) । समस्याको सर्जक समाधान (creative problem solving) खोज्ने व्यवस्था मिलायो । नेटमार्फत गर्ने गराइने अध्ययनलाई संवादी (interactive) बनायो ।

## ६. के फेरबदल भयो त ?

शिक्षक बदलिने (transform) कि समायोजित (adaptive) हुने ? कि तिनलाई बदल्ने (replacement) ? रूपान्तरणवादीले शिक्षक रूपान्तरित हुनुपर्ने कुरा उठाए । सुधारवादीले समायोजित हुने । व्यवहारवादीले तिनलाई बदल्ने । भर्ना तथा खारेज (hire and fire) प्रणालीमा अभ्यस्त भएका ठाउँका चिन्तनहरू हुन् यी । तर व्यवहारवादी आँखाले भन्छ, शिक्षक बदल्न सकिँदैन । विद्यार्थी बदल्न सकिँदैन । अभिभावक बदल्न सकिँदैन । आधुनिक प्रविधि प्रयोगलाई नकार्न सकिँदैन । यो स्थितिमा समायोजित फेरबदलको चिन्तन नै हावी भएको देखिन्छ ।

समायोजित हुनुपर्ने शिक्षकलाई चीनले विश्वसँग सिक भन्यो । सिकेका कुरा चिनियाँ भूमिमा ठिक छ कि छैन भनी परीक्षण गर भन्यो । त्यसका लागि पेसागत सहयोग (professional support) दिने कुरा गऱ्यो । आवश्यक परे प्रमाणका आधारमा सहभागितात्मक नीति निर्माण गर्ने व्यवस्था मिलायो । लोकतान्त्रिक देशहरूले चाहिँ व्यक्तिगत शिक्षणमा जोड दिए । व्यक्तिगत पाठ्यक्रम । व्यक्तिगत रणनीति । व्यक्तिगत शिक्षण कला । तर चीनले व्यक्तिकरण स्वीकारेन । साझा कुरा के हो भने सबै देशले स्तरीयकरणलाई भने पछ्याइरहे । सान्दर्भीकरण जोडिरहे । मानवीय पक्षलाई ध्यान दिइरहे । वेब २ पुस्ताको प्रविधिमा शिक्षक तथा विद्यार्थीलाई अभ्यस्त गराए । जानकारी दिने चिन्तन (access to information) लाई अन्तक्रियात्मक (interactive) बनाए । उपयोगितात्मक चिन्तनलाई व्यवसायमा बदल्ने प्रबन्ध गरे । शिक्षकलाई सहजकर्ताको भूमिकामा राखे । निर्देशकका रूपमा राखे । स्रोतव्यक्तिका रूपमा राखे । अनुभवी व्यक्तिका रूपमा राखे ।

विद्यार्थी निर्मित पाठ्यक्रम लागु गर्ने देशहरूले शिक्षकमार्फत तिनका विद्यार्थीलाई जीवनसँग जोडिरहे । अनुभवमा । विरोधाभाषमा । खुला उत्तरमा (open endedness) । अर्थात् विद्यार्थीले यो यो जान्नु पर्छ (things to know) भन्ने भनाइबाट झिकेर सिक्ने रणनीति (strategy for learning the things) मा जान प्रेरित गरे । सामाजिक सञ्जालबाट सिक्ने सिकाउने कुरामा जोड दिए । सिकेका कुराको आदान प्रदान गर्न सिकाइ समुदाय (learning community) सिर्जना गरे । विद्यार्थीको समुदाय । शिक्षकको समुदाय । शिक्षक, विद्यार्थी तथा समाजका इच्छुकको समुदाय । यस क्रममा विद्यार्थीलाई सम्झौता गर्न सिकाए । ज्ञानको सम्झौता । सिपको सम्झौता । प्रविधिको सम्झौता । सञ्जालको सम्झौता ।

समायोजनकै क्रममा शिक्षकले स्वमूल्याङ्कन गरे । विद्यार्थीलाई पनि स्वमूल्याङ्कनमै अभ्यस्त हुन सिकाए । परिणामतः शिक्षक स्वयम् शिक्षार्थी बन्न पुगे । विद्यार्थीले स्कुल कलेजमै आएर सिक्नुपर्छ भन्ने कुराको अन्त्य गरे । जोसुकैले जहाँबाट पनि जोडिन सक्ने वेब दुई प्रविधिलाई अभ्यासमा ल्याए । वेब १ भनेको साधन (device) वाला सञ्चार हो । वेब २ भनेको बिना डिभाइस सञ्चार हुने प्रविधि हो । यस क्रममा विद्यार्थीले विषयवस्तुमा आएको परिवर्तन जाने । शिक्षण कलामा आएको परिवर्तन चिने । शिक्षकले जाँच्ने प्रणालीको बदला आफैँले आफैँलाई जाच्ने प्रणाली अपनाए ।

स्तरीय मूल्याङ्कनलाई सम्झौताजन्य मूल्याङ्कन (negotiative evaluation) मा बदले । आफू कति तल छु आफैँले हेरे । आफू कति माथि छु । आफैँले पहिल्याए । यसका लागि आफूले के गर्ने भन्ने कुरा आफैं तय गरे । यही क्रममा शिक्षकले विद्यार्थीलाई कुनै पनि वस्तु बुझ्ने कला सिकाए । त्यसलाई संवेगबाट हेर्ने । विवेकबाट हेर्ने । सामुदायबाट हेर्ने । व्यक्तिगत ढङ्गबाट हेर्ने । यसरी विविध दृष्टिकोणले वस्तु हेर्नु तथा बुझ्नु पर्छ भन्ने मान्यता स्थापित गरे । सो विविधतालाई कसरी व्यवस्थापन गर्ने सकिएला भनी सोच्न बाध्य गरे । अर्थात भूमण्डलीय समस्यालाई स्थानीय तहमा संवाद गरे । स्थानीय समस्यालाई पठनपाठनको अङ्ग बनाए । भूमण्डलीय समस्याको स्थानीय दृष्टिकोण बनाए । बहुदृष्टिकोण स्वीकार्ने अभ्यास गराए । ती देशहरूले स्थानीय सरकारको तहमा पनि शिक्षाका मुद्दामा बहस गर्न थाले ।

माथिको अभ्यासले देखिन्छ कि शिक्षक तयारीका लागि स्थानीय सरकारलाई जिम्मेवार बनाउनु पर्छ । बन्द तथा खुला मोडलाई एकसाथ प्रयोग गर्नुपर्छ । मोड्युलर तालिम सञ्चालन गर्नुपर्छ । शिक्षकलाई विविध क्षेत्रका विज्ञमार्फत तालिम दिइनु पर्छ । उनीहरूका ज्ञान, सिप, तथा प्रविधिको आदान प्रदान गर्ने परिवेश बनाउनु पर्छ । तालिमलाई स्थानीय संस्कृतिसँग जोडनु पर्छ ।  गाउँलाई सहरको तथा सहरलाई गाउँको अभ्यास सिकाउनु पर्छ । समुदायमा भएका सबै पुस्ताको ज्ञान, विज्ञान तथा प्रविधिमा विद्यार्थीलाई जोडनु पर्छ । यो काम शिक्षकको हो भन्ने मान्यता स्थापित गर्नुपर्छ । शिक्षकका रूपमा शिक्षकको । प्रधानाध्यापकका रूपमा शिक्षकको । प्राध्यापकका रूपमा शिक्षकको ।

## ७. हामीले के सिक्ने ?

हामी हिजोमा अल्मलिएका छौँ । एम डी जी । एसइडिपी । साक्षरता अभियान । व्यावसायिक शिक्षा । प्राविधिक धार ।  शिक्षा ऐन । पाठ्यक्रम परिमार्जन । योभन्दा पर हाम्रो सोच गएको देखिँदैन । यस अर्थमा हामीले एक्काइसौँ शताब्दीबारे सोचेका छैनौँ कि ? पालिकाको अभ्यासले त्यही भन्छ । शिक्षक महासङ्घको अभ्यासले त्यही भन्छ । प्याब्सन एन प्याब्सनका अभ्यासले पनि सोही कुराको पुष्टि गर्छ । प्रदेश तथा सङ्घीय सरकारको मौनताले पनि यही कुरा भनेको छ । अर्थात् हामीले मूलभूत कुरामा ध्यानै दिएका छैनौँ कि त ? हामी रूपान्तरणको कुरा त गरिरहेका छौँ । शिक्षक पनि त्यही भनिरहेका छौँ । तर हाम्रो आँखा शिक्षक समायोजनको हो कि ?  रूपान्तरणको हो कि ? स्थानान्तरणको हो  कि ? तीनैओटा तरिका एकसाथ अपनाउने हो कि ? यसरी सोच्ने अभ्यास नै गरेनौँ कि त ? त्यसका लागि शिक्षक तयारीको उपाय के ? विद्यार्थी तयारीको उपाय के ? अभिभावक तयारीको उपाय के ? पाठयवस्तु तयारीको उपाय के ? मूल्याङ्कन अभ्यासको तयारी के ? सिकाइ सहजीकरण विधि के ? यसरी निख्रिएर सोच्ने कुरामा मौन भयौँ कि त ?

हामीमा अनेकन विरोधाभाषहरू छन्, जस्तै : स्मार्टबोर्ड दिएका छौँ । विषय पढाउन छोडेका छैनौँ । विद्यार्थीलाई अनुसन्धाता बनाएका छैनौँ  । नत शिक्षक अनुसन्धानलाई नै संस्थागत गरेका छौँ । हामी प्रतिभा प्रस्फुटनको कुरा गर्छौँ । तर साझा पाठ्यपुस्तक । साझा शिक्षण शैली । साझा परीक्षा आदिको अभ्यास गरिरहेका छौँ । स्तरीयताको कुरा गर्छौँ । निरन्तर मूल्याङ्कन तथा अक्षराङ्कन विधिले शैक्षिक गुणस्तर घट्यो भनिरहेछौँ । इआरओको प्रतिवेदन साक्षी बनेको छ । शिक्षा, सिप तथा श्रम जोडिएन भन्छौँ । संविधानको धारा ५१ को ज लागु नगर्ने विद्यालयलाई लगानी गरिरहेछौँ । निःशुल्क तथा अनिवार्य शिक्षा ऐन बनायौँ । कुनै पालिकाको पनि आधारभूत तहको शिक्षा निःशुल्क एवम् अनिवार्य भएको छ भन्ने हिम्मत गर्दैनौँ । त्यस्तै हामी समावेशीताको कुरा गर्छौँ । संविधानको

धारा २४, ४० तथा ३१ को ५ लाई अभ्यासमा ल्याइरहेका छैनौं । हामी वेब २ को पुस्ताका कुरा पनि गर्छौं । शिक्षकको सङ्ख्या पुगेन भनेर कोकोहोलो पनि गरिरहेका छौँ । हामी एक्काइसौँ शताब्दीको शिक्षाका बारेमा भाषण गर्छौं । पाठ्यपुस्तक पुगेन पनि भनिरहेछौँ । यी यस्ता विरोधाभाषी हाम्रा अभ्यासहरूबाट के सिक्ने ? के सिकाउने ? सायद सबै तहका राज्य सञ्चालकहरू ब्युँझिनैं बाँकी छ । स्वदेशी तथा विदेशी सल्लाहकारहरू ब्युतिनै बाँकी छ । कर्मचारीहरू विदेश जानै बाँकी छ । गैरसरकारी संस्थाहरूले सेमिनार गर्नैं बाँकी छ । सडक छापहरूले मात्रै पो चासो देखाइ रहेछौँ । अरू देशले त एक्काइसौँ शताब्दीको सोच कार्यान्वयनमा नै ल्याइसके । हामी के गर्दैछौँ ? के गरिरहेका छौँ ? के गर्नेवाला छौँ ?

## सन्दर्भ सामग्री


Country specific web surfing on the education of 21st century

Prensky, Mark (2012). From digital natives to digital wisdom.

# नेपालमा विद्यालय शिक्षाका पाठ्यपुस्तक विकास र सम्बन्धित मुद्दाहरू

वैकुण्ठप्रसाद अर्याल*


**लेखसार**

*पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल हुने सिकाइ अभ्याससहितका विषयवस्तु समावेश भएको आधिकारिक शैक्षिक सामग्री नै पाठ्यपुस्तक हो । विद्यार्थीका लागि स्वअध्ययन गर्न उपयोगी हुने, सान्दर्भिक सूचना सङ्ग्रहित हुने, विषयक्षेत्रका नवीन अवधारणा समावेश हुने तथा शिक्षकका लागि शिक्षण योजना निर्माण गर्न मदत गर्ने भएकाले प्रविधि विकासको यस अवस्थामा समेत पाठ्यपुस्तकको उत्तिकै महत्त्व रहेको छ । स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रका महत्त्वपूर्ण विषय समावेश गर्दै सबै भाषा, लिङ्ग, धर्म, सम्प्रदायले अपनत्व ग्रहण गर्न सक्ने गरी पाठ्यपुस्तक तयार पारिएको हुन्छ । असल पाठ्यपुस्तकले ज्ञान स्थानान्तरण मात्र नगरी नयाँ ज्ञान, सिप तथा प्रवृत्तिलाई आत्मसात् गरी दक्ष नागरिक उत्पादन गर्ने प्रक्रियालाई पृष्ठपोषण गर्ने भएकाले पाठ्यपुस्तक विकास गर्दा विभिन्न सैद्धान्तिक आधारहरू उपयोग गरिएको हुन्छ । नेपालका सम्बन्धमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार तयार भएका पाठ्यक्रमले पाठ्यपुस्तक विकासलाई निर्देशित गरेको छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनसँगै वि.सं. २०२८ मा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएपछि विद्यालय शिक्षाको पाठ्यपुस्तकको विकास गर्ने कार्य पाठ्यक्रम विकास केन्द्रले गर्दै आएको छ । पाठ्यपुस्तकको उपलब्धता, यसको गुणस्तर तथा उपयोग, पाठ्यपुस्तक विकास प्रक्रिया, एकीकृत पाठ्यक्रम ढाँचा, सक्षमता व्यवस्थापन, विषयवस्तुको क्षेत्र र क्रम निर्धारण तथा सन्तुलन, स्थानीय तथा मातृभाषाका पाठ्यपुस्तक विकासको दायित्व, पाठ्यपुस्तकमा प्रयुक्त लेख/रचनाहरूको प्रतिलिपि अधिकार, जनशक्ति व्यवस्थापन र दक्षता, पाठ्यपुस्तकको अद्यावधिकतालगायतका मुद्दाहरू बहसमा रहेका छन् । यी मुद्दाहरूलाई समाधान गर्दै बालबालिकालाई स्तरीय सिकाइका माध्यमले सक्षम बनाउनु नै वर्तमानको आवश्यकता हो ।*


## १. पाठ्यपुस्तक र यसको महत्त्व

पाठ्यपुस्तक पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षक तथा विद्यार्थी दुवैले प्रयोग गर्न सक्ने गरी समष्टिगत रूपमा अध्ययनका विषयवस्तु समावेश भएको लिखित दस्तावेज हो । यसमा सामान्यतया मूलपाठ, अभ्यासलगायतका विषयहरू समावेश गरिएका हुन्छन् । पाठ्यपुस्तक शिक्षणमा एकरूपता, स्तरीयता ल्याउन विद्यार्थीका अलावा शिक्षकका लागि पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसैले सम्बन्धित विषयमा विज्ञता हासिल गरेका, विषय क्षेत्रमा अनुभव भएका व्यक्तिहरूबाट बालबालिकाको उमेर, रुचि, चाहना, क्षमता र मनोवैज्ञानिक पक्षलाई समेत समेटेर पाठ्यक्रमका सिकाइ सक्षमता हासिल गर्ने गरी ज्ञानको वास्तविक स्रोतका रूपमा पाठ्यपुस्तक विकास गरिएको हुन्छ ।

* महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र

स्वभावैले पाठ्यपुस्तकको प्रयोग अध्ययन अध्यापनका लागि गरिन्छ । सिकाइको लक्ष्य एवम् उद्देश्यले पनि यसको प्रयोगको मात्रा/सीमितता निर्धारण गर्दछ । यद्पि विद्यालय तहमा पाठ्यपुस्तकको महत्त्व अधिक हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका सबै विषय क्षेत्रहरू सङ्गठित स्वरूपमा Learning Ladder अनुरूप पाठ्यपुस्तकमा उपलब्ध हुन्छ, जसका आधारमा नै अधिकांश शिक्षक तथा विद्यार्थीले अध्ययन/अध्यापन गर्ने गर्दछन् । यसले शिक्षक विद्यार्थी दुवैलाई सिकाइ हासिल गर्ने गराउनेतर्फ मार्ग निर्देशित गर्ने कार्य गर्दछ । पाठ्यपुस्तकले नै कुन कक्षामा कुन विषयको कुन विषयवस्तु कतिसम्म अध्ययन गराउने भन्ने सूचना प्रवाह गर्दछ । त्यस्ता विषयवस्तु निर्धारित समयभित्र हासिल हुन सके/नसकेको विश्लेषण गरी नसकेको भए पुनः अध्ययन गर्ने गराउने कार्यलाई पाठ्यपुस्तकले सहजीकरण गर्दछ । तसर्थ शिक्षक विद्यार्थी दुवैका लागि पाठ्यपुस्तक महत्त्वपूर्ण हुन्छ । यसको महत्त्वलाई तपसिलअनुसार उल्लेख गर्न सकिन्छ :

- पाठ्यपुस्तकले सिकाइका विषय क्षेत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्दछ ।
- विद्यार्थीलाई स्वअध्ययन गर्न थप सिकाइका क्षेत्र खोजी गर्न पाठ्यपुस्तकले सहयोग पुऱ्याउँछ ।
- कक्षा कार्य र मूल्याङ्कन कार्य पाठ्यपुस्तकका आधारमा सञ्चालन गर्दा सरल र प्रभावकारी हुन्छ ।
- पाठ्यपुस्तकले विद्यार्थीलाई सिक्नुपर्ने विषयवस्तुहरू सङ्कलन गर्न र प्रस्तुतीकरण गर्न सहज बनाउँछ ।
- पाठ्यपुस्तकले शिक्षकलाई कक्षाको तहअनुरूप शिक्षण कार्य सञ्चालन गर्न मार्ग निर्देशित गर्दछ ।
- पाठ्यपुस्तकमा विषयवस्तुहरू तार्किक र क्रमबद्ध रूपमा प्रस्तुत गरिएको हुन्छ, जुन विद्यार्थीको सिकाइका लागि सरल र पहुँच योग्य हुन्छ ।
- पाठ्यपुस्तक नै विज्ञहरूका महत्त्वपूर्ण र उपयोगी सिकाइ अनुभवहरूलाई प्रस्तुत गर्ने भएकाले शिक्षक विद्यार्थी दुवैले त्यस्ता अनुभवबाट लाभ हासिल गर्न सक्छन् ।
- शिक्षण सिकाइमा तथा सार्वजनिक परीक्षा प्रणालीमा एकरूपता ल्याउन पाठ्यपुस्तकले सहयोग पुऱ्याउँछ ।

उल्लिखित महत्त्वका अलावा विद्यार्थीका लागि स्वअध्ययन गर्न तथा समयमा अध्ययन गर्न उपयोगी हुने पाठ्यपुस्तकमा सान्दर्भिक र उपयोगी सूचनाहरूको सङ्ग्रह हुने, विभिन्न नयाँ विषयक्षेत्रका अवधारणा विकास गर्न तथा शिक्षकका लागि समग्र शिक्षणको योजना निर्माण गर्न मदत गर्ने भएकाले सूचना प्राणालीको वर्तमान अवस्थामा पनि पाठ्यपुस्तकको उत्तिकै आवश्यकता रहेको हुन्छ ।

एउटा गुणस्तरयुक्त पाठ्यपुस्तक स्वभावैले सबै उमेर, तह, क्षमताका विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्ने हुनुपर्छ । बाह्य लेआउट, साइजका अलावा विषयवस्तु, त्यसको प्रस्तुति, भाषा, शैली, सांस्कृतिक पक्षसमेतका पक्षलाई पाठ्यपस्तुकले सम्बोधन गरेको हुन्छ । त्यसैले असल पाठ्यपुस्तकका गुण तथा विशेषता तपसिल बमोजिम हुन्छन् :

- विद्यार्थीको सिकाइको क्षमता र तहअनुरूप विषयवस्तुलाई प्रस्तुतीकरण संयोजन गरिएको हुन्छ ।
- विषयवस्तुलाई मनोवैज्ञानिक एवम् तर्कपूर्ण तवरबाट सङ्गठित गरिएको हुन्छ ।
- विषयवस्तुलाई उदाहरण, व्याख्या चित्रमार्फत सरलीकृत गरिएको हुन्छ ।
- भाषा शैलीलाई सरल तथा बुझ्ने गरी संयोजन गरिएको हुन्छ ।
- सिकारुको सिक्ने रुचि चाहनाअनुसार थप अध्ययनका लागि सम्भाव्य क्षेत्रहरू समावेश गरिएका हुन्छन् ।
- पाठ्यपुस्तकमा समावेश विषयहरू आधिकारिक विश्वासनीय एवम् भरपर्दो हुन्छ ।
- पाठ्यपुस्तक सदैव पाठ्यक्रमबाट निर्देशित भएर तयार गरिएको हुन्छ ।
- पाठ्यपुस्तको साइज, बाहिरी पृष्ठ उपयुक्त र आकर्षण हुन्छ ।
- छपाइ शुद्ध, सफा, प्रस्ट बुझिने स्पष्ट हुन्छ ।
- बालबालिकाको क्षमता र तहअनुसार पाठको साइज निर्धारण गरिएको हुन्छ ।
- अद्यावधिक सूचना तथा तथ्यहरू समावेश गरिएको हुन्छ ।
- बालबालिकाको सिर्जनात्मकता प्रस्फुटन हुने विषयवस्तु तथा अभ्यास समावेश गरिएको हुन्छ ।
- विषय सुहाउँदा चित्र, चार्ट, नक्साहरू समावेश गरिएको हुन्छ ।
- प्रत्येक पाठहरू पूर्व पाठ/ज्ञानसँग सम्बन्धित गराई भावी सम्भाव्य क्षेत्रहरूको खोज गर्ने, उजागर गर्ने गरी तयार पारिएको हुन्छ ।
- उदाहरण अभ्यास प्रस्तुत गर्दा समाजका सबै वर्गको प्रतिनिधित्व हुने गरी समावेशीकरणलाई ध्यान दिएको हुन्छ ।
- स्वमूल्याङ्कन गर्न सकिने किसिमका अभ्यास तथा मूल्याङ्कनका साधनहरू समावेश गरिएको हुन्छ ।

त्यसैले एउटा असल पाठ्यपुस्तक सम्बन्धित तह/कक्षाको समग्र तहगत उद्देश्य/क्षमतालाई ध्यान दिँदै विषयवस्तुको छनोट र प्रस्तुतीकरण गरी उमेर समूहअनुसारका बालबालिकाको मानसिक विकासअनुरूप नवप्रवर्धन एवम् सिर्जनात्मकता प्रस्फुटन गर्न सक्ने तथा संज्ञानात्मक विषय विकासमा ध्यान दिँदै आकर्षण आवरण र साइजमा तयार गरिएको हुन्छ । स्थानीय, राष्ट्रिय एवम् समसामयिक विषयलाई महत्त्व दिँदै समाजमा प्रतिनिधित्व गर्ने सबै वर्ग, भौगोलिक क्षेत्र, भाषा, लिङ्ग, धर्म, सम्प्रदायले अपनत्व ग्रहण गर्न सक्ने गरी पाठ्यपुस्तक तयार पारिएको हुन्छ ।

## २. पाठ्यपुस्तक विकासका सैद्धान्तिक आधार

पाठ्यपुस्तक ज्ञान र सिपको रचना र समानान्तर स्थानान्तरण गर्ने माध्यम हो । पाठ्यपुस्तक विद्यालय पाठ्यक्रम कार्यान्वयन गर्ने प्रक्रिया हो, साधन हो साथै शिक्षण उपकरण (Pedagogical apparats) पनि हो । यसले ज्ञानलाई स्थानान्तरण गर्ने प्रक्रियामा विषयवस्तु के, कति र कसरी हस्तान्तरण गर्ने भन्ने जानकारी प्रदान गर्दछ । साथै विद्यार्थीको प्रयासद्वारा सिर्जित हुने वास्तविक र

सही ज्ञान र सिपको प्रवाह गर्ने सबन्धमा पाठ्यपुस्तकले सहयोग पुर्‍याउँछ । त्यसैले पाठ्यपुस्तक विकास गर्दा तपसिल बमोजिममा सैद्धान्तिक आधार अवलम्बन गरिएको हुन्छ ।

(क) **Cognitive Development principle**

पाठ्यपुस्तक विकास गर्दा तह/कक्षाअनुसारको बालबालिकामा हुने संज्ञानात्मक विकासको चरणको अवस्थालाई ध्यान दिइन्छ ।

(ख) **Curriculum Principle**

पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइका तहगत/कक्षागत सक्षमता हासिल गर्ने गरी विषयवस्तुलाई सरलबाट जटिलको क्रममा प्रस्तुत गरिन्छ ।

(ग) **Discipline Principle**

विषयगत तवरबाट सम्बन्धित विषयबाट हासिल हुने उपलब्धि, माथिल्लो तह/ कक्षाका लागि आवश्यक पूर्व ज्ञान हासिल हुने गरी पाठ्यपुस्तक तयार गरिन्छ ।

(घ) **Pedagogical Principle**

शिक्षण सिकाइलाई प्रभावकारी बनाउने विधिहरू, बालबालिकाको सिर्जनात्मकता प्रस्फुटन हुने शिक्षण विधिको प्रयोगमा आधारित भएर पाठ्यपुस्तक लेखन गरिन्छ ।

(ङ) **Context Principle**

देशको भुगोल, सामाजिक, सांस्कृतिक, ऐतिहासिक पक्षलाई समेत ध्यानमा राखेर पाठ्यपुस्तक तयार गरिन्छ ।

(च) **Presentation Principle**

पाठ्यपुस्तक तयार गर्दा विषयवस्तुको आकर्षण प्रस्तुति, बालबालिकाको रुचि र क्षमताअनुसारका विषयवस्तुको छनोटलाई प्राथमिकता दिइन्छ ।

## ३. नेपालमा पाठ्यपुस्तक विकासको अभ्यास

नेपालमा विद्यालय शिक्षाका पाठ्यपुस्तक विकासका लागि मुख्यतः विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्देशित गरेको छ । पाठ्यक्रम सम्बन्ध समसामयिक पक्षहरू देशको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक पक्ष, पाठ्यक्रमको सामञ्जस्यता र निरन्तरता, शिक्षामा जीवनोपयोगी सिप, सूचना र सञ्चार प्रविधिको उपयोग शैक्षणिक पक्षहरू, मातृभाषिक पक्षहरू, पाठ्यक्रममा समावेशिता, सिकाइका क्षेत्रहरू, शिक्षामा विश्वव्यापीकरण विद्यार्थी मूल्याङ्कन प्रक्रिया, शिक्षाको गुणस्तर र सान्दर्भिकतालगायतका विषय क्षेत्रसँग सामञ्जस्यता कायम गर्दै विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने आधारहरू उक्त प्रारूपले निर्धारण गरेको छ । त्यसका साथै शिक्षाको राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको उद्देश्य, संरचना तथा विद्यार्थीको उमेर तथा विद्यालय शिक्षाको सक्षमतालाई समेत आधार लिनुपर्ने विषय उक्त प्रारूपले निर्देशित गरेको छ । जसका आधारमा विद्यालय शिक्षाको पाठ्यक्रमलाई समेत केन्द्रमा राखी पाठ्यपुस्तकको विकास गर्ने गरिएको छ ।

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ दुवैमा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम पाठ्यपुस्तक लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धमा राष्ट्रिय मापदण्ड तथा नीति तर्जुमा गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को व्यवस्था शिक्षा नियमावलीमा रहेको छ । जसले पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी राष्ट्रिय नीति निर्धारण, पाठ्यक्रम परिमार्जन, पाठ्यपुस्तक लेखन प्रयोग र स्वीकृति सम्बन्धमा नीति तर्जुमा गर्ने पाठ्यक्रम तथा पाठ्यपुस्तको गुणस्तर सुधारलगायतका कार्यहरू गर्दछ । विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको तर्जुमा विकास, अद्यावधिक, परिमार्जन, परिवर्तन, अनुवाद, प्रकाशन, परीक्षण, प्रबोधीकरण पाठ्यसामग्री मूल्याङ्कन, स्वीकृति, अनुसन्धान तथा पृष्ठपोषण, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको छपाइ र वितरणलगायतका कार्य व्यवस्थित रूपले सम्पादन गर्न पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा वितरण निर्देशिका, २०७९ जारी गरिएको छ । उक्त निर्देशिकाले पाठ्यक्रम विकास, अद्यावधिक, परिमार्जन, परिवर्तन र अनुवादसम्बन्धी व्यवस्था, विद्यालय तहको पाठ्यक्रम विकासका आधार, पाठ्यक्रमको संरचना, पाठ्यक्रम विकासका चरणहरूको व्यवस्था गरेको छ । त्यसका साथै शैक्षणिक सामग्री/सन्दर्भ सामग्रीको विकासका आधारहरू पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास, परीक्षाका विधि एवम् मापदण्ड व्यवस्थासहित विषयगत समिति गठन र कार्यक्षेत्र, समन्वय तथा सम्पादन समितिको व्यवस्थासहित पाठ्यपुस्तकको प्रतिलिपि अधिकारसम्बन्धी व्यवस्था पनि उक्त निर्देशिकाले तय गरेको छ । पाठ्यपुस्तक एवम् पाठ्यसामग्री लेखनका लागि विज्ञसूचीको योग्यता र सर्त, पाठ्यसामग्रीको मूल्याङ्कन र स्वीकृति प्रक्रिया, पाठ्यसामग्रीको छपाइ स्पेसिफिकेसन र मूल्य निर्धारणका आधारहरू, छपाइ मुद्रण र वितरणसहित संलग्न हुने निकायगत कार्यक्षेत्र र भूमिकाका सम्बन्धमा उक्त निर्देशिकाले स्पष्ट गरेको छ ।

## ४. नेपालमा विद्यालय शिक्षाका पाठ्यपुस्तक विकासको क्रम

नेपालमा विद्यालय शिक्षाका पाठ्यपुस्तक विकासको ऐतिहासिक विकासक्रम त्यस्तो व्यवस्थित रूपमा कतै उल्लेख भएको पाइन्न यद्यपि औपचारिक शिक्षाको थालनीसँगै पाठ्यपुस्तकको आवश्यकता महसुस भयो । औपचारिक रूपमा पनि नेपाली वर्णमालालगायतका पाठ्यपुस्तक विकास भई प्रयोगमा आएको पनि पाइन्छ । तत्कालीन समयमा नेपाल र भारतमा यस प्रकारका पाठ्यपुस्तक छपाइ भएर वितरण भएको पाइन्छ । गोरखा भाषा प्रकाशिनी समितिको स्थापना (वि.सं. १९६९) पश्चात् साहित्यिक कृतिका अलावा भाषा पाठशाला, श्रेस्ता पाठशालाहरूमा प्रयोग हुने पाठ्यपुस्तकको विकास र मुद्रण कार्यलाई स्वदेशमा नै अगाडि बढाएको पाइन्छ । प्रजातन्त्रको स्थापना हुनु पूर्व विशेष गरी भाषा पाठशालाहरूमा प्रयोग हुने पाठ्यपुस्तक त्यसरी छपाइ र वितरण हुने गर्दथ्यो भने कतिपय नेपाली लेखकहरूद्वारा लिखित त्यस्ता कृतिहरू भारतमा छपाइ गरेर ल्याएर वितरण गर्ने गरेको पनि देखिन्छ । जयपृथ्वीबहादुर सिंहद्वारा लिखित अक्षराङ्क शिक्षा नेपाली भाषामा लिखित पहिलो पाठ्यपुस्तक हो जुन भाषा पाठशालाहरूमा प्रयोगमा ल्याइएको थियो । प्रजातन्त्रको स्थापनापश्चात् विद्यालयको सङ्ख्यामा वृद्धि हुँदै गएपश्चात् पाठ्यपुस्तकको आवश्यकता थप महसुस भयो । फलस्वरूप स्वदेशमा पनि मुद्रण संस्थाहरू सञ्चालनमा ल्याउने, प्रकाशन र वितरण गर्ने प्रयास भए तापनि पाठ्यपुस्तकको तत्कालीन आवश्यकता पूर्ति गर्न भारतीय विद्वानहरूद्वारा लिखित भारतमा नै मुद्रण भएका पाठ्यपुस्तकहरू प्रयोग गर्ने गरियो । जुन धेरैपछि सम्म पनि कायमै रह्यो । राष्ट्रिय शिक्षा पद्धति योजना, २०२८ को कार्यान्वयनसँगै वि.सं. २०२८ मा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएपछि औपचारिक रूपमा नेपालमा प्रयोग हुने विद्यालय शिक्षाका पाठ्यपुस्तकको

विकास गर्ने जिम्मेवारी उक्त केन्द्रमा निहित रह्यो । २०१८ सालमा स्थापना भएको शिक्षा सामग्री केन्द्रलाई २०३५ सालमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका रूपमा रूपान्तरण गरी पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यपुस्तकको मुद्रण/छपाइ र बिक्री वितरणको जिम्मेवारी उक्त संस्थालाई प्रदान गरियो ।

यसबिचमा विभिन्न निजी प्रकाशनहरूमार्फत पनि विद्यालयहरू/पाठशालाहरूमा प्रयोग हुने पाठ्यपुस्तक विकास गरी सरकारी स्वीकृतिमा मुद्रण र वितरण गरेको पनि देखिन्छ। साथै २०२२ मा नेपाल भाषा प्रकाशिनी समितिलाई साझा प्रकाशनका रूपमा रूपान्तरण गरेपछि यस प्रकाशनले विकास र मुद्रण गरेका कतिपय कृतिहरूलाई छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरेका पनि देखिन्छ। विशेष गरी त्यस किसिमको अभ्यास उच्च शिक्षातर्फ बढी भएको पाइन्छ।

२०२८ सालमा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएपछि मात्र नेपाल विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासको व्यवस्थित थालनी भएको देखिन्छ । २०२८ सालको नयाँ शिक्षा योजनासँगै विद्यालय तहका सबै पाठ्यक्रमहरू नयाँ विकास गरिए । तिनै विकसित पाठ्यक्रमलाई आधार मानेर विद्यालय शिक्षाका नयाँ पाठ्यपुस्तकहरू विकास गरियो र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमार्फत छपाइ गरी वितरण गर्ने व्यवस्था मिलाइयो । समयमा नै पाठ्यपुस्तकको उपलब्धताको सुनिश्चितता गर्न तथा विकसित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरूको गुणस्तर अभिवृद्धि गर्न २०४८ मा विद्यालय शिक्षाका पाठ्यपुस्तकको विकास र प्रकाशन गर्न निजी क्षेत्रलाई पनि अनुमति प्रदान गरियो । हालसम्म आइपुग्दा निजी प्रकाशनहरूले नेपाल सरकारबाट स्वीकृति पाठ्यक्रमको परिधिभित्र रहेर विद्यालयमा प्रयोग हुने पाठ्यसामग्रीहरू प्रकाशन र बिक्री/वितरण गरिएका छन् । उक्त सामग्री छपाइ गर्नु पूर्व पाठ्यक्रम विकास केन्द्रबाट अनुमति लिनुपर्ने व्यवस्था पनि रहेको छ ।

## ५. नेपालमा विद्यालय शिक्षाको पाठ्यपुस्तक विकास प्रक्रिया

विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तक विकास गर्न मुख्यतः राष्ट्रिय पाठ्यक्रम प्रारूपले दिशा निर्देश गरेको शिक्षाका राष्ट्रिय उद्देश्य र तहगत सक्षमतालाई आधार मानिन्छ । पाठ्यक्रमले प्रदान गरेको पाठ्य घण्टा (Credit hour) र कार्य घण्टा (Working hour) लाई ध्यानमा राखी तोकिएको सिकाइ सक्षमता हासिल गर्नु पर्ने विषयलाई केन्द्रबिन्दुमा राखिन्छ । यसरी पाठ्यपुस्तक विकास गर्दा पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक तयार गर्नुपर्ने कक्षा र विषयअनुसारका लेखन कार्यदल बनाउँछ । उक्त कार्यदलमा पाठ्यपुस्तक लेखन अनुभव भएका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिकाले तोकेअनुसार विषयगत योग्यता हासिल गरेका विज्ञहरूलाई समावेश गरिन्छ । सम्बन्धित विषयगत विज्ञ, प्राध्यापक, अध्यापनरत शिक्षक, पाठ्यक्रम अधिकृतसहित समावेश भएको उक्त लेखन कार्यदलले पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तु, विषय विस्तृतीकरणका आधारमा साविकमा प्रयोग भइरहेको पाठ्यपुस्तक तथा तल्लो र माथिल्लो कक्षाका सम्बन्धित विषयका विषय विस्तृतीकरणलाई समेत अध्ययन गरी विद्यार्थीको उमेरअनुसारको मनोवैज्ञानिक पक्ष र सिकाइ क्षमतालाई विश्लेषण गरी पाठहरू तयार गरिन्छ र पाठ्यपुस्तकको पहिलो मस्यौदा तयार गरिन्छ । त्यसरी तयार भएको मस्यौदालाई हाल सम्बन्धित विषय पढाइ रहेका शिक्षक संलग्न रहेको शिक्षक कार्याशालामा प्रस्तुत गरिन्छ । उक्त कार्यशालाबाट पाठको विषयवस्तु, शिक्षणका सम्भाव्य तरिका, शिक्षणमा आउन सक्ने कठिनाइ, राखिएका उदाहरण, अभ्यास,

परियोजना/प्रयोगात्मक कार्य, सम्भाव्य मूल्याङ्नका तरिकाहरूको समेत विश्लेषण गरी/गराई पृष्ठपोषण सङ्कलन गरिन्छ । शिक्षक कार्यशालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणसमेतका आधारमा पुनः लेखन कार्यदलले परिमार्जन गरी उदाहरण चित्रसमेत संलग्न गरी अर्को मस्यौदा तयार पारिन्छ ।

त्यसरी विकास भएको मस्यौदालाई पाठ्यक्रमको उद्देश्यअनुरूप विषयवस्तु मिलाएको/नमिलाएको, विषयवस्तुको क्षेत्र र क्रम, लम्बीय र समतलीय सन्तुलन मिले/नमिलेको अध्ययन विश्लेषण गर्न विषय समितिमा पेस गरिन्छ । विषय समितिले पाठगत रूपमा पाठ्यक्रमले तोकेका सक्षमता हासिल हुन सक्ने नसक्ने, उदाहरण, चित्र, अभ्यासलगायत मिले नमिलेको अध्ययन विश्लेषण गर्दछ । त्यसरी अध्ययन गर्दा देशको भौगोलिक, सामाजिक, सांस्कृति विविधतालाई ध्यान दिँदै समावेशिताको प्रत्याभूति हुने ढङ्गबाट विषयवस्तुको विश्लेषण गरिन्छ । विषय समितिले अध्ययन गरी सुधार गर्नु पर्ने भए सुधारका क्षेत्रहरूसहित विषयवस्तुगत वैधता दिएपछि पुनः मस्यौदालाई अद्यावधिक गरिन्छ र समन्वय तथा सम्पादन समितिमा पेस गरिन्छ । समन्वय तथा सम्पादन समितिले पनि पुनः पाठ्यक्रम र पाठ्यपुस्तकबिचको सामञ्जस्यता, विषयका पाठहरूको प्रभावकारिता, विषयवस्तुको लम्बीय र समतलीय सन्तुलन मिले नमिलेकोलगायतका पक्ष विश्लेषण गरी पाठ्यपुस्तकलाई अन्तिम रूप दिइन्छ । त्यसरी अन्तिम रूप दिएको मस्यौदालाई भाषा सम्पादन गरी उपयुक्त लेआउट डिजाइनसहित मुद्रणीय प्रति तयार गरिन्छ । यही मुद्रणीय प्रति छपाइ गरी छनोट भएका विद्यालयमा परीक्षण गरिन्छ । तोकिएका विद्यालयहरूमा परीक्षणमा लगिएका उक्त पाठ्यपुस्तकहरूका सम्बन्धमा कुनै सुझाव पृष्ठपोषण प्राप्त भएमा त्यसलाई अद्यावधिक गरी पछिल्लो वर्ष देशभर सम्पूर्ण विद्यालयहरूमा लागु गर्ने गरिन्छ ।

निजी प्रकाशनहरूबाट विकास गरी बिक्री वितरण गरी प्रयोगमा ल्याइने पाठ्यपुस्तकक विकास प्रक्रिया अलिक भिन्न रहेको छ । यसमा प्रकाशक स्वयम्ले लेखक छनोट गरी लेखकहरूबाट पाठ्यक्रमले निर्धारण गरेका सक्षमता हासिल हुने गरी विषयवस्तुको क्षेत्र र क्रमअनुसार पाठ्यपुस्तक लेखन गरिसकेपछि पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको समय सीमाभित्र मस्यौदासहित निर्धारित राजस्व जम्मा गरी पाठ्यक्रम विकास केन्द्रमा बुझाउनु पर्दछ । त्यसरी प्राप्त भएको मस्यौदामा विभिन्न तीन जना सम्बन्धित विषय क्षेत्रमा दक्षता हासिल गरेका मूल्याङ्कनकर्ता मार्फत मूल्याङ्कन गराई सुझाव तथा पृष्ठपोषणसहित लेखक/प्रकाशकहरूलाई परिमार्जन गरी पुनः पेस गर्न लगाइन्छ । त्यसरी पुनः पेस भएका सामग्रीलाई पाठ्यक्रम विकास केन्द्रका महानिर्देशकको संयोजकत्वको गठित पाठ्यसामग्री व्यवस्थापन तथा मूल्याङ्कन समितिमार्फत स्वीकृत मापदण्डबमोजिमको गुणस्तर, मूल्य, पाठ्यक्रमको पूर्ण पालना गरे/नगरेको अध्ययन/मूल्याङ्कन गरी सुझावसहित अन्तिम प्रति पुनः पाठ्यक्रम विकास केन्द्रमा पेस गर्नु पर्ने गरी स्वीकृत प्रदान गरिन्छ । त्यसरी स्वीकृत प्राप्त गरेपश्चात् मात्र सम्बन्धित प्रकाशक/लेखकले छपाइ गरी प्रयोगका लागि बिक्री वितरण गर्ने गरिन्छ । पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् वितरणका सम्बन्धमा निर्देशिकाले यी सबै प्रक्रिया निर्धारण गरेको छ । निजी प्रकाशन गृहबाट विकास गर्ने पाठ्यपुस्तकको लेखकको पनि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने व्यवस्था उक्त निर्देशिकामा गरिएको छ ।

## ६. पाठ्यपुस्तक विकाससँग सम्बन्धित मुद्दाहरू

पाठ्यपुतकको उपलब्धता, यसको गुणस्तर तथा उपयोगको विषय सरोकारवालाहरूबिच सदैव चासोको विषय बन्ने गरेको छ, जुन स्वभाविक पनि हो । पाठ्यक्रम विकास केन्द्र तथा निजी क्षेत्रका लेखक/प्रकाशकहरूबाट विद्यालय शिक्षाका पाठ्यपुस्तक विकास गर्दा विकास प्रक्रिया, जनशक्तिको उपलब्धता पाठ्यक्रमको स्वरूप, माध्यम भाषा, पाठ्यपुस्तकको अद्यावधिकता तथा परिमार्जनलगायतका मुद्दाहरू बहसका क्रममा रहेका छन् । ती मुद्दाहरूलाई तपसिलबमोजिम प्रस्तुत गरिएको छ :

### (क) एकीकृत पाठ्यक्रम र सक्षमतामा आधारित पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक

नेपाल सरकारले आधारभूत तह कक्षा १-३ मा एकीकृत पाठ्यक्रम लागु गरी सोहीबमोजिम पाठ्यपुस्तक विकास गर्ने प्रयास गरेको छ । तर शिक्षण विधिमा मात्र Integrated approach अवलम्बन गर्ने गरी पाठ्यपुस्तक तयार पार्ने अभ्यास भएको छ । माथिल्ला कक्षाहरूमा सक्षमतामा आधारित पाठ्यक्रमअनुसार विषयगत पाठ्यपुस्तक विकास गर्ने अभ्यास भइरहेको छ । तर आधारभूत तह कक्षा १-३ मा अवलम्बन गर्न खोजिएको शिक्षणमा Integrated approach अनुरूपका पाठ्यपुस्तक अझै विकास हुन सकेको छैन भनी विज्ञहरूको सुझाव पनि प्राप्त भइरहेको छ । प्रयोगमा रहेको भनिएको Integrated approach वास्तविक रूपमा पाठ्यपुस्तकमा प्रतिबिम्बन हुन सकेको छ/छैन थप अध्ययनको विषय रहेको छ । माथिल्ला कक्षाहरूमा सक्षमतामा आधारित रहेर पाठ्यपुस्तकको विकास गर्न आवश्यक पर्ने ज्ञान, सिप, क्षमता र जनशक्तिको परिचालन उपयुक्त तवरबाट हुन सकेको छ वा छैन र हाल विकसित पाठ्यपुस्तकले Competency based पाठ्यक्रमको मर्मलाई आत्मसात् गर्न सके/नसकेको पनि विश्लेषण गर्नुपर्ने देखिएको छ ।

### (ख) पाठ्यपुस्तक लेखन गर्ने जनशक्ति

हाल नेपालमा विद्यालय शिक्षाका पाठ्यपुस्तकको लेखन कार्यमा शिक्षण अनुभवले खारिएका विषयवस्तुले दक्ष भएका शिक्षकहरूकै संलग्नता कत्तिको रहेको छ भन्ने विषय अहम् रहेको छ । देशको सामाजिक सांस्कृतिक विविधताअनुरूप, सबै वर्ग/क्षेत्रको प्रतिनिधित्व हुने गरी लेखकहरूको परिचालन हुन सकेको छैन । निजी प्रकाशकहरूबाट प्रकाशन गर्ने पाठ्यपुस्तकहरू कोरा ज्ञान हासिल गरेका व्यक्तिहरूबाट छोटो समयमा लेखन सम्पन्न गर्नु परेको जस्ता सूचनाहरू पनि प्राप्त हुने गरेका छन् । बाहिर विद्वान, चर्चित व्यक्तित्वहरूको नाम समावेश गरेर लेखन कार्य चाहिँ अरूबाट नै गराइने, केवल व्यावसायिक बढोत्तरीको अभ्यास गर्ने गरिएको पनि वेला वेलामा देखिएको छ । त्यसैले पाठ्यपुस्तक लेखन गर्ने जनशक्ति कस्तो हुनुपर्ने, न्यूनतम के के क्षमता भएको हुनुपर्ने भन्ने विषयको स्पष्ट मापदण्डको विकास पनि अनिवार्य देखिएको छ ।

### (ग) पाठ्यपुस्तक लेखन प्रक्रिया

विद्यालय शिक्षाका पाठ्यपुस्तक लेखन प्रक्रिया माथि उल्लेख गरेबमोजिम हुने गरेको छ । तर कतिपय ऐच्छिक विषयहरू, मातृभाषाका विषयहरू, संस्कृततर्फका विषयहरू, मदरसा, गुम्बा जस्ता धार्मिक प्रकृतिका विद्यालयमा प्रयोगमा ल्याइने भोट भाषा, उर्दु भाषालगायतमा पाठ्यपुस्तक विकास गर्दा उल्लिखित विधिहरू पूरा गर्न सकिएको पाइँदैन । सम्बन्धित भाषाको ज्ञान भएका विज्ञहरू परिचालन गरी छोटो समयमा पनि पाठ्यपुस्तक विकास गर्ने अभ्यास गरिएको छ । त्यसको अलवा/ निजी प्रकाशकबाट लेखिने पाठ्यपुस्तकहरू पनि लेखक विशेषको अनुभव र क्षमताबाट मात्र तयार हुने गरेको पाइन्छ । यी दुवै प्रकारका पाठ्यपपुस्तकहरूलाई शिक्षक कार्यशालामा पेस गरेर गहन छलफल गरी थप परिमार्जन/सहजीकरण गरी पाठ्यक्रमको उद्देश्यअनुरूप सन्तुलन मिले/नमिलेको हेर्ने अभ्यास गरेको देखिँदैन । त्यसैले यसरी विकास भएका पाठ्यपुस्तकहरू विद्यार्थीको तह/उमेर/क्षमतालाई सम्बोधन गर्न सकिने गरी तयार भएको सुनिश्चितता प्रदान गर्न सकिँदैन ।

### (घ) पाठ्यपुस्तक लेखनको समय

नयाँ परिवर्तित पाठ्यक्रम कार्यान्वयन गर्ने क्रममा तोकिएको वर्षमा तोकिएका कक्षाहरूका पाठ्यपुस्तक तयार गर्ने गरिन्छ । सामान्यतया शैक्षिक सत्र सुरु हुनु पूर्व पाठ्यपुस्तक तयार गरी एक वर्ष परीक्षणमा लगिसकेपछि मात्र पछिल्लो वर्ष देशभर कार्यान्वयनमा लगिन्छ । तर आधारभूत तहको अन्त्यमा हुने परीक्षा (कक्षा ८), माध्यामिक तह कक्षा १० र १२ का लागि भने विकसित पाठ्यसामग्रीका सीमित पाठहरूको मात्र परीक्षण गरी सोही वर्ष देश व्यापी रूपमा पाठ्यपुस्तकका रूपमा ल्याइन्छ । यसप्रकारको अभ्यासबाट उक्त कक्षाहरूका पाठ्यपुस्तकका विषयवस्तुको लम्बीय र धरातलीय सन्तुलन पक्षको विश्लेषण गरेको हुँदैन भने कतिपय विषयवस्तुहरू परिमार्जन गर्नुपर्ने अवस्थामा पनि रहेका हुन्छन् । साथै इच्छाधीन विषय, मातृभाषाका विषयहरूका पाठ्यपुस्तकहरू पनि बिना परीक्षण प्रयोगमा ल्याउने गरिएको छ । अर्कोतर्फ निजी प्रकाशकहरूबाट प्रकाशित पाठ्यपुस्तकहरू त भाषा सम्पादन गर्न पनि हतार हुने गरी लेख्ने बित्तिकै प्रयोगमा ल्याउने गरेको छ । त्यसैले पाठ्यपुस्तक विकासको समय, परीक्षणको समय, परिमार्जन र तत्पश्चात् मात्र पूर्ण प्रयोगको समय सारिणी विकास गरी सोहीबमोजिम कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

### (ङ) पाठ्यपुस्तकमा समावेश विषयवस्तुको क्षेत्र र क्रम (धरातलीय र लम्बीय सन्तुलन)

विद्यालय शिक्षाका पाठ्यक्रम चरणबद्ध रूपमा सुरुमा तल्लो कक्षा त्यसपछि क्रमशः माथिल्लो कक्षामा नभई एकै वर्षमा फरक/फरक तह/कक्षाहरूमा लागु भएको हो । अर्थात् सुरुमा कक्षा १, कक्षा ६ र कक्षा ११ मा लागु भएको पाठ्यक्रम दोस्रो वर्ष कक्षा २, कक्षा ३, र कक्षा १२ मा तेस्रो वर्षमा कक्षा ४, कक्षा ७, र कक्षा ९ मा र चौथो वर्षमा कक्षा ५ कक्षा ८ र कक्षा १० मा लागु भएको हो । यसरी लागु हुँदा पाठ्यपुस्तक पनि सोहीअनुसार विकास भई कार्यान्वयनमा लगियो । यसरी कार्यान्वयन गर्दा विषयवस्तुको

सही सन्तुलन कायम हुन सकेको देखिँदैन । कतिपय माथिल्ला कक्षामा हुनुपर्ने विषयवस्तुहरू तल्ला कक्षामा र तल्ला कक्षामा हुनुपर्ने विषयवस्तुहरू माथिल्ला कक्षामा समावेश भएका पनि देखिन्छन् । विषयवस्तुको क्षेत्र तह एवम् कक्षागत रूपबाट सरलबाट जटिलतर्फ हुनुपर्ने क्रममा फरक पन पाइएको छ । पाठ्यक्रम पाठ्यपुस्तक दुवैलाई पुनरवलोकन गरी विषयवस्तुको क्षेत्र र क्रमको सन्तुलन कायम गर्न आवश्यक देखिएको छ ।

**(च) पाठ्यपुस्तक नै पाठ्यक्रमका रूपमा बुझ्ने परिपाटी**

नेपालका अधिकांश विद्यालयमा पाठ्यक्रमको उपलब्धता भएको पाइँदैन । निर्मित पाठ्यक्रमको छपाइ गरी सबै विद्यालय र शिक्षकले प्राप्त गर्ने गरी वितरणको प्रबन्ध हुन सकेको छैन । धेरै शिक्षकहरूले विद्यार्थीका लागि उपलब्ध गराइएको पाठ्यपुस्तकलाई नै पाठ्यक्रमका रूपमा बुझ्ने गरेको देखिन्छ । तसर्थ पाठ्यपुस्तक उपलब्धतामा ढिलाइ भएको अवस्थामा पाठ्यक्रमलाई आधार मानी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गराउनेतर्फ शिक्षकको ध्यान गएको देखिँदैन । पाठ्यक्रमलाई आधार मानेर शिक्षण गर्ने सकिन्छ भन्नेतर्फ भन्दा पनि पाठ्यपुस्तक बेगर कक्षा सञ्चालन गर्न हुन्न/सकिन्न भन्ने बुझाइका कारण वेला वेलामा पाठ्यपुस्तक उपलब्धतामा हुने ढिलाइ सर्वाधिक चासो/चर्चाको विषय बन्ने गरेको छ ।

**(छ) मातृभाषाका पाठ्यपुस्तक**

नेपाल भाषिक/सांस्कृतिक दृष्टिकोणबाट विविधतायुक्त देश हो । यहाँ १२५ भन्दा बढी प्रकारका स्थानीय भाषाहरू चलनचल्तीमा रहेका छन् । कतिपय भाषाका आफ्ना अलग लिपि, व्याकरणहरू पनि छन् भने अधिकांश भाषाहरू बोलीचालीमा मात्र सीमित छन् । यद्यपि संवैधानिक व्यवस्थाअनुसार मातृभाषामा आधारभूत तह अध्ययन गर्न पाउनु पर्ने र ती सबै मातृभाषामा पाठ्यपुस्तक तयार हुनुपर्ने माग पनि उत्तिकै आउने गरेको छ । तर सम्बन्धित भाषामा पाठ्यपुस्तक लेखन गर्न सक्ने जनशक्तिको उपलब्धता, भाषाको लिपि व्याकरण नहुँदा त्यसको विस्तारित स्वरूपको ज्ञान नहुने जस्ता समस्या पनि रहेका छन् । एउटै भाषामा पनि स्थान विशेष फरक फरक स्वरूपमा प्रयोग हुँदा एउटै भाषा पनि खण्डीकृत हुन गएको छ । त्यस्तो अवस्थामा सम्बन्धित भाषामा एकरूपता कायम गर्न भाषालाई एकीकृत रूपमा विकास गर्न त्यस्ता भाषाहरूको राष्ट्रिय मानक तयार गर्नुपर्ने र मातृभाषालाई स्थानीय विषयका रूपमा मात्र सीमित नभई अनिवार्य गर्ने र मातृभाषाका पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रबाट तयार हुनुपर्ने आवाज पनि उत्तिकै उठिरहेको छ ।

**(ज) ऐच्छिक विषयका पाठ्यपुस्तकहरू**

नयाँ पाठ्यक्रम कार्यान्वयन गर्दा सुरुमा अनिवार्य विषयहरूको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी कार्यान्वयन हुने गरेको छ । तत्पश्चात् मात्र इच्छाधीन विषयहरूको पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरी प्रयोगमा ल्याइन्छ । माध्यामिक तहमा निर्धारण गरिएका सबै ऐच्छिक विषयहरूको पाठ्यक्रम तथा पाठ्यपुस्तक एकै

समयमा विकास गर्ने कार्य चुनौतीपूर्ण पनि छ । अधिक सङ्ख्यामा ऐच्छिक विषयहरू र ती विषयसँग सम्बन्धित रोस्टर/विज्ञहरूको सीमित उपलब्धताका कारण पनि क्रमशः पछिल्ला वर्षहरूमा ऐच्छिक विषयहरूको पाठ्यक्रम/पाठ्यपुस्तक विकास गरी कार्यान्वयन गर्ने गरिएको छ । माध्यामिक तह कक्षा ११ र कक्षा १२ मा त अनिवार्य विषय नेपाली, अङ्ग्रेजी र सामाजिक विषयको मात्र पाठ्यपुस्तक विकास भएको छ भन्ने ऐच्छिक विषयको त अझैसम्म पाठ्यक्रम विकास केन्द्रले नमुना पाठ्यपुस्तकको विकास गर्न सकेको छैन ।

### (झ) पाठ्यपुस्तकको परिमार्जन/अद्यावधिकता

पाठ्यपुस्तक तयार गर्दा कहिलेकाहीँ सामान्य त्रुटिहरू भएका देखिन्छन् । यस्ता त्रुटिहरू पछिल्ला वर्षहरूमा क्रमशः कम हुँदै गइरहेका छन् तर पनि त्रुटि नै हुन नदिने गरी पाठ्यपुस्तक विकास हुन सकिरहेको छैन । पाठ्यपुस्तक तयार गर्दा सामान्यतया भाषा, वर्णविन्यास, तथ्याङ्क र तथ्य तथा कहिलेकाहीँ विषयवस्तुमा नै पनि त्रुटि भेटिन्छन् । विषयवस्तु तथा तथ्याङ्कीय प्रकृतिका त्रुटि फेला परेमा तत्काल सूचना गरी त्यस प्रकारका त्रुटिहरू सच्याउने गरेको पाइन्छ । वर्णविन्याससँग सम्बन्धित त्रुटिलाई पाठ्यपुस्तक अद्यावधिक गर्दा सच्याएर प्रकाशन गर्ने गरिएको छ । सामान्यतया एक पटक विकास गरेको पाठ्यपुस्तकहरू पाँच वर्ष अवधिसम्म प्रयोगमा ल्याइन्छ । शिक्षण विधिमा आएको परिवर्तन प्रयोगकर्ताहरूबाट प्राप्त सुझाव समेतलाई ध्यान दिँदै तत्पश्चात् पाठ्यपुस्तकको परिमार्जन गरी अद्यावधिक गरिन्छ । पाठ्यपुस्तक नै नयाँ लेखन कार्य भने नयाँ पाठ्यक्रमको कार्यान्वयनसँगै गरिन्छ । यद्यपि समयानुकूल पाठ्यपुस्तकको अद्यावधिक गरी विकास गर्नुपर्ने आवाज पनि उठिरहेको छ ।

### (ञ) पाठ्यपुस्तकमा रहने विषयवस्तुको प्रतिलिपि अधिकार

पाठ्यपुस्तकमा रहने हरेक विषय, चित्र लेखक/प्रकाशकले नै सिर्जना गरेको/तयार गरेको हुनुपर्छ । अन्यबाट साभार गरेका विषयवस्तुहरू सामान्यतया राखिनुहुँदैन । राख्नै परेमा अनुमति लिनुपर्ने हुन्छ । तर हाल विकसित भएका कतिपय पाठ्यपुस्तकमा बाहिरका सामग्रीहरू (खुला स्रोतका) समेत समावेश गरेको पाइन्छ । प्रायः चित्रहरू open source – google बाट लिएको देखिन्छ । विषयवस्तुको मर्मअनुसार सिर्जना गर्नुपर्ने स्थानीय परीवेशअनुसारका चित्रहरू आफैँ निर्माण गरेर समावेश गर्नु पर्नेमा बाह्य स्रोतको उपयोग गर्दा प्रतिलिपि अधिकारको प्रश्न खडा हुने गर्दछ । निजी प्रकाशनबाट प्रकाशित कतिपय पाठ्यसामग्रीमा खुला स्रोत Internet बाट पाइने सामग्रीहरू जस्ताको त्यस्तै हुबहु साभार गरेको पनि देखिन्छ । कतिपय पाठ्यसामग्रीमा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित पाठ्यपुस्तकको जस्ताको त्यस्तै नक्कल गरेको, कतिपय अवस्थामा एउटा निजी प्रकाशनका पाठ्यसामग्रीका विषयवस्तुलाई हुबहु अर्को लेखक/प्रकाशकले अनुकरण गरेर पाठ्यसामग्रीमा समावेश गरेको पाइन्छ । यसरी नक्कल गर्दा प्रतिलिपि अधिकारका विषयमा ध्यान नदिएको र पाठ्यक्रम विकास केन्द्रले पनि त्यस्तो साभार गरेको/नक्कल गरेको पहिचान गरी त्यस्ता पाठ्यसामग्री प्रकाशनमा नियन्त्रण गर्न सकेको देखिँदैन ।

### (ट) प्राविधिक धारतर्फका पाठ्यपुस्तक सम्बन्धमा

विद्यालय शिक्षामा पनि प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रवेश गराएपछि उक्त धारतर्फका पाठ्यक्रम विकास र पाठ्यक्रमअनुसार पाठ्यपुस्तक निर्माण गर्ने विषय एउटा प्रमुख मुद्दा रहेको छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले तयार पारेका विषयगत पाठ्यक्रम र प्राविधिक धारतर्फका विद्यालयमा पठन पाठन हुने प्राविधिक विषयहरूको पाठ्यक्रमको समरूपता कायम गर्ने विषय अहिले चर्चामा रहेको छ । पाठ्यक्रम विकास केन्द्रले बाहिरी बजारमा अधिक माग भएका ऐच्छिक विषयमा विद्यालय तह कक्षा ९-१२ का पाठ्यक्रम क्रमशः तयार गर्दै गए पनि ती विषयहरूमा पाठ्यपुस्तक भने तयार गरेको छैन । सीमित मात्रामा निजी प्रकाशकहरूबाट तयार गरी पाठ्यक्रम विकास केन्द्रको अनुमतिमा बजारमा बिक्री, वितरण भइरहेको छ । यद्यपि विकसित पाठ्यसामग्रीमा एकरूपता र सामग्रीको वैधतामा प्रश्न उठाउने गरिएको पाइन्छ । विद्यालय तथा शिक्षकहरूले उक्त विषयका पाठ्यसामग्री/पाठ्यपुस्तक/स्रोत सामग्रीसमेत पाठ्यक्रम विकास केन्द्रले तयार गरी सबैको पहुँचमा पुऱ्याउनु पर्ने माग आइरहेको छ ।

### (ठ) समसामयिक विषयहरू पाठ्यपुस्तकमा समावेश गर्नु पर्ने माग

वर्तमानमा विभिन्न समूहहरू, सरोकारवालाहरू, कहिलेकाहीँ सरकारी निकायहरूसमेत समसामयिक विविध विषयहरू पाठ्यक्रम/पाठ्यपुस्तकमा समावेश हुनुपर्छ भनेर विभिन्न फोरमहरूमा आवाज उठ्ने गरेको पाइन्छ । पाठ्यपुस्तकमा हाल भएका विषयवस्तुको अध्ययन विश्लेषण नै नगरी कतिपय विषय पाठ्यपुस्तकमा लेखिनुपर्ने दबाब पनि सिर्जना गराउने गरेको पाइन्छ । पोषण र सरसफाइ, वित्तीय साक्षरता, सडक सुरक्षा र ट्राफिक नियमसम्बन्धी विषय, पुरातात्त्विक सम्पदा र संस्कृति, लैङ्गिक हिंसा, न्यूनीकरण, पर्यावरणीय परिवर्तन र यसको असर, बृहत् यौनिकता शिक्षा, शान्ति शिक्षा, मानवअधिकार शिक्षा, निर्वाचन शिक्षा, सूचनाको हकको व्यवस्था, सुशासन र भ्रष्टाचार नियन्त्रण, प्रजनन, स्वास्थ्य, सूचना, प्रविधि समावेशिता र सामाजिक न्याय परम्परा र विविध रीतिरिवाज, साइबर कानुन, नागरिक शिक्षा, मूल्यमा आधारित शिक्षालगायतका कतिपय विषयहरू जुन कुनै न कुनै रूपमा पाठ्यपुस्तकमा समावेश छन् तर यो विषय सबै कक्षामा रहनुपर्छ, अझै धेरै रहनुपर्छ भन्ने माग आउने गरेका छन् । यसले विषयवस्तुको क्षेत्र आवश्यकता भार (weightage), अन्य विषयसमेतको सन्तुलन कायम गरी पाठ्यपुस्तक विकास गर्नलाई र ती विषयवस्तुको औचित्य र आवश्यकता कति हो निर्धारण गर्नलाई केही जटिलता सिर्जना हुने गरेको छ ।

## ७. निष्कर्ष

पाठ्यपुस्तक शिक्षणको त्यस्तो साधन हो, जन सर्वाधिक प्रयोगकर्ताले प्रयोग गर्दछन् । पाठ्यपुस्तक जस्तो महत्त्वपूर्ण शिक्षण सामग्री वस्तुपरक, विश्वसनीय, भरपर्दो, सबैको आवश्यकता सम्बोधन गर्न सक्ने, त्रुटिरहित र आकर्षक हुनुपर्छ । समय परिवर्तसँग समाजको माग, विद्यार्थीको सिकाइको क्षमता, देशको सामाजिक, सांस्कृतिक पक्ष, अन्तर्राष्ट्रिय परिवेशअनुरूप पाठ्यक्रमले निर्धारण गरेका

सिकाइ उपलब्धि हासिल हुने गरी पाठ्यपुस्तक विकास गरिनुपर्छ । नेपालका सन्दर्भमा विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तक विकासको जिम्मेवारी प्राप्त निकाय पाठ्यक्रम विकास केन्द्रले उपलब्ध विज्ञहरूलाई परिचालन गरी पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार पाठ्यपुस्तक विकास गर्दै आइरहेको छ । यद्यपि समयानुकूल यसमा संशोधन, परिमार्जन र सुधार हुनुपर्ने मागहरू पनि आइरहेका छन् । पाठ्यपुस्तक विकास र सहज उपलब्धतासँग सम्बन्धित विभिन्न मुद्दा तथा विषयहरूलाई क्रमशः हल गर्दै गुणस्तरीय पाठ्यपुस्तक विकास गरी बालबालिकालाई सहज पूर्वक सिकाइ हासिल गर्न सक्ने तुल्याउनु वर्तमान अपरिहार्यता हो । सोहीतर्फ पाठ्यपुस्तकसम्बद्ध सबै संस्था, निकाय तथा सरोकारवालाहरू परिचालित हुनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


कानुन किताब विकास समिति (२०७२). नेपालको संविधान. काठमाडौँः कानुन किताब विकास समिति

कानुन किताब विकास समिति (२०५९), शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९, काठमाडौः कानुन किताब विकास समिति

पाठ्यक्रम विकास केन्द्र (२०७६),. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप. भक्तपुरः पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र (२०७९). पाठ्यक्रम तथा पाठ्यसमाग्री विकास तथा वितरण निर्देशिका, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र

राष्ट्रिय शिक्षा आयोग (२०४९). राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९. काडमाडौँः शिक्षा तथा संस्कृति मन्त्रालय

शिक्षा मन्त्रालय (२०२८). राष्ट्रिय शिक्षा पद्धति योजना २०२८-२०३२, काडमाडौँः शिक्षा मन्त्रालय

Ivic, I., Pesikan A. & Antic, S. (eds.) (2013). Textbook Quality: A guide to Textbook Standards. Germany: V&R unipress.

Pesican, A. & Lori, Z. (2023). Quality standards for digital textbooks and auxiliary digital educational materials. UINCEF.

Samuel, A. (2014). Curriculum Models: Product vs Process. Journal of Education and Practice, Vol 14.

# शिक्षामा वित्तीय व्यवस्थापन

श्रीप्रसाद भट्टराई*

**लेखसार**

*पिटर ड्रुकर (Peter Drucker) ले व्यवस्थापनको सार गराइमा छ भनाइमा होइन भने झैँ व्यवस्थापनलाई उचित बनाउँदा व्यवस्थापकले सीमित स्रोत साधनमा पनि चामत्कारिक नतिजा दिन सक्छ । वित्तीय व्यवस्थापनमा आर्थिक प्रशासनको मुख्य विषय रहन्छ । आर्थिक प्रशासन वायुमण्डलमा अक्सिजन झैँ व्यवस्थापनमा फैलिएको छ । राज्यले प्रभावकारी शैक्षिक सेवा व्यवस्थापनका लागि नागरिकसँग राजस्व लिने र राजस्व स्वच्छ परिचालन एवम् मितव्ययी र जिम्मेवारीपूर्ण खर्चबाट शिक्षाका अभीष्ट पूरा गर्नका लागि शिक्षामा प्रभावकारी सार्वजनिक वित्तीय व्यवस्थापनको भूमिका श्रेष्ठ हुन्छ । यस लेखलाई शिक्षामा वित्तीय व्यवस्थापनको अवस्थाको सामान्य विश्लेषण गर्दै शिक्षामा वित्तीय व्यवस्थापनका उद्देश्य, सङ्घीय प्रणालीमा शैक्षिक वित्त व्यवस्थापन, नेपालको शिक्षा क्षेत्रमा वित्तीय व्यवस्थापनमा देखिएका मुख्य सवाल र चुनौतीको उजागर तथा गुणस्तरीय शिक्षाका लागि भावी दिनमा अवलम्बन गर्नुपर्ने शिक्षा क्षेत्रमा वित्तीय व्यवस्थापन सम्बद्ध विषयवस्तुहरूबाट लेखिएको हो ।*

## १. विषय प्रवेश

नागरिकका अभिलाशा प्रतिबिम्बित नेपालको वर्तमान संविधानले शिक्षालाई मौलिक हकका रूपमा लिएको छ । संविधान प्रदत्त शिक्षासम्बद्ध अधिकार कार्यान्वयनका लागि सार्वजनिक वित्त व्यवस्थापनको मुख्य भूमिका रहन्छ । तहगत सरकारबिच हुने समन्वय, सहकारिता र सहकार्यले त वित्तीय व्यवस्थापनमा अभिभावकीय भूमिका खेल्छ नै । स्रोतको खोजी तथा उच्चतम प्रतिफल केन्द्रित परिचालनबाट शिक्षामा वित्त व्यवस्थापन गर्न आवश्यक छ । कोष र पैसालाई दक्षताका साथ सङ्गठनको उद्देश्य प्राप्तिमा प्रयोग गर्नु नै वित्तीय व्यवस्थापन हो । शैक्षिक उद्देश्य हासिल गर्न स्रोतको प्राप्ति, विनियोजन र व्यवस्थापन शिक्षामा वित्तीय व्यवस्थापनको योजना तर्जुमाबाट नै सुरु हुन्छ । वित्तीय स्रोतलाई शिक्षाका लागि योजना गर्नु, निर्देशन र नियन्त्रण गर्नु शिक्षामा वित्तीय व्यवस्थापन हो । सङ्घीय शासन प्रणालीमा तीन तहबाट हुने शैक्षिक व्यवस्थापनमा वित्त व्यवस्थापन सहकार्य र समन्वयका साथ स्रोतको मितव्ययी प्रयोग तथा दोहोरो अवस्था हुन नदिन बढी गतिशील र यथार्थतामा आधारित हुनुपर्छ । यसबाट नै राज्यतर्फबाट शिक्षा क्षेत्रमा राखिएका लक्ष्य पूरा हुन सक्छन् ।

## २. शिक्षामा वित्तीय व्यवस्थापनको अवस्था

नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिक विकास वि.सं. २००८ सालको पहिलो बजेटबाट भएको पाइन्छ । वित्तीय पक्षसँग व्यवस्थापनमा रेफ्री, पुरस्कृत र नियमन गर्ने शक्ति

* उपमहानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र

हुन्छ । सार्वजनिक निकायमार्फत हुने आम्दानी र खर्चको एकीकृत स्वरूप सार्वजनिक वित्तीय व्यवस्थापन हो । नेपाल एकात्मक शासकीय प्रणालीबाट सङ्घीय शासकीय प्रणालीमा रूपान्तरण भएको अवस्थामा शिक्षा क्षेत्रमा हुने स्रोत परिचालन फरक मोडालिटीमा हुनु अपरिहार्य छ । सङ्घीयताका राजनीतिक, प्रशासनिक तथा वित्तीय आयामहरू अन्तरसम्बन्धित र एकअर्कामा परिपूरक हुन्छन् । राजनीतिक र प्रशासनिक आयामको विवेकपूर्ण प्रयोगबिना वित्तीय आयामले नागरिकको आर्थिक समृद्धि दिलाउने तथा सामाजिक ऊर्जा सिर्जना गर्ने उद्देश्य पूरा गर्न सक्दैन । वित्तीय आयामको मूल ध्येय नागरिकको समृद्धि नै हो । नागरिकलाई समृद्धिको दिशामा लैजाने औजार नै शिक्षा हो । समृद्धिका लागि शिक्षा साधन र साध्य दुवै हो नै । वित्तीय सङ्घीयता सरकारको वित्तीय सशक्तीकरणका माध्यमबाट आम नागरिकको आर्थिक सशक्तीकरण तथा सवलीकरण हो । शासकीय शक्ति र जिम्मेवारी केन्द्रीय सरकारको नियन्त्रणमा रही सार्वजनिक सेवा प्रवाहमा एकात्मक प्रणालीमा एकरूपता कायम गरिएको हुन्छ र वित्तीय व्यवस्थापन पनि सोहीअनुसार रहन्छ । फरक शासकीय प्रणाली भएका मुलुकमा फरक वित्तीय व्यवस्थापन हुनु नौलो रहेन तर एउटै एकात्मक वा सङ्घात्मक शासकीय प्रणाली भएमा मुलुकमा पनि वित्तीय व्यवस्थापन फरक पाइन्छ । नर्वे, चीन, स्विडेन जस्ता एकात्मक शासकीय प्रणाली भएका मुलुक भारत, मलेसिया जस्ता सङ्घीय शासन भएका मुलुकभन्दा वित्तीय व्यवस्थापनमा बढी विकेन्द्रित भएको पाइन्छ । वित्तीय व्यवस्थापनसँगै कार्यान्वयनमा नैतिकता, स्रोतको पुनः प्रयोग, सेवा व्यवस्थापनमा नागरिक सहभागिता शिक्षा क्षेत्रमा खोजिएको संवैधानिक मार्गनिर्देशन हो । हाम्रो संविधानले कल्याणकारी राज्यको जिम्मेवारीसमेत बोकेकाले सार्वजनिक वित्तीय व्यवस्थापनलाई उत्पादनशील उपयोग तथा विवेकपूर्ण प्रयोगले हाम्रो सन्दर्भमा शिक्षा क्षेत्रमा बढी सार्थकता राख्छ । नेपालको संविधानकमा शिक्षासम्बन्धी प्रावधान तथा सोअनुरूप बनेका कानुनको कार्यान्वयनमा शैक्षिक वित्तीय व्यवस्थापन उचित हुनु अनिवार्य सर्त बनेको छ । एकात्मक शासकीय प्रणालीमा व्यवस्थापन हुँदै आएको शिक्षामा वित्त व्यवस्थापन परिवर्तित सन्दर्भमा सङ्घीय इकाइबाट फरक अभ्यास र तरिकाबाट हुँदै आएको छ । कानुनी तथा नीतिगत शैक्षिक प्रावधानलाई कार्यान्वयनमा ल्याउन वित्तीय व्यवस्थापनसँगै वित्तीय जोखिम र वित्तीय सुशासन जोखिमलाई घटाउने चुनौती सामना गर्नैपर्छ । नागरिकबाट प्राप्त साधन प्रयोग गरी उनीहरूका शिक्षासम्बद्ध उद्देश्य पूरा गरी गुणस्तरीय जीवनयापनका लागि नागरिकलाई सक्षम बनाउनु नै शिक्षामा उचित वित्तीय व्यवस्थापन हो । शिक्षामा प्रवाह हुने स्रोतको खोजी, स्रोतको उचित र प्रभावकारी प्रयोग, गुणस्तरीय प्रतिफलको व्यवस्था, शैक्षिक सुशासनको अभ्यास जस्ता पक्षहरू शिक्षामा वित्त व्यवस्थापनका सवाल हुन् । राज्य, निजी क्षेत्र तथा नागरिक स्तरबाट शिक्षामा हुने लगानीले वित्तीय व्यवस्थापनको स्रोत खोजी र परिचालनमा प्रभावित बनाउँछ ।

## ३. शिक्षामा वित्तीय व्यवस्थापनको उद्देश्य

नागरिकको साधन नागरिकको हितका लागि नागरिककै शैक्षिक आवश्यकताका क्षेत्रमा उचित प्रयोग गर्नुसँग शैक्षिक वित्तीय व्यवस्थापनको आवश्यकता जोडिन्छ । शैक्षिक वित्तीय व्यवस्थापनमा सैद्धान्तिक, व्यवस्थापकीय, नैतिक र नीतिगत मर्म रहेका हुन्छन् । यी मर्मलाई देहायका उद्देश्यबाट पूरा गराउनुपर्छ :

- शैक्षिक गुणस्तरका लागि जवाफदेही सिर्जना र मापन गर्नु

- शैक्षिक प्राथमिकताका क्षेत्रमा स्रोत र साधन खोजी, विनियोजन र प्रयोग गर्नु
- शिक्षा क्षेत्रमा समष्टिगत वित्तीय अनुशासनमार्फत शैक्षिक सुशासन कायम गर्नु

## ४. सङ्घीय शासन र शिक्षामा वित्तीय व्यवस्थापन

राज्यको शासकीय प्रणालीले देशको वित्तीय व्यवस्थापन निर्धारण गर्छ । राज्यको कानुन तथा नीतिले सार्वजनिक वित्तीय व्यवस्थापनको ढाँचा निर्धारण गर्छ । राज्यका विकास र सुशासनसम्बद्ध सूचकको अवस्था विश्लेषणले देशमा हुने वित्तीय व्यवस्थापन केमा केन्द्रित छ भन्ने निर्धारण गर्छ । शिक्षा र स्वास्थ्यमा गरिएको लगानीले नागरिकको आर्थिक सशक्तीकरणमा सकारात्मक योगदान दिन्छ । योगदानलाई नतिजामा देखिन लामो समय लाग्छ । शिक्षा क्षेत्रमा यथेष्ट स्रोत परिचालनका लागि वित्तीय सङ्घीयतका चार आधारस्तम्भ कार्यजिम्मेवारीको बाँडफाँट, राजस्व अधिकारको बाँडफाँट, वित्तीय हस्तान्तरणको व्यवस्थापन र सार्वजनिक ऋणको उपयोग र नियमनलाई बलियो बनाउनुपर्छ । सङ्घीयतामा तल्ला तहको खर्च आवश्यकताको सबै अंश राजस्व अधिकारबाट पूरा नहुने र त्यसले वित्तीय असमानता सिर्जना हुने अवस्था रहन्छ नै । जसको प्रत्यक्ष प्रभाव शिक्षामा हुने लगानी वा वित्तीय प्रबन्धमा पर्छ । यो असमानतालाई घटाउन वित्तीय हस्तान्तरण गरिन्छ । वित्तीय हस्तान्तरणको मात्रालाई शिक्षा क्षेत्रमा आकर्षित गराउनु अपरिहार्य रहन्छ । अन्यथा शिक्षा क्षेत्र स्रोतको भोको हुन पुग्छ । वित्तीय सङ्घीयता अध्ययनको दोस्रो पुस्ताको सिद्धान्तले भने जस्तै गरी सार्वजनिक वित्तीय साधन स्रोत अरूको पैसा खर्च गर्ने कार्य भएकाले व्यवस्थापन गर्दा वित्तीय जवाफदेही र उत्तरदायित्वलाई पर्याप्त ध्यान दिनुपर्छ । हरेक कामलाई वित्तले पछ्याउनु पर्छ भन्ने वित्तीय व्यवस्थापनको एक स्थापित सिद्धान्त हो । शिक्षामा गरिने हरेक वित्तीय व्यवस्थाले शैक्षिक सूचकमा सकारात्मक सुधार दिन सक्नु पर्छ । शैक्षिक सूचकमा सुधार नै शिक्षामा अरूको पैसा खर्च गर्नुको सार्थकता र जवाफदेहिता हो । नेपालको आफ्नै विशिष्ट भौगोलिक तथा सामाजिक सांस्कृतिक विविधताले पनि शिक्षा क्षेत्र कति प्राथमिकतामा भन्ने विषय प्रभावित बन्छ । जसका लागि गुणस्तरीय शिक्षामा लगानी तथा वित्तीय प्रबन्ध नै समस्याको समाधान हो ।

आफ्नो राजस्व स्रोतभन्दा खर्चको आवश्यकता बढी भएमा हुने वित्तीय असमानतालाई न्यूनीकरण गर्न वित्तीय हस्तान्तरण गरिन्छ । तल्ला तहका सरकार आर्थिक रूपमा सबल नहुँदासम्म अन्तरसरकारी हस्तान्तरणको महत्त्व रहन्छ । अन्तरसरकारी वित्तीय हस्तान्तरण वित्तीय सङ्घीयताको तेस्रो खम्बा हो । यसले नै वित्तीय प्रबन्धमा सन्तुलन ल्याउन सहयोग गर्छ र शिक्षाका राष्ट्रिय लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउँछ । यसमा केन्द्रबाट तल्ला तहका सरकारलाई वितरण गरिने वित्तीय हस्तान्तरणको कुल परिमाण कति भन्ने निर्धारण भएपश्चात् हस्तान्तरण गरिन्छ । क्षितिजीय र समतलीय वित्तीय अन्तर कम गरी शिक्षासम्बद्ध सेवामा एक रूपता तथा गुणस्तरमा समकक्षताका लागि वित्तीय हस्तान्तरण अहम् रहन्छ । तहगत सरकारका कार्यजिम्मेवारी पूरा गर्न शिक्षा क्षेत्रमा यो झन महत्त्वपूर्ण हुन्छ । शिक्षामा हुने प्रकारगत वित्तीय अन्तरले उत्पादित जनशक्तिबिच विभेद सिर्जना गर्छ । यस्तो विभेदले समग्र शिक्षा प्रणालीलाई कमजोर बनाउने हुनाले वित्तीय अन्तर पूरा हुने गरी शिक्षा क्षेत्रमा वित्तीय व्यवस्थापन आवश्यक देखिन्छ । वित्तीय अन्तर न्यूनीकरण गरी शिक्षामा समतामूलक वित्तीय प्रबन्ध गर्नु चुनौतीपूर्ण कार्य हो । यसका लागि सुझबुझयुक्त नेतृत्व, शिक्षाको महत्त्व आत्मसात् गर्ने पदाधिकारी, कार्यान्वयनमा पारदर्शिता र जवाफदेही प्रणाली तथा नतिजामा नागरिक सन्तुष्टि हुने अवस्था सिर्जना अनिवार्य सर्त हुन आउँछ ।

नेपालको संविधानको धारा ६० मा हरेक प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको कुल परिमाण सिफारिस गर्ने अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रदान गरेको छ । नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई अनुदान र राजस्व बाँडफाँटका माध्यमबाट वित्तीय हस्तान्तरण गर्छन् जसममा वित्तीय समानीकरण, विशेष, ससर्त र समपूरक जस्ता अनुदान नेपाल सरकारले बार्षिक बजेट तथा कार्यक्रमसँगै निर्धारण गर्छ । शिक्षामा पनि वित्तीय समानीकरण, ससर्त, विशेष र समपूरक अनुदानबाट तहगत रूपमा वित्तीय व्यवस्थापन हुदै आएको छ । वित्तीय समानीकरण अनुदानलाई शैक्षिक क्रियाकलापमा क्रमशः केन्द्रित गर्दै ससर्त अनुदानलाई न्यूनीकरण गर्न वित्तीय व्यवस्थापनमार्फत सुशासन नागरिक तहसम्म विस्तार हुनुपर्छ । यसका लागि शिक्षासम्बद्ध क्रियाकलापमा पहिलो प्राथमिकता दिई शैक्षिक गतिविधिलाई स्थानीयकरण गर्नुपर्छ । स्थानीय शैक्षिक आवश्यकता र चाहनालाई सम्बोधन गर्ने गरी वित्तीय प्रबन्ध गर्नुपर्छ । स्थानीय ज्ञान र सिपले फैलने तथा विश्व बजारसँग प्रतिस्पर्धा गर्न तयार रहने जनशक्ति उत्पादन गर्न शिक्षामा लगानी न्यून नहुने वातावरण सिर्जना गर्नुपर्छ, जसका लागि तहगत सरकारबिच सहकार्य, समन्वय र साझेदारी चाहिन्छ ।

विभिन्न अनुसन्धान र अध्ययनले वित्तीय हस्तान्तरणको प्रभावकारिताका लागि केन्द्रीय अनुगमन, तल्ला तहमा राजस्व स्वायत्तता र परनिर्भरताबिचको महत्तम बिन्दुको खोजी, राजस्व निक्षेपणमा जोड तथा नतिजमा आधारित हस्तान्तरणको आवश्यकतालाई औंल्याएका छन् । यस किसिमको केन्द्रीय अनुगमन तथा नतिजामा आधारित अनुदान शिक्षाको सन्दर्भमा बढी आवश्यक देखिन्छ । स्थानीय र प्रदेश तहमा ससर्त कार्यक्रमलाई पनि मर्मबमोजिम सञ्चालन गराउन तितो अनुभव रहेको हाम्रो अवस्थामा शिक्षा क्षेत्रमा हुने वित्तीय व्यवस्थापनबाट दिगो विकास लक्ष्य, शिक्षा योजनाका उद्देश्य, संवैधानिक प्रावधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता आदिलाई कार्यान्वयन गर्नु थप चुनौतीपूर्ण रहेको देखिन्छ ।

तीनै तहको सरकारको वित्तीय आधार वृद्धि गर्न तथा एकल र साझा शिक्षा क्षेत्रका जिम्मेवारी सामञ्जस्यपूर्ण तरिकाबाट पूरा गर्न स्रोत व्यवस्थापन र अन्तरसरकारी वित्त हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउनु जरुरी छ । शैक्षिक सूचकहरूको तुलनात्मक अवस्था तथा स्थानीय आर्थिक सक्षमताको पाटो विश्लेषण गरी शिक्षामा वित्तीय व्यवस्थापनको प्रबन्ध मिलाउनु पर्छ । यसैले सरकारहरूको सार्वजनिक वित्तीय व्यवस्थापन क्षमता विकास गरी शिक्षा क्षेत्रमा वित्तीय सुशासन कायम गराउन सक्छ । यसका लागि नेतृत्वमा इमानदारिता र दूरदृष्टि आवश्यक देखिन्छ ।

## ५. शिक्षामा वित्तीय व्यवस्थापनमा देखिएका मुख्य सवाल र चुनौती

शिक्षा क्षेत्र अन्य क्षेत्रसँग अन्तरसम्बन्धित र जेलिएको हुन्छ । स्रोतको खोजीदेखि स्रोतको प्राप्ति, पुनः प्रयोग तथा उचित उपयोगसम्म शिक्षामा वित्तीय व्यवस्थापनले भूमिका खेल्छ । शिक्षामा वित्तीय व्यवस्थापनमा देखिएका मुख्य सवाल तथा चुनौती यस प्रकार छन् :

- शिक्षा क्षेत्र केन्द्रित स्रोतको खोजी र लगानी हुनु
- लगानीको प्राथमिकताको क्षेत्रमा शिक्षा पर्नु
- वित्तीय व्यवस्थापनलाई सङ्घीय शासकीय प्रणाली अनुकूलन बनाउनु

- ससर्त अनुदान न्यूनीकरणसँगै वित्तीय समानीकरण अनुदानमा वृद्धि गर्नु
- अनुदान रकमलाई शैक्षिक सूचकको गुणस्तर सुधारमा प्रयोग गर्नु
- वित्तीय जोखिम न्यूनीकरण गर्नु
- शैक्षिक वित्तीय सुशासन कायम गर्नु र सरोकारवालाहरूमा वित्तीय व्यवस्थापनको समान बुझाइ र अभ्यास गराउनु
- गुणस्तरीय शिक्षाका लागि स्रोत साधन परिचालित हुनु
- वित्तीय उत्तरदायित्व सिर्जना र परिपालन गर्नु
- वित्तीय व्यवस्थापनमा नैतिकता र इमानदारिता अभिवृद्धि गर्नु
- सङ्घीय एकाइमा स्वायत्तता र आवश्यकताबिचको तालमेल मिलाइ शिक्षाका गतिविधि सञ्चालन गर्नु
- तहगत सरकारबिच हुने शैक्षिक प्रतिस्पर्धालाई नतिजामूलक, वित्तीय सुशासन केन्द्रित र सिकाइ स्थानान्तरणको माध्यमका रूपमा विकास गर्नु

सङ्घीय मुलुकले शिक्षा क्षेत्रमा हुने वित्तीय हस्तान्तरणलाई फरक फरक नमुनामा प्रयोगमा ल्याएको देखिन्छ । ससर्त अनुदान प्रभावकारी कि निःसर्त अनुदान भन्ने विषयमा वित्तीय सङ्घीयताका विज्ञबिचमा एउटै धारणा पाइँदैन । तल्लो तहको स्वायत्तताका लागि तथा वित्तीय अनुशासन स्थापित भएको मुलुकमा निःसर्त अनुदान उचित देखिन्छ भने वित्तीय सुशासनको जोखिम रहेका मुलुकमा ससर्त अनुदान नै बढी प्रभावकारी भएको अन्य सङ्घीय मुलुकहरूको अभ्यासबाट देखिन्छ । स्रोत साधनको परिचालन तथा पुनःपरिचालनलाई शिक्षामा गरिने लगानीको प्रतिफलसँग मिलान गर्ने सवाल सधैँ शिक्षामा वित्तीय व्यवस्थापनिभत्र लुकेको सवाल हो ।

निःसर्त अनुदानले तल्ला तहका सरकारको वित्तीय स्वायत्ता बढाए पनि सित्तैमा प्राप्त अनुदानका रूपमा बुझी जनताप्रतिको उत्तरदायित्व नभई जथाभावी खर्च गर्ने प्रवृत्ति बढाउने जोखिम (flypaper effect) रहन्छ, यस्तो प्रवृत्तिले शिक्षाको वित्तीय पाटो अन्धकार बन्न सक्छ । यस्तो अभ्यासबाट शिक्षामा हुने लगानी अन्यत्र मोडिने खतरा सदा रहन्छ जुन हाल अभ्यासमा रहेको वित्तीय समानीकरणबाट शिक्षा क्षेत्रमा भएको लगानीको अंश विश्लेषण गर्दा छर्लङ्ग हुन्छ । निःसर्त अनुदानको प्रयोगमा नागरिकको भार र योगदान अप्रत्यक्ष हुने हुनाले जनस्वामित्व पातलो भई कमर्चारीतन्त्र र राजनीतिक संयन्त्रले शक्तिको केन्द्रीकरण गरी खर्च गर्ने तथा वित्तीय लोकप्रियताको धार लिने सम्भावना रहन्छ । यसबाट शिक्षा क्षेत्रमा हुने लगानी तथा वित्तीय प्रबन्धलाई ठिक लक्ष्यमा परिचालन गर्नु चुनौतीको प्रमुख विषय हो । सामाजिक पक्षलाई भौतिक पक्षभन्दा महत्त्वपूर्ण ठानी वित्तीय व्यवस्थापन गर्नु हाम्रो जस्तो पर्यावरणमा निरन्तर प्रयास र अभ्यास चाहिन्छ । प्रभावकारी संरचना नभएसम्म ससर्त अनुदान निःसर्तभन्दा नतिजामुखी नहुन पनि सक्छ । तहगत रूपमा प्राप्त अनुदानलाई कसरी उचित क्षेत्र र लक्ष्य प्राप्तिमा प्रयोग तथा परिचालन गर्ने भन्ने विषय शासकीय व्यवस्थाको व्यावसायिकता, संरचना र जवाफदेही संयन्त्रसँग सरोकारित हुन्छ । ससर्त अनुदानलाई नै हालको संरचना र जनशक्ति प्रयोग गरी लक्षित वर्ग र कार्यमा परिचालन गरी उचित नतिजा दिन

सकेमा हालको शासकीय अवस्थामा नागरिकको नजिकबाट शैक्षिक गतिविधिलाई व्यवस्थापन गर्दाको औचित्य पुष्टि हुन्छ ।

## ६. गुणस्तरीय शिक्षाका लागि वित्तीय व्यवस्थापनको भावी कार्यदिशा

शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापनलाई क्रमशः गतिशील र समयसापेक्ष बनाउँदै लैजानुपर्छ । समय र लागतका हिसाबले गुणस्तरीय शैक्षिक गतिविधिबाट नागरिक तहमा सन्तुष्टि दिनु नै परिवर्तित शासकीय प्रणालीको यथार्थता हो । स्थानीय सिप र संस्कृतिले फैलने मौका पाउन तथा नागरिक स्तरमा भिजेको नेतृत्वमार्फत शिक्षाका गतिविधि सञ्चालन गर्ने सोचनीय वित्तीय व्यवस्थापन हुनुपर्छ । शिक्षामा हुने उचित वित्तीय प्रबन्धले नै नागरिकको सामाजिक सक्षमता अभिवृद्धि गरी गुणस्तरीय शिक्षाका अवयव बलियो बनाउँछ । स्थानीय आवश्यकतालाई सम्बोधन, सहभागितामूलक व्यवस्थापन र नतिजा केन्द्रित वित्तीय व्यवस्था शिक्षामा खोजिने पाटा हुन् । भावी दिनमा शिक्षा क्षेत्रमा अवलम्बन गर्नु पर्ने केही वित्तीय प्रबन्ध तथा व्यवस्थापन र नीति छलफलका विषयवस्तुका रूपमा यहाँ उल्लेख गरिएको छ ।

- शिक्षा नीति र कानुन तर्जुमाको समयमा नै ती नीति र कानुन कार्यान्वयनमा आवश्यक वित्तीय पक्षलाई विश्लेषण गर्ने र प्राप्तिका आधार भेटिएमा मात्र नीति सवालमा उठाउने
- राजस्वको उपलब्धता, खर्च प्रवृत्ति विश्लेषणको प्राप्ति तथा लगानीको प्राथमिकता जस्ता पक्षलाई हेरी शिक्षा नीति निरन्तरता दिने
- बजेट तर्जुमादेखि शिक्षामा वित्तीय व्यवस्थापनलाई सुधार गर्ने । शिक्षा क्षेत्रमा वास्तविकता र अपेक्षाबिचको अन्तरलाई पत्ता लगाउने । अन्तर न्यूनका लागि स्थान र समय सान्दर्भिक शैक्षिक क्रियाकलाप तय गर्ने । शैक्षिक सूचकहरूलाई स्थानीयकरण गरी तय गर्ने
- आवधिक योजना, आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना र शिक्षा योजना (सङ्घीय, प्रादेशिक र स्थानीय) बिच तार्कित सम्बन्ध कायम गराउने
- शिक्षा क्षेत्रमा हुने वित्तीय कारोबारको सबै क्रियाकलापलाई स्वचालित र पारदर्शी बनाउने
- सबै प्रकारको अनुदानलाई लक्षित क्षेत्र र वर्ग केन्द्रित गरी उचित प्रयोगका लागि नियन्त्रण र सन्तुलन संयन्त्र विकास गर्ने । पारदर्शी र सहभागितामूलक ढङ्गबाट स्थानीय विज्ञ समूह परिचालन गरी शिक्षामा वित्तीय कारोबारलाई विश्वसनीय, नागरिकमैत्री र प्रविधिअनुकूल बनाउने
- शैक्षिक गतिविधिमा नागरिक निगरानी बढाई शिक्षा क्षेत्रको वित्तीय सुशासनमा जोड दिने
- स्थानीय शैक्षिक सूचकका आधारमा वित्तीय स्रोतको विकेन्द्रीकरण गरी सम्बन्धित स्थानमा परिचालन गर्ने र आवश्यकतामा आधारित वित्तीय व्यवस्थापन गर्ने । स्थानीय तहभित्र हुने केन्द्रीकरण न्यूनीकरणका लागि विकेन्द्रित प्रबन्ध मिलाउने

- नतिजामूखी वित्तीय प्रबन्ध गर्ने र शैक्षिक स्राव (educational bleeding) को न्यूनीकरणका लागि लगानी र स्रोत परिचालन गर्ने । साझेदारी लगानी मोडालिटीलाई प्राथमिकता तथा प्रवर्धन गर्ने

- असल शासकीय वातावरण र व्यवहार, शैक्षिक अनुसन्धानको प्राप्ति तथा नागरिकस्तरको शैक्षिक सेवामा सन्तुष्टि अनुभूतिबाट प्रकट नभएसम्म शिक्षा क्षेत्रमा ससर्त अनुदानलाई बलियो पार्ने र अनुसन्धानको सकारात्मक प्राप्तिका आधारमा मात्र नेपालको समग्र शैक्षिक स्थिति विश्लेषण गरी वित्तीय समानीकरणको अनुदानलाई ससर्त अनुदान न्यूनीकरणको विकल्पका रूपमा शिक्षा क्षेत्रमा लैजाने

- लागत लाभ विश्लषेण (cost benefit analysis) र सामाजिक लाभ (social rate of return) कति भन्ने पक्षलाई मूल्याङ्कन तथा आकलन गरी शिक्षामा वित्तीय पक्षलाई व्यावहारिक बनाउने

- शिक्षा क्षेत्रमा हुनु पर्ने लगानीलाई अन्य क्षेत्रमा वितरित हुन नदिन वित्तीय व्यवस्थापनमा संलग्न निकाय र संयन्त्रको इमानदारिताको परीक्षण गर्ने व्यवस्था मिलाउने

- शिक्षामा गरिने वित्तीय प्रबन्धबाट हुने प्राप्ति तथा सामाजिक प्रभावको महत्त्व नेतृत्व तहमा बोध गराउने र प्रतिबद्ध कार्यान्वयन खोज्ने

## ७. निष्कर्ष

नेपालको परिवर्तित शासकीय संरचना अनुकूलको वित्तीय व्यवस्थापन शिक्षामा अपरिहार्य छ । तहगत सरकारबाट आवश्यकतामुखी वित्तीय प्रबन्ध तथा परिचालन हुनुपर्छ । हालसम्मको शैक्षिक अभ्यास, अनुभव र प्राप्तिलाई विश्लेषण गर्दा वित्तीय सङ्घीयताको संस्थागत आधारशिला खडा भए पनि समतासहितको आर्थिक समृद्धि र सामाजिक सक्षमताका बाटामा सार्वजनिक वित्तीय साधनलाई निर्देशित गर्ने चुनौती न्यून भएको देखिँदैन । यो चुनौतीले शिक्षा क्षेत्रमा थप जटिलता थपेको पाइन्छ । स्थानीय र प्रदेश तहमा बढ्दो संरचनागत वृद्धिले चालु खर्चको वृद्धि गरी वित्तीय सुशासनमा थप जटिलता सिर्जना गरेको छ र शिक्षा क्षेत्रमा हुने लगानी अन्यत्र विकेन्द्रित हुने जोखिम वृद्धि हुन पुगेको छ । उचित वित्तीय व्यवस्थापनको प्रबन्धबाट सङ्घीयतामा गुणस्तरीय शैक्षिक सेवा प्रवाहमा समन्यायिकता सिर्जना गरी राज्यले पक्षपात गर्दैन भन्ने विश्वास नागरिक तहमा अभिवृद्धि गर्नु जरुरी देखिन्छ र राज्यको नागरिक तहमा हुने सार्थक उपस्थिति पनि यही हो । सहकारी सङ्घीयतामा शिक्षाका गतिविधि सञ्चालन गरी शिक्षा क्षेत्रमा हुने वित्तीय प्रबन्ध सङ्घीयतासँगै हुर्काउनु र कामयाबी बनाउनु पर्ने छ । हालसम्मको सिकाइ र भोगाइलाई भावी बाटाका रूपमा ग्रहण गरी सहकारी ढाँचामा संविधान प्रदत्त शिक्षाका जिम्मेवारी कार्यान्वयन गराउन चालु खर्च कटौती, सहकार्यात्मक कार्यसंस्कार र वित्तीय सुशासन मुख्य विषय हुन आउँछन् जुन तहगत सरकारलाई शैक्षिक गतिविधि सञ्चालनको वित्तीय व्यवस्थापनका लागि मन्त्र नै हुन् । शिक्षामा वित्तीय व्यवस्थापनमा नैतिकता र इमानदारिता तहगत सरकारले देखाउन जरुरी छ अन्यथा शैक्षिक स्राव (educational bleeding) को मात्रा बढ्न गई शिक्षा क्षेत्र गन्जागोल हुन पुग्छ र वित्तीय रूपमा कमजोर भई ताप दिने तर प्रकाश नछर्ने अवस्थामा शैक्षिक उत्पादन पुग्छ ।

## सन्दर्भ सामग्री

नेपाल सरकार (२०७२), नेपालको संविधान, काठमाडौँ : कानुन किताब व्यवस्था समिति

नेपाल सरकार (२०७८), नेपालमा वित्तीय सङ्घीयता (अवधारणा र अभ्यास), काठमाडौँः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

मैनाली, गोपीनाथ (भोलुम २०२१) नेपाल पब्लिक पोलिसी रिभ्यु : काठमाडौँ, पृ २४९-२६०

# प्रविधिले शिक्षा र शैक्षिक प्रक्रियामा ल्याएको परिवर्तन

✍हरि लम्साल, पिएचडी*

**लेखसार**

*विकास एवम् प्रविधिमा पहुँचको हिसाबले नेपाली समाजमा विविधता छ । अवसरका हिसाबले पनि फरक छ । अमेरिका जापान जस्ता मुलुकमा तयार भएको मेसिन तथा उपकरण तत्कालै किनेर प्रयोग गर्न सक्ने हैसियत भएको समूह एकातिर छ भने अर्कोतिर स्तरीय इमेल, इन्टरनेट र टेलिफोन जस्ता प्रविधिको पहुँचबाट टाढा रहने समूह पनि ठुलो छ । यसैगरी समयमै पाठ्यपुस्तक नपाउने र शैक्षिक सामग्रीको अभावमा शैक्षिक सत्र गुजार्ने समूह एकातिर छ भने अर्कोतिर डिजिटल पाठ्यपुस्तक प्रयोग गर्ने समूह पनि छ । दोस्रो खालका समूहसँग नोभेम्बर २०२२ मा ओपनएआइले प्रविधिले शिक्षाका विषयवस्तु, शिक्षण विधि, शैक्षिक सामग्री, शैक्षिक प्रशासन एवम् व्यवस्थापन र विद्यार्थी मूल्याङ्कनमा ठुलो परिवर्तन ल्याएको छ । श्रुति परम्परामा रहेको शैक्षिक पद्धतिदेखि अहिलेको कृतिम बौद्धिकतासम्म आइपुग्दा शिक्षा र शैक्षिक प्रक्रियाले धेरै आरोह अवरोह पार गरेको छ । पछिल्लो समयमा इन्टरनेटले गरेको मलजलमा एआइ र कृत्रिम वौद्धिकताले थप क्रान्ति नै ल्याउने छाँटकाँट देखिँदैछ । ओपनएआइको च्याटजिपिटी जस्ता प्रविधिको असर शिक्षामा के कति मात्रामा पर्ला ? यसमा अनुमान हुने काम भइरहेको छ । एआइ र यस्तै प्रविधिले नेपालको शिक्षा र शिक्षा प्रणालीमा के असर र प्रभाव गर्लान् भनेर सोको अन्तरसम्बन्ध केलाउनमा लेख केन्द्रित छ । सहायक दस्तावेजको अध्ययन एवम् तहाँबाट प्राप्त सूचना विश्लेषण गरी वर्णानात्मक र विश्लेषणात्मक ढाँचामा लेख तयार गरिएको छ ।*

## १. विषय प्रवेश

नोभेम्बर २२ को मध्यतिर ओपनएआइ कम्पनीले च्याटजिपिटीनामक सर्च इन्जिन प्रयोगमा आउन थालेपछि शिक्षामा कृतिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग र यसले पार्ने प्रभावमा चर्चा सुरु भयो । जनवरी २०२३ को अन्तसम्म आइपुग्दा दश लाखभन्दा बढी व्यक्तिले यसको प्रयोग गरिसकेका छन् । सुरुमा कथा, कविता, प्रेम आदि लेखनमा च्याटजिपिटी के कस्तो गर्दोरहेछ भनेर परीक्षण गरिएको थियो । हाल यो परीक्षण विश्वविद्यालयका प्रवेश परीक्षामा प्रवेश गरिसकेको छ । यस्तो परीक्षण गर्ने काम बढ्दो क्रममा देखिन्छ ।

च्याटजिपिटीले गर्न सक्ने कामको परीक्षणसँगै यसको प्रयोगबाट आउन सक्ने असर र प्रभावका बारेमा बहस सुरु भएको छ । बहसमा सकारात्मक र नकारात्मक दुवै खालका तर्क छन् । शिक्षामा यसको प्रयोगमा बन्देज लगाउनुपर्छ भन्ने एकथरिको मत छ भने अर्कोथरि यसलाई रोक्न नसकिने भएकाले प्रयोग गरी लाभ लिनुपर्छ भन्ने छ । विकसित मुलुकमा अध्ययन, अनुसन्धान एवम् खोजमा आधारित बहस भइरहेछ । यही बहसमा आधारमा कम विकसित मुलुकमा पनि भाष्य निर्माण हुँदैछ

* सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

जुन सन्दर्भ र परिवेश अनुकूल नहुन पनि सक्छ । बहस सीमित व्यक्ति र समूह केन्द्रित छ । इन्टरनेटको पहुँच नै नपुगेको वा स्तरीय नभएको स्थानमा यससम्बन्धी बहस नहुनु वा अतिकम बहस हुनु अस्वभाविक पनि होइन ।

ओपनएआइले बजारमा ल्याएको च्याटजिपिटी हाम्रा सामु आइ त सक्यो । खुला बजारमा उपलब्ध यस प्रविधि सबैको पहुँचमा ढिलो चाँडो पुग्छ नै । गुगलमा जस्तो डकुमेन्ट खोजेर अनि त्यसबाट चाहिएको उत्तर निकाल्ने झन्झट गर्नै नपर्ने भइसक्यो । विषयवस्तु अध्ययन नगरीकन उत्तर तयार गर्न सकिने भयो । खोजकर्ताले प्रश्न टाइप गर्न मात्र जाने पुग्ने भयो । यसले नेपालको शिक्षा प्रणालीमा के कस्तो प्रभाव पार्ला ? शिक्षा प्रणालीमा थपिएको चुनौती कसरी सामना गर्ने ? यसले विद्यार्थीमा खोजी गर्ने एवम् सिर्जना गर्ने काम कम गराउन सक्ने भएकाले त्यसलाई कसरी सम्बोधन गर्ने ? मेसिनले सबै काम गरिदिँदा विद्यार्थीमा सिर्जनात्मक पक्ष घटन सक्ने भएकाले त्यसलाई कसरी व्यवस्थान गर्ने ?

यस लेखको प्रमुख उद्देश्य प्रविधिको विस्फोटक आविष्कार भइरहेको सन्दर्भमा यसले नेपाली समाज र समग्र शिक्षाका क्षेत्रमा कस्तो असर र प्रभाव सिर्जना गर्ला भन्ने विषयमा बहसका बुँदा उजागर गर्नु रहेको छ । यस क्रममा हालको अवस्थाको चित्रणसहित भोलिको अवस्थाका बारेमा अनुमान गर्न खोजिएको छ । पत्रपत्रिका एवम् वेब पेजमा प्रकाशित स्रोतमा आधारित भई तयार गरिएको यस लेख मूलतः सहायक दस्तावेजबाट प्राप्त सूचनामा निर्भर छ । वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा लेख तयार भएको छ । यसमा चासो राख्नेका लागि लेख उपयोगी हुनसक्छ भन्ने अपेक्षा लिइएको छ ।

## २. प्रविधिको मानव समाजमा असर

एआइ र यस्तै प्रविधिले सबैभन्दा पहिला असर मानिसका बानी व्यहोरा, आचरण, जीवनशैली र सामाजिक सम्बन्धलाई असर पार्दछ । उत्पादन र वितरणमा असर गर्छ । यसले मानिसले अहिले गरिआएको केही काम गर्न सुरु गरिसक्यो । भोलिका दिनमा अझै धेरै काम गर्न सक्छ । मानिसलाई कामबाट विस्थापित गर्दै जानसक्छ । कतिपय काममा साझेदारी होलान् पनि तर धेरै काम एआइले एक्लैले गर्ने हुनसक्छ । एकातिर प्रविधिले कामलाई सजिलो बनाएको छ भने अर्कोतिर मानिसलाई कामबाट विस्थापित गरे चुनौती पनि थपेको छ । सहतमा मानिसलाई कामबाट अलग गरेको देखिए पनि व्यवहारमा यसबाट धेरै नकारात्मक पक्ष आउन सक्छन् ।

अहिले प्रविधिको आविस्कार विस्फोटक खालको छ । यो यत्तिमै रोकिने पनि छैन् । आउने दिनमा जीवनमा नयाँ नयाँ प्रविधि आउँछन् नै । नयाँ नयाँ उपकरण तथा मेसिन बजारमा आउँछन नै । यी वस्तु मानिसका लागि भएकाले सोको प्राप्तिमा मानिस थप लालायित बन्छन् नै । विकसित मुलुकमा आविष्कार भएका यस्ता प्रविधि प्राप्त गर्न कम विकसित मुलुकले ठुलो धनराशि खर्च गरिरहेका छन् र यो अझै बढ्ने निश्चित छ । यसैगरी प्रविधिको प्रयोगमा थप समय र प्रयास लाग्छ नै । बानी व्यहोरा र आदतमा परिवर्तन ल्याउँछ नै । यस्ता कार्यबाट मानिसमा सकारात्मक असरमात्र सिर्जना हुने होइनन्, यसबाट मानिसमा थप तनाव, दबाब, वेचैनी बढाउन सक्छ । मानिसको एकाग्रता र काममा नै असर गर्न सक्छ, नतिजा प्राप्तिमा असर गर्न सक्छ । तसर्थ प्रविधिकै कारण कम विकसित मुलुकमा मानिसका आगामी दिनहरू थप अनिश्चयपूर्ण हुनसक्छन् ।

एआइजस्ता प्रविधिले अबका दिनमा ल्याउने परिवर्तन अनुमानभन्दा बाहिर छ । स्वयम् एआइका सिर्जनाकारले पनि अनुमान गर्न सक्दैनन् होला । अबका दिनमा बजार, उपभोक्ता, उत्पादन र यिनीहरू बिचको सम्बन्ध कसरी बदलिएला ? सामाजिक संस्थाहरूको भूमिका कसरी बदलिएला ? पुराना सामाजिक संरचना भत्किएर नयाँ कस्ता बन्लान् ? एआइजस्ता प्रविधिसँग जोडिएका यी र यस्तै थुप्रै अनुत्तरित प्रश्नका उत्तर सायद समयले आगामी दिनमा दिँदै गर्ला । तर मानव समाज थप अनिश्चयपूर्ण र अनुमानबाहिर हुने निश्चित जस्तै छ ।

द न्युर्योक टाइम्ससमा केभिन रोस (६ फेब्रवरी २०२३) ले एआइबाट मानिसको जीवनमा पर्न सक्ने असर केलाएका छन् । उनले "एन एआइ आर्म्स रेस किक्ड अफ वाइ च्याटजिपिटी" शीर्षकमा कम्पनीहरूले बनाइरहेको नयाँ नयाँ एआइसम्बन्धी प्रतिस्पर्धालाई केलाएका छन् । उनका अनुसार नयाँ नयाँ एआइका सिर्जना र प्रकाशन गर्न कम्पनीहरू बिचमा तीव्र प्रतिस्पर्धा छ । ओपन एआइको च्याटजिपिटी अरूलाई उछिन्न नदिन हतारमै सार्वजनिक गरियो । बजारमा आएको हप्ताभित्र नै दसौँ लाख मानिसले यसलाई प्रयोग गरे जसलाई रोस (२०२३) ले अर्थसेकिङ सरप्राइज अर्थात् पृथ्वी हल्लाउने अचम्म भनेका छन् । उनले यस्ता एआइ मानिसको बौद्धिकता बराबर हुनसक्छ भन्छन् अनि त्यस वेला के होला ? उत्तर अनुमान बाहिर छ ।

प्रविधिमा हाल देखिएको प्रतिस्पर्धाले उपभोक्ताका लागि थप अवसर ल्याउन पनि सक्छ । च्याटजिपिटी बजारमा आएको दुई महिनाको अवधिमा तीन करोड प्रयोगकर्तासँग पुग्दैछ । प्रतिदिन लगभग ५० लाख यसमा पहुँच राख्न भिजिट गरेको अनुमान रोस (२०२३) ले गरेका छन् जुन सबैभन्दा छिटो विस्तार हुने सफ्टवेयर बन्न पुगेको छ । यसलाई माइक्रोसफ्टले १० अर्ब युएसए डलरमा खरिद गर्ने समाचारले त प्रयोगकर्तामा अझ बढी आकर्षण बढेको छ । ओपन एआइको प्रमुख कार्यकारी साम अल्टमेन (Sam Altman) ले एआइले दिने फाइदा अनुमानभन्दा बाहिर छ भनेका छन् तर सँगै उनले यसले हामी सबैलाई मार्न पनि सक्छ भनेका छन् (रोस, २०२३) । यी विषय गम्भीर छैनन त ?

दोब्द (२०२३) ले फेब्रवरी ०१ बुधबार, २०२३ (२०७९ माघ १८ गते) को द न्युर्योक टाइम्स इन्टरनेसनल इडिसनको कभर पेजमा नै एलिएनको अतिक्रमण भनेर एआइबाट हुनसक्ने असर अनुमान गरेकी छन् । उनले च्याटजिपिटी सेक्सिपयर त होइन तर यो मानवीयताका लागि ठुलो चुनौती हो भनेकी छन् । कृत्रिम बौद्धिकताले मानव जीवनको सबैभन्दा उर्बर समय बालबालिकामा प्रत्यक्ष प्रभाव पार्ने उनको अनुमान छ । अब मेसिनले नै सबै काम गर्ने भएपछि व्यक्तिको रोजगारी सङ्कटमा पर्ने सम्भावना बढ्दै गएको छ । मानवको हस्तक्षेपकारी भूमिका रहेका क्षेत्रहरूमा कृत्रिम बौद्धिकताले हस्तक्षेप गरिरहेको सन्देश यस लेखबाट दिइएको छ जसको दीर्घकालीन असर पर्ने निश्चित छ ।

ग्रान्ट (२०२३) ले जनवरी २१-२२, २०२३ को द न्युर्योक टाइम्ससमा गुगल सर्च इन्जिनलाई च्याटजिपिटीले सिर्जना गरेको चुनौती र यसले मानव जीवनका अन्य पक्षमा पर्ने प्रभावका बारेमा केलाएका छन् । उनका अनुसार च्याटजिपिटीको प्रभावलाई गुगलका सिइओ सुन्दर पिचाइले कोड रेड भन्ने शब्द प्रयोग गरे । गुगल, ओपनएआइ एवम् कम्पनीहरूले विकास गरेको एआइ अर्थात् लार्ज ल्याङ्ग्वेज मोडेल अनलाइन सूचना अर्थात् इनफर्मेसन आधारित हुने भएको हुदाँ कहिलेकाहीँ यिनले गलत, जातीय घृणा, यौनिक एवम् पूर्वाग्रह खालका सूचना प्रवाह गर्न सक्छन् (ग्रान्ट,

२०२३) । च्याटजिपिटी जस्ता अन्य कम्पनीहरू जस्तै You.com, perplexity.ai, Microsoft – Bing ले पनि सूचना उपलब्ध गराउँदै आएका छन् तर यस्ता सर्च इन्जिनबाट प्राप्त गरिने विवरणको सत्यतामा शङ्का गर्ने ठाउँ छ । यसका असर भयावह हुन सक्छन् ।

यसैगरी १०-१६ डिसेम्बर २०२२ को द इकोनोमिस्ट पत्रिकाकै अङ्कमा पनि कृत्रिम बौद्धिकता (आर्टिफिसिप इन्टलिजेन्स) ले व्यापार, व्यवसाय, उद्योग, कृषि, पर्यटनलगायत मानव जीवनमा हरेक पक्षमा प्रभाव पारिरहेको सन्दर्भ केलाइएको छ । एआइको सङ्ख्यासँगै प्रयोगकर्ता पनि दिन प्रतिदिन बढिरहेका छन् । यसमा दिइएअनुसार सन् २०१७ मा संसारका लगभग २० प्रतिशत फर्म तथा संस्थाहरूले एआइ प्रयोग गरेकामा उक्त सङ्ख्या बढेर सन् २०२२ को अन्त्यसम्म ५० प्रतिशतको हाराहारीमा पुगिसकेको छ ।

६ फेब्रवरी २०२३ (२०७९ माघ २३ गते सोमबार) को द न्युर्योक टाइम्स इन्टरनेसनल पत्रिकामा अर्को लेख पनि यही एआइ र मानवजीवनसँग सम्बन्धित छ । डेभिड ब्रुक्सले "इन द एज अफ एआइ, मेजर इन बिइङ ह्युमन" भन्ने शीर्षकमा एआइले मानव भविष्यमा पार्ने असरका बारेमा चर्चा गरेका छन् । उनले यस लेखमा केही आशा लाग्दा विषय उठाएका छन् । उनका अनुसार एआइले जति नै काम गरे पनि यसले मानवीय अनुभव र फिलिङ्स दिन सक्दैन । यस अर्थमा मानव एआइ भन्दा फरक छ । एआइको सहयोगबाट केही सिप विकास गर्न सकिन्छ । तर विशिष्ट खालको वैयक्तिक आवाज, प्रस्तुतीकरण, सिर्जनाका लागि बाल स्वभाव क्षमता, समयभन्दा अगि पछिको विश्व दृष्टिकोण, सहानुभूति (इम्प्याथी) एवम् परिस्थितिजन्य सचेतना जस्ता सिप मानवसँग सुरक्षित रहने हुनाले मानवलाई बुद्धिमान बनिरहने र रूपान्तरण भइरहने सम्भावना छ ।

एआइको सिर्जना र यसका असर बारेमा नेपालका पत्रपत्रिकाले पनि विचार पस्कन थालेका छन् । यस्ता विचार कतिपय अङ्ग्रेजी पत्रिकाबाट उल्था गरिएका छन् भने कतिपय सङ्कलनका रूपमा उपलब्ध गराइएका छन् । २०७९ माघ २५ गते बुधबार (८ फेब्रवरी २०२३) को नयाँ पत्रिकामा एआइ विकास र प्रयोगसम्बन्धी प्रतिस्पर्धाको विवरण छ । यसका अनुसार ओपन एआइले च्याटजिपिटी बजारमा प्रक्षेपण गरेपश्चात् लगभग दुई महिना यो एक्लो प्रतिस्पर्धीका रूपमा रह्यो । तर फेब्रअरीको पहिलो हप्ता गुगलले 'बार्ड' नाम गरेको एआइ ल्याएर प्रतिस्पर्धी बनेको छ । यस्ता अन्य थुप्रै एआइ बन्ने क्रममा छन् । एकपछि अर्को नयाँ नयाँ एआइका प्रविधिहरू बजारमा आउने क्रममा छन् । पत्रिकाले यस सम्बन्धमा अन्य थुप्रै प्रश्न गरेको छ । कृत्रिम बौद्धिकताको श्रृङ्खला कहाँ पुगेर अन्त हुन्छ र यसले कस्तो असर र प्रभाव सिर्जना गर्छ भन्नेमा अनुमान गर्न पनि कठिन छ । कतै एआइ मानिसको प्रतिस्पर्धी त बन्दैन ? यसले मानव समाजलाई सहयोग मात्र गर्ला कि ? चुनौतीमात्र सिर्जना गर्ला ? प्रयोगकर्ताको सोच विचार र विवेकमा भर पर्छ भनिएला तर एआइ गलत प्रयोग नहोला भन्न सकिँदैन ।

यसैगरी २०७९ माघ २७ गते शुक्रबार (१० फेब्रअरी २०२३) मा कान्तिपुर दैनिकले एआइबाट सिर्जना हुन सक्ने क्षतिसम्बन्धी एउटा समाचार प्रकाशित उक्त समाचार प्रकाशित गरेको छ । एजेन्सीहरूका नामबाट प्रकाशित समाचारमा गुगलले हालसालै परीक्षणमा ल्याएको च्याटबट बार्डको गलत जवाफका कारण गुगलको सेयर एकै दिनमा ९ प्रतिशतले गिरावट आएको उल्लेख गरिएको छ । उक्त गिरावटबाट गुगलको माउ कम्पनी अल्फबेटले एक सय अर्ब अमेरिकी डलर गुमेको बिबिसीको स्रोतमा उल्लेख गरिएको छ । यसलाई सोधिएका प्रश्न 'ह्वाट न्यु डिस्कभरिज फ्रम द

जेम्स वेब स्पेस टेलिस्कोप (जेडब्ल्युएसटी) क्यान आई टेल माई नाइन इयर वल्ड अबाउट ?' अर्थात्, जेम्स वेब स्पेस टेलिस्कोप (जेडब्ल्युएसटी) मार्फत् कुन नयाँ कुरा पत्ता लाग्यो, जुन मैले ९ वर्षको उमेरका बच्चालाई बताउन सक्छु ? भन्ने थियो ।

एआइबाट गलत सूचना प्रवाह हुँदा यसले सिर्जना गर्न सक्ने एक उदाहरण मात्र माथि दिइएको छ । अति संवेदनशील विषय वा क्षेत्रहरूमा यस्ता सूचनाहरूबाट अपुरणीय क्षति पुग्न सक्छ । मानवीय जीवनमा खतरा पैदा हुन सक्छ, आपसी सम्बन्धमा खलल पुग्न पन सक्छ ।

माथिका विवरणका अनुसार एआइका फाइदा र बेफाइदा दुवै छन् मानव जीवनमा । यसबाट भागेर अन्यत्र जाने ठाउँ छैन् । भिड्दै राम्रा पक्ष ग्रहण गर्दै जानुको विकल्प छैन् ।

## ३. प्रविधिको शिक्षा र शैक्षिक प्रणालीमा असर

नेपालमा शिक्षामा च्याटजिपिटी जस्ता प्रविधिको प्रयोग के कस्तो रूपमा होला ? यसले शिक्षक, विद्यार्थी, शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक गभर्नेन्स र विद्यार्थी मूल्याङ्कनमा कसरी असर वा प्रभाव सिर्जना गर्ला ? हालसम्ममा केही अभ्यास र प्रतिक्रिया देहायबमोजिम उल्लेख गरिएको छ :

२०७९ माघ १२ गतेको नयाँ पत्रिका दैनिकमा "च्याट जिपिटीले पास गर्‍यो । अमेरिकाको ल स्कुल" परीक्षा भन्ने शीर्षकमा यसको क्षमताका बारेमा उल्लेख गरिएको छ । मिनेस्वटा ल स्कुलमा भएको परीक्षामा च्याटजिपिटीलाई पनि अन्य विद्यार्थीलाई दिएको प्रश्नपत्र नै दिइएको थियो, जसमा ९५ ओटा बहुछनोट प्रश्न र १२ ओटा निबन्धात्मक प्रश्न थिए । यसमा च्याटजिपिटी सी प्लस अङ्क प्राप्त गरेको छ जुन पास हुन पर्याप्त छ । यस नतिजा च्याटजिपिटी गोज टु स्कुल लेखेर सादा पेपरमा प्रकाशित गरिएको थियो । गणित विषयमा यसले राम्रो गर्न सक्यो भनिएको छ । खुला प्रश्न र रचनात्मक उत्तर दिनुपर्ने प्रश्नमा भने यो कमजोर देखिएको छ । शब्द सङ्गठन र संरचनामा पनि एकरूपता र कुशलता एवम् हानि पुर्‍याउन सक्ने  दुवै खालका तर्क गरिएका छन् । एकातिर शिक्षा र शैक्षिक जगत्मा धोकाधडी निम्त्याउन सक्ने र परम्परागत शिक्षण विधिलाई असान्दर्भिक बनाइदिन सक्ने आशङ्का गरिएको छ भने अर्कोतिर यस सँगको सहकार्यबाट विद्यार्थी र अभ्यासरत व्यक्तिहरूका लागि उपयोगी हुन सक्ने ठानिएको छ ।

यसैगरी च्याटजिपिटीले युएसएमएलइको मेडिकल र एबिए परीक्षा पनि उत्तीर्ण गर्‍यो भन्ने समाचार पत्रिकामा आए । एमबिएको प्रश्न पेन्सिलभेनियाका प्राध्यापकले तयार गरेका थिए, जसमा च्याटजिपिटीले बी माइनस र बी ग्रेड प्राप्त गर्‍यो भने मेडिकलतर्फको युएसएमएलइ परीक्षामा यसले ५० प्रतिशत नतिजा ल्याएको थियो (www.entrepreneur.com/ en-in/ technology) ।

शिक्षा विगत र आजको सन्दर्भमा आधारित हुन्छ । यसले भोलिका बारेमा अनुमान गर्ने क्षमता बढाउँछ भनिन्छ तर भोलि कस्तो हुन्छ भन्ने विषय अनुमानबाहिर हुन्छ । प्रविधिको विकासले यसलाई भोलिको अनुमान अझ चलायमान बनेको छ । आज सिकेका ज्ञान र सिप भोलिका लागि के कति मात्रामा उपयोगी र सान्दर्भिक हुन सक्लान् ? हाम्रो सन्दर्भ त आजकै ज्ञान र सिप सिकाउन सक्षम भइसकेको छैन् । जसले आजकै सिक्न बाँकी छ, उसका लागि भोलिको विषय कस्तो हुने होला ? हाम्रो लागि भोलिका दिन अत्यन्त चुनौतीपूर्ण छन् नै ।

## ४. प्रविधि र शिक्षाको ऐतिहासिक यात्रा

भाषाको विकास नहुँदा पनि आदिम मानव अर्थात् उनका पुर्खाहरू कुनै न कुनै रूपमा सञ्चार गरे होलान् । उनीहरूका बिचमा हुने सञ्चार कस्तो थियो ? सायद अहिले पशुपंक्षीले गर्ने संवाद र सञ्चार जस्तो थियो होला । केही न केही थियो जसले मानव समाजलाई यहाँसम्म ल्याइपुऱ्यायो । मानव सभ्यासँगै हरेक पछिल्ला पुस्तामा सर्दै र थप परिष्कृत हुदैं पनि आयो । जब भाषा प्रयोग हुन थाल्यो अनि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने ज्ञान र सिप श्रुतिमा आधारित बन्न पुग्यो । बिस्तारै लेख्य पद्धतिमा बदलियो ।

भाषा र लेख्य पद्धति सुरु भएपछि ज्ञान र सिप लिपिबद्ध हुन पुगे, सङ्ग्रहित हुन थाले । लेख्ने, लिपिबद्ध गर्ने र त्यसलाई सुरक्षित राख्ने काम पनि सँगसँगै हुन थाल्यो । पहिलो पुस्ताको ज्ञान र सिप अर्को पुस्ताले पढ्न पाउने वातावरण बन्यो । एक स्थानमा रहेको अभ्यास अर्को स्थानका मानिसले पनि पढ्न पाउन थाले । जोसँग धेरै ज्ञान थियो ऊ अगुवा बन्न थाल्यो होला । जसले धेरै ज्ञान सङ्कलन गर्न सक्यो उसलाई पनि यस्तै पदवी दिइयो होला । पण्डित, गुरु, शिक्षक, धार्मिक अगुवा यही प्रचलनबाट आएको हुनुपर्छ । ज्ञान, सिप र अनुभवको सङ्कलन र प्रवाह यी दुवै कार्य वास्तवमा प्रविधिमा आधारित भई यहाँसम्म आइपुगेका हुन भन्न सकिन्छ ।

भाषामा लेख्य र सङ्ग्रहित पद्धतिका काममा मेसिनको प्रयोग हुन थाल्यो । टाइपराइटर, लिथो मेसिन आदि यसमा प्रयोग हुन थाले । यसै क्रममा कम्प्युटर, क्यालकुलेटर, फोटोकपी, फ्याक्स, प्रोजेक्टर आदि प्रयोग भए । जब यस्ता प्रविधि मानवीय जीवनमा जोडिए यी सबैको प्रयोग शिक्षा र शैक्षिक पद्धतिमा स्वतः जोडिन थाले ।

सन् ८० को दशकपश्चात् पश्चिमी जगत् खास गरी अमेरिकामा इन्टरनेटको आविष्कार भयो । यसले मानव जीवनमा सबै पक्षमा प्रभाव पाऱ्यो । यसबाट शिक्षा अछुतो रहन सक्ने कुरै भएन । फलस्वरूप यस प्रविधि शैक्षिक प्रक्रियामा जोडिन पुग्यो । जब यसलाई शिक्षा प्रणालीमा आबद्ध गरियो तत्पश्चात् यसले शिक्षा र शैक्षिक प्रक्रियामा आमूल परिवर्तन ल्यायो । नानो टेक्नोलोजीको सुरुआत भएपश्चात् शिक्षा र शैक्षिक प्रक्रियामा अझ नसोचेको परिवर्तन आयो । गुगल, फेसबुक जस्ता सर्चइन्जिन एवम् सामाजिक सञ्जालले पनि व्यापक परिवर्तन ल्याउन भूमिका खेले ।

कोभिड १९ ले भर्चुअल र अनलाइन प्रणालीलाई बाध्यकारी बनाइदियो । यसले संसारभर फेस टु फेसमा आधारित शिक्षामा पनि विकल्प छ भन्ने सन्देश दियो ।

अहिले कृतिम बौद्धिकताको सर्वत्र चर्चा छ जसका बारेमा माथि नै व्याख्या भइसकेको छ । एआइका नयाँ नयाँ आविष्कारहरू बजारमा आइरहेका छन् । अझै कति त आउने क्रममा छन् होला । गलत ढङ्गबाट प्रयोग हुन सक्ने सम्भावनालाई ध्यानमा राखी सुरक्षाका प्रवाधानहरू थप गर्दै पनि लगिएका छन् । आशा गरौं, मानवलाई हानिभन्दा बढी फाइदा गर्ने एआइका नयाँ नयाँ विशेषता बजारमा आउने छन् । कमजोरीलाई नियन्त्रण गर्ने प्रविधि पनि सँगै बजारमा आउने छन् । अनि शिक्षा र शैक्षिक प्रणालीमा यिनलाई फाइदाका लागि प्रयोग गरिने वातावरण बन्ने छ ।

## ५. नेपालको अवस्था कस्तो छ त ?

मुलुकको शिक्षामा विगत दशकमा भएको लगानीको प्रतिफल स्वरूप विद्यालय शिक्षाको पहुँचमा राम्रै ढङ्गबाट सुधार भएको छ । विद्यालय समुदाय स्तरमा पुगेको छ । छात्र छात्राको विद्यालय भर्ना दर समस्तरमा पुगेको छ । भौतिक पूर्वाधार निर्माण भएका छन् । सचेतना बढेको छ । साक्षरतामा सुधार आएको छ । ढिलै गतिमा भए पनि प्रविधिमा समेत पहुँच विस्तार भएकै छ । शिक्षक तथा अन्य जनशक्तिले तालिम पनि पाएकै छन् । तर विद्यार्थीको पढाइ एवम् सिकाइको अवस्था कमजोर छ । अझ तल्लो कक्षाका विद्यार्थीको पढाइ र सिकाइ अत्यन्त कमजोर छ । सिकाइको दृष्टिकोणबाट अवस्था नाजुक छभन्दा फरक पर्दैन् । यसलाई तत्कालमा सुधार गर्न नसक्दा शिक्षा प्रणाली माथि ठुलो प्रश्न उठ्ने सम्भावना छ ।

धेरै मानिसको बुझाइमा विद्यालय शिक्षामा अङ्ग्रेजी भाषा गुणस्तरको मानक बन्न पुगेको छ । यही भाषाकै कारण जे जसरी भए पनि छोराछोरीलाई निजी विद्यालयमा पढाउने मनोविज्ञानमा अभिभावक देखिन्छन् । अधिकांश सार्वजनिक विद्यालयको अवस्था दयनीय छ किनकि त्यहाँको सिकाइ अवस्था कमजोर छ । अधिकांश स्थान र त्यहाँका बासिन्दा इन्टरनेट र उपकरणका अभावमा प्रविधिसँग कमै जानकार छन् । अवसरको कमी छ । आर्थिक कारण प्रयोग गर्न नसक्ने अवस्थामा छन् । यस्ता दूर दराजमा रहेकाहरू च्याटजिपिटी जस्ता प्रविधिसँग कहिले जोडिने होलान् ? यस अवस्थामा रहेका र सहरी एवम् सुगम स्थानमा बस्ने बालबालिकाको जीवनको दौडने मैदान भने एउटै हो । एउटा खेलाडी सबै कुराबाट सुसज्जित छ तर अर्को अभावमा छ । पीडामा छ । जीवनको दौड नाङ्गा गोडाले दौडन बाध्य छ ।

मुलुकमा भाषा समाजमा विभक्त गर्ने माध्यम बनेको थियो । अब अहिले आएर प्रविधि दोस्रो कारक बन्दै छ । यिनले नेपाली समाजमा नजानिँदो खालको विभेदको खाडललाई अझ फराकिलो बनाउँदैछन् । अहिले कै ढाँचामा अगाडि बढ्ने हो भने हुने र नहुनेका बिचको दरार अझ बढ्न सक्छ ।

२०७९ माघ १८ गते मङ्लबारको द काठमाडौँ पोस्टको कभरपेजमा अनुप ओझाले "द प्रोमिसेस एन्ड पिटीफल्स अफ च्याटजिपिटी इन नेपाल" शीर्षकमा च्याटजिपिटीको सम्भावना, समस्या, चुनौती र यसले शिक्षा क्षेत्रमा पार्ने प्रभाव सम्बन्धमा विश्लेषण गरेका छन् । पत्रिकाको समाचार भए तापनि यसले नेपाली समाजको अवस्था उजागर गर्ने प्रयास गरेको छ ।

ओझा (२०७९) ले नेपालमा सन् २०२२ मध्ये अक्टोबरसम्म इन्टरनेट प्रयोगकर्ता ३ करोड ८३ लाख ८० हजार रहेकामा विज्ञको अनुमानअनुसार सोको लगभग ५ प्रतिशत जनसङ्ख्याले नेपालमा अहिले बजारमा आएको च्याटजिपिटी प्रयोग गरिरहेको हुनसक्छ भनेका छन् । यो सङ्ख्या खास गरी सहरी क्षेत्रमा बसोबास गर्नेमध्ये हुन सक्छन् । बाकी ९५ प्रतिशत यसको पहुँचमा छैनन् वा बाहिर छन् । अहिलेको मूल प्रश्न त प्रविधि सबैको पहुँचमा कसरी पुग्न सक्छ त ?

सुरुमा प्रविधिमा पहुँच कसरी सुनिश्चित गर्ने भन्नेमा बहस चाहियो अनि मात्र प्रयोग कसरी गर्ने भनेर सोच्दा हुन्छ । पहुँचभन्दा बाहिर रहेकाहरूका हकमा प्रविधिको सदुपयोगको बहस त्यति सान्दर्भिक नबन्न सक्छ । यसलाई सम्बोधन गर्न सकिएन भने अहिले भन्ने गरिएको डिजिटल

डिभाइडको दरार अझ बढन सक्छ। नेपाल जस्ता कम विकसित मुलुकमा यसले डिजिटल डिभाइड अझ बढाउन सक्ने आशंका ओझा (२०७९) ले पनि गरेका छन् । उनका अनुसार च्याटजिपिटीका सकारात्मक पक्ष धेरै होलान् जसलाइ शिक्षा र शिक्षा प्रणालीमा सदुपयोग पनि होलान् । तर नकारात्मक पाटाका बारेमा पनि समयमै ध्यान दिनुपर्छ।

१०-१६ डिसेम्बर २०२२ द इकोनोमिस्टको अङ्कमा नयाँ नयाँ एआइ ठुला ठुला कम्पनी कसरी प्रयोग गर्छन् वा गर्न सक्छन भनेर विश्लेषण गरिएको छ । यस्ता प्रविधि जसले प्रयोग गर्न सक्छन् फाइदा पनि उनैले लिने हो । ठुला ठुला कम्पनीहरू मेसिन खरिद गर्न सक्छन्, विज्ञ सेवा लिन सक्छन् । तर साना कम्पनीले यसलाई प्रयोग गर्न सक्दैनन् । लागत, प्रविधि, जनशक्ति आदिको हिसाबले पनि यिनीहरू साना कम्पनी र व्यवसायको पहुँचभन्दा बाहिर हुन सक्छन्। एआइको प्रयोग र यसबाट सिर्जना हुने लाभका सम्बन्धमा अवसर त सबैलाई समान छ तर समन्यायिक अवसर छैन । यो अवस्था नेपालको सन्दर्भमा पनि मिल्छ । के सबै विद्यालय, समाज र विद्यार्थी एवम् शिक्षकले महँगो खालका प्रविधि र मेसिन प्रयोग गर्न सक्छन् त ? कठिन छ। केहिले प्रयोग गर्न सक्लान् तर अधिकांश यसबाट बाहिर पर्ने निश्चित छ।

यस्तै प्रविधि र मेसिन तथा उपकरणको प्रयोगका कारण शिक्षा दिन प्रतिदिन थप महँगो बन्दै गएको छ । नेपालको सन्दर्भमा शिक्षाको बजेट यसै पनि अन्तर्राष्ट्रिय प्रतिबद्धताको तुलनामा आधा छ । दिगो विकास लक्ष्यको घोषणामा सार्वजनिक बजेटको २० प्रतिशत हुनुपर्ने भनिए पनि नेपालको शिक्षा बजेट १० प्रतिशतको हाराहारीमा रहेको छ । यस्तो बजेटबाट भौतिक पूर्वाधारदेखि विद्यार्थी सहुलियता कार्यक्रम गर्न धौ धौ परिरहेको छ। अहिले नै गुणस्तर सुधारमा कार्यमा रकम विनियोजन र खर्च गर्न सकिएको छैन । प्रविधिमा लगानी त अझ परको विषय बनिरहेको छ । सरकारले सार्वजनिक रकम विनियोजन गर्न नसकेपछि अभिभावक स्वयम् अगाडि सर्न सक्छन् वा अभिभावकलाई गुहार्नु पर्ने पनि हुन सक्छ । जब शिक्षामा अभिभावकको लगानीको प्रश्न आउँछ, यसमा समन्यायिकताको प्रश्न उठिहाल्छ। हुनेले त खर्च गर्लान् नहुनेले के गर्लान् ? अभिभावकबाट रकम उठाउने कमजोर आर्थिक हैसियत भएकालाई थप बोझ बन्न सक्छ।

प्रविधिले पढ्ने आदत र बानी व्यवहारमा समेत परिवर्तन ल्याएको छ । समाज र प्रविधि अगाडि आइसक्यो हाम्रा अभ्यास पुरानै छन् । विगतका अभ्याले निरन्तरता पाइरहेका छन् । संवत् २०७९ माघ २० गतेको कान्तिपुर दैनिकमा उज्ज्वल प्रसाईले हुलाकी नामक स्तम्भमा नपढिएका ती हजारौं पृष्ठ शीर्षकमा प्रविधिले शिक्षामा खास गरी विद्यार्थीको अध्ययनमा पारेको प्रभाव एवम् अहिले हाम्रो अवस्थाका बारेमा सूक्ष्म ढङ्गबाट केलाएका छन्। गुगल जस्ता सर्च इन्जिन आएपछि पुस्तक नपढे पनि आफूले खोजेका सामाग्री इन्टरनेटमा उपलब्ध हुने भएका छन् । यसबाट खर्च बचत गर्ने वा समय जे भने पनि पुस्तक सङ्ग्रहतर्फ लाग्ने चासो कम हुन थाल्यो । बाध्यता वा स्वइच्छाले इन्टरनेटमा सहजै उपलब्ध हुने सामग्रीमा भर पर्ने आदत बस्यो । उनले यसलाई स्पार्कनेट भनेका छन्। पहिला नै यस्तो रहेको अवस्था अब त झन च्याटजिपिटी जस्ता एआइ उपलब्ध हुने भएपछि कस्तो हुने होला ?

पुस्तक पढ्दा व्यक्ति धेरै विषयवस्तुहरूसँग जोडिन पुग्छ । पुस्तकमा उल्लिखित विषयवस्तुले व्यक्तिलाई तुलना गर्न, विश्लेषण गर्न, जीवनसँग जोड्न र सोच्न एवम् बुझ्नका बाध्य बनाउँछ । थप दिमाग खियाउने बनाउँछ । थप परिश्रम गर्नुपर्ने अवस्था सिर्जना गर्छ । आफूलाई चाहिएका

विषय खोज्नका लागि समय व्यतित गर्नुपर्ने बनाउँछ । तर सर्च इन्जिनमा खोजी गर्दा जे चाहियो सो मात्र आउने हुनाले माथिका कार्यहरू गर्नै पर्दैन् । यसबाट विद्यार्थीको मौलिकता र सिर्जनात्मक पक्षमा असर पर्न सक्छ । प्रसाई (२०७९) ले भने झैँ पुस्तकबाट गाइड र गेस पेपरमा सीमित भएको पढाइ सन् २००० पछि इन्टरनेट हुँदै आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता) सम्म आइपुग्दा पठन संस्कृतिमा थप ह्रास हुने देखिन्छ । नयाँ प्रविधिसँग पूर्ण रूपमा अभ्यस्त हुन पनि नसक्ने पुरानो भएको अभ्यास र संस्कार छोड्ने कारणले हाम्रो शिक्षा प्रणाली सङ्क्रमणकालमा छ भन्न सकिन्छ । अहिले नै कमजोर रहेको विद्यार्थी पढाइ र सिकाइ अझ कमजोर बन्न सक्छ यही मति र गतिमा अगाडि बढेमा ।

## ६. अब के गर्ने त ?

कुनै पनि प्रविधि आफैँमा ठिक बेठिक हुने होइन । हरेकका केही न केही सकारात्मक र केही न केही नकारात्मक पाटा हुन्छन् नै । यसलाई कसरी प्रयोग गरिन्छ र यसबाट के लाभ लिन खोजिन्छ भन्ने विषयले नै यिनको औचित्य पुष्टि गर्ने हुन् । प्रविधिलाई गलत ढङ्गबाट वा अधिक मात्रामा प्रयोग गरिएमा यसबाट हानि सिर्जना हुने हो । प्रविधिले मानिसको पहुँचमा सूचनाको बाढी ल्याउँछ । यस्ता सूचनाको विश्वसनीयता मापन गर्ने क्षमताको अभावमा पाएका सूचनामा सजिलै विश्वास गर्ने आधार बन्यो भने मानिसका लागि सो अझ खतरनाक हुनसक्छ । सूचनाको गलत प्रयोग गर्नेले स्थितिलाई अझ जोखिमपूर्ण बनाउन पनि सक्छन् । प्रविधिले मानव जीवनमा प्रतिस्पर्धा अझ बढाउन पनि सक्छ । यसमा सचेत हुनु आवश्यक हुन्छ नै । अझ अहिलेका बालबालिकालाई यसको गलत प्रयोगबाट जोगाउनु अति आवश्यक छ ।

माथि नै भनियो कि प्रविधि र यसबाट सृजित सूचनाले मानिसलाई थप तनावमा लैजान सक्छ । मानिस एकातिर बेरोजगार बन्नुपर्ने र अर्कोतिर थप काममा जोतिनु पर्ने पनि हुनसक्छ । आराम एवम् मनोरञ्जन पनि कृतिम स्वभावका हुन सक्छन् । मानिस अझ बढी दबाबमा हुन सक्छ । मानसिक तनाव, बेचैनी, निराशापन, कुण्ठा, आक्रोस, अति महत्त्वाकाङ्क्षा आदि जस्ता नकरात्मक पक्ष अझ बढ्न सक्छन् । मानिसले एआइलाई होइन कि एआइले मानिसलाई प्रयोग गर्ने दिन आउन सक्छ । वेलैमा सचेत हुन आवश्यक छ ।

ओपन एआइले ल्याएको बजारमा च्याटजिपिटीको प्रयोगका सम्बन्धमा चर्चा गरिरहँदा नेपालका प्राथमिक तहका सुरु कक्षाका बालबाालिकाले कसरी प्रयोग गर्लान् ? सोचनीय छ । एकातिर अक्षर चिन्न नसक्ने अवस्था छ भने अर्कोतिर विज्ञापनका नाममा यसको प्रयोगको नक्कल नआउला भन्न सकिन्न । जसरी अहिले पूर्वप्राथमिक शिक्षाभन्दा अगाडिका कार्यक्रम सतहमा आएका छन् त्यसैगरी एआइको प्रयोगले पनि सहजै प्रवेश पाउन सक्छ । प्रविधिले शैक्षिक क्रियाकलापमा सहजीकरण गर्नुपर्ने हो तर क्षमताको अभावमा यसलाई बोझका रूपमा लिने जमात पनि हुनसक्छ । यसलाई त सिक्न र सिकाउनका लागि सजिलो बनाउन प्रयोग गर्नुपर्ने हो, सिकाइ संस्कृतिलाई अझ प्रभावकारी बनाउनु पर्ने हो । तर सिकाइ संस्कृति र उपलब्ध प्रविधिका बिचमा तादात्म्य भएन भने सो प्रविधिले खासै असर नगर्न सक्छ । अहिले हाम्रा विद्यालय नभएको सिकाइ संस्कृति हो । सिकाइ संस्कृति बढाउनका लागि अहिलेको कार्यक्रम, कार्यान्वयन शैली बदल्लुपर्छ । यसमा थप लगानी गर्नुपर्छ । प्रयास गर्नुपर्छ । क्षमता बढाउनु पर्छ । अनि मात्र प्रविधिको प्रयोग हुन्छ ।

